
# स्थानीय पाठ्यक्रम

## आधारभूत तह (कक्षा १–८)





स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० / १:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

## शुभकालिका गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### कालिकोट
### कर्णाली प्रदेश, नेपाल

# (स्थानीय पाठ्यक्रम)

# आधारभूत तह (कक्षा १-८)




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५000/१:५0000), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

## शुभकालिका गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## कालिकोट

## कर्णाली प्रदेश, नेपाल

## ***विषय सूची***


| | |
|---|---|
| शुभकालिका ज्ञान विज्ञान परिचय | १ |
| पाठ्यक्रम निर्माणको सन्दर्भ र औचित्य | १ |
| पाठ्यक्रम निर्माणमा अवलम्बन गरिएका सिद्धान्तहरू | ३ |
| विद्यालय शिक्षा (आधारभूत तह) को पाठ्यक्रम संरचना | ४ |
| सिकाइ सक्षमताहरू : तहगत सक्षमताहरू | ४ |
| कक्षागत सिकाइ उपलब्धि | ७ |
| विषयवस्तुको क्षेत्र र क्रम | २० |
| विषयवस्तुको विस्तृतीकरण | ३० |
| प्रयोगात्मक तथा परियोजना कार्य | ९९ |
| सिकाइ सहजीकरण विधि र प्रक्रिया | ११५ |
| कक्षा ४-८ को शिक्षण सहजीकरण विधि र प्रक्रिया | ११७ |
| विद्यार्थी मूल्याङ्कन | ११९ |
| अनुसूची १ | १२७ |
| अनुसूची २ | १२९ |
| अनुसूची ३ | १३२ |
| राय तथा सुझाव | १३५ |

# शुभकालिका ज्ञान विज्ञान

## १. परिचय

पाठ्यक्रम राष्ट्रको शिक्षा नीति र राष्ट्रिय पाठ्यक्रम प्रारूपले निर्देश गरे अनुसारका लक्ष्य तथा प्रक्रियाहरू अनुरुप शिक्षा पद्धति सञ्चालनका लागि निर्माण गरिन्छ । पाठ्यक्रमले विद्यालय शिक्षाको निश्चित कक्षा वा तहको अध्ययन पूरा गरेपछि विद्यार्थीहरूले हासिल गर्ने सक्षमता, यसका लागि आवश्यक सिकाइ उपलब्धि, ती प्राप्तिका लागि आवश्यक विषयवस्तु, शिक्षण सहजीकरण प्रक्रिया र विद्यार्थी सिकाइ मूल्याङ्कनका लागि आवश्यक निर्देशन प्रदान गर्दछ । **हाम्रो शुभकालिका** स्थानीय विषय पाठ्यक्रम नेपाल सरकारबाट लागू गरिएका राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६, हाल कार्यान्वयनमा रहेका विद्यालय शिक्षाका विभिन्न तहगत पाठ्यक्रमहरू र स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन (मातृभाषासहित) २०७६ ले निर्देशित गरेका प्रावधानअनुसार स्थानीय विषयवस्तु, स्रोत र सहभागिताका आधारमा तयार गरिएको हो ।

**हाम्रो शुभकालिका** आधारभूत तह (कक्षा १–८) स्थानीय विषय पाठ्यक्रम शुभकालिका गाउँ कार्यपालिकाबाट मिति २०८३/०३/०४ मा स्वीकृत भई २०८३/०३/१० गते गाउँसभा बाट पारित भई कार्यान्वयन ल्याइएकोछ । यो पाठ्यक्रम शुभकालिका गाउँपालिका, कालिकोटका सबै सामुदायिक एवम् संस्थागत विद्यालयहरूमा पठनपाठन गर्ने गरी लागू गरिएको छ ।

यस पाठ्यक्रममा आधारभूत तहका पाठ्यक्रमहरूमा व्यवस्था भए अनुसारको वार्षिक पाठ्यघण्टा र थिमगत कार्यघण्टा, स्थानीय विषयवस्तु संरचना, सहजीकरण क्रियाकलाप, व्यवहार कुशल सिप विकास, र मूल्याङ्कन विधि समावेश गरिएको छ । राष्ट्रिय पाठ्यक्रमहरूमा समेटिएका तहगत विषयहहरूसँग तालमेल मिलाइएको छ । कक्षा १-३ को एकिकृत पाठ्यक्रम, कक्षा ४-५ र कक्षा ६-८ को पाठ्यक्रमअनुसार मिश्रित ढाँचामा विषयवस्तु संयोजन र मूल्याङ्कन विधि निर्धारण गरिएको छ । पाठ्यक्रम निर्माणको लम्बीय तथा समतलीय सम्बन्ध स्थापना गरी विषयवस्तु निर्धारण गरिएको छ ।

## २. पाठ्यक्रम निर्माणको सन्दर्भ र औचित्य

कुनैपनि बालबालिकालाई असल बनाउनु छ भने उनीहरूलाई सानैदेखि तदनुरुपको सिकाइको लागि अवसर प्रदान गर्नुपर्दछ। सिकाइको वातावरण सहज र बालमैत्री हुनुपर्दछ। सिकाइको क्रममा मस्तिष्कको विभिन्न पाटाहरुका अतिरिक्त सिकारुका सबै इन्द्रियहरू क्रियाशील हुनुपर्दछ । बालबालिकाहरूका निम्ति स्वभावको हिसावले समेत सुनेर भन्दा पनि गरेर सिक्ने विधिहरू प्रभावकारी हुन्छन् । बालबालिकाले घरपरिवार र स्थानीय स्तरमा देखेका र भोगेका सरल कुराहरूबाट सिकाइको आरम्भ गर्दा सिकाई दीगो, रुचिपूर्ण र व्यावहारिक हुने गर्दछ। ज्ञानका अतिरिक्त सीप, स्वभाव र श्रमसँग जोडिएको सिकाइले सिकारुलाई असल र अर्थपूर्ण जीवन जिउन प्रेरित गर्दछ। शिक्षा र सिकाइका उल्लेखित मूल्य मान्यताहरूलाई आत्मसात गरी राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ मा भएको प्रावधान अनुरुप शुभकालिका गाउपालिकाले **शुभकालिका ज्ञान विज्ञान** नामको स्थानीय पाठ्यक्रमको विकास गरेको छ ।

राष्ट्रिय पाठ्यक्रममा समावेश नगरिएका तर बालबालिकाले आफ्ना समुन्नतिका लागि सिक्नै पर्ने विषयवस्तुहरूलाई समेटेर प्रस्तुत स्थानीय पाठ्यक्रमको विकास गरिएको छ । पाठ्यक्रमको मर्मअनुसार हरेक विषयवस्तुसँग सम्बन्धित सिकाइ सक्षमता, सिकाइ उपलब्धि, सिकाइ सहजीकरण क्रियाकलाप, व्यवहार कुशल सिप, मूल्याङकन विधि र आवश्यक कार्यघण्टाको बारेमा समेत पाठ्यक्रममा विश्लेषण गरिएको छ । शिक्षण

सिकाइ क्रियाकलापहरूको सञ्चालन गर्दा सकेसम्म स्थानीय परिवेश, स्थानीय सीप र स्थानीय विज्ञतालाई समेत सदुपयोग गर्ने यस पाठ्यक्रमको अपेक्षा रहेको छ ।

बालबालिकाहरूले आँफैले गरेर सिक्ने विधिहरु प्रभावकारी हुने भएको कारण पाठ्यक्रमले सकेसम्म विद्यार्थीले आफैले गरेर सिक्ने गरी प्रयोगात्मक क्रियाकलापहरुको व्यवस्था गरिएको छ । ज्ञानका अतिरिक्त सिप, स्वभाव र श्रमसँग जोडिएको सिकाइले सिकारुलाई असल, अर्थपूर्ण र अत्यन्त खूशी जीवन जिउन प्रेरित गर्दछ ।

समग्रमा प्रस्तुत स्थानीय पाठ्यक्रमले आफ्नो संस्कृति र संस्कारहरुतर्फ अभिप्रेरित हुने, बोली, भाषा र आचरणको हिसावले सुसंस्कारित हुने, श्रमको सम्मान गर्दै सानैदेखि श्रमलाई उत्पादनसँग जोड्ने कुरामा क्रियाशील हुने, हाम्रा परम्परादेखि चलिआएका असल आनीबानीहरुलाई आत्मासात गर्दै पूर्वीय दर्शनका आदर्श, मूल्य र मान्यताका आधारमा सकारात्मक किसिमले जिन्दगी जिउने जस्ता सिकाइका पक्षहरुको विकास हुने अपेक्षा गरिएको छ । पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट उल्लिखित सिकाइका पक्षहरुलाई हाम्रा बालबालिकाहरुले आफ्नो जीवनको दिनचर्या बनाई जीवनशैली बदल्न सक्नेछन् भन्ने समेत विश्वास गरिएको छ ।

नेपालको संबिधानअनुसार स्थानीय तहको कार्य क्षेत्रअधिकार अन्तर्गत आधारभूत र माध्यमिक तहको शिक्षा रहेको, आधारभूत तह पाठ्यक्रम २०७६ र स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन (मातृभाषासहित) २०७६ मा स्थानीय विषयको पाठ्यक्रम र पाठ्यसामग्री स्थानीय तहको सहयोग र समन्वयमा विकास गरी कार्यान्वयन गर्ने व्यवस्था भए अनुसार **शुभकालिका ज्ञान विज्ञान** आधारभूत तह (कक्षा १–८) स्थानीय विषय पाठ्यक्रम ल्याइएको छ । यो पाठ्यक्रमको औचित्य निम्न बमोजिम रहेको छ ।

क) स्थानीय आवश्यकता सम्बोधन गरी सिकाइ व्यवहारिक बनाउने ।

ख) स्थानीय ज्ञान, सिप, प्रविधि र अनुभव साटासाट गरी उत्पादनमूलक बनाउने ।

ग) स्थानीय कला, संस्कृति, पर्यटकीय स्थान आदिको संरक्षण र संबर्द्धन गर्ने ।

घ) स्वाबलम्बी र आत्मनिर्भर बनाउने शिक्षा मार्फत रोजगार उन्मुख नागरिक तयार गर्ने ।

ङ) श्रमप्रति सम्मान र रोजगारी बृद्धि गरी आयआर्जन गर्न मद्दत गर्ने ।

च) बालमैत्री र जीवनोपयोगी शिक्षाको अवसर प्रदान गर्ने ।

छ) स्थानीय ज्ञान, सिप र प्रविधिको विश्वब्यापीकरण र विश्वब्यापी ज्ञान, सिप र प्रविधिको स्थानीयकरण गर्ने ।

ज) स्थानीय भौगोलिक, सामाजिक, कला साँस्कृतिक विविधताप्रति सम्मान र स्रोतको उपयोग हुने ।

झ) जीवन र जगतसँग सामञ्जस्यता गरी सुखी, खूशी र समृद्ध जीवनका लागि आधार तयार हुने ।

ञ) पाठ्यक्रम निर्माण र कार्यान्वयनमा स्थानीय अपनत्व प्राप्त हुने ।

### ३. पाठ्यक्रम निर्माणमा अवलम्बन गरिएका सिद्धान्तहरू

यो पाठ्यक्रम कक्षा १-३ एकिकृत पाठ्यक्रम, कक्षा ४-५ र कक्षा ६-८ मिश्रित पाठ्यक्रम सिद्धान्तमा आधारित भई निर्माण गरिएको छ । बालकेन्द्रित, परियोजनामा आधारित, व्यवहारिक प्रयोग र सिर्जनात्मक सिप विकास, सामाजिक साँस्कृतिक विविधता र मूल्यमान्यताप्रति सम्मान, प्राविधिक सिप विकास गर्ने नवीनतम सोंचमा आधारित शिक्षा प्रदान गर्ने सक्षमतामा आधारित ढाँचा यो पाठ्यक्रम निर्माणमा प्रयोग गरिएको छ ।

### ४. विद्यालय शिक्षाको राष्ट्रिय उद्देश्यहरू

राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुसार विद्यालय शिक्षाका राष्ट्रिय उद्देश्यहरू निम्न अनुसार छन् ।

(क) प्रत्येक व्यक्तिमा अन्तर्निहित प्रतिभा प्रस्फुटन गरी व्यक्तित्व विकास गर्ने

(ख) सङ्घीय लोकतान्त्रिक गणतन्त्रका मूल्य तथा मान्यताप्रति प्रतिबद्ध, राष्ट्र र राष्ट्रियताप्रति बफादार, स्वाभिमानी, सामाजिक तथा सांस्कृतिक विविधतालाई सम्मान गर्ने, चरित्रवान्, नैतिकवान् एवम् जिम्मेवार नागरिक तयार गर्ने

(ग) श्रमप्रति सम्मान एवम् सकारात्मक सोच भएका, रोजगार तथा स्वरोजगारउन्मुख, उत्पादनशील, उद्यमशील र सिपयुक्त नागरिक तयार गर्ने

(घ) व्यक्तिको सामाजिकीकरणमा सहयोग गर्दै सामाजिक सद्भाव तथा सहिष्णुता र राष्ट्रिय एकता सुदृढ गर्न सहयोग पुऱ्याउने

(ङ) प्राकृतिक तथा राष्ट्रिय सम्पदा र पर्यावरणको संरक्षण, संवर्धन र सदुपयोग गर्दै दिगो विकासमा योगदान गर्ने सचेत नागरिक तयार गर्ने

(च) प्रत्येक व्यक्तिमा शान्ति, मानव अधिकार, समानता, समावेशिता र सामाजिक न्यायका मान्यताअनुरूपको आचरण विकास गरी समतामूलक, समावेशी, न्यायपूर्ण र समाजवादउन्मुख राष्ट्र निर्माणमा मद्दत गर्ने

(छ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी, आधुनिक सूचना तथा सञ्चार प्रविधि प्रयोग गर्न सक्ने विश्वपरिवेश सुहाउँदो दक्ष जनशक्ति तयार गर्ने

(ज) वैज्ञानिक अवधारणा, तथ्य, सिप, सिद्धान्त तथा प्रविधिको प्रयोग गर्न सक्ने वैज्ञानिक सुझबुझ भएका र खोज तथा अनुसन्धानमुखी जनशक्ति तयार गर्ने

(झ) रचनात्मक तथा समालोचनात्मक चिन्तन गर्ने, जीवनोपयोगी सिप भएका, सहिष्णु र भाषिक सक्षमतामा निपूर्ण नागरिक तयार गर्ने

(ञ) नेपाली मौलिक कला, संस्कृति, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यहरूको संरक्षण, संवर्धन र विस्तारतर्फ अभिप्रेरित भई नेपाली पहिचानप्रति गौरव गर्ने नागरिक तयार गर्ने

(ट) जलवायु परिवर्तन तथा प्राकृतिक एवम् मानव सिर्जित प्रकोपप्रति सचेत रही सम्भावित जोखिम न्यूनीकरण तथा विपद् व्यवस्थापन गर्न सक्षम नागरिक तयार गर्ने

(ठ) सामाजिक न्यायमा आधारित समृद्ध राष्ट्र निर्माणका निम्ति आवश्यक मानव संसाधनको विकास गर्ने

## ५. विद्यालय शिक्षा (आधारभूत तह) को पाठ्यक्रम संरचना

पठनपाठन सञ्चालनका लागि उपयोग भएको ३२ घण्टाको समयावधिलाई १ पाठ्यघण्टा (credit hour) मानिएको छ ।

**आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम संरचना**

| क्र.सं. | विषयसम्बन्धि क्रियाकलाप | पाठ्यघण्टा | वार्षिक कार्यघण्टा |
|---|---|---|---|
| १ | भाषिक सिप विकाससम्बन्धी क्रियाकलाप (नेपाली) | ५ | १६० |
| २ | भाषिक सिप विकाससम्बन्धी क्रियाकलाप (अंग्रेजी) | ४ | १२८ |
| ३ | गणितीय सिप विकाससम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| ४ | विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षा, सामाजिक अध्ययन, चारित्रिक विकास तथा सिर्जनात्मक कलासम्बन्धी क्रियाकलाप (सेरोफेरो) | ८ | २५६ |
| ५ | मातृभाषिक सिप/स्थानीय विषयवस्तुसम्बन्धी क्रियाकलाप | ५ | १६० |
| | जम्मा | २६ | ८३२ |

**आधारभूत तह (कक्षा ४-५) को पाठ्यक्रम संरचना**

| क्र.सं. | विषय | पाठ्यघण्टा | वार्षिक कार्यघण्टा |
|---|---|---|---|
| १ | नेपाली | ५ | १६० |
| २ | अंग्रेजी | ५ | १६० |
| ३ | गणित | ५ | १६० |
| ४ | विज्ञान तथा प्रविधि | ५ | १६० |
| ५ | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | ५ | १६० |
| ६ | स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला | ३ | ९६ |
| ७ | मातृभाषा/स्थानीय विषय | ४ | १२८ |
| | जम्मा | ३२ | १०२४ |

**आधारभूत तह (कक्षा ६-८) को पाठ्यक्रम संरचना (साधारण)**

| क्र. सं. | विषय | पाठ्यघण्टा | वार्षिक कार्यघण्टा |
|---|---|---|---|
| १ | नेपाली | ५ | १६० |
| २ | अंग्रेजी | ५ | १६० |
| ३ | गणित | ५ | १६० |
| ४ | विज्ञान तथा प्रविधि | ५ | १६० |
| ५ | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | ५ | १६० |
| ६ | स्वास्थ्य तथा शारीरिक शिक्षा (सिर्जनात्मक कला सहित) | ३ | ९६ |
| ७ | मातृभाषा वा स्थानीय विषय वा संस्कृत भाषा | ४ | १२८ |
| | जम्मा | ३२ | १०२४ |

## ६. सिकाइ सक्षमताहरू : तहगत सक्षमताहरू

शुभकालिका ज्ञान विज्ञान स्थानीय विषय पाठ्यक्रमका तहगत सक्षमताहरू निम्नअनुसार तोकिएका छन् ।

**(क) सक्षमताहरु (कक्षा १-३)**

१. आफ्नो गाउँपालिकाको नामका साथै  स्थानीय बजार, विद्यालय, भूगोल, जनप्रतिनिधि र स्थानीय पालिका सहित आफ्नो परिवार, बस्ती, गाउँटोल र वडाको सामान्य परिचय ।

२. शुभकालिका गाउँपालिकाको परम्परागत रहनसहन, खानपिन,  धर्म, संस्कृति, जातजाति र भाषिक सम्पदाहरूको बारेमा सामान्य जानकारी ।

३. आफ्नो गाउँबस्ती र वडामा भएका परम्परागत पेशा, व्यवसाय र प्रविधिको बारेमा जानकारी ।

४. आफूलाई मन पर्ने मानिसहरुको स्वभाव, चाडपर्वमा गरिने मन पर्ने क्रियाकलाप, मन पर्ने गीतसङ्गीत र नृत्य एवम् आहार र व्यायामको माध्यमबाट खुसी हुने र खुसी बनाउने कलाको अभ्यास ।

५. विद्यालय लगायत आफ्नो वरपरको वातावरणमा भएका वस्तुहरुको पहिचान, महत्वबोध, वातावरण संरक्षण र दिगो विकासमा सहयोग ।

६. सामाजिक विसङ्गति र विपद्को परिचयका साथै उत्पन्न चुनौति र यसबाट जोगिने उपायँहरुको जानकारी र अभ्यास ।

**(ख) सक्षमताहरु (कक्षा ४-५)**

१. शुभकालिका गाउपालिकाको अवस्थिति लगायत यहाँको प्राकृतिक, सामाजिक र साँस्कृतिक अवस्थाको परिचय । साथै वडाले प्रवाह गर्ने सेवाको बारेमा परिचय दिने क्षमताको विकास ।

२. शुभकालिका गाउँपालिकामा रहेका धार्मिक स्थल, साँस्कृतिक रितिरिवाज, चाडपर्व, गीतसङगीत, नृत्य, भाषा, भेषभूषा, जातजातिको बारेमा जानकारी ।

३. शुभकालिका गाउँपालिकामा प्रयोग गरिने परम्परागत कृषि औजार, तथा अन्य प्रविधिहरुका पहिचान र प्रयोगका साथै पशुपंक्षी पालन र कृषि उत्पादनको पहिचान, परिचय र  संलग्नता ।

४. सकारात्मक सोच, योग र आहार एवम् असल आचरणहरुको अनुसरणको माध्यमबाट आवश्यक पर्ने सिप र स्वभावहरुको जानकारी र अभ्यास  ।

५. आफ्नो वरपरको वातावरणमा भएका वस्तुहरुको महत्वबोध, उपयोगका साथै वातावरण संरक्षण  र सरसफाइमा सहयोग ।

६. सामाजिक बिकृति तथा चुनौति र प्राकृतिक प्रकोप (हावाहुरी, चट्याङ, शीतलहर, भूकम्प, बाढी जस्ता विपद्) को परिचय तथा यसबाट बच्ने उपायहरुको जानकारी र अभ्यास ।

**(ग) सक्षमताहरु (कक्षा ६-८)**

१. शुभकालिका गाउपालिकाको परिचय एवम् गाउँ कार्यपालिकामा र गाउँसभाले यहाँका नागरिक र पालिकाको विकासका लागि गरेका कार्यहरु

२. स्थानीय स्तरमा अवस्थित विभिन्न भाषाभाषी, जातजाति र धार्मिक सम्प्रदाय र व्यक्तिहरुको बीचको सामाजिक सद्भावको पहिचान र प्रवर्द्धन ।

३ स्थानीय पेशा तथा व्यवसाय (कृषि, पशुपंक्षी, मत्स्य पालन ) सिप र प्रविधिको परिचय तथा प्रयोग ,

४. जीवन र जगतलाई सकारात्मक किसिमले सोच्ने सिप र बानीको अभ्यास एवम् प्रस्तुतिका साथै जीवनलाई सन्तुलित, खुसी र स्वस्थ बनाउनका लागि आवश्यक पर्ने विविध पक्षहरुको जानकारी, प्रयोग र अनुसरण ।

५. आफ्नो वरपरको वन व्यवस्थापन, हरियाली प्रवर्द्धन, पानी संरक्षण र फोहोर व्यवस्थापनको अवधारणा बोध, समुचित प्रयोग, संरक्षण र प्रवर्धनमा सहयोग ।

६. सामाजिक चुनौतिहरुको निराकरण, विभिन्न विपद् र महामारीको बारेमा जानकारी हासिल एवम् तिनीहरुबाट हुने क्षति न्यूनिकरण गर्नका लागि आवश्यक उपायहरुको पहिचान, अभ्यास र कार्यान्वयन ।

**पाठ्यभार**

| **कक्षा** | **विषयवस्तु र पाठ्यभार (शिक्षण र मूल्यांकन घण्टा)✶** | | | | | |
|---|---|---|---|---|---|---|
| | **हाम्रो शुभकालिका** | **हाम्रो समाज, संस्कृति र सम्पदा** | **कृषि, पेशा, व्यवसाय र प्रविधि** | **स्थानीय जीवन कला र अनिवार्य सिपहरू** | **हाम्रो वातावरण र विपद व्यवस्थापन** | **जम्मा** |
| १ | ३० | ४० | ३० | ३० | ३० | १६० |
| २ | ३० | ४० | ३० | ३० | ३० | १६० |
| ३ | ३० | ४० | ३० | ३० | ३० | १६० |
| ४ | २० | ३६ | ३० | २० | २२ | १२८ |
| ५ | २० | ३६ | ३० | २० | २२ | १२८ |
| ६ | २० | ३६ | ३० | २० | २२ | १२८ |
| ७ | २० | ३६ | ३० | २० | २२ | १२८ |
| ८ | २० | ३६ | ३० | २० | २२ | १२८ |

✶ कक्षा १-३ मा २५ घण्टा र कक्षा ४-८ मा १० घण्टा समय मूल्यांकनका लागि छुट्याउनु उपयुक्त हुन्छ ।

**कक्षागत सिकाइ उपलब्धि**

**१. कक्षा १-३**

| क्र सं. | मुख्य विषयवस्तु | सिकाइ उपलब्धि | | |
|---|---|---|---|---|
| | | **कक्षा १** | **कक्षा २** | **कक्षा ३** |
| १ | हाम्रो शुभकालिका | • आफ्नो परिवारका सदस्य तथा आफू बसेको गाउँटोलको नाम बताउने ।<br>• आफ्नो गाउँ वरपर रहेका नदी, खोला र बाटोहरुको नाम बताउने ।<br>• आफ्नो विद्यालयको नाम र ठाउँ बताउने ।<br>• आफ्नो गाउँपालिकाको नाम बताउने । | आफ्नो गाउँ वरपरका मुख्य टोल एवम् बाटोहरूको नाम, अवस्थिति र संक्षिप्त विशेषता बताउने ।<br>आफ्नो घर नजिकै रहेका बजारको पहिचान गर्ने<br>शुभकालिका गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष र आफ्नो वडाका अध्यक्ष र सदस्यहरूको नाम बताउने ।<br>गाउँपालिकाको नक्सामा आफ्नो र छिमेकी वडाहरू पहिल्याउने । | शुभकालिका गाउँपालिकाको भौगोलिक अवस्था एवम् हावापानीको परिचय दिने ।<br>गाउँपालिकाको नक्सा हेरी विभिन्न विषयवस्तुको जानकारी दिने ।<br>आफ्नो विद्यालयको परिचय दिने ।<br>गाउँपालिकामा रहेका विभिन्न बजार, एवम् त्यहाँ पाइने सेवा वा व्यवसायको परिचय दिने । |
| २ | हाम्रो समाज, संस्कृति र सम्पदा | • नाता अनुसारका अभिवादन गर्ने ।<br>• स्थानीय खेलहरूको सामान्य अभ्यास गर्ने ।<br>• हाम्रो सेरोफेरोका विभिन्न धार्मिक, सम्पदाहरूको पहिचान गर्ने ।<br>• आफु र आफू वरिपरिका जातजातिले मनाउने चाडपर्व, गीत, नाच र बाजाहरूको सामान्य परिचय दिने ।<br>• घरपरिवार र छरछिमेकमा मनाइने उत्सव र चाडपर्वहरुमा गरिने क्रियाकलापहरु बताउने ।<br>• | स्थानीय जातजातिले बोल्ने भाषाको प्रयोग गरी अभिवादन गर्ने र आफ्नो परिचय दिने आफ्नो समुदायका भेषभूषाहरूको जानकारी दिने ।<br>स्थानीय खेलहरूको सामान्य अभ्यास गर्ने ।<br>• आफ्नो वडामा रहेका पर्यटकीय एवम् साँस्कृतिक स्थलहरुको पहिचान गर्ने<br>• हाम्रो वडाभित्र रहेका विभिन्न जातजाति र भाषाभाषी हरुको पहिचान गर्ने ।<br>• हाम्रो वडामा रहेका विभिन्न जातजातिहरुले मनाउने प्रमुख | पालिकाभित्रका विभिन्न मुख्य समुदायमा प्रचलित संस्कार र मनाइने चाडपर्वहरूमा गरिने मुख्य क्रियाकलाप वर्णन गर्ने ।<br>• शुभकालिका गाउँपालिकाका जातजाति ( बाहुन, क्षेत्री, ठकुरी, मगर, दलित, अल्पसंख्यक ) को विशेषता र परिचय दिने ।<br>• स्थानीय परम्परागत खेलहरूको परिचय दिने । खेलहरूको अभ्यास गर्ने ।<br>• पर्यटकीय स्थलसहित शुभकालिकाको परिचय र विशेषता बताउने ।:<br>• शुभकालिकागाउँपालिका भित्र नाँचिने |

| | | | | |
|---|---|---|---|---|
| | | | चाडपर्वहरुमा गरिने प्रमुख क्रियाकलापहरु भन्ने ।<br>• पालिकाका प्रमुख ठाउँहरु र वजारहरुको सङ्क्षिप्त परिचय दिने । | विभिन्न नाँचहरु (देउसी भैलो, सिंगारु, तीज, लहरे पैसेरी, खाडो नाँच, मयुर नाँच, देउडा नाँच, झ्याउरे नाच) को परिचय दिन ।<br>• हाम्रो भान्साका परिकार, (आँटो, ढिँडो, गुन्द्रुक, बडी, काँइलाचा, कर्कलो, गाभा, लहरे पाप्रो, चाना, खाँदेको अचार, लाडु, अर्सा, सेलरोटी, दाल भात, खिर, सातु आदि) को महत्व र विशेषता बताउन । |
| ३ | कृषि, पेशा, व्यवसाय र प्रविधि | आफ्नो घरमा प्रयोग गरिने केही अन्नबाली, गेडागुडी, फलफूल, तरकारीको नाम र स्वाद बताउने ।<br>• आफ्नो घरमा वा छिमेकमा पालिने जनावर, पँक्षी परिचय दिने ।<br>• परीवारका सदस्यहरूको पेशा, व्यापार व्यवसायको परिचय दिने । | हाम्रा स्थानीय चुल्हो (अगेनो, भट्टि चुलो, सुधारिएको र ग्याँस चुल्हो) र परम्परागत भाँडाकुँडाः हुन्डो, खट्करो, अम्खोरा,ताउलो, कलश पन्यु, डाडु, कराइ, ताप्के, करुवा, गाग्री, ताइताप्के, माना, पाथी, ठेकी, गाबु मदानी आदि) को पहिचान गर्ने र प्रयोग गर्ने तरिका बताउने ।<br>घरायसी कृषि उपज खेती जस्तै अन्नबाली र तरकारी खेती गरिने तरिका, उपयोग गरिने तरिकाबारे जानकारी गराउने ।<br>घरमा पालिने पशुपंक्षी र तिला खोलामा पाइने माछा र उपयोगबारे जानकारी दिने । परीवार र छिमेकमा गरिने पेशा, व्यवसायमा प्रयोग भैरहेका परम्परागत प्रविधिको परिचय दिने । | हाम्रा स्थानीय सामग्री ( डोको, डालो, पायो, सुपो, नाङलो, छाप्री, डोइलो, लभेत्ते, भकारी, खाप,खिर्‍य, मुदुस, पेटारो, कोसी, ठेकी, मदानी, डाडु, पनियो, कराइ) को परिचय र उपयोगिता बारे बताउने ।<br>पालिकाभित्र गरिएको प्रमुख अन्नवाली, तरकारी खेती, फलफुल र पालिने पशुपंक्षी सम्बन्धी व्यवसायिक उत्पादनसम्बन्धी जानकारी दिने ।<br>स्थानीय प्रविधिमा आधारित उद्योगहरूको परिचय दिने र महत्वबोध गर्ने ।<br>स्थानीय खोलामा माछा मार्न प्रयोग गरिने परम्परागत औजारहरूको जानकारी दिने ।<br>स्थानीय स्तरमा प्रयोग हुने परम्परागत प्रविधि एवम् औजारहहरू जस्तै हलो, जाँतो, पानी घट्ट र आधुनिक प्रविधि एवम् औजार जस्तै ट्रेक्टर, मील आदिको तुलना गर्ने । |
| ४ | जीवन कला | • ऋाफ्नो सामानको स्याहार गरी | कक्षाकोठाका सामानको स्याहार गरी | • स्थानीयस्तरमा आफूलाई मन पर्ने गीत, |

| | | | | |
|---|---|---|---|---|
| | र अनिवार्य सिपहरू | सुरक्षित राख्ने ।<br>• साथीलाई सिकाउने, सहयोग गर्ने जस्ता सहयोगात्मक व्यवहार गर्ने ।<br>• आफूलाई मन पर्ने साथीहरुमा भएका असल स्वभावहरुको पहिचान र अभ्यास गर्ने ।<br>• स्थानीय स्तरमा प्रचलित आफूलाई मन पर्ने गीत, सङ्गीत र नृत्यहरुको श्रवण, अवलोकन र अभ्यास गर्न ।<br>• जङ्कफूड (पत्रु खाना) पहिचान गर्ने र नखाने बानी विकास गर्ने । | सुरक्षित ठाउँमा राख्ने ।<br>साथीहरूलाई सहयोग गर्ने र सहकार्य गर्ने जस्ता व्यवहार प्रदर्शन गर्ने ।<br>. आफुलाई मन पर्ने गीत, सङ्गीत र नृत्यहरुको श्रवण, अवलोकन र अभ्यास प्रस्तुत गर्ने ।<br>. घरपरिवार, छरछिमेक र गाउँटोलमा उत्सव र चाडपर्वहरु मनाउदा गर्न हुने र गर्न नहुने कुराहरुको सूची र जीवनमा त्यसको अभ्यास प्रस्तुत गर्ने ।<br>. श्रम र सिर्जनालाई सम्मान गर्ने सिप र प्रवृत्तिको अभ्यासका लागि कक्षाकोठाको सरसफाइ र सजावटमा ध्यान दिने।<br>. अशक्त, ज्येष्ट नागरिक र असहज स्थितिका मानिसहरुप्रति सहयोग गर्ने बानीको अभ्यास प्रस्तुत गर्न ।<br>. जङ्कफूड (पत्रु खाना) बाट हुने हानी र घरमा बनाइने खानाका फाइदाहरु र्व्णन गर्ने । | संगीत र नृत्यहरुको श्रवण, अवलोकन, सिर्जना र प्रस्तुतिकरण गरेर प्रदर्शन गर्ने ।<br>• आफ्नो घरपरिवार तथा समाजमा उत्सव र चाडपर्वहरु मनाउदा ध्यान पुऱ्याउनु पर्ने कुराहरुको जानकारी र अभ्यास प्रस्तुत गर्ने ।<br>• आफू र अरुलाई पनि खुसी बनाउने कलाको विकास र अभ्यास प्रस्तुत गर्ने ।<br>• श्रम र सिर्जनालाई सम्मान गर्ने सिप र प्रवृत्तिको चर्चा र अभ्यास प्रस्तुत गर्ने ।<br>• ध्यान केन्द्रित गर्ने योग तथा शारीरिक अभ्यास गर्ने ।<br>• समाजका ज्येष्ठ नागरिक र असहज स्थितिका मानिसहरुप्रति सहयोग गर्ने स्वभावको विकास र अभ्यास प्रस्तुत गर्ने ।<br>• परीवार, मान्यजन र पाहुनालाई गरिने अभिवादन, शिष्टाचार, सत्कार एवम् सभ्य व्यवहार प्रदर्शन गर्ने ।<br>• हामीले घरमा खाने मुख्य खानाहरू र पत्रु खानाहरूको फाइदा बेफाइदा तुलना गर्ने । |
| ५ | हाम्रो वातावरण र विपद व्यवस्थापन | स्थानीय रुखविरुवा, जडीबुटी, जंगली जनावर र ढुँगा खानीको नाम भन्ने । स्थानीय धारा, कुवा, खोला, नदी जस्ता जलस्रोतहरूको नाम बताउने । घर, छिमेक र विद्यालयमा भएका बगैंचा, फूलबारीको संरक्षण गर्ने | • गाउँपालिका भित्रका वनमा पाइने वन्जजन्तु र चराहरुको पहिचान गर्ने ।<br>. वडाको वनमा पाइने औषधिजन्य वनस्पतिहरु पहिचान गर्ने ।<br>. करेसाबारी निर्माणमा सहभागी हुने ।<br>. विद्यालयमा बाल बगैंचा र वृक्षारोपणमा | . शुभकालिकाका सामुदायिक वनजङ्गलको परिचय दिने<br>. गाउँपालिका भित्रका वनमा पाइने वन्यजन्तु र चराहरुको परिचय दिने र महत्व बताउने ।<br>. स्थानीय बोटबिरुवाहरूको परिचय, |

| | | | | |
|---|---|---|---|---|
| | | घर तथा विद्यालयमा भएको फोहर व्यवस्थापन गरी सरसफाइ कायम गर्ने कार्य गर्ने ।<br>लाइनमा हिंड्ने, पालो पर्खने, जोखिम क्षेत्रमा नजाने, कक्षाकोठामा सुरक्षित तरिकाले कार्य गर्ने ।<br>थानीय स्तरमा भईरहेका र हुन सक्ने बिपद्हरु जस्तै सडक दुर्घटना, करेन्ट लाग्ने, आगलागी, डुबान (खोला, ताल, खाल्डो) आदिबाट हुने विपदहरुको चित्रात्मक पहिचान गर्ने ।<br>विद्यालय र घरमा आउदाजाँदा बाटोमा हुने जोखिमहरु जस्तै बाटो बिग्रने, खोलानाला तर्ने, हावाहुरी चल्ने, बाटो काटने आदीको पहिचान गरी सावधानी अपनाउने<br>कक्षाकोठा, विद्यालय, घर र बाटोमा हुने विभिन्न दुर्घटनाहरु जस्तै चोटपटक, करेन्ट, पहिरो खस्ने, ढुङ्गा खस्ने, आगलागि, आदिको परिचय र सोबाट बच्नका लागि सामान्य उपायहरु बताउने र सोको अनुसरण गर्न । | सहभागी हुने ।<br>• गाउँपालिका क्षेत्रमा भएका पानीका स्रोतहरुको परिचय दिने तथा उपयोग पहिचान गरी आवश्यकता अनुसार प्रयोग गर्ने ।<br>• फोहोरमैलाले स्थानीय स्तरमा पारेको असर पहिचान गर्ने ।<br>• स्थानीय जल र वनको महत्व र उपयोगिता बताउने ।<br>• हावाहुरी, चट्यांङ्ग, बाढि, आगलागी, पहिरो, सर्पदंश र जङगली जनावरको आक्रमण आदिबाट हुने विपद्को पहिचान र परिचय दिने ।<br>• घरभित्र हुने जोखिमहरु (छत, भऱ्याङ, बरण्डा, हातहतियार आदिको परिचय दिने ।<br>• घरभित्र हुने जोखिमहरूबाट बच्ने उपायहरु बताउन र अनुशरण गर्ने ।<br>• कक्षाकोठा, विद्यालय, घर र बाटोमा हुने वर्षा, हावाहुरी, करेन्ट, चट्याङ, बाढि पहिरो र जङगली जनावरको आक्रमण आदिबाट बच्ने उपायहरु ब्ताउने । | महत्व तथा उपयोग बताउने ।<br>• घर र विद्यालयमा बाल बगैंचाको निर्माणमा सहयोग र हेरचाह गर्ने ।<br>• घर र विद्यालयमा पानीका स्रोतहरुको उपयोग गर्ने तरिका बताउने र सदुपयोग गर्ने ।<br>• फोहोरमैला व्यवस्थापनको पहिचान गरी विद्यालयमा फोहोरमैलाको वर्गीकरण गर्ने र व्यवस्थापनमा सहभागी हुने ।<br>• व्यक्तिगत सामग्रीको हिफाजत र सरसफाइको परिचय दिने र अभ्यास गर्ने ।<br>• घर, छरछिमेक, विद्यालय तथा समुदायको सरसफाइमा सहभागिता जनाउने ।<br>• विपदको परिचय दिने ।<br>• विपदको किसिम (प्राकृतिक र मानव सिर्जित) छुट्टयाउने ।<br>• विद्यालयभित्र जस्तै छत, बिजुली, र्भयाङ्ग, बरण्डा, खेल सामग्री, फर्निचर, शौचालय आदिमा हुने जोखिमहरुको पहिचान गर्ने ।<br>• विद्यालयभित्र हुने जोखिमबाट साबधानी अपनाउने<br>• भूकम्प र महामारीबाट सुरक्षित हुनको लागि आवश्यक सावधानी अपनाउने । |

## २. कक्षा ४-५

| क्र सं. | मुख्य विषयवस्तु | सिकाइ उपलब्धि | |
|---|---|---|---|
| | | कक्षा ४ | कक्षा ५ |
| १ | हाम्रो शुभकालिका | पालिकाको प्रोफाइल अध्ययन गरी तथ्याङ्कसहित पालिकाको बारेमा जानकारी प्राप्त गर्ने । जस्तै जातजाति, जनसंख्या, बजार, विद्यालय, सडक, उत्पादन, कृषि, पेशा व्यवसाय आदि । | • गाउँपालिकाको अवस्थिति (अक्षांश, देशान्तर र उचाइ) पत्ता लगाउने ।<br>• गाउँपालिकाका केही महत्वपूर्ण स्थलका नामाकरणबारे बताउने ।<br>• पालिकाको नक्सा बनाइ आफ्नो गाउँ, विद्यालय, वडा कार्यालय, मुख्य सडक र बाटाहरु देखाउने ।<br>• गाउँपालिकाको मुख्यमुख्य काम, कर्तव्य र अधिकारबारे बताउने ।<br>• पालिका वरपरका छिमेकी पालिकाहरूको परिचय नाम, अवस्थिति र मुख्य विशेषताशरू बताउने ।<br>• गाउँपालिकाभित्रका विभिन्न शिक्षालयहरूका कक्षा र सञ्चालित कार्यक्रमबारेमा जानकारी लिने । |
| २ | हाम्रो समाज, संस्कृति र सम्पदा | स्थानीय जातजातिका मौलिक बाजा, भाका, गीत, नाँच अभ्यास गर्ने, जानकारी दिने र तिनको साँस्कृतिक सम्बन्ध बताउने ।<br>• प्राकृतिक सम्पदा (जमिन, वनजङगल, गाड, खोला, ताल, पोखरीको परिचय र महत्व वताउन ।<br>• मानव निर्मित सम्पदा (मन्दिर, अस्पताल, विद्यालय, कूलो, धारा, कुवा आदिको परिचय र महत्व बताउने ।<br>• स्थानीय मेला, जात्रा, चाडपर्व (तीज, माघे संक्रान्ति, चैते दशैं, असारे संक्रान्ति, भदौ पूर्णिमा, हरेलो, भूवाखेल) र स्थानीय लोकगीत -तीज गीत, भजन, देउडा, ठाडी | स्थानीय म्ख्य जातजातिका विशेष पर्वहरूमा गरिने मुख्य संस्कार, पहिरन, खाना, गीत आदिका बारेमा जानकारी दिने, अभ्यास गर्ने । सामाजिक एवम् सार्वजनिक सम्पतिप्रतिको दायित्वबोध गर्ने र संरक्षण कार्य गर्ने ।<br>• सम्पदाको संरक्षणमा हाम्रो भूमिका उल्लेख गर्ने ।<br>• गाउँपालिकाभित्र रहेका विभिन्न धार्मिक र साँस्कृतिक स्थल ( मठमन्दिर, चर्च, गुफा, कुल देवताका थान, गुठी) आदिको अवस्थिति पत्ता लगाइ सूची बनाउने ।<br>• गाउँपालिकाका परम्परागत स्थानीय लोकगीत, लोक नृत्य, गाउँ खाने कथा, आहान, पुरान र लोक कथाको बारेमा जानकारी |

| | | | |
|---|---|---|---|
| | | भाका, सिंगारु भाका, लामसरी भाका, मागल, चुट्कीला, फाग गीत, दरी, आदिको परिचय दिने र अभ्यास गर्ने । | संकलन गरी सुनाउने । |
| ३ | कृषि, पेशा, व्यवसाय र प्रविधि | आफ्नो घर, समुदाय वा विद्यालयमा गरिने लसुन, अदुवा, प्याज, बेसार, सखरखण्ड, बदाम, धनिया खेतीमा सहयोग गर्ने ।<br>स्थानीय स्तरमा उत्पादित वस्तुहरु-परालको गुन्द्री, चकटी, डोको, सुपो, हँसिया, बाबियोको डोरी, आल्लोको डोरी, ढरिया ठेकी, मदानी, खिरे, खाप, मदुस, कोर्को, सागु, ओखल, मुसल आदिको परिचय दिने ।<br>परम्परागत कृषि औजारहरु-हलो, जुवा, फरुवा, लिड्को, कुटो, कोदाली, बन्चरो, खुकुरी आदिको चिनारी र कृषि कार्यमा प्रयोग तथा महत्व बताउने ।<br>आँप, केरा, तरकारी, तोरी, आलु जस्ता नगदे वालीहरूको खेती, प्रविधि, उत्पादन  र बजारीकरणको अवस्था बताउने । | • स्थानीय परम्परागत पेसा व्यवसाय (गाईपालन, भेडापालन, बाखापालन, कुखुरापालन, भैंसीपालन, बंगुरपालन, खरायोपालन, कालिजपालन, परेवापालन आदि) को परिचय दिने ।<br>• आलु, टमाटर, केरा, अदुवा, बेसार, धनिया, गोलभेडा, लसुन, च्याउखेती आदिको सामान्य परिचय दिने र महत्व बताउने ।<br>• मौरी पालनको परिचय दिने र महत्व बताउने ।<br>• स्थानीय मुख्य मुख्य बजारमा भएका पसल, व्यवसायमा उपलब्ध सेवाहरुको जानकारी लिने ।<br>• यी पसल र व्यवसायमा प्रयोग भएका प्रविधिहरु अध्ययन गर्ने । |
| ४ | जीवन कला र अनिवार्य सिपहरु | • समाज र राष्ट्रका असल मानिसहरुका व्यवहार एवम् गुणहरुको पहिचान, असल कार्यहरुको चर्चा एवम् अनुसरण गर्ने ।<br>• आफूलाई मन पर्ने गीत, सङ्गीत र नृत्यहरुको श्रवण, अवलोकन, सिर्जना र अभ्यास गर्ने ।<br>• अरुमा भएका राम्रा कुराहरुको पहिचान, सम्मान र प्रसंशा गर्दै त्यस्ता आनीबानीहरुलाई आफ्नो जीवनमा अनुशरण गर्ने । | भोजन व्यवहार व्यवस्थित गर्ने ।<br>स्थानीय खाना र हाम्रो स्वास्थ्यका लागि आवश्यक पौष्टिक खानाको सम्बन्ध पहिचान गर्ने ।<br>आत्म-अनुशासन कायम गर्न ध्यान योग अभ्यास गर्ने ।<br>• समाज र राष्ट्रका असल नागरिक हुनका लागि आवश्यक पर्ने सिप र स्वभावहरुको अभ्यास प्रस्तुत गर्ने ।<br>• थोरै बोल्ने, विस्तारै बोल्ने र मीठो बोल्ने स्वभावको अनुसरण गरी खुशी र सुखी हुने स्वभावको वर्णन एवम् अभ्यास प्रस्तुत गर्ने । |

| | | | |
|---|---|---|---|
| | | . योग र ध्यान (प्रणव ध्यान, भस्त्रिका, अनुलोम-विलोम प्रणायाम, बक्रासन, शलभासन) को परिचय दिई र अभ्यास गर्ने ।<br>. परिवार, विद्यालय र समाजका जेष्ठ नागरिक र असहज स्थितिका मानिसहरुप्रति सहयोग गर्ने स्वभावको अभ्यास गर्ने ।<br>. शरीरलाई आवश्यक पर्ने पौष्टिकतत्वहरु नष्ट नहुने गरी फलफूलहरु र तरकारी खाने तरिकाको जानकारी प्राप्त गरी सोको अभ्यास गर्ने । बैयक्तिक स्वास्थ्यका लागि सन्तुलित भोजनका लागि स्थानीय खानाहरुको पहिचान गर्ने र आहारको बानी बसाल्ने । जंक फूड नखाने । शारीरिक कसरतका अभ्यास गर्ने । | . आफूलाई मन पर्ने गीत, सङ्गीत र नृत्यहरुको श्रवण, अवलोकन, सिर्जना र प्रस्तुतिकरण गर्ने ।<br>. जीवन र जगतका हरेक कुराहरुभित्र केही न केही असल कुरा हुने कुराको परिचय, बोध र अभ्यास प्रस्तुत गर्ने । सकारात्मक सोंचको विकास गर्ने ।<br>. समालोचकीय र सिर्जनात्मक चिन्तनका अभ्यास गर्ने । |
| ५ | हाम्रो वातावरण र विपद व्यवस्थापन | . स्थानीय क्षेत्रमा पाइने औषधिजन्य वनस्पतिहरु टिमूर, काउलो, आक्चेकाफल, बादरेकेरा, अमला, कुरिल्लो, घुच्ची च्याउ, खिरौलो, तेजपत्ता, बिलाउनी, घोडटापे्र, हात पसारो, स्याँली, दुधे मसुरे, गुर्जो, भाँगेचुक, बाँको, सेत बोक्रो, सिल्पाउरी, जामुनो, बोजो, पदमचाल्नो, चुके, भुल्ते, भुतकेश, बाँजकोटी, कटुको, मलागिरी, फरुन, पोकचाल्नो, यार्शागुम्बा, सुनगाभा, धसिङग्रे आदि पहिचान गर्ने ।<br>. गाउँपालिका भित्रका वनमा पाइने वन्जजन्तु र चराहरुको परिचय दिने र महत्व बताउने ।<br>. गाउँपालिका क्षेत्रमा पाइने ठुला बनस्पति रुखहरुको | स्थानीय क्षेत्रमा पाइने औषधिजन्य वनस्पतिहरुको प्रशोधन प्रक्रियाको अभ्यास गर्ने र उपयोगको परिचय दिने ।<br>. घर तथा विद्यालयमा स्थानीय औषधिजन्य वनस्पति र फलफूल बगैंचाको निर्माण कार्यमा सहयोग गर्ने ।<br>. गाउँपालिका क्षेत्रमा पाइने वनस्पति र जीवजन्तुको संरक्षणमा विद्यार्थी, विद्यालय, समुदायको भूमिका पहिचान गर्ने ।<br>. वातावरण संरक्षणको परिचय दिने ।<br>. गाउँपालिका क्षेत्रमा जलस्रोत प्रदूषणको कारण, असरहरु र न्यूनीकरणका उपायहरु ब्ताउने र ती उपायहरु अवलम्बन गर्ने ।<br>. पानीको संरक्षण गर्ने उपायहरु ब्ताउने ।<br>विद्यालय तथा स्थानीय क्षेत्रमा फोहोरमैलाको व्यवस्थापनका |

| | | | |
|---|---|---|---|
| | | पहिचान गर्न ।<br>• करेसाबारी निर्माणमा सहभागी हुने ।<br>• विद्यालयमा बाल बगैंचा र वृक्षारोपणमा सहभागी हुने ।<br>• वातावरण र विकासको परिचय दिने ।<br>• गाउँपालिका क्षेत्रमा भएका पानीका स्रोतहरुको परिचय दिने तथा उपयोग पहिचान गरी आवश्यकता अनुसार प्रयोग गर्ने ।<br>• फोहोरमैलाले स्थानीय स्तरमा पारेको असर पहिचान गर्ने ।<br>• वातावरण प्रदूषणको स्थानीय अवस्थाको पहिचान गर्ने ।<br>• फोहोरमैलाको वर्गीकरण गर्न र व्यवस्थापनमा सहयोग गर्ने ।<br>• विद्यालय परिसर, आउने जाने बाटो, छरछिमेकमा भएका सम्भावित जोखिमका स्थान पहिचान गर्ने र ती ठाउँमा हिँड्दा, क्रियाकलाप गर्दा अपनाउनुपर्ने सावधानीको जानकारी र अभ्यास गर्ने । | उपायहरुको खोजी गर्न र अवलम्बन गर्ने ।<br>• गोरेटो, घोडेटो, मोटरबाटोमा हिँड्दा र खोला, पुल पहिरो पार गर्दा अपनाउनुपर्ने सावधानीका उपायहरु जान्ने र अवलम्बन गर्ने |

**३. कक्षा ६-८**

| क सं. | मुख्य विषयवस्तु | सिकाइ उपलब्धी | | |
|---|---|---|---|---|
| | | **कक्षा ६** | **कक्ष ७** | **कक्षा ८** |
| १ | हाम्रो शुभकालिका | पालिका र वडा कार्यालयहरूबाट प्राप्त हुने सेवा सुविधा र शर्तहरू सम्बन्धी जानकारी लिने ।<br>नागरिक बडापत्रको अवधारणा बताउने र पालना गर्ने । | गाउँपालिका अन्तर्गतका विषयगत कार्यालयहरूबाट प्राप्त हुने सेवा र शर्तहरूको सूची तयार गर्ने ।<br>. गाउँपालिकाको प्रशासनिक संरचना बताउन ।<br>. कालीकोट जिल्लाको नक्सा वनाई आफ्नो गाउँपालिकाका मुख्य स्थानहरु, मुख्य सडक तथा बाटाहरु, धार्मिक तथा पर्यटकीय स्थल,नदी, खोलानाला र तालहरु भर्ने ।<br>. गाउँपालिकाको समग्र शैक्षिक अवस्था र प्राविधिक शिक्षाको वर्तमान अवस्थाको प्रस्तुति गर्न । | गाउँसभाको गठन र काम, कर्तब्य र अधिकारबारे जानकारी लिने ।<br>गाउँपालिकामा सञ्चालित प्रमुख वा गौरवका योजनाहरुको स्रोत, कार्य र प्रभावबारे बताउने ।<br>पालिकाभित्र कार्यरत सामुदायिक संघसंस्था र प्राप्त हुने सेवाहरूको जानकारी प्राप्त गर्ने । |
| २ | हाम्रो समाज , संस्कृति र सम्पदाहरु | . सामाजिक चुनौतिको रुपमा रहेका बालश्रम, बालविबाह, अन्धविश्वास, भूतप्रेत, बोक्सीका कारण समाजमा परेका असर र उक्त असरहरुलाई न्यूनिकरण गर्नका लागि आवश्यक उपायहरु अपनाउन ।<br>. स्थानीय साझा मेला, चाडपर्वहरूका विशेषता, मनाइने समय, समुदाय | विविध सामुदायिक सम्बन्धका अवयवहरूको पालना गर्ने ।<br>विद्यालयभित्रका सामूहिक संरचना जस्तै विज्ञान क्लब, रेडक्रस आदिका क्रियाकलापमा सहभागी भै ब्यक्तित्व विकास र सामाजिक कार्य गर्ने ।<br>. सामाजिक चुनौति र विसङ्गतिको रुपमा रहेको महिला हिंसा, चेलीबेटी बेचबिखन र यौनजन्य हिंसाको परिचय र न्यूनिकरणका उपायहरु ब्ताउने ।<br>. शुभकालिकाका पर्यटकीय स्थलहरुको | . सामाजिक चुनौति र विसङ्गतिको रुपमा रहेका जातीय विभेद, लैङ्गिक हिंसा, बाल हिंसा, बाल श्रम, बालविबाह आदिको न्यूनिकरणको उपायको पहिचान गरी कार्यान्वयन गर्न ।<br>. साँस्कृतिक विविधताको सम्मान गर्ने सभ्यताको विकास गर्ने ।<br>. गाउपालिकाका पर्यटकीय स्थलहरुका विशेषता, संरक्षण र सम्र्बनको बारेमा बताउने ।<br>. गाउँपालिकाको विभिन्न जातजाति बीचमा सामाजिक सद्भावका साथै स्थानीय भाषा, धर्म, कला, साहित्य र पर्यटनको विकासमा |

| | | | | |
|---|---|---|---|---|
| | | आदिबारे जानकारी दिने ।<br>• सामाजिक विकृतिहरू पहिचान गरी सुधारका प्रयाशहरू अभ्यास गर्ने ।<br>• शुभकालिका गाउँपालिकामा रहेका विभिन्न खोला, नदी, धारा, पोखरी, कुवाजस्ता जलसम्पदाले पुऱ्याएको योगदानको चर्चा गर्ने<br>• गाउँपालिकामा विद्यमान कला, सँस्कृति र साहित्यको सामान्य परिचय दिन ।<br>• गाउपालिकाका धार्मिक सम्पदाहरुको परिचय र महत्व बताउने । | परिचय र महत्व बताउने ।<br>• शुभकालिकाका प्रमुख जातजाति - ब्राम्हण, क्षेत्री, मगर, गिरी, दलित अल्पसंख्यक आदिले मनाउने चाडपर्व, लगाउने भेषभूषा र गरगहना, बोल्ने भाषाका साथै उनीहरुको बीचको आपसी सम्बन्धको बारेमा परिचय दिने ।<br>• आफ्नो व्यक्तिगत स्वार्थ भन्दा माथि उठेर आफ्नो वडा, पालिका र समग्र मुलुकको हितका लागि काम गर्ने गाउँपालिकाका कलाकार, खेलाडी, लेखक, साहित्यकार, राजनीतिज्ञ, सामाजिक अभियन्ता आदिको पहिचान र योगदानको चर्चा गर्ने । | गाउँपालिकाको भूमिका बताउने ।<br>• शुभकालिकाका धार्मिक स्थलहरुको विशेषता, संरक्षण र सम्बर्धनको बारेमा बताउने ।<br>• गाउँपालिका स्तरीय अध्यक्ष कप खेलकुद प्रतियोगिता र त्यसको महत्वको बारेमा जानकारी दिन ।<br>• बैकल्पिक उर्जा (सोलार, विद्युत, गोवर ग्यास) आदिको परिचय र प्रयोग बारेमा बताउन<br>• गाउँपालिकामा रहेको जल, जमीन, जङ्गल, जडिबुटी, र जनशक्तिको विकास गरी पालिकाको समुन्नतिका लागि उपयोग गर्ने बारेमा गाउँपालिकाको भूमिका बताउन ।<br>• पर्यटन विकासमा समुदाय र स्थानीय सरकारको सहकार्यको सम्भावना अध्ययन गर्ने । |
| ३ | हाम्रो कृषि, पेशा, व्यवसाय र प्रविधि | • तरकारी बाली आलुको खेती गर्ने तरिका बताउन र खेती कार्यमा सहयोग गर्ने । विद्यालय बगैंचामा आलु खेती गर्ने ।<br>• हस्त निर्मित सामग्रीहरु सुपो, लिउ, काम्लो, भाग्रो, जावो, फेरे र परालको गुन्द्री बनाउने तरिका बताउने र निर्माण गर्ने ।<br>• व्यावसायिक कृषिको परिचय दिने, कृषि पकेट क्षेत्र र | • कृषिमा प्रयोग भैरहेको प्रवधि अध्ययन गर्ने । सिँचाई प्रणाली, परियोजना र कूलो सिंचाई सुविधाहरूको स्रोत, व्यवस्थापन र पद्धति अध्ययन गर्ने ।<br>• शुभकालिकामा उत्पादन हुने मुख्य अन्न वाली, आलु, तरकारी, फलफुल र पशुपंक्षी पालनको उत्पादन प्रविधि, उपभोग र बजारीकरणको अध्ययन गर्ने ।<br>• शुभकालिका गाउपालिकामा उत्पादन हुने विभिन्न फलफूलहरु (कागती, सुन्तला, नास्पति, केरा, अम्वा, ओखर, किवी, स्याउ, मौसम, ज्यामिर आँप, अंगुर आदि) को | गाईपालन/बंगुरपालन/माछापालन/कुखुरापालनको महत्व र पालन गर्ने तरिका वताउने र सहयोग गर्ने ।<br>• बेमौसमी तरकारी (टमाटर, लौका, करेला, भिण्डी , काँक्रा, सिमी, मुला आदि) खेती गर्ने तरिका बताउन र उक्त खेतीमा सहयोग गर्ने ।<br>• नगदेबाली (तोरी, मसुरो, तिल, अर्सी, लसुन उखु,प्याज,आलु आदि)खेती गर्ने तरिका बताउन र उक्त कार्यमा सहयोग गर्ने ।<br>• हस्त निर्मित सामग्री : स्याँखुडोको, छाप्री,पायो, गुन्द्री आदि) बनाउने तरिका |

| | | | | |
|---|---|---|---|---|
| | | यसको महत्त्व बताउने । मौरी पालनको  तरिका बोध गरी सहयोग गर्ने । पेशा र व्यवसायको प्रवर्धनमा पालिकाको भूमिका बताउने । व्यवसायिक कृषि तथा अन्य उद्योग फर्महरूको खेति तथा उत्पादन प्रविधिबारे जानकारी प्राप्त गर्ने बजारीकरणको अवस्था अध्ययन गर्ने । डिजिटल साक्षरता सिपको प्रयोग गर्ने । | परिचय, महत्व खेतिप्रविधि र उपभोगका बारेमा बताउने ।<br>. बाखापालन / भेडापालन/मौरीपालनको महत्व र पालन गर्ने तरिका बताउने र उक्त कार्यमा सहयोग गर्ने ।<br>. दलहन बाली (केराउ, मास, गहत, भटमास, सोइटा, मसुरो आदि) को खेती गर्ने तरिका बताउने र उक्त खेती गर्ने कार्यमा सहयोग गर्ने ।<br>. हस्त निर्मित सामग्री (चकटी, नाङ्लो, बाबियोको डोरी आदि) निर्माण गर्ने तरिका बताउने र निर्माण गर्ने ।<br>. होटल व्यवसाय तथा होमस्टे सञ्चालनको सम्भाव्यता पहिचान गर्ने ।<br>. डिजिटल साक्षरता सिपको प्रयोग गर्ने । | बताउने र निर्माण गर्ने ।<br>. खाद्य सुरक्षाको लागि कृषिको व्यवसायिक उत्पादनको सम्भावना अध्ययन गर्ने ।<br>. स्वरोजगारमूलक आयआर्जनका वैकल्पिक पेशाको  सम्भाब्यता अध्ययन गर्ने ।<br>. बैंक एवम् वित्तीय सस्थाहरूको सेवा र शर्तहरूबारे सूचना संकलन गर्ने ।<br>. डिजिटल साक्षरता सिपको प्रयोग गर्ने । |
| ४. | जीवन कला र अनिवार्य सिपहरु | . परम्परादेखि चलि आएको जडिबुटीको सेवन, प्राकृतिक चिकित्सा र आयुर्वेद उपचारको बारेमा परिचय दिने ।<br>. प्रतिभा र क्षमताको स्वमूल्याङ्कन गरी निश्चित लक्ष्यका साथ राष्ट्रको जिम्मेवार नागरिक भइ अघि बढ्ने क्षमताको अभ्यास प्रस्तुत गर्ने ।<br>. गीत, सङ्गीत र नृत्यहरुमा | . गीत, सङ्गीत र नृत्यहरुमा सक्रियताका साथै सहभागी हुने सिप र कलाको अभ्यास एवम् प्रस्तुतिकरण गर्ने ।<br>. जीवन र जगतलाई सकारात्मक किसिमले सोच्ने सिप र वानीको अभ्यास गर्ने ।<br>. अरुमा भएका राम्रा आनीबानीको पहिचान, सम्मान र प्रसंशा र त्यस्ता आनीबानीको जीवनमा अनुशरण गर्ने ।<br>. विभिन्न स्थानीय परिकारहरु पकाउने  र व्यक्तिगत सरसफाइ गर्ने सिपको विकास र जीवनमा  कार्यान्वयन गर्ने ।<br>. योग र ध्यान (सूर्य नमस्कार, प्रणव ध्यान, | . गीत, सङ्गीत र नृत्यहरुको सिर्जना र अभ्यास गर्ने ।<br>. स्थानीयस्तरका प्रमुख धर्महरुको मूल मर्मका बारेमा संक्षिप्त परिचय र  आपसी सद्भावका लागि ध्यान पुऱ्याउनु पर्ने कुराहरु बताउने ।<br>. जीवन र जगतलाई सकारात्मक किसिमले सोच्ने सिप र वानीको अभ्यास एवम प्रस्तुतिकरण गर्ने ।<br>. अरुमा भएका राम्रा कुराहरुको पहिचान, सम्मान र प्रसंशा एवम् त्यस्ता स्वभावहरुको जीवनमा निरन्तर अभ्यास र अनुशरण गर्ने ।<br>. श्रम र सिर्जनाको सम्मान  र अभ्यास गर्ने |

| | | | | |
|---|---|---|---|---|
| | | सक्रिय रुपमा सहभागी हुने र सिर्जना गर्ने सिप र कलाको अभ्यास प्रस्तुत गर्ने ।<br>• जीवन र जगतलाई सकारात्मक किसिमले सोच्ने सिप र वानीका साथै खुसी र सन्तुलित जीवनका विविध पक्षहरुको जानकारी र अनुसरण गर्ने ।<br>• योग र ध्यान (सर्वाङ्गीण व्यायाम, प्रणव ध्यान, उद्‌गीथ प्रणायाम, अनुलोम विलोम प्रणायाम, उर्ध्वताडासन, कोणासन) लाई स्वस्थ र खुशी हुनका लागि अभ्यास गर्ने ।<br>• परिवार र समाजका जेष्ठनागरिक र असहज स्थितिका मानिसहरुप्रति सहयोग गर्ने भावनाको वर्णन र सोको अभ्यास गर्ने ।<br>• कक्षामा सहयोगात्मक कार्य, नेतृत्व सिप, सञ्चार सिप जस्ता अनिवार्य सिपको प्रदर्शन गर्ने । | अनुलोमविलोम, सर्वाङगासन, पश्चिमोत्तासन, आदि ) लाई स्वस्थ र खुशी हुनका लागि अभ्यास गर्ने ।<br>• हाम्रा असल आचरण, संस्कार र मूल्य मान्यताहरुको बोध गरी अभ्यास गर्ने ।<br>• घरपरिवार र समाजका जेष्ठ नागरिक लगायत असहज स्थितिका मानिसहरुप्रति सहयोग गर्ने सिप र भावनाको विकास र अभ्यास गर्ने ।<br>• आहार अनुशासनको अभ्यास गर्ने ।<br>• घरपरिवार र व्यक्तिगत सरसफाइ गर्ने सिपको विकास गरी जीवनमा सोको कार्यान्वयन गर्ने<br>• कक्षाकोठामा वा दैनिक जीवनमा समालोचनात्म चिन्तन, समस्या समाधान, सिर्जनशीलता जस्ता २१औं शताब्दीका सिपहरुको अभ्यास गर्ने । | बानीको विकास गर्ने । विद्यालय बगैंचा निर्माण गर्ने ।<br>• विद्यालय हातामा विरुवा रोपण संरक्षण गर्ने ।<br>• योग र ध्यान (प्रणव ध्यान, उद्‌गीथ, कपालभाती प्रणायाम, अनुलोमविलोम, तिर्यकताडासन, चक्किआसन) लाई स्वस्थ र खुशी हुनका लागि अभ्यास र प्रयोग गर्ने ।<br>• घरपरिवार र समाजका जेष्ठ नागरिक एवम् असहज स्थितिका मानिसहरुप्रति सहयोग गर्ने सिप र भावनाको अभ्यास एवम् अनुसरण गर्ने ।<br>• हाम्रा पुर्खा, वंश तथा गोत्रको पहिचान गर्दै यसको महत्व र उपादेयताको बारेमा जानकारी दिने ।<br>• आहाार ब्यवहार र सन्तुलित भोजन अभ्यास गर्ने ।<br>• समालोचनात्मक चिन्तन, सिर्जनशीलता, सहयोगात्मक ब्यवहार र सञ्चार एवम् नागरिक सिपको विकास गर्ने । |
| ५. | हाम्रो | • आगो, हिटर, डढेलो, भूक्षय, | • शुभकालिका गाउँपालिकाको वनमा | • भूकम्पबाट हुने जोखिम न्यूनिकरणका लागि |

| | | | | |
|---|---|---|---|---|
| | वातावरण र विपद व्यवस्थापन | बाढी पहिरो, असिना पानी, हावाहुरी, सर्पदंश, जङ्गली जनावरको आक्रमण, विष र विषालु च्याउ लगायतबाट हुने दुर्घटना रोकथामका लागि पूर्व तयारी गर्ने<br>• सडक दूर्घटनाबाट आफू बच्ने र अरुलाई पनि बचाउने उपायहरु ब्ताउने ।<br>• विभिन्न खोलानालाबाट हुने कटान तथा डुवान न्यून गर्न गरिएका र गनुपर्ने कार्यहरु लेख्ने ।<br>• उल्लिखित घटना, दुर्घटना न्यूनिकारणका लागि विद्यार्थी, विद्यालय र समुदायको भूमिका प्रदर्शन गर्ने ।<br>• सामुदायिक वन संरक्षणमा समुदाय र पालिकाको भूमिका पहिचान गर्ने । | पाइने विभिन्न किसिमका औषधीजन्य विरुवा र जडिबूटीको जानकारी, महत्व र संरक्षण बताउन र सोको प्रयोग गर्न ।<br>• तीला नदी सभ्यताको अध्ययन गर्ने ।<br>• भूकम्पको जोखिमको हिसावले घर र विद्यालयमा भएको सबैभन्दा सुरक्षित स्थलको पहिचान गर्ने ।<br>• यात्राको समयमा साइकल, स्कुटर वा मोटरसाइकल र सार्बजनिक सवारीबाट हुने जोखिम पहिचान गर्ने ।<br>• सडक दुर्घटनाबाट साबधान हुने ।<br>• कोभिड, बर्ड फ्लू, डेङ्गु र झाडापखाला रोकथामका लागि पूर्व तयारीहरू गर्ने ।<br>• गाउँपालिका स्तरमा विपद व्यवस्थापनका लागि संलग्न संयन्त्र, संघसंस्था, योजना र कार्यक्रमहरु ब्ताउने ।<br>• विपद सावधानीको अभिनय गर्ने । | विद्यालय र समुदायको भूमिका प्रदर्शन गर्न ।<br>• सुरक्षित विद्यालयको लागि विद्याथीको भूमिका बताउन र सोको कार्यान्वयन गर्न ।<br>• विश्वका प्रमुख महामारीहरू- Black death, प्लेग, फ्लू, एचआईभी एड्स, हैजा, सार्स र कोभिड १९) को बारेमा बताउन ।<br>• महामारीहरुबाट विश्व समुदायमा भएका सिकाइको बारेमा जानकारी दिन ।<br>• किशोरीहरुमा देखिने मास हिष्टेरियाबाट बच्ने उपायको पहिचान गरी कार्यान्वयन गर्ने ।<br>• विपद्को सामूहिक प्रतिकार्यका उपायहरू बताउन<br>• विपद्को सामूहिक प्रतिकार्यमा विद्याथीको भूमिका (जुरेस, स्काउट, इको क्लव लगायत) बताउन ।<br>• बालविबाह न्युनिकरण सम्बन्धी सचेतना फैलाउन ।<br>• कृत्रिम घटना अभ्यास (Simulation) गर्न ।<br>भू-क्षय, नदी कटान एवम् पहिरोको जोखिम रहेका क्षेत्रको पहिचान गर्ने ।<br>तटबन्ध लगायतका रोकथाम सचेतीकरण प्रयाशबारे गाउँपालिकाले गरेका प्रयासबारे जानकारी लिने । |

## ४. विषयवस्तुको क्षेत्र र क्रम

### १. कक्षा १-३

| क्र सं. | मुख्य विषयवस्तु | सिकाइ उपलब्धि | | |
|---|---|---|---|---|
| | | कक्षा १ | कक्षा २ | कक्षा ३ |
| १ | हाम्रो शुकालिका | • ऋाफ्नो परिवारका सदस्य तथा गाउँटोलको नाम<br>• आफ्नो गाउँ वरपर रहेका नदी, खोला र बाटा<br>• आफ्नो विद्यालयको नाम र ठाउँ<br>• आफ्नो गाउँपालिकाको नाम | आफ्नो गाउँ वरपपरका मुख्य टोल एवम् बाटोहरूको नाम, अवस्थिति र संक्षिप्त विशेषता ।<br>आफ्नो घर नजिकै रहेका बजार ।<br>शुभकालिका गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष र आफ्नो वडाका अध्यक्ष र सदस्यहरूको नाम ।<br>गाउँपालिकाको नक्सामा आफ्नो र छिमेकी वडाहरू । | शुभकालिका गाउँपालिकाको भौगोलिक अवस्था एवम् आवापानी ।<br>गाउँपालिकाको नक्सामा उललेखित जानकारी जस्तै सीमा, छिमेकी वडा र पालिका, मन्दिर, खोलानाला, वन, महत्वपूर्ण स्तथ, पालिका केन्द्रस्थल आदि ।<br>आफ्नो विद्यालयको परिचय ।<br>गाउँपालिकामा रहेका विभिन्न बजार, एवम् त्यहाँ पाइने सेवा वा व्यवसायको परिचय । |
| २ | हाम्रो समाज, संस्कृति र सम्पदा | • स्थानीय जातजातिहरू अनुसारका अभिवादन ।<br>• स्थानीय खेलहरू ।<br>• विभिन्न धार्मिक, सम्पदाहरू ।<br>• आफूनो वरिपरिका चाडपर्व, गीत, नाच र बाजाहरू ।<br>• घरपरिवार र छरछिमेकमा मनाइने उत्सव र चाडपर्वहरुमा गरिने क्रियाकलापहरु ।<br>• | अभिवादन गर्ने र परिचय दिने । आफ्नो समुदायका भेषभूषाहरू ।<br>स्थानीय खेलहरू<br>आफ्नो वडामा रहेका पर्यटकीय एवम् साँस्कृतिक स्थलहरु<br>वडाभित्र रहेका विभिन्न जातजाति र भाषाभाषीहरुको पहिचान, प्रमुख चाडपर्वहरुमा गरिने प्रमुख क्रियाकलापहरु ।<br>• पालिकाका प्रमुख ठाउँहरु र वजारहरुको सङ्क्षिप्त परिचय । | पालिकाभित्रका विभिन्न मुख्य समुदायमा प्रचलित संस्कार र मनाइने चाडपर्वहरूमा गरिने मुख्य क्रियाकलाप ।<br>• शुभाकालिकाका जातजाति (बाहुन, क्षेत्री, ठकुरी, मगर, दलित, अल्पसंख्यक ) को विशेषता र परिचय ।<br>• स्थानीय परम्परागत खेलहरूको परिचय र अभ्यास ।<br>• पर्यटकीय स्थलसहित शुभकालिकाको परिचय र विशेषता ।:<br>• शुभकालिका गाउँपालिका भित्र नाँचिने विभिन्न नाँचहरुके परिचय ।<br>• हाम्रो भान्साका परिकारको महत्व र |

| | | | | |
|---|---|---|---|---|
| | | | | विशेषता । |
| ३ | कृषि, पेशा, व्यवसाय र प्रविधि | आफ्नो घरमा प्रयोग गरिने केही अन्नबाली, गेडागुडी, फलफूल, तरकारीको नाम र स्वाद ।<br>• आफ्नो घरमा वा छिमेकमा पालिने जनावर, पँक्षी ।<br>• परीवारका सदस्यहरूको पेशा, व्यापार व्यवसायको परिचय ।̣ | स्थानीय चुल्हो र परम्परागत भाँडाकुँडाःको पहिचान र प्रयोग गर्ने तरिका ।<br>घरायसी कृषि उपज खेती जस्तै अन्नबाली र तरकारी खेती गरिने तरिका ।<br>घरमा पालिने पशुपंक्षी र तिला खोलामा पाइने माछा र उपयोग । परीवार र छिमेकमा गरिने पेशा, ब्यवसायमा प्रयोग भैरहेका परम्परागत प्रविधिको परिचय । | हाम्रा स्थानीय सामग्रीको परिचय र उपयोगिता ।<br>पालिकाभित्र गरिएको प्रमुख अन्नवाली, तरकारी खेती, फलफुल र पालिने पशुपंक्षी सम्बन्धी ब्यवसायिक उत्पादन ।<br>स्थानीय प्रविधिमा आधारित उद्योगहरूको परिचय र महत्व ।<br>स्थानीय खोलामा माछा मार्न प्रयोग गरिने परम्परागत औजारहरू ।<br>स्थानीय स्तरमा प्रयोग हुने परम्परागत प्रविधि एवम् औजारहहरू र आधुनिक प्रविधि एवम् औजारको तुलना । |
| ४ | जीवन कला र अनिवार्य सिपहरू | • आफ्नो सामानको स्याहार<br>• साथीलाई सिकाउने, सहयोग गर्ने ब्यवहार ।<br>• असल स्वभावहरुको पहिचान र अभ्यास ।<br>• स्थानीय गीत, सङ्गीत र नृत्यहरुको श्रवण, अवलोकन र अभ्यास ।<br>• जङ्कफूड (पत्रु खाना) । | • स्थानीय गीत, सङ्गीत र नृत्यहरु ।<br>• घरपरिवार, छरछिमेक र गाउँटोलमा उत्सव र  चाडपर्वहरु मनाउदा गर्न हुने र गर्न नहुने ब्यवहारहरु ।<br>• कक्षाकोठाको सरसफाइ र सजावट<br>• अशक्त, ज्येष्ट नागरिक र असहज स्थितिका मानिसहरुप्रति सहयोग ।<br>• जङ्कफूड (पत्रु खाना) बाट हुने हानी र घरमा बनाइने खानाका फाइदाहरु ।<br>• सामानको स्याहार र सुरक्षा ।<br>• सहयोग र सहकार्य । | • स्थानीय गीत, संगीत र नृत्यहरु ।<br>• आफ्नो घरपरिवार तथा समाजमा उत्सव र  चाडपर्वहरु मनाउदा अपनाउने ब्यवहारहरु ।<br>• आफू र अरुलाई पनि खुसी बनाउने कला<br>• श्रम र सिर्जनालाई सम्मान गर्ने सिप र प्रवृत्तिको चर्चा र अभ्यास ।<br>• ध्यान केन्द्रित गर्ने योग तथा शारीरिक अभ्यास ।<br>• समाजका ज्येष्ठ नागरिक र असहज स्थितिका मानिसहरुप्रति सहयोगी ब्यवहार ।<br>• परीवार, मान्यजन र पाहुनालाई गरिने अभिवादन, शिष्टाचार, सत्कार एवम् सभ्य ब्यवहार । |

| | | | | |
|---|---|---|---|---|
| | | | | • हामीले घरमा खाने मुख्य खानाहरू र पत्रु खानाहरूको फाइदा बेफाइदा । |
| ५ | हाम्रो वातावरण र विपद व्यवस्थापन | स्थानीय रुखविरुवा, जडीबुटी, जंगली जनावर र ढुँगा खानी ।<br>स्थानीय धारा, कुवा, खोला, नदी जस्ता जलस्रोतहरू ।<br>घर, छिमेक र विद्यालयमा भएका बगैंचा, फूलबारीको संरक्षण ।<br>घर तथा विद्यालयको फोहर व्यवस्थापन र सरसफाइ ।<br>लाइनमा हिंड्ने, पालो पर्खने, जोखिम क्षेत्रमा नजाने, कक्षाकोठामा सुरक्षित तरिकाले कार्य गर्ने जस्ता वैयक्तिक अनुशासन सिप ।<br>स्थानीय स्तरमा भईरहेका र हुन सक्ने बिपद्हरु ॥<br>विद्यालय र घरमा आउदाजाँदा बाटोमा हुने जोखिमहरु र सावधानी।<br>कक्षाकोठा, विद्यालय, घर र बाटोमा हुने विभिन्न दुर्घटनाहरु र सावधानीका उपायहरु । | • गाउँपालिका भित्रका वनमा पाइने वन्जजन्तु र चराहरु ।<br>• वडाको वनमा पाइने औषधिजन्य वनस्पतिहरु ।<br>• करेसाबारी, बाल बगैंचा र वृक्षारोपण<br>• गाउँपालिका क्षेत्रमा भएका पानीका स्रोतहरु तथा उपयोग ।<br>• फोहोरमैलाको असर ।<br>• स्थानीय जल र वनको महत्व र उपयोगिता ।<br>• हावाहुरी, चट्यांङ्ग, बाढि, आगलागी, पहिरो, सर्पदंश र जङगली जनावरको आक्रमण आदिबाट हुने विपद ।<br>• घरभित्र हुने जोखिमहरु र बच्ने उपायहरु ।<br>• कक्षाकोठा, विद्यालय, घर र बाटोमा हुने वर्षा, हावाहुरी, करेन्ट, चट्याङ, बाढि पहिरो र जङगली जनावरको आक्रमण आदिबाट बच्ने उपायहरु । | • शुभकालिकाका सामुदायिक वनजङ्गलको<br>• गाउँपालिका भित्रका वनमा पाइने वन्यजन्तु र चराहरु ।<br>• स्थानीय बोटबिरुवाहरूको परिचय, महत्व तथा उपयोग ।<br>• घर र विद्यालयमा बाल बगैंचा निर्माण ।<br>• घर र विद्यालयमा पानीका स्रोतहरुको उपयोग ।<br>• फोहोरमैला वर्गीकरण र व्यवस्थापन ।<br>• व्यक्तिगत सामग्रीको हिफाजत र सरसफाइ ।<br>• घर, छरछिमेक, विद्यालय तथा समुदायको सरसफाइमा सहभागिता ।<br>• विपदको परिचय ।<br>• विपदको किसिम (प्राकृतिक र मानव सिर्जित) ।<br>• विद्यालयभित्र हुने जोखिमहरु र सावधानी ।<br>• भूकम्प र महामारीबाट सुरक्षित हुनको लागि आवश्यक सावधानी । |

## २. कक्षा ४-५

| क्र सं. | मुख्य विषयवस्तु | सिकाइ उपलब्धि | |
|---|---|---|---|
| | | **कक्षा ४** | **कक्षा ५** |
| १ | हाम्रो शुभकालिका | पालिकाको प्रोफाइल अध्ययन (जातजाति, जनसंख्या, बजार, विद्यालय, सडक, उत्पादन, कृषि, पेशा व्यवसाय आदि)। | • गाउँपालिकाको अवस्थिति (अक्षांश, देशान्तर र उचाइ)।<br>• गाउँपालिकाका केही महत्वपूर्ण स्थलका नामाकरण।<br>• पालिकाको नक्सामा आफ्नो गाउँ, विद्यालय, वडा कार्यालय, मुख्य सडक र बाटाहरु।<br>• गाउँपालिकाको मुख्यमुख्य काम, कर्तव्य र अधिकार।<br>• छिमेकी पालिकाहरूको परिचय नाम, अवस्थिति र मुख्य विशेषताशरू।<br>• गाउँपालिकाभित्रका विभिन्न शिक्षालयहरू। |
| २ | हाम्रो समाज, संस्कृति र सम्पदा | स्थानीय जातजातिका मौलिक बाजा, भाका, गीत, नाँच अभ्यास र तिनको साँस्कृतिक सम्बन्ध।<br>• प्राकृतिक सम्पदा (जमिन, वनजङगल, गाड, खोला, ताल, पोखरीको परिचय र महत्व।<br>• मानव निर्मित सम्पदा (मन्दिर, अस्पताल, विद्यालय, कूलो, धारा, कुवा आदिको परिचय र महत्व।<br>• स्थानीय मेला, जात्रा, चाडपर्व (तीज, माघे संक्रान्ति, चैते दशैं, असारे संक्रान्ति, भदौ पूर्णिमा, हरेलो, भूवाखेल) र स्थानीय लोकगीत -तीज गीत, भजन, देउडा, ठाडी भाका, सिंगारु भाका, लामसरी भाका, मागल, चुट्कीला, फाग गीत, दरी, आदि। | स्थानीय म्ख्य जातजातिका विशेष पर्वहरूमा गरिने मुख्य संस्कार, पहिरन, खाना, गीत आदि।<br>सामाजिक एवम् सार्वजनिक सम्पतिप्रतिको दायित्वबोध र संरक्षण।<br>• सम्पदाको संरक्षणमा नागरिकको भूमिका।<br>• गाउँपालिकाभित्र रहेका विभिन्न धार्मिक र साँस्कृतिक स्थल ( मठमन्दिर, चर्च, गुफा, कुल देवताका थान, गुठी)<br>गाउँपालिकाका परम्परागत स्थानीय लोकगीत, लोक नृत्य, गाउँ खाने कथा, आहान, पुरान र लोक कथाको जानकारी र संकलन। |
| ३ | कृषि, पेशा, व्यवसाय र प्रविधि | आफ्नो घर, समुदाय वा विद्यालयमा गरिने लसुन, अदुवा, प्याज, बेसार, सखरखण्ड, बदाम, धनिया खेती।<br>स्थानीय स्तरमा उत्पादित वस्तुहरु-परालको गुन्द्री, चकटी, डोको, सुपो, हँसिया, बाबियोको डोरी, आल्लोको डोरी, | • स्थानीय परम्परागत पेसा व्यवसाय (गाईपालन, भेडापालन, बाखापालन, कुखुरापालन, भैंसीपालन, बंगुरपालन, खरायोपालन, कालिजपालन, परेवापालन आदि) को परिचय।<br>• आलु, टमाटर, केरा, अदुवा, बेसार, धनिया, गोलभेडा, लसुन, |

| | | | |
|---|---|---|---|
| | | ढरिया ठेकी, मदानी, खिरे, खाप, मदुस, कोर्को, सागु, ओखल, मुसल आदिको परिचय ।<br>परम्परागत कृषि औजारहरु-हलो, जुवा, फरुवा, लिड्को, कुटो, कोदाली, बन्चरो, खुकुरी आदिको चिनारी र कृषि कार्यमा प्रयोग तथा महत्व ।<br>आँप, केरा, तरकारी, तोरी, आलु जस्ता नगदे वालीहरूको खेती, प्रविधि, उत्पादन  र बजारीकरणको अवस्था । | च्याउखेती आदिको परिचय र महत्व ।<br>• मौरी पालनको परिचय र महत्व ।<br>• स्थानीय मुख्य मुख्य बजारमा भएका पसल, व्यवसायमा उपलब्ध सेवाहरुको जानकारी ।<br>• पसल र व्यवसायमा प्रयोग भएका प्रविधिहरु अध्ययन । |
| ४ | जीवन कला र अनिवार्य सिपहरु | • समाज र राष्ट्रका असल मानिसहरुका व्यवहार एवम् असल कार्यहरु ।<br>• गीत, सङ्गीत र नृत्य ।<br>• योग र ध्यान (प्रणव ध्यान, भस्त्रिका, अनुलोम-विलोम प्रणायाम, बक्रासन, शलभासन) को  परिचय दिई र अभ्यास ।<br>परिवार, विद्यालय र समाजका जेष्ठ नागरिक र असहज स्थितिका मानिसहरुप्रति सहयोग ।<br>पौष्टिकतत्वहरु नष्ट नहुने गरी फलफूलहरु र तरकारी खाने तरिका ।<br>बैयक्तिक स्वास्थ्यका लागि सन्तुलित भोजन<br>जंक फूडका हानी ।<br>शारीरिक कसरत । | भोजन व्यवहार ।<br>स्थानीय खाना र हाम्रो स्वास्थ्यका लागि आवश्यक पौष्टिक खानाको सम्बन्ध पहिचान ।<br>आत्म-अनुशासन र्र ध्यान योग ।<br>• असल नागरिकका सिप र स्वभावहरु ।<br>• बोली बचन र खूशी<br>• गीत, सङ्गीत र नृत्यहरु ।<br>• सकारात्मक सोंचको विकास ।<br>• समालोचकीय र सिर्जनात्मक चिन्तन अभ्यास । |
| ५ | हाम्रो वातावरण र विपद व्यवस्थापन | • स्थानीय क्षेत्रमा पाइने औषधिजन्य वनस्पतिहरु टिमूर, काउलो, आक्चेकाफल, बादरेकेरा, अमला, कुरिल्लो, घुच्ची च्याउ, खिरौलो, तेजपत्ता, बिलाउनी, घोडटाप्रे, हात पसारो, स्याँली, दुधे मसुरे, गुर्जो, भाँगेचुक, बाँको, सेत बोको, सिल्पाउरी, जामुनो, बोजो, पदमचाल्नो, चुके, भुल्ते, भुतकेश, बाँजकोटी, कटुको, मलागिरी, फरुन, पोकचाल्नो, यार्शागुम्बा, सुनगाभा, धसिङग्रे । | स्थानीय क्षेत्रमा पाइने औषधिजन्य वनस्पतिहरुको प्रशोधन र उपयोग ।<br>• घर तथा विद्यालयमा स्थानीय औषधिजन्य वनस्पति र फलफूल बगैंचा निर्माण ।<br>• गाउँपालिका क्षेत्रमा पाइने वनस्पति र जीवजन्तुको संरक्षणमा विद्यार्थी, विद्यालय, समुदायको भूमिका ।<br>• वातावरण संरक्षणको परिचय । |

| | | | |
|---|---|---|---|
| | | • गाउँपालिका भित्रका वनमा पाइने वन्जजन्तु र चराहरुको परिचय र महत्व ।<br>• गाउँपालिका क्षेत्रमा पाइने ठुला रुखहरुको पहिचान ।<br>• करेसाबारी निर्माण ।<br>• विद्यालयमा बालबगैंचा र वृक्षारोपण ।<br>• वातावरण र विकासको परिचय ।<br>• पानीका स्रोतहरु ।<br>• फोहोरमैलाले स्थानीय स्तरमा पारेको असर ।<br>• वातावरण प्रदूषणको स्थानीय अवस्था ।<br>• फोहोरमैलाको वर्गीकरण गर्न र व्यवस्थापन ।<br>• विद्यालय परिसर, आउने जाने बाटो, छरछिमेकमा भएका सम्भावित जोखिमका स्थान पहिचान र ती ठाउँमा हिँड्दा, क्रियाकलाप गर्दा अपनाउनुपर्ने सावधानी । | • गाउँपालिका क्षेत्रमा जलस्रोत प्रदूषणको कारण, असरहरु र न्यूनीकरणका उपायहरु ।<br>• पानीको संरक्षण गर्ने उपायहरु ।<br>विद्यालय तथा स्थानीय क्षेत्रमा फोहोरमैलाको व्यवस्थापनका उपायहरु ।<br>• गोरेटो, घोडेटो, मोटरबाटोमा हिँड्दा र खोला, पुल पहिरो पार गर्दा अपनाउनुपर्ने सावधानीका उपायहरु । |

**३. कक्षा ६-८**

| क्र सं. | मुख्य विषयवस्तु | सिकाइ उपलब्धी | | |
|---|---|---|---|---|
| | | **कक्षा ६** | **कक्षा ७** | **कक्षा ८** |
| १ | हाम्रो शुभकालिका | पालिका र वडा कार्यालयहरूबाट प्राप्त हुने सेवा सुविधा र शर्तहरू ।<br>नागरिक बडापत्र । | गाउँपालिका अन्तर्गतका विषयगत कार्यालयहरूबाट प्राप्त हुने सेवा र शर्तहरू ।<br>• गाउँपालिकाको प्रशासनिक संरचना ।<br>• कालीकोट जिल्लाको नक्सा वनाई आफ्नो गाउँपालिकाका मुख्य स्थानहरु, मुख्य सडक तथा बाटाहरु, धार्मिक तथा पर्यटकीय स्थल,नदी, खोलानाला र तालहरु भर्ने । | गाउँसभाको गठन र काम, कर्तब्य र अधिकार ।<br>गाउँपालिकामा सञ्चालित प्रमुख वा गौरवका योजनाहरुको स्रोत, कार्य र प्रभाव ।<br>पालिकाभित्र कार्यरत सामुदायिक संघसंस्था र प्राप्त हुने सेवाहरू । |

| | | | | |
|---|---|---|---|---|
| | | | • गाउँपालिकाको समग्र शैक्षिक अवस्था र प्राविधिक शिक्षाको वर्तमान अवस्था । | |
| २ | हाम्रो समाज , संस्कृति र सम्पदाहरु | • सामाजिक चुनौतिको रुपमा रहेका बालश्रम, बालविबाह, अन्धविश्वास, भूतप्रेत, बोक्सीका कारण समाजमा परेका असर र उक्त असरहरुलाई न्यूनिकरण गर्नका लागि आवश्यक उपायहरु ।<br>• स्थानीय साझा मेला, चाडपर्वहरूका विशेषता, मनाइने समय, समुदाय ।<br>• सामाजिक विकृतिहरू र सुधारका प्रयाशहरू ।<br>• शुभकालिका गाउँपालिकामा रहेका विभिन्न खोला, नदी, धारा, पोखरी, कुवाजस्ता जलसम्पदाले पुऱ्याएको योगदान<br>• गाउँपालिकामा विद्यमान कला, सँस्कृति र साहित्य ।<br>• शुभकालिका गाउपालिकाका धार्मिक सम्पदाहरु र महत्व । | विविध सामुदायिक सम्बन्धका अवयवहरू ।<br>विद्यालयभित्रका सामूहिक संरचना जस्तै विज्ञान क्लब, रेडक्रसका क्रियाकलाप ।<br>• महिला हिंसा, चेलीबेटी बेचबिखन र यौनजन्य हिंसा र न्यूनिकरण ।<br>• शुभकालिकाका पर्यटकीय स्थलहरु ।<br>• शुभकालिकाका प्रमुख जातजाति - ब्राम्हण, क्षेत्री, मगर, गिरी, दलित अल्पसंख्यक आदिले मनाउने चाडपर्व, लगाउने भेषभूषा र गरगहना, बोल्ने भाषाका साथै उनीहरुको बीचको आपसी सम्बन्ध ।<br>• आफ्नो व्यक्तिगत स्वार्थ भन्दा माथि उठेर आफ्नो वडा, पालिका र समग्र मुलुकको हितका लागि काम गर्ने गाउँपालिकाका कलाकार, खेलाडी, लेखक, साहित्यकार, राजनीतिज्ञ, सामाजिक अभियन्ता र योगदान । | सामाजिक चुनौति र विसङ्गतिको रुपमा रहेका जातीय विभेद, लैङ्गिक हिंसा, बाल हिंसा, बाल श्रम, बालविबाह आदिको न्यूनिकरणको उपाय ।<br>साँस्कृतिक विविधता ।<br>• गाउपालिकाका पर्यटकीय स्थलहरुका विशेषता, संरक्षण र सम्बर्द्धन ।<br>• सामाजिक सद्भावका साथै स्थानीय भाषा, धर्म, कला, साहित्य र पर्यटनको विकासमा गाउँपालिकाको भूमिका ।<br>शुभकालिकाका धार्मिक स्थलहरुको विशेषता, संरक्षण र सम्बर्द्धन ।<br>• गाउँपालिका स्तरीय अध्यक्ष कप खेलकुद प्रतियोगिता ।<br>• बैकल्पिक उर्जा (सोलार, विद्युत, गोवर ग्यास)<br>• गाउँपालिकामा रहेको जल, जमीन, जङ्गल, जडिबुटी, र जनशक्तिको विकास र गाउँपालिकाको भूमिका ।<br>• पर्यटन विकासमा समुदाय र स्थानीय सरकारको सहकार्य । |

| | | | | |
|---|---|---|---|---|
| ३ | हाम्रो कृषि, पेशा, व्यवसाय र प्रविधि | • तरकारी बाली आलुको खेती ।<br>• विद्यालय बगैंचामा आलु खेती ।<br>• हस्त निर्मित सामग्रीहरु सुपो, लिउ, काम्लो, भाग्रो, जावो, फेरे र परालको गुन्द्री ।<br>• व्यावसायिक कृषिको परिचय दिने, कृषि पकेट क्षेत्र ।<br>मौरी पालन ।<br>पेशा र व्यवसायको प्रवर्द्धनमा पालिकाको भूमिका ।<br>व्यवसायिक कृषि तथा अन्य उद्योग फर्महरूको खेति तथा उत्पादन प्रविधि ।<br>बजारीकरणको अवस्था ।<br>डिजिटल साक्षरता सिप । | • कृषि प्रविधि ।<br>• सिँचाई प्रणाली, परियोजना र कूलो सिंचाई ।<br>• शुभकालिकामा उत्पादन हुने मुख्य अन्न वाली, आलु, तरकारी, फलफुल र पशुपंक्षी पालनको उत्पादन प्रविधि, उपभोग र बजारीकरण ।<br>• शुभकालिका गाउपालिकामा उत्पादन हुने विभिन्न फलफूलहरु (कागती, सुन्तला, नास्पति, केरा, अम्वा, ओखर, किवी, स्याउ, मौसम, ज्यामिर आँप, अंगुर खेतिप्रविधि र उपभोग ।<br>• बाखापालन भेडापालन/मौरीपालनको महत्व र तरिका ।<br>• दलहन बाली (केराउ, मास, गहत, भटमास, सोइटा, मसुरो आदि) को खेती ।<br>• हस्त निर्मित सामग्री (चकटी, नाङ्लो, बाबियोको डोरी आदि) ।<br>• होटल व्यवसाय तथा होमस्टे सञ्चालनको सम्भाव्यता ।<br>• डिजिटल साक्षरता सिप । | गाईपालन/बंगुरपालन/माछापाल कुखुरापालन ।<br>• बेमौसमी तरकारी (टमाटर, लौका, करेला, भिण्डी , काँक्रा, सिमी, मुला आदि) खेती ।<br>• नगदेबाली (तोरी, मसुरो, तिल, अर्सी, लसुन उखु,प्याज,आलु आदि) खेती ।<br>• हस्त निर्मित सामग्री : स्याँखुडोको, छाप्री,पायो, गुन्द्री आदि) ।<br>• खाद्य सुरक्षाको लागि कृषिको ब्यवसायिक उत्पादन ।<br>• स्वरोजगारमूलक आयआर्जनका वैकल्पिक पेशा ।<br>• बैंक एवम् वित्तीय सस्थाहरूको सेवा र शर्तहरू ।<br>• डिजिटल साक्षरता सिप । |
| ४. | जीवन कला र अनिवार्य | • परम्परादेखि चलि आएको जडिबुटीको सेवन, प्राकृतिक | • गीत, सङ्गीत र नृत्यहरु सिर्जना एवम् अभ्यास । | • गीत, सङ्गीत र नृत्यहरुको सिर्जना र अभ्यास । |

| | | | | |
|---|---|---|---|---|
| | सिपहरु | चिकित्सा र आयुर्वेद उपचार ।<br>. प्रतिभा र क्षमताको स्वमूल्याङ्कन ।<br>. गीत, सङ्गीत र नृत्यहरु सिर्जना र अभ्यास ।<br>. सकारात्मक चिन्तन र सन्तुलित विचार र जीवनशैली<br>. योग र ध्यान (सर्वाङ्गीण व्यायाम, प्रणव ध्यान, उद्गीथ प्रणायाम, अनुलोम विलोम प्रणायाम, उर्ध्वताडासन, कोणासन) ।<br>. परिवार र समाजका जेष्ठनागरिक र असहज स्थितिका मानिसहरुप्रति सहयोग ।<br>. कक्षामा सहयोगात्मक कार्य, नेतृत्व सिप, सञ्चार सिप जस्ता अनिवार्य सिपको प्रदर्शन । | . सकारात्मक सोंचाइ सिप ।<br>. ऋसल बानी ब्यवहार ।<br>. विभिन्न स्थानीय परिकारहरु पकाउने र व्यक्तिगत सरसफाइ गर्ने सिप ।<br>. योग र ध्यान (सूर्य नमस्कार, प्रणव ध्यान, अनुलोमविलोम, सर्वाङ्गासन, पश्चिमोत्तासन, आदि) ।<br>. हाम्रा असल आचरण, संस्कार र मूल्य मान्यताहरुको बोध ।<br>. घरपरिवार र समाजका जेष्ठ नागरिक लगायत असहज स्थितिका मानिसहरुप्रति सहयोग ।<br>. आहार अनुशासन ।<br>. घरपरिवार र व्यक्तिगत सरसफाइ<br>. कक्षाकोठामा वा दैनिक जीवनमा समालोचनात्म चिन्तन, समस्या समाधान, सिर्जनशीलता । | . स्थानीयस्तरका प्रमुख धर्महरु र आपसी सद्भाव ।<br>. सकारात्मक सोंचाइ सिप<br>. असल वानी ब्यवहारहरु<br>. श्रम र विद्यालय बगैंचा निर्माण ।<br>. विद्यालय हातामा विरुवा रोपण ।<br>. योग र ध्यान (प्रणव ध्यान, उद्गीथ, कपालभाती प्रणायाम, अनुलोमविलोम, तिर्यकताडासन, चक्किआसन)<br>. घरपरिवार र समाजका जेष्ठ नागरिक एवम् असहज स्थितिका मानिसहरुप्रति सहयोग<br>. हाम्रा पुर्खा, वंश तथा गोत्रको पहिचान र महत्व ।<br>. आहार ब्यवहार र सन्तुलित भोजन ।<br>. समालोचनात्मक चिन्तन, सिर्जनशीलता, सहयोगात्मक ब्यवहार र सञ्चार एवम् नागरिक सिपको विकास । |
| ५. | हाम्रो वातावरण र विपद ब्यवस्थापन | . आगो, हिटर, डढेलो, भूक्षय, बाढी पहिरो, असिना पानी, हावाहुरी, सर्पदंश, जङ्गली जनावरको आक्रमण, विष र विषालु च्याउ<br>. सडक दूर्घटना । | . शुभकालिका गाउँपालिकाको वनमा पाइने विभिन्न किसिमका औषधीजन्य विरुवा र जडिबूटीको जानकारी, महत्व र संरक्षण ।<br>. तीला नदी सभ्यता । | . भूकम्पबाट हुने जोखिम न्यूनिकरणका लागि विद्यालय र समुदायको भूमिका ।<br>. सुरक्षित विद्यालय ।<br>. विश्वका प्रमुख महामारीहरू- Black death, प्लेग, फ्लू, एचआईभी एड्स, |

| | | | | |
|---|---|---|---|---|
| | | . विभिन्न खोलानालाबाट हुने कटान तथा डुवान ।<br>. उल्लिखित घटना, दुर्घटना न्यूनिकारणका लागि विद्यार्थी, विद्यालय र समुदायको भूमिका ।<br>. सामुदायिक वन संरक्षणमा समुदाय र पालिकाको भूमिका । | . भूकम्पको जोखिम ।<br>. यात्राको समयमा साइकल, स्कुटर वा मोटरसाइकल र सार्वजनिक सवारीबाट हुने जोखिम र सडक दुर्घटनाबाट साबधानी ।<br>. कोभिड, बर्ड फ्लू, डेङ्गु र झाडापखाला रोकथामका लागि पूर्व तयारीहरू ।<br>. गाउँपालिका स्तरमा विपद व्यवस्थापनका लागि संलग्न संयन्त्र, संघसंस्था, योजना र कार्यक्रमहरु ।<br>. विपद सावधानीको अभिनय । | हैजा, सार्स र कोभिड १९) ।<br>. महामारीहरुबाट विश्व समुदायमा भएका सिकाइ ।<br>. किशोरीहरुमा देखिने मास हिष्टेरिया<br>. विपद्को सामूहिक प्रतिकार्यका उपायहरू<br>. विपद्को सामूहिक प्रतिकार्यमा विद्याथीको भूमिका (जुरेस, स्काउट, इको क्लव लगायत) ।<br>. बालविबाह न्युनिकरण सम्बन्धी सचेतना ।<br>. कृत्रिम घटना अभ्यास (Simulation) गर्न ।<br>. भू-क्षय, नदी कटान एवम् पहिरोको जोखिम रहेका क्षेत्रको पहिचान गर्ने ।<br>तटबन्ध लगायतका रोकथाम सचेतीकरणमा गाउँपाकिलाको भूमिका । |

**विषयवस्तुको विस्तृतीकरण**

**कक्षा १**

| क्र सं. | मुख्य विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तु | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| १ | हाम्रो शुभकालिका | • आफ्नो परिवारका सदस्य तथा आफू बसेको गाउँटोलको नाम बताउने ।<br>• आफ्नो गाउँ वरपर रहेका नदी, खोला र बाटाको नाम बताउने ।<br>• आफ्नो विद्यालयको नाम र ठाउँ बताउने<br>• आफ्नो गाउँपालिकाको नाम बताउने । | • ऋाफ्नो परिवारका सदस्य तथा गाउँटोलको नाम<br>• आफ्नो गाउँ वरपर रहेका नदी, खोला र बाटा<br>• आफ्नो विद्यालयको नाम र ठाउँ<br>• आफ्नो गाउँपालिकाको नाम | • प्रत्यक्ष व्यक्ति वा चित्र एवं श्रव्यदृश्य सामग्रीको माध्यमबाट कुनै व्यक्तिको परिवारका सदस्यहरुका साथै उ बस्ने पालिका र गाउँवस्तीको नाम एवम् वडा नम्बरको बारेमा छलफल गर्ने ।<br>• तत्पश्चात् विद्यार्थीहरुलाई आफ्नो परिवारका सदस्यहरु र उ बस्ने पालिका र गाउवस्ती एबम् वडा नम्बर भन्नका लागि उपयुक्त वातावरणको सिर्जना गर्ने ।<br>• सर्वप्रथम विद्यार्थीहरुले देखेको नदी, खोला र बाटोको नाम भन्न लगाउने ।<br>• तपाईले देखेको नदी, खोला र बाटोमध्ये कुन कुन तपाईको गाउवस्ती र त्यसको वरिपरी रहेका छन् छलफल गरी भन्न लगाउने ।<br>• उल्लिखित नदी, खोलानाला र | • विद्यार्थीहरुलाई उनीहरुको परिवारका सदस्यको नाम सोधेर<br>• विद्यार्थीलाई उनीहरु बस्ने गाउवस्तीको नाम सोधेर ।<br>• विद्यार्थीहरुलाई उनीहरु बस्ने वडा नम्बर भन्न लगाएर ।<br>• विद्यार्थीहरुलाई उनीहरुको गाउँवस्ती र त्यसको वरिपरी भएका बाटो, खोलानाला र नदी नाम भन्न लगाएर ।<br>• घरहरु, बजार, | ३० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | बाटोका कारण के फाइदा भएको छ उनीहरुलाई कल्पना गर्न लगाउने र तिनीहरुको उपयोगिताको बारेमा भन्न प्रेरित गर्ने ।<br>• आफ्नो विद्यालयको नाम के हो भनेर सोध्ने र विद्यार्थीहरुलाई आफ्नो विद्यालयको नाम, विद्यालय रहेको स्थान र वडासमेत भन्न प्रेरित गर्ने ।<br>• विद्यार्थीलाई कुनै सामान र वस्तु चाहियो भने कहाँ गएर किनेर ल्याउनुहुन्छ भनेर सोध्ने ।<br>• गाउँवस्ती नजीकै रहेको बजारको नाउ के हो र त्यहाँ गएर तपाईहरु के के सामान खरिद गर्नुहुन्छ भनेर सोध्ने ।<br>• विद्यार्थीहरुको पूर्व ज्ञानलाई आधार बनाई पालिकाका अध्यक्ष उपाध्यक्ष र वडाध्यक्षको नाम सिकाएने । | बाटो, नदी खोलानाला आदि बनाएर कलर गर्न लगाउनुहोस् । | |
| २ | हाम्रो समाज, संस्तृति र सम्पदा | • स्थानीय जातजातिहरू अनुसारका अभिवादन गर्ने ।<br>• स्थानीय खेलहरूको सामान्य अभ्यास गर्ने ।<br>• ह्म्रो सेरोफेरोका विभिन्न | • स्थानीय जातजातिहरू अनुसारका अभिवादन ।<br>• स्थानीय खेलहरू । | . कक्षामा वा विद्यालयमा भएका विभिन्न जातजातिमा प्रचलित अभिवादनका शब्द एवम् हाउभाउसहित क्रियाकलाप गर्न लगाउने । | विद्यार्थीले अभिवादन प्रस्तुतिको अवलोकन गरेर । स्थानीय सम्पदाको चित्र हेरेर सम्पदाको | ४० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | धार्मिक, सम्पदाहरूको पहिचान गर्ने ।<br>• ऋाफु र आफू वरिपरिका जातजातिले मनाउने चाडपर्व, गीत, नाच  र बाजाहरूको सामान्य परिचय दिने ।<br>• घरपरिवार र छरछिमेकमा मनाइने उत्सव र चाडपर्वहरुमा गरिने क्रियाकलापहरु बताउने । | • विभिन्न धार्मिक, सम्पदाहरू ।<br>• आफूनो वरिपरिका चाडपर्व, गीत, नाच र बाजाहरू ।<br>• घरपरिवार र छरछिमेकमा मनाइने उत्सव र चाडपर्वहरुमा गरिने क्रियाकलापहरु । | . स्थानीय खेलहरू खेल्न लगाउने ।<br>. स्थानीय धार्मिक सम्पदाहरू मष्टो, मन्दिर आीदको चित्र देखाई चिनारी गराउृने । नजिकैमा भएका सम्पदामा भ्रमण गराई परिचित गराउने ।<br>. हाम्रा विभिन्न चाडपर्व मनाएका फोटो र चित्रहरु देखाएर यो कुन चाडपर्वसँग सम्बन्धित फोटो हो भनेर छलफल गर्ने<br>. तपाईको कुन चाड प्रमुख चाड हो र त्यो चाड मनाउँदा के के गर्नुहुन्छ भनेर सोध्ने । आफ्नो गाउँटोलमा विभिन्न जातजातिले मनाउने चाडपर्वहरु- तीज, माघे संक्रान्ती, होली, असारे सक्रान्ति, हरेलो, भदौ पूर्णिमा, पितृ पुजा आदिको बारेमा छलफल र सहजीकरण गर्दै चाडपर्वहरुको नाम र क्रियाकलाप भन्न लगाउने ।<br>. कुनै नाचको फोटो देखाएर यो कुन नाच हो र हाम्रो गाउँटोलमा कुन जातिले यो नाच नाच्ने गर्दछन् भनेर विद्यार्थीहरुसँग सोधपुछ र छलफल गर्दै स्थानीय स्तरमा नाचिने  नाचहरु - देउसी भैलो, सिंगारु, तीज, टप्पा, खाँडो, लहरे पैसेरी, मयुर नाँच, देउडा आदि नाँचको  नामको सूची बनाउन | चिनारी दिन लगाउने ।<br>चडपर्वका फोटो हेरी चाडपर्व र क्रियाकलाप भन्न लागउने ।<br>चडपर्वमा गाइने गीत गाउन लगाएर र नाच नाच्न लगाएर अवलोकन गरी अभिलेख गर्ने ।<br><br>परियोजना कार्य : विद्यार्थीका घरमा वा छिमेकमा खोजेर स्थानीय चाडपर्वसँग सम्बन्धित कुनै चित्र वा फोटो ल्याउने र वर्णन गर्ने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | लगाउने । नाच प्रदर्शन गर्ने । | | |
| ३ | कृषि, पेशा, व्यवसाय र प्रविधि | आफ्नो घरमा प्रयोग गरिने केही अन्नबाली, गेडागुडी, फलफूल, तरकारीको नाम र स्वाद बताउने ।<br>• आफ्नो घरमा वा छिमेकमा पालिने जनावर, पँक्षी परिचय दिने ।<br>परीवारका सदस्यहरूको पेशा, व्यापार व्यवसायको परिचय दिने । | आफ्नो घरमा प्रयोग गरिने केही अन्नबाली, गेडागुडी, फलफूल, तरकारीको नाम र स्वाद ।<br>• आफ्नो घरमा वा छिमेकमा पालिने जनावर, पँक्षी ।<br>परीवारका सदस्यहरूको पेशा, व्यापार व्यवसायको परिचय ि | ऋाफ्नो घरमा खेती गरिने विभिन्न अन्नबालीहरु (धान, मकै, गहुँ, जौं आदि) चित्र वा भिडियोद्धारा देखाउने र तिनीहरुको नाम पहिचान गर्न लगाउने ।<br>विद्यार्थीहरुलाई अन्नबाली खेती गरिएको स्थानमा भ्रमणमा लैजाने र ती अन्नबालीहरुको चिनारी गराउने ।<br>. दलहन बालीहरु (केराउ, चना, मसुरो, मास आदि) का बोट र गेडागुडीका नमूना देखाएर तिनीहरुको नाम बताउन लगाउने ।<br>. ती दलहन बालीहरु मध्ये आफ्नो घरमा उत्पादन गरिने दलहनबालीहरु पहिचान गर्न लगाउने ।<br>विद्यार्थीहरुलाई दलहन बाली खेती गरिएको ठाउँमा भ्रमणमा लैजाने र दलहन बालीको चिनारी गराउने ।<br>. विद्यार्थीहरुलाई घरमा खाने गरिएका तरकारीहरुको नाम बताउन लगाउने<br>. खेती गरिने विभिन्न तरकारीहरु (साग, बन्दा, काउली, टमाटर, गोलभेडा, खुसार्नी, भन्टा, करेला, लौका, फर्सी, कुभिण्डो, सिमी, भिण्डी, बोडी, मेथी, मुला, गाजर, सलगम आदि) को चित्र | अन्नवाली, तरकारी, फलफुल खेती गरिएको क्षेत्रभ्रमणपछि त्यहाँ देखेका चिजहरूको परिचय दिन लगाउने र सिकाइस्तर अभिलेख गर्ने ।<br>अन्नबाली, दलहन, फलफुल, पशुपंक्षीहरु र तिनीहरुको चित्रबिच जोडा मिलाउन लगाउने ।<br>. परिवार र छिमेकीले गर्ने पेसा र व्यवसायको नाम बताउन लगाउने ।<br>. परियोजना कार्य : आफ्नो घर र छिमेकमा गरिने खेती वा पशुपंक्षी पालनका चित्र | ३० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | वा भिडियो देखाउने र ती मध्ये कुन कुन तरकारीहरु खाने गरिएको छ भन्ने बारेमा  बताउन लगाउने<br>. विद्यार्थीहरुलाई विद्यालय नजिकै तरकारी खेती गरिएको स्थानमा लैजाने र तरकारीहरुको जानकारी दिने ।<br>. यसैगरी घरमा पाल्ने गरिएका पशुपंक्षीहरू भैंसी, गाइ, गोरु, बाखा, हाँस, कुखुरा, परेवा आदिको चित्र देखाई बालबालिकाको घरमा भएका जनावर पशुपंक्षी पहिचान गर्न लगाउने । यी पशुपंक्षीबाट मानिसले के के पाइन्छ भन्ने छलफल चलाउने ।<br>. विभिन्न अन्नवाली, तरकारी, फलफुल, पशु, पंक्षीको चित्र बनाउने रङ भर्ने अभ्यास गराृउने ।<br>. विद्यार्थीहरुलाई उनीहरुका परिवार र छिमेकका सदस्यहरुले गर्ने पेसा तथा व्यवसायहरु बताउन लगाउने ।<br>. | कोरी पेश गर्न लगाउने र सिकाइ स्तर अभिलेखीकरण गर्ने । | |
| ४ | जीवन कला र अनिवार्य सिपहरू | • ऋाफ्नो सामानको स्याहार गरी सुरक्षित राख्ने ।<br>• साथीलाई सिकाउने, सहयोग गर्ने जस्ता | • आफ्नो सामानको स्याहार<br>• साथीलाई सिकाउने, | . विद्यार्थीहरुलाई वब चार्ट अनुसारका कार्यमा लगाई श्रम गर्ने वानी विकास गराउन् ।<br>. समूह कार्य, जोडी कार्य, विद्यार्थी-विद्यार्थी सिकाइ अभ्यास गराई सिकाइ | परियोजना कार्य : आफूले भोगेका, अनुभव गरेका असल र खराव व्यवहारका बारेमा | ३० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | सहयोगात्मक व्यवहार गर्ने ।<br>• आफूलाई मन पर्ने साथीहरुमा भएका असल स्वभावहरुको पहिचान र अभ्यास गर्ने ।<br>• स्थानीय स्तरमा प्रचलित आफूलाई मन पर्ने गीत, सङ्गीत र नृत्यहरुको श्रवण, अवलोकन र अभ्यास गर्न ।<br>जङ्कफूड (पत्रु खाना) पहिचान गर्ने र नखाने बानी विकास गर्ने । | सहयोग गर्ने व्यवहार ।<br>• असल स्वभावहरुको पहिचान र अभ्यास ।<br>• स्थानीय गीत, सङ्गीत र नृत्यहरुको श्रवण, अवलोकन र अभ्यास ।<br>जङ्कफूड (पत्रु खाना) । | कार्यमा एकले अर्कोलाई सहयोग गर्ने बानी विकास गराउने ।<br>. असल र खराब व्यवहार पहिचान गर्न लगाउने ।<br>. असल व्यवहार अवलम्बन गर्न विभिन्न अभ्यास गराउने । जस्तै साथीलाई धकेल्दा उत्पन्न हुनसक्ने झगडाको अभिनय गर्न लगाउने ।<br>. चित्र, भिडियोको माध्यमबाट असल व्यवहार प्रदर्शन गर्ने ।<br>. स्थानीय गील, संगीत र नृत्य भिडियो, अडियो रेकर्ड सुनाउने, हेर्न लगाउने,, अभिनय गर्न लगाउने ।<br>. ताली पिट्ने, भाँडाकुटी, भात पकाइजस्ता खेलहरू खेलाउने ।<br>. मोवाइल, टिभी, साउण्ड सिष्टम, कम्प्यूटर आदिको प्रयोग गरेर विभिन्न बाल गीत र संगीत बजाउने ।<br>. विद्यार्थीहरुलाई उनीहरुले मन पराएको गीत र सङ्गीतमा नृत्य गर्नका लागि प्रेरित गर्ने ।<br>. त्यसरी मनाइने उत्सव र चाडपर्वमा गरिने क्रियाकलापहरुमध्ये मन पर्ने क्रियाकलापहरुको नाम भन्न लागाउने ।<br>. विद्यार्थीहरुलाई श्वास लिने र श्वास फ्याक्ने (भस्त्रिका प्राणायम) र प्रणव | छलफल चलाउनुहोस् ।<br><br>विद्यार्थीले अभिनय, हाउभाउसहितका व्यवहारको अवलोकन गरी अभिलेखीकरण गर्ने ।<br><br>गायन, बाद्यबादन, अभिनय जस्ता कार्यमा विद्यार्थीको प्रदर्शन सिपको अवलोकन गरी सिकाइस्तर अभिलेखीकरण गर्ने ।<br><br>विद्यार्थीलाई मन पर्ने चाडपर्व, ती पर्वमा गरिने क्रियाकलाप, गीत, नृत्य आदि प्रदर्शन | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | ध्यान र शसकासन सिकाउनका लागि शिक्षक आफैले एकपटक सबैको सामू गरेर देखाउने । तत्पश्चात आफ्नो निर्देशनमा विद्यार्थीहरुलाई प्राणायम, ध्यान र आसनको अभ्यास गर्न प्रेरित गर्ने । विद्यार्थीहरुले गरेका ध्यान, प्राणायाम र आसनहरुको नाम र महत्वको बारेमा बताउने ।<br>• जङकफुड के के हुन् ? बजारमा पाइने चाउचाउ, बिस्कुटजस्ता खाना देखाई यी खानालाई किन पत्रु खाना भनिन्छ ? यी खाना किन खानुहुदैन ? यी खानाले पार्ने असरका बारेमा बताउनुहोस् ।<br>• आहार स्वास्थ्यका बारेमा सामान्य जानकारी दिनुहोस् । | गर्न लगाउने र त्यसमा उनीहरूको सिकाइस्तर मापन गर्ने ।<br><br>मोबाइल, कम्प्युटर वा टेलिभिजनमार्फत् अडियो, अडियोभिडियो सामग्री देखाउने, सुनाउने र प्रतिक्रियाका लागि कार्य दिने । कार्यको मापन गर्ने । | |
| ५ | हाम्रो ाातावरण र विपद व्यवस्थापन | स्थानीय रुखविरुवा, जडीबुटी, जंगली जनावर र ढुँगा खानीको नाम भन्ने ।<br>स्थानीय धारा, कुवा, खोला, नदी जस्ता जलस्रोतहरूको नाम बताउने । घर, छिमेक र विद्यालयमा भएका बगैंचा, फूलबारीको संरक्षण गर्ने<br>घर तथा विद्यालयमा भएको फोहर व्यवस्थापन गरी सरसफाइ कायम गर्ने कार्य | स्थानीय रुखविरुवा, जडीबुटी, जंगली जनावर र ढुँगा खानी ।<br>स्थानीय धारा, कुवा, खोला, नदी जस्ता जलस्रोतहरू ।<br>घर, छिमेक र विद्यालयमा भएका बगैंचा, फूलबारीको संरक्षण । | • घर वरपर भएका, घरको बगैंचामा भएका बिरुवाको नाम बताउन लगाउने ।<br>• विद्यालयको बगैंचा तथा विद्यालय वरपर भएका बिरुवाहरुको अवलोकन गराइ तिनीहरुको नाम पहिचान गर्न लगाउने ।<br>• घरको बगैंचा वा खेतवारीको छेउछाउमा वृक्षारोपण गर्ने सम्बन्धमा विद्यार्थीहरुलाई प्रश्न सोध्ने र खाली ठाउँमा वृक्षरोपण गर्नुपर्ने कुरा | विभिन्न बोटविरुवा देखाएर वा चित्रका माध्यमबाट पहिचान गर्न लगाउनुहोस् ।<br><br>परियोजना कार्य : घरमा कुनै विरुवा रोप्न लगाई हुर्काउन लगाउनुहोस् । | ३० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | गर्ने ।<br>लाइनमा हिंड्ने, पालो पर्खने, जोखिम क्षेत्रमा नजाने, कक्षाकोठामा सुरक्षित तरिकाले कार्य गर्ने ।<br>थानीय स्तरमा भईरहेका र हुन सक्ने बिपद्हरु जस्तै सडक दुर्घटना, करेन्ट लाग्ने, आगलागी, डुबान (खोला, ताल, खाल्डो) आदिबाट हुने विपदहरुको चित्रात्मक पहिचान गर्ने ।<br>विद्यालय र घरमा आउदाजाँदा बाटोमा हुने जोखिमहरु जस्तै बाटो बिग्रने, खोलानाला तर्ने, हावाहुरी चल्ने, बाटो काटने आदीको पहिचान गरी सावधानी अपनाउने ।<br>कक्षाकोठा, विद्यालय, घर र बाटोमा हुने विभिन्न दुर्घटनाहरु जस्तै चोटपटक, करेन्ट, पहिरो खस्ने, ढुङ्गा खस्ने, आगलागि, आदिको परिचय र सोबाट बच्नका लागि सामान्य उपायहरु बताउने र सोको अनुसरण गर्न । | घर तथा विद्यालयको फोहर व्यवस्थापन र सरसफाइ ।<br>लाइनमा हिंड्ने, पालो पर्खने, जोखिम क्षेत्रमा नजाने, कक्षाकोठामा सुरक्षित तरिकाले कार्य गर्ने जस्ता वैयक्तिक अनुशासन सिप ।<br>स्थानीय स्तरमा भईरहेका र हुन सक्ने बिपद्हरु ॥<br>विद्यालय र घरमा आउदाजाँदा बाटोमा हुने जोखिमहरु र सावधानी ।<br>कक्षाकोठा, विद्यालय, घर र बाटोमा हुने विभिन्न दुर्घटनाहरु र सावधानीका उपायहरु । | बताउने ।<br>. घर वरपर भएका, घरको बगैंचामा भएका बिरुवाको नाम बताउन लगाउने ।<br>. विद्यालयको बगैंचा तथा विद्यालय वरपर भएका बिरुवाहरुको अवलोकन गराइ तिनीहरुको नाम पहिचान गर्न लगाउने ।<br>. आफ्नो घर वरपर भएका पानीका स्रोतहरु पहिचान गरी अवस्था र अनुभवको बारेमा भन्न लगाउने ।<br>. चित्रको माध्यमबाट आफ्नो वरपर भएका पानीका स्रोतहरुको जानकारी दिने ।<br>. व्यक्तिगत सरसफाइअन्तर्गत गरिने कार्यहरुको जानकारी गराउने । जस्तै : नुहाउने, कपाल कोर्ने, कपडा सफा गर्ने, हात धुने, नङ काट्ने, जुत्ता सफा गर्ने आदि ।<br>. व्यक्तिगत सरसफाइअन्तर्गत गर्न सकिने केही कार्यहरुको प्रदर्शन गर्ने र विद्यार्थीहरुलाई ती कार्यमा सरिक गराउने । जस्तै : साबुन पानीले हात खुट्टा धुने, नङ काट्ने आदि ।<br>. कक्षाकोठाभित्र तथा कक्षाकोठा बाहिरका फोहोरमैलाहरुको अवलोकन गराई फोहोरमैलाको पहिचान गर्न | आफ्नो घरको बगैंचामा वा घर वरिपरी वा विद्यालयको बगैंचामा भएका बोटविरुवा नाम सोध्नुहोस् ।<br><br>विद्यालय र समुदाय वरपर भएका धारा, कुवा, खोला, नदी जस्ता पानीका स्रोतहरूचिन्न लगाई नाम भन्न लगाउनुहोस् ।<br><br>प्रश्न सोध्नुहोस् ।<br><br>वैयक्तिक सरसफाइ अवलोकन गरी विद्यार्थीका असल गुण सबैलाई सुनाएर मापनस्तर दिनुहोस् ।<br><br>सुरक्षित हिँडडुल, बसाइ, ब्यवहार | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | लगाउने र फोहोरको रखाइ व्यवस्थापनमा सहभागी गराउने र साबुन पानीले हातखुट्टा सफा गर्न लगाउने<br>• विद्यालयका सम्भावित विभिन्न जोखिम क्षेत्रको अवलोकन गराउने र सावधानीका तरिका प्रदर्शन गर्ने ।<br>• चित्र वा भिडियोको माध्यमबाट विद्यालय आउनेजाने बाटो, घर र छिमेकमा हुनसक्ने जोखिमका क्षेत्रहरू देखाई सतर्क रहने उपाय बताउने । | अवलोकन गरी मापन गर्नुहोस् ।<br><br>पत्र् खाना बाहेक घरमा वा विद्यालयमा खाइने स्थानीय खाना भन्न लगाउनुहोस् । | |

कक्षा २

| क्र सं. | मुख्य विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तु | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| १ | हाम्रो शुभकालिका | आफ्नो गाउँ वरपपरका मुख्य टोल एवम् बाटोहरूको नाम, अवस्थिति र संक्षिप्त विशेषता बताउने ।<br>आफ्नो घर नजिकै रहेका बजारको पहिचान गर्ने<br>शुभकालिका गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष र आफ्नो वडाका अध्यक्ष र सदस्यहरूको नाम बताउने । | आफ्नो गाउँ वरपपरका मुख्य टोल एवम् बाटोहरूको नाम, अवस्थिति र संक्षिप्त विशेषता ।<br>आफ्नो घर नजिकै रहेका बजार ।<br>शुभकालिका गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष र आफ्नो | • आफू बसेको वडाभित्र अरु कुन-कुन गाउँवस्तीहरु पर्दछन् भनेर छलफल गर्ने<br>• वडाभित्रका बाटाहरुको नाम समेत भन्न लगाउने ।<br>• आफ्नो वडा कार्यालय रहेको ठाउको नाम र आफ्नो वडामा रहेका विद्यालयहरुको नामको बारेमा छलफल गर्ने ।<br>• तपाईको वडामा रहेका सामान | प्रश्नोत्तर<br>तपाईंका वडाध्यक्षको नाम के हो ?<br>हाम्रो विद्यालय कति नम्बर वडामा पर्दछ ?<br>आफ्नो वडाका अध्यक्षसहित | ३० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | • गाउँपालिकाको नक्सामा आफ्नो र छिमेकी वडाहरू पहिल्याउने । | वडाका अध्यक्ष र सदस्यहरूको नाम ।<br>• गाउँपालिकाको नक्सामा आफ्नो र छिमेकी वडाहरू । | किनमेल गर्ने बजारहरु र त्यहाँ गएर खरिद गरिने सामानहरुको सूची बनाउनुहोस भनेर समूहमा काम दिएर प्रस्तुत गर्न लगाउने ।<br>• शुभकालिका गाउँपालिकाको वडा नम्बर र गाउवस्ती उल्लेख गरिएको नक्सा विद्यार्थीहरुलाई अवलोकनका लागि अवसर दिने । उक्त नक्सामा आफ्नो, आफ्नो साथीको र आफन्तहरुको गाउँटोल र वस्ती पहिचान गर्न लगाउने ।<br>• विद्यालय रहेको वडाका जनप्रतिनिधिहरुको फोटोसहित परिचय गराउनुहोस् । | जनप्रतिनिधिहरूको नाम भन्नुहोस् ।<br><br>परियोजना कार्य : आफ्नो वडामा भएका मुख्यमुख्य टोल, बाटो, बजारहरुको सूचि बनाउनुहोस् । | |
| २ | हाम्रो समाज, संस्तृति र सम्पदा | स्थानीय जातजातिले बोल्ने भाषाको प्रयोग गरी अभिवादन गर्ने र आफ्नो परिचय दिने आफ्नो समुदायका भेषभूषाहरूको जानकारी दिने ।<br>स्थानीय खेलहरूको सामान्य अभ्यास गर्ने ।<br>• आफ्नो वडामा रहेका पर्यटकीय एवम् साँस्कृतिक स्थलहरुको पहिचान गर्ने<br>• हाम्रा वडाभित्र रहेका विभिन्न जातजाति र भाषाभाषी हरुको | अभिवादन गर्ने र परिचय दिने । आफ्नो समुदायका भेषभूषाहरू ।<br>स्थानीय खेलहरू ।<br>आफ्नो वडामा रहेका पर्यटकीय एवम् साँस्कृतिक स्थलहरु ।<br>वडाभित्र रहेका विभिन्न जातजाति र भाषाभाषीहरुको पहिचान, प्रमुख चाडपर्वहरुमा गरिने | अभिवादन र परिचयको अभिनयात्मक खेल प्रदर्शन गर्नुहोस् ।<br>आफ्नो समुदायका परम्परागत भेषभुषा लगाई फेशन शो जस्तै प्रदर्शन गर्न लगाउनुहोस् । विभिन्न जातीय भेषभुषाका बारेमा छलफल चलाउनुहोस् । विशेषगरी ती भेषभुषा कुनै विशेष दिनमा लगाइन्छ कि ? वा कुनै उमेर समूहका मानिसहरुले मात्र लगाउँछन् कि ? आदि ।<br>• विद्यार्थीहरुलाई उनीहरुको वडामा भएका विभिन्न पर्यटकीय एवम् साँस्कृतिक स्थलहरुको नाम भन्न | विद्यार्थी ब्यवहारको अवलोकन गरी मापन गर्नुहोस् ।<br><br>प्रश्नोत्तर : तपाईंको घर वरिपरिको पर्यटकीय महत्वको स्थान कुन हो ?<br><br>विद्यार्थीका समुदायमा लगाइने पहिरन, मनाइने | ४० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | पहिचान गर्ने ।<br>• हाम्रो वडामा रहेका विभिन्न जातजातिहरुले मनाउने प्रमुख चाडपर्वहरुमा गरिने प्रमुख क्रियाकलापहरु भन्ने ।<br>पालिकाका प्रमुख ठाउँहरु र वजारहरुको सङ्क्षिप्त परिचय दिने । | प्रमुख क्रियाकलापहरु ।<br>पालिकाका प्रमुख ठाउँहरु र वजारहरुको सङ्क्षिप्त परिचय । | लगाउने । चित्र एवं श्रव्यदृश्य सामग्रीको माध्यमबाट त्यस्ता केही पर्यटकीय एवम् साँस्कृतिक स्थलहरु प्रदर्शन गर्ने । ती स्थलहरुको अवलोकन भ्रमण गर्ने ।<br>• विद्यार्थीका आआफ्ना समुदायमा प्रचलित मुख्यमुख्य चाडपर्वहरुको सूची बनाउन लगाउनुहोस् । ती चाडपर्वमा गरिने मुख्य क्रियाकलापहरुको प्रस्तुति गर्न लगाउनुहोस् । परस्परमा जिज्ञासा राख्ने, पूरक प्रश्न सोध्नका लागि उत्प्रेरित गर्नुहोस् । आवश्यकताअनुसार थप स्पष्ट पारिदिनुहोस् ।<br>• चित्र, भिडियो प्रदर्शनीबाट स्थानीय मुख्यमुख्य चाडपर्वका बारेमा छलफल चलाउनुहोस् ।<br>• गाउँपाकिलाभित्र रहेको कुनै महत्वपूर्ण बजारको अवलोकन भ्रमण गराउनुहोस् । त्यस बजारमा प्राप्त हुने सेवा वा व्यवसायको ाजनकारी प्रस्तुत गर्न लगाउनुहोस् । | चाडपर्व र क्रियाकलापहरुको बारेमा बताउन लगाउनुहोस् ।<br><br>परियोजना कार्य : आफ्नो छिमेकमा मनाइने मुख्यमुख्य चाडपर्व र ती पर्वमा गरिने क्रियाकलापहरुको सूची बनाउनुहोस् ।<br><br>स्थानीय भेषभुषा वा चाडपर्व वा पर्यटकीय स्थलका फोटोहरु संकलन गर्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् । | |
| ३ | कृषि, पेशा, व्यवसाय र प्रविधि | हाम्रा स्थानीय चुल्हो (अगेनो, भट्टि चुलो, सुधारिएको र ग्याँस चुल्हो) र परम्परागत भाँडाकुँडाः हुन्डो, खट्करो, अम्खोरा,ताउलो, कलश पन्यु, डाडु, कराइ, ताप्के, करुवा, | स्थानीय चुल्हो र परम्परागत भाँडाकुँडाःको पहिचान र प्रयोग गर्ने तरिका ।<br>घरायसी कृषि उपज खेती जस्तै अन्नबाली र | • विभिन्न पेसा र व्यवसाय झल्किने चित्र वा भिडियो देखाइ पेसा र व्यवसायको जानकारी गराउने ।<br>• विद्यार्थीहरुलाई उनीहरुको छिमेकी घरका सदस्यहरुले गर्ने पेसा र व्यवसाय बताउन लगाउने । | प्रश्नोत्तर<br><br>तरकारी खेली, अन्न खेती, पशुपालन क्षेत्रमा अवलोकन भ्रमण | ३० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | गाग्री, ताइताप्के, माना, पाथी, ठेकी, गाबु मदानी आदि) को पहिचान गर्ने र प्रयोग गर्ने तरिका बताउने ।<br>घरायसी कृषि उपज खेती जस्तै अन्नबाली र तरकारी खेती गरिने तरिका, उपयोग गरिने तरिकाबारे जानकारी गराउने ।<br>घरमा पालिने पशुपंक्षी र तिला खोलामा पाइने माछा र उपयोगबारे जानकारी दिने ।<br>परीवार र छिमेकमा गरिने पेशा, व्यवसायमा प्रयोग भैरहेका परम्परागत प्रविधिको परिचय दिने । | तरकारी खेती गरिने तरिका ।<br>घरमा पालिने पशुपंक्षी र तिला खोलामा पाइने माछा र उपयोग ।<br>परीवार र छिमेकमा गरिने पेशा, व्यवसायमा प्रयोग भैरहेका परम्परागत प्रविधिको परिचय । | • विद्यार्थीका घरमा भएका परम्परागत घरायसी प्रयोगका सामानहरु ज्स्तै हँसीया, कुटो, कोदालो, अंखोरा, गिलास आदि ल्याउन लगाउनुहोस् । ती सामग्रीको उपयोग के का लागि कसरी गरिन्छ ? प्रदर्शन गराई अभिनय गर्न लगाउनुहोस् । घरबाट ल्याउन असम्भव जस्तै चुलो विद्यालयमा भएका अन्य सामग्रीको पनि प्रयोग गरी सिकाउनुहोस् ।<br>• छिमेकी परिवारका सदस्यहरुले गर्ने मुख्य मुख्य पेसा र व्यवसायको नाम र परिचय बताउन लगाउने र शिक्षकले आवश्यक सहयोग गर्ने ।<br>• गाउँपालिकामा खेती गरिने विभिन्न अन्नबालीहरु : धान, मकै, गहुँ, जौं, फापर आदि) चित्र वा भिडियोद्धारा देखाउने र तिनीहरुको परिचय दिन लगाउने<br>• ती अन्नबालीहरु मध्ये आफ्नो घर तथा छिमेकमा कुन कुन अन्नबालीहरुको खेती गरिएको छ ? बताउन लगाउने<br>• विद्यार्थीहरुलाई अन्नबाली खेती गरिएको स्थानमा भ्रमणमा लैजाने र ती अन्नबालीहरुको परिचय दिने ।<br>• गाउँपालिकामा खेती गरिने विभिन्न | गराई विद्यार्थीलाई सिकाइ प्रतिवेदन तयार गरी प्रस्तुत गर्न लगाउने र प्रस्तुति र विषयवस्तुको सिकाइ मापन गर्ने ।<br><br>परम्परागत औजार र प्रविधिको चिनारी गर्न लगाउने र कुराकानी, व्याख्याका क्रममा विद्यार्थीको अभिबक्ति सिपको मापन गर्ने ।<br><br>परियोजना कार्य : छिमेकीका कृषि, पेशा, व्यवसाय संकलन गर्न लगाई प्रस्तुति गर्न लगाउने र मापन गर्ने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | तरकारीहरु : साग, बन्दा, काउली, टमाटर, गोलभेडा, खुसार्नी, भन्टा, करेला, लौका, फर्सी, कुभिण्डो, सिमी, भिण्डी, बोडी, मेथी, मुला, गाजर, सलगम, इस्कुश आदिको चित्र वा भिडियो देखाउने र ती मध्ये कुन कुन तरकारीहरु खाने गरिएको छ ? बताउन लगाउने र तिनको परिचय दिन लगाउने ।<br>• विद्यार्थीहरुलाई विद्यालय नजिकै तरकारी खेती गरिएको स्थानमा लैजाने र तरकारीहरुको परिचय दिने ।<br>• परीवार र छिमेकमा पालिने पशुपंक्षीको सूची बनाउन लगाई तिनीहरुको उपयोग के का लागि गरिन्छ छलफल चलाउने ।<br>• कृषि तथा पशुपालनमा प्रयोग भैरहेका परम्परागत प्रविधि र औजारका बारेमा छलफल चलाउनुहोस्<br>• चित्र, भिडियो आदिको प्रयोग गरी विषयवस्तु स्पष्ट पार्नुहोस् । | तरकारी, फलफुल, पशु, पंक्षीका चित्र कोर्न लगाउनुहोस् । कलर गर्न लगाउनुहोस् । वर्णन गर्न लगाउनुहोस् । | |
| ४ | जीवन कला र अनिवार्य सिपहरू | कक्षाकोठाका सामानको स्याहार गरी सुरक्षित ठाउँमा राख्ने ।<br>साथीहरूलाई सहयोग गर्ने र | • स्थानीय गीत, सङ्गीत र नृत्यहरु ।<br>• घरपरिवार, छरछिमेक र | • हरेक विद्यार्थीलाई मानिसका मन पर्ने र मन नपर्ने आनीबानी सम्झन लगाएपछि हरेकलाई पालैपालो बताउन लगाउने । | बलबालिकाका सहयोगी ब्यवहार अवलोकन गरी मापन गर्ने । | ३० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | सहकार्य गर्ने जस्ता व्यवहार प्रदर्शन गर्ने ।<br>• आफुलाई मन पर्ने गीत, सङ्गीत र नृत्यहरुको श्रवण, अवलोकन र अभ्यास प्रस्तुत गर्ने ।<br>• घरपरिवार, छरछिमेक र गाउँटोलमा उत्सव र चाडपर्वहरु मनाउदा गर्न हुने र गर्न नहुने कुराहरुको सूची र जीवनमा त्यसको अभ्यास प्रस्तुत गर्ने ।<br>• श्रम र सिर्जनालाई सम्मान गर्ने सिप र प्रवृत्तिको अभ्यासका लागि कक्षाकोठाको सरसफाइ र सजावटमा ध्यान दिने।<br>• अशक्त, ज्येष्ट नागरिक र असहज स्थितिका मानिसहरुप्रति सहयोग गर्ने बानीको अभ्यास प्रस्तुत गर्न ।<br>• जङ्कफूड (पत्रु खाना) बाट हुने हानी र घरमा बनाइने खानाका फाइदाहरु वर्णन गर्ने ।<br>• विभिन्न योगासनको अभ्यास गर्ने | गाउँटोलमा उत्सव र चाडपर्वहरु मनाउदा गर्न हुने र गर्न नहुने व्यवहारहरु ।<br>• कक्षाकोठाको सरसफाइ र सजावट<br>• अशक्त, ज्येष्ट नागरिक र असहज स्थितिका मानिसहरुप्रति सहयोग ।<br>• जङ्कफूड (पत्रु खाना) बाट हुने हानी र घरमा बनाइने खानाका फाइदाहरु ।<br>• सामानको स्याहार र सुरक्षा ।<br>• सहयोग र सहकार्य ।<br>• विभिन्न योगाभ्यास । | • स्थानीय गीत, संगीत र नृत्यको अभ्यास गराउने । I do, We do र You do का क्रममा अभ्यास गराउने ।<br>• जब चार्ट अनुसरण गर्न लगाउने र कक्षाकोठा तथा वरपरको सरसफाइ, सामग्री सजावट एवम् व्यवस्थापनमा खटाउने ।<br>• घर परिवार र गाउटोलमा मनाइने उत्सव र चाडपर्वहरुको नाम भन्न लगाउने । त्यस्ता उत्सव र चाडर्वहरुमा हुने गरेका मन पर्ने र मन नपर्ने क्रियाकलापहरुको बारेमा भन्न लगाउने । त्यसरी मनाइने उत्सव र चाडपर्वमा हुने गरेका मन पर्ने क्रियाकलापहरुको अनुसरण, अभ्यास र प्रयोग गर्ने सम्बन्धमा छलफल गर्ने । भूमिका अभिनय गर्न लगाउने ।<br>• विद्यार्थीका परीवारमै भएका जेष्ठ नागरिकहरुलाई कस्तो व्यवहार गर्नुपर्छ ? छलफल चलाउने ।<br>• जङ्कफुड अर्थात बजारमा पाइने तयारी खानाका बेफाइदा र घरमा बनाइने खानाहरुका फाइदाहरुका बारेमा वद्यार्थीहरुका समेत अनुभव र भोगाइहरुलाई समेटेर छलफल गर्ने । | स्थानीय गीत, नृत्य प्रस्तुत गर्न लगाई स्तर मापन गर्ने ।<br><br>परीवार र छिमेकमा मनाइने चाडपर्वका क्रियाकलापहरु समेटिएको पोष्टर बनाउन लगाउने र मापन गर्ने ।<br><br>प्रश्नोत्तर :<br>जेष्ठ नागरिकलाई गरिने कुनै दुईवटा असल व्यवहार भन्नुहोस् ।<br>घरमा र बजारमा पाइने खानाका फाइदा र बेफाइदा दुईदुईवटा भन्नुहोस् ।<br>**परियोजना कार्य :**<br>घरमा पाइने खानेकुराको चित्रात्मक पोष्टर बनाउनुहोस् । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | . आवश्यकता अनुसार यससम्बन्धी फोटो र भिडियोहरु प्रस्तुत गर्ने ।<br>. स्वास्थ्य सम्बन्धी काम गर्ने कर्मचारीलाई स्रोतव्यक्तिका रुपमा आमन्त्रण गरी सहजीकरणका लागि अनुरोध गर्ने ।<br>. विद्यार्थीहरुलाई प्रणव ध्यान, भस्त्रिका प्रणायाम, सिंहासन, गरुडासन आदि सिकाउनका लागि शिक्षक आफैले एकपटक सबैको सामू गरेर देखाउने ।<br>. तत्पश्चात आफ्नो निर्देशनमा विद्यार्थीहरुलाई प्राणायाम, ध्यान र आसनको अभ्यास गर्न लगाइ आफूले पथप्रदर्शन र पृष्ठपोषण प्रदान गर्ने । | | |
| ५ | हाम्रो वातावरण र विपद व्यवस्थापन | • गाउँपालिका भित्रका वनमा पाइने वन्जजन्तु र चराहरुको पहिचान गर्ने ।<br>. करेसाबारी निर्माण र बृक्षारोपणमा सहभागी हुने ।<br>. गाउँपालिका क्षेत्रमा भएका पानीका स्रोतहरुको परिचय दिने तथा उपयोग पहिचान गरी आवश्यकता अनुसार प्रयोग गर्ने ।<br>. फोहोरमैलाले स्थानीय स्तरमा पारेको असर पहिचान गर्ने । | • गाउँपालिका भित्रका वनमा पाइने वन्जजन्तु र चराहरु ।<br>. वडाको वनमा पाइने औषधिजन्य वनस्पतिहरु ।<br>. करेसाबारी, बाल बगैंचा र वृक्षारोपण<br>. गाउँपालिका क्षेत्रमा भएका पानीका स्रोतहरु तथा उपयोग ।<br>. फोहोरमैलाको असर । | . गाउँपालिका भित्रका वनमा भएका वन्यजन्तु तथा चराहरुको बारेमा अवलोकन/चित्र/भिडियो प्रदर्शन आदिको माध्यमबाट परिचय दिने ।<br>. विद्यार्थीको समूहमा एवम् अभिभावकसँग समेत छदफल गरी गाउँपालिका भित्रका वनमा रहेका वन्यजन्तु तथा चराहरुको सूची बनाई प्रस्तुत गर्न विद्यार्थीहरुलाई अभिप्रेरित गर्ने र आवश्यक पृष्ठपोषण प्रदान गर्ने ।<br>. विद्यार्थीहरुलाई विद्यालयमा बालबगैंचा निर्माणमा सहभागी गराउने । | प्रश्नोत्तर ।<br><br>वन्यजन्तु एवम् चराहरुको चित्र कोर्न लगाई कलर गर्न लगाउने र स्तर मापन गर्ने ।<br><br>विद्यालयमा बगैंचा निर्माण गर्न लगाउने र विद्यार्थीको काम | ३० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | • हावाहुरी, चट्यांङ्ग, बाढि, आगलागी, पहिरो, सर्पदंश र जङगली जनावरको आक्रमण आदिबाट हुने विपद्को पहिचान र परिचय दिने ।<br>• घरभित्र हुने जोखिमहरु (छत, भऱ्याङ, बरण्डा, हातहतियार आदिको परिचय दिने र बच्ने उपायहरु ब्ताउने र अनुशरण गर्ने । | • स्थानीय जल र वनको महत्व र उपयोगिता ।<br>• हावाहुरी, चट्यांङ्ग, बाढि, आगलागी, पहिरो, सर्पदंश र जङगली जनावरको आक्रमण आदिबाट हुने विपद ।<br>• घरभित्र हुने जोखिमहरु र बच्ने उपायहरु ।<br>कक्षाकोठा, विद्यालय, घर र बाटोमा हुने<br>वर्षा, हावाहुरी, करेन्ट, चट्याङ, बाढि पहिरो र जङगली जनावरको आक्रमण आदिबाट बच्ने उपायहरु । | • विद्यालय भित्र तथा विद्यालय वरपर वृक्षरोपणमा विद्यार्थीहरुलाई सहभगी गराउने र वृक्षरोपण गर्दा हुने फाइदाहरुको बारेमा जानकारी दिने ।<br>• गाउँपालिकाभित्र भएका पानीका स्रोतहरुको पहिचान, उपयोग के कसरी गरिएको छ ? छलफल गराउने ।<br>• घर, विद्यालय, अस्पताल, कारखानाबाट निस्कने फोहोरले स्थानीय स्तरमा पारेको असर (स्वास्थ्य, वातावरण, कृषि आदि) सम्बन्धमा श्रव्यदृश्य सामग्री, अवलोकन, चित्र आदिको माध्यमबाट छलफल गराउने ।<br>• चित्र, पोष्टर वा श्रव्यदृश्य सामग्रीका माध्यमबाट विपदहरु ( हावाहुरी, चट्यांङ्ग, बाढी, आगलागी, पहिरो, सर्पदंश र जङगली जनावरको आक्रमण आदि) को पहिचान र परिचय गराउने ।<br>• यी जोखिमबाट जोगिने सम्भावित उपायहरुको सूची बनाउन लगाउने ।<br>• विद्यालय वा घरमा हुने सम्भावित जोखिमका क्षेत्रहरु पहिचान गर्ने, ती जोखिमबाट जोगिने उपायहरुको छलफल एवम् अभिनय गर्ने ।<br>• | गराइको मापन गरी स्तर अभिलेख राख्ने ।<br><br>परियोजना कार्य : गाउँपालिकामा भएका वन जंगल, जनावर, पंक्षी, नदीनाला देखाउने गरी सामूहिक चित्र पोष्टर बनाउन लगाउने ।<br><br>प्राकृतिक एवम् घर र विद्यालयमा हुने जोखिमबाट जोगिनका लागि उपायहरुका बारेमा विद्यार्थीलाई प्रबचन दिन लगाई अभिव्यक्ति स्तर मापन गर्ने । | |

कक्षा ३

| क्र सं. | मुख्य विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तु | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| १ | हाम्रो शुभकालिका | शुभकालिका गाउँपालिकाको भौगोलिक अवस्था एवम् आवापानीको परिचय दिने ।<br>गाउँपालिकाको नक्सा हेरी विभिन्न विषयवस्तुको जानकारी दिने ।<br>आफ्नो विद्यालयको परिचय दिने ।<br>गाउँपालिकामा रहेका विभिन्न बजार, एवम् त्यहाँ पाइने सेवा वा ब्यवसायको परिचय दिने ।<br>• | शुभकालिका गाउँपालिकाको भौगोलिक अवस्था एवम् हावापानी ।<br>गाउँपालिकाको नक्सामा उल्लेखित जानकारी जस्तै सीमा, छिमेकी वडा र पालिका, मन्दिर, खोलानाला, वन, महत्वपूर्ण स्तथ, पालिका केन्द्रस्थल आदि ।<br>आफ्नो विद्यालयको परिचय ।<br>• गाउँपालिकामा रहेका विभिन्न बजार, एवम् त्यहाँ पाइने सेवा वा ब्यवसायको परिचय । | • गाउँपालिकाको नक्सा वा श्रब्यदृश्य सामग्रीको माध्यमबाट वडासंख्या, जनसंख्या, जातजाति, प्रमुख स्थलहरु सहित गाउपालिकाको परिचय दिने ।<br>• भौगोलिक अवस्थिति र हावापानी ( वर्षा र हिउद) का बारेमा विद्यार्थीहरुको पूर्वज्ञान र अनुभवको आधारमा छलफललाई अघि बढाउने ।<br>• विद्यालयको विभिन्न कक्षको अवलोकन गराई विद्यालयको परिचय छलफल गराउने । जस्तै नामाकरणको अर्थ, स्थापना, सञ्चालित कक्षा एवम् कार्यक्रम, विद्यार्थी शिक्षक संख्या, सुविधाहरु, पुस्तकालय, प्रयोगशाला आदि ।<br>• पालिकाभित्र रहेका मुख्य बजार र प्रमुख सडकहरुको बारेमा छलफल गर्ने ।<br>• कर्णाली प्रदेशको नक्सामा शुभकालिकाको अवस्थितिलाई | प्रश्नोत्तर<br><br>गाउँपालिकाका वडा विभाजनसहितको नक्सा निर्माण गर्न लगाई मापन गर्ने ।<br><br>परियोजना कार्य : नजिकको बजारमा गै त्यहाँ रहेका पसल, ब्यवसाय र तिनीहरुका सेवाका बारेमा सूचि बनाउने ।<br><br>पालिकाको नक्सामा विभिन्न स्थल, खोला, सामुदायिक वन, विद्यालयहरु पहिल्याउन लगाउने । | ३० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | पहिचान गर्न विद्यार्थीहरुलाई अभिप्रेरित गर्ने । | आफ्नो विद्यालयको परिचय दिंदै निबन्ध लेख्ने । | |
| २ | हाम्रो समाज, संस्तृति र सम्पदा | पालिकाभित्रका विभिन्न मुख्य समुदायमा प्रचलित संस्कार र मनाइने चाडपर्वहरूमा गरिने मुख्य क्रियाकलाप वर्णन गर्ने ।<br>• शुभकालिकाका जातजाति (बाहुन, क्षेत्री, ठकुरी, मगर, दलित, अल्पसंख्यक ) को विशेषता र परिचय दिने ।<br>• स्थानीय परम्परागत खेलहरूको परिचय दिने । खेलहरूको अभ्यास गर्ने ।<br>• पर्यटकीय स्थलसहित शुभकालिकाको परिचय र विशेषता बताउने ।:<br>• शुभकालिका गाउँपालिका भित्र नाँचिने विभिन्न नाँचहरु (देउसी भैलो, सिंगारु, तीज, लहरे | पालिकाभित्रका विभिन्न मुख्य समुदायमा प्रचलित संस्कार र मनाइने चाडपर्वहरूमा गरिने मुख्य क्रियाकलाप ।<br>• शुभकालिकाका जातजाति (बाहुन, क्षेत्री, ठकुरी, मगर, दलित, अल्पसंख्यक ) को विशेषता र परिचय ।<br>• स्थानीय परम्परागत खेलहरूको परिचय र अभ्यास ।<br>• पर्यटकीय स्थलसहित शुभकालिकाको परिचय र विशेषता ।:<br>• शुभकालिका गाउँपालिका भित्र | कक्षामा कुनै पर्व मनाउने विशेष समुदायका विद्यार्थीलाई पर्वका बेलामा हुने क्रियाकलापका बारेमा भन्न लगाउने,<br>शिक्षकले पृष्टपोषण दिने र सम्बन्धित समुदायको अभिभावकलाई आमन्त्रण गरी जानकारी दिन लगाउने ।<br><br>कक्षामा भएका विभिन्न जातजातिका विद्यार्थीहरु जस्तै बाहुन, क्षत्री, ठकुरी, मगर, दलित आदिलाई प्रतिनिधि रुपमा अगाडि अन्य विद्यार्थीलाई हेर्ने गरी बस्न लगाउने ।<br>उनीहरुलाई आआफ्ना समुदायका रितिरिवाज, चाडपर्वका बारेमा बताउन लगाउने । अन्य जातिका विद्यार्थीले जिज्ञासा राख्ने, प्रश्नोत्तर गर्ने गराउने ।<br>सम्बन्धित समुदायका अभिभावकहरु समेतलाई आमन्त्रण गरी जानकारी दिन लगाउने । | छलफल, कुराकानी प्रस्तुति जस्ता कार्यमा सहभागी गराई स्तर मापन गर्ने । जस्तै आफ्नो समुदायमा मनाइने चाडपर्व, आफ्नो छिमेक वरपरका पर्यटकीय स्थल आदिका बारेमा प्रस्तुत गर्न लगाउन सकिन्छ ।<br><br>ऋाफनो जातिगत विशेषताहरु ब्ताउन लगाउने ।<br><br>साथी वा आमन्त्रित व्यक्तिसँग जिज्ञासा वा प्रश्नोत्तर गर्ने | ४० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | पैसेरी, खाडो नाँच, मयुर नाँच, देउडा नाँच, झ्याउरे नाच) को परिचय दिन ।<br>हाम्रो भान्साका परिकार, ( आँटो, ढिँडो, गुन्द्रुक, बडी, काँइलाचा, कर्कलो, गाभा, लहरे पाप्रो, चाना, खाँदेको अचार, लाडु, अर्सा, सेलरोटी, दाल भात, खिर, सातु आदि) को महत्व र विशेषता बताउन । | नाँचिने विभिन्न नाँचहरुके परिचय ।<br>• हाम्रो भान्साका परिकारको महत्व र विशेषता । | स्थानीय खेलहरु खेल्ने अभ्यास गर्ने ।<br><br>शुभकालिकाका पर्यटकीय स्थलहरु जस्तै दहचौर, घुमाथला, तिनचुले, नौमुले, लेकदह, कालामुलाको चिनारी महत्व चित्र, भिडियो र क्षेत्र भ्रमणजस्ता विधि अवलम्बन गर्ने ।<br>शुभकालिका गाउँपालिकाभित्र नाचिने प्रमुख नाचहरु. देउडा नाच, हुड्के नाच, झोला, मागल, ठाडो भाकाको परिचय, नाच्ने विधि, साँस्कृतिक वा धार्मिक सन्दर्भसहित चिनारी र अभ्यास गराउने । सम्बन्धित नाच नाच्ने स्थानीय मानिसहरुलाई स्रोत व्यक्तिका रुपमा आमन्त्रण गरी सिकाउन लगाउने ।<br><br>• विद्यार्थीहरुलाई घरमा पकाइने परिकारहरुको सूचि बनाउन लगाउने, चित्र कोर्न लगाउने, आवश्यक सामग्री पकाउने तरिका र खानेसम्बन्धी जानकारी दिने लगाउने ।<br>विद्यार्थीहरुको पूर्व ज्ञान र अनुभवको | ब्यवहार अवलोकन गरी मापन गर्ने ।<br><br>खेल अनुशासन र प्रदर्शनको मापन गर्ने ।<br><br>परियोजना कार्य : गाउँपालिकाभित्र आफूलाई मन पर्ने कुनै एउटा पर्यटकीय स्थलको अवलोकन भ्रमण गरी त्यहाँको विशेषतासहित परिचयात्मक पोष्टर निर्माण गर्नुहोस् ।<br><br>स्थानीय नाचहरु नाच्न लगाई नृत्य कला सिकाइ स्तर मापन गर्ने ।<br><br>घरमा खाइने | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | आधारमा हाम्रो भान्साका परिकारहरू :आँटो, ढिँडो, गुन्द्रुक, बडी, काँइलाचा, कर्कलो, गाभा, लहरे पाप्रो, चाना, खाँदेको अचार, लाडु, अर्सा, सेलरोटी, दाल भात, खिर, सातु आदिको महत्व र विशेषता र तयार गर्ने तरिकाको बारेमा सहजीकरण गर्ने र आवश्यकताअनुसार यस सम्बन्धी जानकार व्यक्तिलाई समेत आमन्त्रण गर्न सकिने । विदालयमै कुनै खाना परिकार पकाउन लगाउने ।<br>• लागू औषध सेवन र छोराछोरी बिचको भेदभावबाट हुने हानीहरुको बारेमा सहजीकरण गर्ने ।<br>• आफू र आफ्नो घरपरिवारमा यसप्रकारका विकृति र विसङगति हुन नदिनका लागि आवश्यक उपायहरुको बारेमा सहजीकरण गरी व्यवहारमा समेत लागू गर्न विद्यार्थीहरुलाई प्रेरित गर्ने । | परिकारहरुको बारेमा बताउन लगाउने ।<br><br>विकृति वा कूलतबाट हुने हानीनोक्सानी के के हुन् ? | |
| ३ | कृषि, पेशा, व्यवसाय र | हाम्रा स्थानीय सामग्री ( डोको, डालो, पायो, सुपो, | हाम्रा स्थानीय सामग्रीको परिचय र | • हाम्रा स्थानीय सामग्री ( डोको, डालो, पायो, सुपो, नाङलो, छाप्री, डोइलो, | प्रश्नोत्तर | ३० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | प्रविधि | नाङलो, छाप्री, डोइलो, लभेत्ते, भकारी, खाप,खिच्य, मुदुस, पेटारो, कोसी, ठेकी, मदानी, डाडु, पनियो, कराइ) को परिचय र उपयोगिता बारे बताउने । पालिकाभित्र गरिएको प्रमुख मसलाजन्य, अन्नवाली, तरकारी खेती, फलफुल र पालिने पशुपंक्षी सम्बन्धी व्यवसायिक उत्पादनसम्बन्धी जानकारी दिने । स्थानीय प्रविधिमा आधारित उद्योगहरूको परिचय दिने र महत्वबोध गर्ने । स्थानीय खोलामा माछा मार्न प्रयोग गरिने परम्परागत औजारहरूको जानकारी दिने । स्थानीय स्तरमा प्रयोग हुने परम्परागत प्रविधि एवम् औजारहहरू जस्तै हलो, | उपयोगिता । पालिकाभित्र गरिएको प्रमुख अन्नवाली, तरकारी खेती, फलफुल र पालिने पशुपंक्षी सम्बन्धी व्यवसायिक उत्पादन । स्थानीय प्रविधिमा आधारित उद्योगहरूको परिचय र महत्व । स्थानीय खोलामा माछा मार्न प्रयोग गरिने परम्परागत औजारहरू । स्थानीय स्तरमा प्रयोग हुने परम्परागत प्रविधि एवम् औजारहहरू र आधुनिक प्रविधि एवम् औजारको तुलना । | लभेत्ते, भकारी, खाप,खिच्य, मुदुस, पेटारो, कोसी, ठेकी, मदानी, डाडु, पनियो, कराइ) को परिचय र उपयोगिताबारे जानकार ब्यक्तिहरुलाई आमन्त्रण गरी बताउन लगाउने । <br>• विद्यार्थीहरुलाई आफ्नो घर तथा समुदायका मानिसले गर्ने मसलाजन्य बालीहरुको नाम बताउन लगाउने, चित्र वा भिडियोद्धारा गाउँपालिकाकाका मानिसले खेती गर्ने मसलाजन्य बालीनालीहरुः मेथी, टिमुर, प्याज, लसुन, धनिया, वेसार, अदुवा, पूदिना, तेजपात आदिको परिचय दिने र मसलाजन्य बालीनालीको खेती गरिएको ठाउँमा विद्यार्थीहरुलाई भ्रमण गराउने र अवलोकन गरिएका मसलाजन्य बालीनालीहरुको परिचय दिने । <br>• मसलाजन्य खृतीजस्तै विधिको प्रयोग गरी अन्नवाली, तरकारी, फलफुल खेती सम्बन्धी जानकारी गराउने । रैथाने वालीहरु र आलुखेतिलाई विशेष महत्वकासाथ प्रस्तुत गर्ने । | परियोजना कार्य : तपाईंको विद्यालय वरपर कृषि कार्य वा ब्यवसाय वा कुनै प्रकारको उद्योग सञ्चालन गरेका फर्महरुको अवलोकन गरी त्यहाँ प्रयोग भएको प्रविधि, लगानी, बजारबारे जानकारी लिने र प्रतिवेदन प्रस्तुत गर्न लगाउनुहोस् । विभिन्न क्षेत्रका लागि समूहगत परियोजना कार्यमा लगाउन सकिन्छ । <br><br>स्थानीय कृषि कार्यमा प्रयोग गरिने परम्परागत र आधानिक प्रविधिको तुलना गर्नुहोस् । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | जाँतो, पानी घट्ट र आधुनिक प्रविधि एवम् औजार जस्तै ट्रेक्टर, मील आदिको तुलना गर्ने । | | • गाउँपाकिलाभित्र व्यवसायिक रुपमा बाखापालन गरिने क्षेत्रको अवलोकन भ्रमणसमेत गराई जानकारी गराउने । फर्महरुका ब्रोशर, पर्चा आदिबाट पनि जानकारी गराउने ।<br>• कुखुरापालन, बाखापालन गर्ने किसानहरुसँग अन्तर्वार्ता लिई पालनपोषण, प्र्राविधि र बजारका सम्बन्धी जानकारी गराउने ।<br>• विभिन्न परम्परागत स्थानीय प्रविधिहरु (जाँतो, ढिकी, कोल, घट्ट, ओखल आदिको प्रदर्शन गर्ने र ती प्रविधिहरुको परिचय दिन लगाउने ।<br>• परम्परागत प्रविधिको सट्टामा आजभोली प्रयोग गरिने आधुनिक प्रविधिहरु हलोको सट्टा ट्याक्टर, ढिकीजाँतोको सट्टा मिलको प्रयोगको तुलना गर्न लगाउने ।<br>• स्थानीय प्रविधिमा आधारित औषधी वा जडीबुटीजन्य उत्पादन, माछा मार्ने प्रविधि लगायत स्थानीय प्रविधिको प्रयोग गरी राडीपाखी बुन्ने, दाम्लो नाम्लो बुन्ने, डोको डालो लगायतका | कृषि, तरकारी, फलफुल, बाखापालन, कुखुरापालन जस्ता कार्यमा प्रयोग भएको प्रविधि, लगानी, बजारसम्बन्धी प्रश्नोत्तर गराई मापन गर्नुहोस् । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | बाँसका सामानहरु निर्माण गर्ने कार्यको जानकारी गराउने ।<br>• स्थानीय मानिसहरुका कृषि कार्य वा पेशा व्यवसायको फोटोहरु संकलन गरी र गर्न लगाई छलफल चलाउने । | | |
| ४ | जीवन कला र अनिवार्य सिपहरू | • स्थानीयस्तरमा आफूलाई मन पर्ने गीत, संगीत र नृत्यहरुको श्रवण, अवलोकन, सिर्जना र प्रस्तुतिकरण गरेर प्रदर्शन गर्ने ।<br>• आफ्नो घरपरिवार तथा समाजमा उत्सव र चाडपर्वहरु मनाउदा ध्यान पुऱ्याउनु पर्ने कुराहरुको जानकारी र अभ्यास प्रस्तुत गर्ने ।<br>• आफू र अरुलाई पनि खुसी बनाउने कलाको विकास र अभ्यास प्रस्तुत गर्ने ।<br>• श्रम र सिर्जनालाई सम्मान गर्ने सिप र | • स्थानीय गीत, संगीत र नृत्यहरु ।<br>• आफ्नो घरपरिवार तथा समाजमा उत्सव र चाडपर्वहरु मनाउदा अपनाउने व्यवहारहरु ।<br>• आफू र अरुलाई पनि खुसी बनाउने कला<br>• श्रम र सिर्जनालाई सम्मान गर्ने सिप र प्रवृत्तिको चर्चा र अभ्यास ।<br>• ध्यान केन्द्रित गर्ने योग तथा शारीरिक अभ्यास । | • स्थानीय गीत, संगीत र नृत्यको अभ्यास गराउने । I do, We do र You do का क्रममा अभ्यास गराउने ।<br>• स्थानीय गीत नाचहरुको संकलन र सिर्जना गर्न अवसर दिने ।<br>• घर परिवार र गाउटोलमा मनाइने उत्सव र चाडपर्वहरुको नाम भन्न लगाउने । त्यस्ता उत्सव र चाडर्वहरुमा हुने गरेका मन पर्ने र मन नपर्ने क्रियाकलापहरुको बारेमा भन्न लगाउने । त्यसरी मनाइने उत्सव र चाडपर्वमा हुने गरेका मन पर्ने क्रियाकलापहरुको अनुसरण, अभ्यास र प्रयोग गर्ने सम्बन्धमा छलफल गर्ने । भूमिका अभिनय गर्न लगाउने ।<br>• समाजका जेष्ठ नागरिकहरुलाई | प्रश्नोत्तर<br><br>परियोजना कार्य : स्थानीय गीत नाचको संकलन र सिर्जना गरी प्रस्तुत गर्न लगाई स्तर मापन गर्ने ।<br><br>पत्रु खानासम्बन्धी सचेतना बढाउने खालको पोष्टर निर्माण गर्न लगाउने र मापन गर्ने ।<br><br>ज्येष्ठ नागरिक र अन्य मान्यजनसँग गर्नुपर्ने व्यवहारको | ३० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | प्रवृत्तिको चर्चा र अभ्यास प्रस्तुत गर्ने ।<br>• ध्यान केन्द्रित गर्ने योग तथा शारीरिक अभ्यास गर्ने ।<br>• समाजका ज्येष्ठ नागरिक र असहज स्थितिका मानिसहरुप्रति सहयोग गर्ने स्वभावको विकास र अभ्यास प्रस्तुत गर्ने ।<br>• परीवार, मान्यजन र पाहुनालाई गरिने अभिवादन, शिष्टाचार, सत्कार एवम् सभ्य व्यवहार प्रदर्शन गर्ने ।<br>• हामीले घरमा खाने मुख्य खानाहरू र पत्रु खानाहरूको फाइदा बेफाइदा तुलना गर्ने । | • समाजका ज्येष्ठ नागरिक र असहज स्थितिका मानिसहरुप्रति सहयोगी व्यवहार ।<br>• परीवार, मान्यजन र पाहुनालाई गरिने अभिवादन, शिष्टाचार, सत्कार एवम् सभ्य व्यवहार ।<br>• हामीले घरमा खाने मुख्य खानाहरू र पत्रु खानाहरूको फाइदा बेफाइदा । | कस्तो व्यवहार गर्नुपर्छ ? छलफल चलाउने ।<br>• जङ्कफुड अर्थात बजारमा पाइने तयारी खानाका बेफाइदा र घरमा बनाइने खानाहरुका फाइदाहरुका बारेमा प्रबचन दिन लगाउने ।<br>• नातासम्बन्धको हिसावले उच्च र स्वभाव एवम् आचरणको हिसावले अब्बल मानिसहरुलाई आदर र सम्मान गर्नु पर्ने सन्दर्भलाई चित्रात्मक एवम् भिडियोको माध्यमबाट विषयवस्तु प्रस्तुत गर्नुका साथै कुनै एउटा विद्यार्थीको परिवारलाई उदाहरणको रुपमा प्रस्तुत गरेर सहजीकरण गर्ने<br>• विद्यार्थीहरुलाई प्रणव ध्यान, भस्त्रिका प्रणायाम, सिंहासन, गरुडासन आदि सिकाउनका लागि शिक्षक आफैले एकपटक सबैको सामू गरेर देखाउने ।<br>• तत्पश्चात आफ्नो निर्देशनमा विद्यार्थीहरुलाई प्राणायम, ध्यान र आसनको अभ्यास गर्न लगाइ | सूचि बनाउन लगाउने ।<br><br>ऋसल मानिसहरुका गुणहरुको सूचि बनाउन लगाउने ।<br><br>विषयवस्तुमाथि छलफल, प्रस्तुतिका क्रममा सहभागिता, जिज्ञासा र अभिब्यक्ति सिपको मापन गर्ने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | आफूले पथप्रदर्शन र पृष्ठपोषण प्रदान गर्ने ।<br>• विद्यार्थीहरुले गरेका ध्यान, प्राणायाम र आसनहरुको नाम र महत्त्वको बारेमा बताउने । | | |
| ५ | हाम्रो ाातावरण र विपद व्यवस्थापन | • शुभकालिकाका सामुदायिक वनजङ्गलको परिचय दिने<br>• गाउँपालिका भित्रका वनमा पाइने वन्यजन्तु र चराहरुको परिचय दिने र महत्व बताउने ।<br>• स्थानीय बोटबिरुवाहरूको परिचय, महत्व तथा उपयोग बताउने ।<br>• घर र विद्यालयमा बाल बगैंचाको निर्माणमा सहयोग र हेरचाह गर्ने ।<br>• घर र विद्यालयमा | • शुभकालिकाका सामुदायिक वनजङ्गलमा पाइने वन्यजन्तु र चराहरु ।<br>• स्थानीय बोटबिरुवाहरूको परिचय, महत्व तथा उपयोग ।<br>• घर र विद्यालयमा बाल बगैंचा निर्माण ।<br>• घर र विद्यालयमा पानीका स्रोतहरुको उपयोग ।<br>• फोहोरमैला वर्गीकरण र व्यवस्थापन । | • वन्यजन्तु र चराहरुको चित्र देखाउदै उक्त वन्यजन्तु र चराहरुको बासस्थान, उपयुक्त हुने मौसम, खानेकुरा आदिको बारेमा छलफल र सहजीकरण गर्ने ।<br>• गाउँपालिकाभित्र वन क्षेत्रमा हुने वन्यजन्तु तथा चराहरुको बारेमा अवलोकन⁄ चित्र⁄ भिडियो सामग्रीको माध्यमबाट पहिचान, परिचय र महत्त्वको बारेमा आवश्यक छलफल र सहजीकरण गर्ने ।<br>• विद्यालय बगैंचामा फूल, परिसरमा अन्य विरुवाहरु रोप्न लगाई संरक्षण गर्न लगाउने ।<br>• घर तथा विद्यालय वरपर भएका पानीका स्रोतहरुको पहिचान गर्न लगाउने र तिनीहरुको उपयोग के के | प्रश्नोत्तर<br><br>गाउँपालिकाभित्र पाइने वन्यजन्तु र चराचुरुंगीको चित्रहरु बनाई पोष्टर बनाउन लगाउने र मापन गर्ने ।<br><br>विद्यालय बगैंचा निर्माण र बृक्षारोपण कार्यमा विद्यार्थी सहभागिताको स्तर मापन गर्ने ।<br><br>परियोजना कार्य : घरमा निस्कने कुहिने | ३० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | पानीका स्रोतहरुको उपयोग गर्ने तरिका बताउने र सदुपयोग गर्ने ।<br>• फोहोरमैला व्यवस्थापनको पहिचान गरी विद्यालयमा फोहोरमैलाको वर्गीकरण गर्ने र व्यवस्थापनमा सहभागी हुने ।<br>• व्यक्तिगत सामग्रीको हिफाजत र सरसफाइको परिचय दिने र अभ्यास गर्ने ।<br>• घर, छरछिमेक, विद्यालय तथा समुदायको सरसफाइमा सहभागिता जनाउने ।<br>• विपदको परिचय दिने ।<br>• विपदको किसिम ( प्राकृतिक र मानव सिर्जित) छुट्टयाउने । | • व्यक्तिगत सामग्रीको हिफाजत र सरसफाइ ।<br>• घर, छरछिमेक, विद्यालय तथा समुदायको सरसफाइमा सहभागिता ।<br>• विपदको परिचय ।<br>• विपदको किसिम ( प्राकृतिक र मानव सिर्जित) ।<br>• विद्यालयभित्र हुने जोखिमहरु र सावधानी ।<br>• भूकम्प र महामारीबाट सुरक्षित हुनको लागि आवश्यक सावधानी । | मा गर्न सकिन्छ ? छलफल गराउने ।<br>• घर परिवार, विद्यालय, अस्पताल, कारखाना आदिबाट निस्कने फोहोरहरु ठोस (कुहिने र नकुहिने) तथा तरल फोहोर हुने र यी फोहोरहरुलाई व्यवस्थापन गर्नको लागि सही ठाउमा विसर्जन गर्ने, मल बनाउने, प्रशोधन गर्ने आदि जस्ता उपायहरु अपनाउनुपर्ने कुराहरुमा छलफल गराउने । विद्यालयको फोहोरलाई व्यवस्थापन गर्नका लागि विद्यार्थी सहभागितामा कार्य गर्ने र छलफल चलाउने ।<br>• चित्र र पोष्टरका माध्यमबाट विपद पहिचान गर्न लगाउने<br>• श्रव्यदृश्य सामग्रीको माध्यमले भूकम्पको चिनारी गराउने र यससम्बन्धी अनुभव समेत आदानप्रदान गर्ने गराउने ।<br>• चित्रको माध्यमले भूकम्पबाट बच्ने उपायहरू बताउने र छलफल गराउने । | र नकुहिने प्रकारका फोहोरको एक हप्ताको सूचि बनाई प्रस्तुत गर्न लगाउने ।<br><br>विद्यालय परिसरमा हुनसक्ने सम्भावित विपदहरु के के हुन् ? तिनीबाट जोगिनका लागि आवश्यक सावधानी के के अपनाउनस सकिन्छ ? छलफल गर्नु लगाई अभिब्यक्ति सिप मापन गर्नुहोस् । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | • विद्यालयभित्र जस्तै छत, बिजुली, र्भयाङ्ग, बरण्डा, खेल सामग्री, फर्निचर, शौचालय आदिमा हुने जोखिमहरुको पहिचान गर्ने ।<br>• विद्यालयभित्र हुने जोखिमबाट साबधानी अपनाउने<br>• भूकम्प र महामारीबाट सुरक्षित हुनको लागि आवश्यक सावधानी अपनाउने । | | • भूकम्पबाट हुने क्षति कम गर्नका लागि कृतिम घटना अभ्यास गराउने<br>• चित्र र श्रव्यदृष्य सामग्रीको माध्यमले महामारीको जानकारी दिने ।<br>• विद्यालय परिसर भ्रमण वा अवलोकन गरी विभिन्न जोखिमयुक्त स्थानहरू पहिचान गराउने र ती स्थानहरु जोखिमयुक्त हुनुको कारणबारे छलफल गर्ने/गराउने ।<br>• विद्यालयमा हुने सम्भाव्य जोखिमहरूको सूचि बनाउन लगाउने<br>• विद्यालयमा हुने विभिन्न जोखिमहरूबाट बच्ने उपाय र अपनाउने सावधानीको विषयमा छलफल गर्न गराउने | | |

कक्षा ४

| क्र सं. | मुख्य विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तु | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| १ | हाम्रो शुभकालिका | पलिकाको नामाकरणको अर्थ जान्ने । पालिकाको प्रोफाइल अध्ययन गरी तथ्याङ्कसहित पालिकाको बारेमा जानकारी प्राप्त गर्ने । जस्तै जातजाति, जनसंख्या, बजार, विद्यालय, सडक, उत्पादन, कृषि, पेशा व्यवसाय आदि ।<br>• | पलिकाको नामाकरण । पालिकाको प्रोफाइल अध्ययन (जातजाति, जनसंख्या, बजार, विद्यालय, सडक, उत्पादन, कृषि, पेशा व्यवसाय आदि) ।<br>• | • गाउँपीलकाको नामाकरणसम्बन्धी अवधारणाका साथै कुनकुन गाउँहरु मिलेर शुभकालिका गाउँपालिका बनेको हो भन्ने छलफल चलाउने ।<br>• गाउँपालिकाको प्रोफाइल हेर्न लगाउने ।<br>प्रोफाइलमा दिइएअनुसार गाउँपालिकाको क्षेत्रफल, अवस्थिति, जनसंख्या, मुख्यमुख्य बजार क्षेत्र, सडक, विदालय, खोला नदि, वन क्षेत्र, खानी, उत्पादन, पेशा आदिबारे् तथ्यांकीय जानकारी गराउने । | गाउँपाकिलाको नामसँग जोडिएका मिथकहरु सोध्ने ।<br><br>गाउँपाकिलासँग सम्बन्धित विभिन्न तथ्यसम्बन्धी प्रश्नोत्तर । | २० |
| २ | हाम्रो समाज, संस्तृति र सम्पदा | स्थानीय जातजातिका मौलिक बाजा, भाका, गीत, नाँच अभ्यास गर्ने, जानकारी दिने र तिनको साँस्कृतिक सम्बन्ध बताउने ।<br>• प्राकृतिक सम्पदा (जमिन, वनजङगल, गाड, खोला, ताल, पोखरीको परिचय र महत्व वताउन । | स्थानीय जातजातिका मौलिक बाजा, भाका, गीत, नाँच अभ्यास र तिनको साँस्कृतिक सम्बन्ध ।<br>• प्राकृतिक सम्पदा ( जमिन, वनजङगल, गाड, खोला, ताल, पोखरीको परिचय र | • स्थानीय बाजा, पोशाक, गरगहनासहित विद्यार्थी ट्यालेण्ट शो आयोजना गर्ने ।<br>• स्थानीय स्रोत व्यक्तिको सहायताबाट बाजा बजाउन सिकाउने ।<br>• स्थानीय लोकगीतहरु जस्तै - तीज गीत, भजन, देउडा, ठाडी भाका, सिंगारु भाका, लामसरी भाका, | विद्यार्थीले समुदायअनुसार कपडा लगाउन भन्ने र ती पोशाकका बारेमा जिज्ञासा राख्ने । विद्यार्थी प्रतिक्रियाको मापन गर्ने । | ३६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | • मानव निर्मित सम्पदा ( मन्दिर, अस्पताल, विद्यालय, कूलो, धारा, कुवा आदिको परिचय र महत्व बताउने ।<br>स्थानीय मेला, जात्रा, चाडपर्व (तीज, माघे संक्रान्ति, चैते दशैं, असारे संक्रान्ति, भदौ पूर्णिमा, हरेलो, भूवाखेल) र स्थानीय लोकगीत -तीज गीत, भजन, देउडा, ठाडी भाका, सिंगारु भाका, लामसरी भाका, मागल, चुट्कीला, फाग गीत, दरी, आदिको परिचय दिने र अभ्यास गर्ने । | महत्व ।<br>• मानव निर्मित सम्पदा (मन्दिर, अस्पताल, विद्यालय, कूलो, धारा, कुवा आदिको परिचय र महत्व ।<br>• स्थानीय मेला, जात्रा, चाडपर्व (तीज, माघे संक्रान्ति, चैते दशैं, असारे संक्रान्ति, भदौ पूर्णिमा, हरेलो, भूवाखेल) र स्थानीय लोकगीत - तीज गीत, भजन, देउडा, ठाडी भाका, सिंगारु भाका, लामसरी भाका, मागल, चुट्कीला, फाग गीत, दरी, आदि । | मागल, चुट्कीला, फाग गीत, दरी, आदिको परिचय दिने क्रममा फोटो र भिडियो देखाई सहजीकरण गर्ने ।<br>• स्थानीय मेला, जात्रा, चाडपर्व ( तीज, माघे संक्रान्ति, चैते दशैं, असारे संक्रान्ति, भदौ पूर्णिमा, हरेलो, भूवाखेल) जस्ता पर्वहरुका बारेमा चित्र, भिडियो र स्थानीय स्रोत व्यक्तिको सहायता लिई जानकारी गराउने ।<br>• आवश्यकता अनुसार सम्बन्धित लोकगीतका जानकार व्यक्तिहरुलाई आमन्त्रण गरी सहजीकरणका लागि अनुरोध गर्ने ।<br>• जमिन, वनजङ्गल, खोलानाला, तालपोखरी र नदीको महत्त्व र फाइदाको बारेमा सूची बनाउने ।<br>• मानव निर्मित सम्पदा (मन्दिर, अस्पताल, क्याम्पस, विद्यालय, नहर, कुवा आदि) को परिचय र महत्वका बारेमा विद्यार्थीहरुको अनुभव र पूर्वज्ञानको आधारमा छलफल गर्ने ।<br>• | बाद्यवादन, गायन, अभिनय कला प्रस्तुति वा सिर्जनात्मक पक्षको मापन गर्ने ।<br>परियोजना कार्य : आफ्ना बाबुआमासँग सोधेर आफ्नो समुदायमा मनाइने लोकप्रिय स्थानीय चाडपर्वको धार्मिक ऐतिहासिक महत्व, विधि लगायत जानकारी दिन लगाउने र प्रस्तुतिको् मापन गर्ने ।<br>गाउँपाकिलामा भएका मुख्यमुख्य मानवनिर्मित सम्पदाहरुको अवलोकन गरी तिनीहरुको महत्व उल्लेख गर्नुहोस् । | |
| ३ | कृषि, पेशा, व्यवसाय र प्रविधि | आफ्नो घर, समुदाय वा विद्यालयमा गरिने लसुन, अदुवा, प्याज, बेसार, सखरखण्ड, बदाम, धनिया | आफ्नो घर, समुदाय वा विद्यालयमा गरिने लसुन, अदुवा, प्याज, बेसार, सखरखण्ड, | • गाउँपालिका भित्रका विभिन्न स्थानमा सबै भन्दा धैरै खेती गरिने बालीनालीहरु जस्तै : लसुन, दुदु, प्याज, बेसार, सखरखण्ड, बदाम, | प्रश्नोत्तर<br><br>क्षेत्र भ्रमणका क्रममा गरिएको अवलोकनका | ३० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | खेतीमा सहयोग गर्ने । स्थानीय स्तरमा उत्पादित वस्तुहरु-परालको गुन्द्री, चकटी, डोको, सुपो, हँसिया, बाबियोको डोरी, आल्लोको डोरी, ढरिया ठेकी, मदानी, खिरे, खाप, मदुस, कोर्को, सागु, ओखल, मुसल आदिको परिचय दिने । परम्परागत कृषि औजारहरु-हलो, जुवा, फरुवा, लिड्को, कुटो, कोदाली, बन्चरो, खुकुरी आदिको चिनारी र कृषि कार्यमा प्रयोग तथा महत्व बताउने । आँप, केरा, तरकारी, तोरी, आलु जस्ता नगदे वालीहरूको खेती, प्रविधि, उत्पादन र बजारीकरणको अवस्था बताउने । | बदाम, धनिया खेती । स्थानीय स्तरमा उत्पादित वस्तुहरु-परालको गुन्द्री, चकटी, डोको, सुपो, हँसिया, बाबियोको डोरी, आल्लोको डोरी, ढरिया ठेकी, मदानी, खिरे, खाप, मदुस, कोर्को, सागु, ओखल, मुसल आदिको परिचय । परम्परागत कृषि औजारहरु-हलो, जुवा, फरुवा, लिड्को, कुटो, कोदाली, बन्चरो, खुकुरी आदिको चिनारी र कृषि कार्यमा प्रयोग तथा महत्व । आँप, केरा, तरकारी, तोरी, आलु जस्ता नगदे वालीहरूको खेती, प्रविधि, उत्पादन र बजारीकरणको अवस्था । | पुदिना आदिको जानकारी चित्र, भिडियोद्धारा देखाउने ।<br>• विद्यार्थीहरुलाई उक्त खेती गरिएको ठाउँमा भ्रमण गराउने र खेती गर्ने तरिकाको जानकारी दिन लगाउने ।<br>• वास्तविक वस्तु वा चित्र वा भिडियोको माध्यमबाट गाउँपालिका क्षेत्रमा उत्पादन हुने हस्तनिर्मित सामग्रीहरु : परालको गुन्द्री, चकटी, डोको, सुपो, हँसिया, बाबियोको डोरी, आल्लोको डोरी, ढरिया, ठेकी, मदानी, खिरे, खाप, मदुस, कोर्को, सागु, ओखल, मुसल आदिको परिचय दिने ।<br>• उल्लिखित वस्तुहरुको प्रयोग के के कार्यका लागि गरिन्छ ? बताउन लगाउने र शिक्षकले आवश्यक पृष्ठपोषण दिने ।<br>• आफ्नो घर वा समुदायमा परम्परागत रुपमा कृषिमा प्रयोग गरिने औजारहरुको बारेमा जानकारी दिन लगाउने<br>• गाउँपालिका अन्तर्गतका विभिन्न गाउँवस्तीमा प्रयोग गरिने परम्परागत कृषि औजारहरु : हलो, जुवा, फरुवा, लिड्को, कुटो, कोदाली, बन्चरो, खुकुरी आदिको | आधारमा प्रतिवेदन लेखन र प्रस्तुति कार्यको मापन ।<br><br>परियोजना कार्य : आफ्नो छिमेकका ५ ओटा परीवारमा लगाइने नगदे वाली वा पालिएका पशुपंक्षीको नाम, परिमाण र आम्दानीको तालिका बनाउनुहोस् ।<br><br>परम्परागत रुपमा कृषिमा प्रयोग गरिने औजारहरुको बारेमा जानकारी दिन लगाउने र मापन गर्ने ।<br><br>आफ्नो घर वरपर फलफुलबाट आम्दानी गरिरहेका व्यक्तिहरुसँग भेटी लगानी बजार र आम्दानीको स्थितिबारे प्रतिवेदन लेख्न लगाई | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | परिचय, प्रयोग र महत्त्व बताउने ।<br>• आँप, केरा, तरकारी, तोरी, आलु जस्ता नगदे बालीहरूको खेती गर्ने मानिसहरुसँग सम्पर्क गरी प्रविधि, उत्पादन र बजारीकरणको अवस्था जानकारी गराउन लगाउने । | मापन गर्ने । | |
| ४ | जीवन कला र अनिवार्य सिपहरू | • समाज र राष्ट्रका असल मानिसहरुका व्यवहार एवम् गुणहरुको पहिचान, असल कार्यहरुको चर्चा एवम् अनुसरण गर्ने ।<br>• आफूलाई मन पर्ने गीत, सङ्गीत र नृत्यहरुको श्रवण, अवलोकन, सिर्जना र अभ्यास गर्ने ।<br>• अरुमा भएका राम्रा कुराहरुको पहिचान, सम्मान र प्रसंशा गर्दै त्यस्ता आनीबानीहरुलाई आफ्नो जीवनमा अनुशरण गर्ने ।<br>• योग र ध्यान (प्रणव ध्यान, भस्त्रिका, अनुलोम-विलोम प्रणायाम, बक्रासन, शलभासन) को परिचय दिई र अभ्यास गर्ने ।<br>• परिवार, विद्यालय र समाजका जेष्ठ नागरिक र असहज | • समाज र राष्ट्रका असल मानिसहरुका व्यवहार एवम् असल कार्यहरु ।<br>• गीत, सङ्गीत र नृत्य ।<br>• योग र ध्यान (प्रणव ध्यान, भस्त्रिका, अनुलोम-विलोम प्रणायाम, बक्रासन, शलभासन) को परिचय दिई र अभ्यास ।<br>• परिवार, विद्यालय र समाजका जेष्ठ नागरिक र असहज स्थितिका मानिसहरुप्रति सहयोग ।<br>• पौष्टिकतत्वहरु नष्ट नहुने गरी फलफूलहरु | • विद्यार्थीलाई आदर्श व्यक्ति पहिचान गर्न लगाई ती व्यक्तिमा भएका असल गुणहरु टिपोट गर्न लगाउने । ती गुणहरु मध्ये आफुसँग नभएका कुनकुन हुन् ? छुट्ट्याउने र तिनीहरुको अनुसरणका लागि उत्प्रेरित गर्ने ।<br>• स्थानीय गीत, संगीत र नृत्यको अभ्यास गराउने । I do, We do र You do का क्रममा अभ्यास गराउने ।<br>• स्थानीय गीत नाचहरुको संकलन र सिर्जना गर्न अवसर दिने ।<br>• समाजका जेष्ठ नागरिकहरुलाई कस्तो व्यवहार गर्नुपर्छ ? छलफल चलाउने । स्थानीय जेष्ठ नागरिकहरुलाई भेट गराई कुराकानी गर्ने अवसर दिने र बालबालिकाले जेष्ठ नागरिकलाई केही उपहार दिने वा सेवा गर्ने प्रबन्ध गर्ने । यो अनुभवलाई | विद्यार्थी व्यवहारमा देखिने असल गुणहरुको अभिलेखीकरण गर्ने र मापन गर्ने ।<br><br>स्थानीय कला, गीत, नृत्य आदिको कलात्मक पक्षमा विदार्थीका सिपको मापन गर्ने ।<br><br>प्रश्नोत्तर<br><br>जेष्ठ नागरिकप्रति गरिएको कार्यक्रममा विद्यार्थी सहभागिता र प्रतिवेदनको स्तर मापन गर्ने ।<br><br>वैयक्तिक स्वास्थ्य अवस्था अवलोकन गरी | २० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | स्थितिका मानिसहरुप्रति सहयोग गर्ने स्वभावको अभ्यास गर्ने ।<br>. शरीरलाई आवश्यक पर्ने पौष्टिकतत्वहरु नष्ट नहुने गरी फलफूलहरु र तरकारी खाने तरिकाको जानकारी प्राप्त गरी सोको अभ्यास गर्ने ।<br>. बैयक्तिक स्वास्थ्यका लागि सन्तुलित भोजनका लागि स्थानीय खानाहरुको पहिचान गर्ने र आहारको बानी बसाल्ने । जंक फूड नखाने ।<br>शारीरिक कसरतका अभ्यास गर्ने । | र तरकारी खाने तरिका ।<br>. बैयक्तिक स्वास्थ्यका लागि सन्तुलित भोजन<br>. जंक फूडका हानी ।<br>शारीरिक कसरत । | प्रतिवेदन लेखी प्रस्तुत गर्न लगाउने ।<br>• ह्तम्रो खाना र पकाउने विधि र पौष्टिक आहारको सम्बन्ध बताउने । घरमा पकाउने खाने तरिकाबाट भएका फाइदा बेफाइदाको छलफल चलाई सही तरिकाले पकाउने खाने ब्यवहार बताउने ।<br>• वैयक्तिक स्वास्थ्यका हिसबाले गर्नुपर्ने दैनिक कार्य र ब्यवहारबारे छलफल चलाउने । स्थानीय स्वास्थ्य केन्द्रका कर्मचारीलाई स्रोत ब्यक्तिका रुपमा प्रयोग गर्न सकिने ।<br>• जङ्कफुड अर्थात बजारमा पाइने तयारी खानाका बेफाइदा र घरमा बनाइने खानाहरुका फाइदाहरुका बारेमा प्रबचन दिन लगाउने ।<br>• विद्यार्थीहरुलाई प्रणव ध्यान, भस्त्रिका प्रणायाम, सिंहासन, गरुडासन आदि सिकाउनका लागि शिक्षक आफैले एकपटक सबैको सामू गरेर देखाउने, अभ्यास गराउने र महत्वका बारेमा छलफल गर्ने । | मापन गर्ने । | |
| ५ | हाम्रो | . स्थानीय क्षेत्रमा पाइने | . स्थानीय क्षेत्रमा | . स्थानीय वनमा पाइने औषधिजन्य | परियोजना कार्य: | २२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ाातावरण र विपद व्यवस्थापन | औषधिजन्य वनस्पतिहरु टिमूर, काउलो, आक्चेकाफल, बादरेकेरा, अमला, कुरिल्लो, घुच्ची च्याउ, खिरौलो, तेजपत्ता, बिलाउनी, घोडटाप्रे, हात पसारो, स्याँली, दुधे मसुरे, गुर्जो, भाँगेचुक, बाँको, सेत बोक्रो, सिल्पाउरी, जामुनो, बोजो, पदमचाल्नो, चुके, भुल्ते, भुतकेश, बाँजकोटी, कटुको, मलागिरी, फरुन, पोकचाल्नो, यार्शागुम्बा, सुनगाभा, धसिङग्रे आदि पहिचान गर्ने ।<br>• गाउँपालिका भित्रका वनमा पाइने वन्जजन्तु र चराहरुको परिचय दिने र महत्व बताउने ।<br>• गाउँपालिका क्षेत्रमा पाइने ठुला बनस्पति रुखहरुको पहिचान गर्न ।<br>• करेसाबारी निर्माणमा सहभागी हुने ।<br>• विद्यालयमा बाल बगैंचा र वृक्षारोपणमा सहभागी हुने । | पाइने औषधिजन्य वनस्पतिहरु टिमूर, काउलो, आक्चेकाफल, बादरेकेरा, अमला, कुरिल्लो, घुच्ची च्याउ, खिरौलो, तेजपत्ता, बिलाउनी, घोडटाप्रे, हात पसारो, स्याँली, दुधे मसुरे, गुर्जो, भाँगेचुक, बाँको, सेत बोक्रो, सिल्पाउरी, जामुनो, बोजो, पदमचाल्नो, चुके, भुल्ते, भुतकेश, बाँजकोटी, कटुको, मलागिरी, फरुन, पोकचाल्नो, यार्शागुम्बा, सुनगाभा, धसिङग्रे ।<br>• गाउँपालिका भित्रका वनमा पाइने वन्जजन्तु र चराहरुको परिचय र महत्व ।<br>• गाउँपालिका क्षेत्रमा | वनस्पतिहरु ( टिमूर, काउलो, आक्चेकाफल, बादरेकेरा, अमला, कुरिल्लो, घुच्ची च्याउ, खिरौलो, तेजपत्ता, बिलाउनी, घोडटाप्रे, हात पसारो, स्याँली, दुधे मसुरे, गुर्जो, भाँगेचुक, बाँको, सेत बोक्रो, सिल्पाउरी, जामुनो, बोजो, पदमचाल्नो, चुके, भुल्ते, भुतकेश, बाँजकोटी, कटुको, मलागिरी, फरुन, पोकचाल्नो, यार्शागुम्बा, सुनगाभा, धसिङग्रे आदिको बारेमा प्रत्यक्ष एवम् चित्र र भिडियो अवलोकनद्धारा पहिचान गराउने र तिनीहरुको उपयोगमा छलफल गराउने ।<br>• गाउँपालिका भित्रका वनमा भएका वन्यजन्तु तथा चराहरुको बारेमा अवलोकन/चित्र/भिडियो प्रदर्शन आदिको माध्यमबाट परिचय दिने र तिनीहरुको संरक्षणको महत्व बताउने ।<br>• गाउँपालिकाभित्र पाइने मुख्यमुख्य ठूला रुखहरुको जानकारी र महत्वबारे बताउने ।<br>• वनसम्बन्धी जानकारीका लागि वन कार्यालयका कर्मचारीलाई स्रोत व्यक्तिका रुपमा प्रयोग गर्ने । | स्थानीय वनमा पाइने जडिबुटीहरुमध्ये कम्तीमा पाँच वटा खोज्ने र तिनीहरुको नाम, चित्र वा वास्तविक वस्तु र औषधीय गुणको चार्ट बनाई कक्षामा प्रस्तुत गर्न लगाउने र स्तर मापन गर्ने ।<br><br>प्रश्नोत्तर<br><br>वन्यजन्तु तथा चराहरुको संरक्षणको महत्वको बारेमा वक्तृत्वकला आयोजना गरी विषयवस्तु र सञ्चार सिपको मापन गर्ने ।<br><br>विद्यालय करेसाबारी वा बृक्षरोपण कार्यमा विद्यार्थीको सहभागिता हेरी मापन गर्ने ।<br><br>वातावरण र विकास विषयक निबन्ध लेखन कार्यक्रम आयोजन गर्ने | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | . वातावरण र विकासको परिचय दिने ।<br>. गाउँपालिका क्षेत्रमा भएका पानीका स्रोतहरुको परिचय दिने तथा उपयोग पहिचान गरी आवश्यकता अनुसार प्रयोग गर्ने ।<br>. फोहोरमैलाले स्थानीय स्तरमा पारेको असर पहिचान गर्ने ।<br>. वातावरण प्रदूषणको स्थानीय अवस्थाको पहिचान गर्ने ।<br>. फोहोरमैलाको वर्गीकरण गर्न र व्यवस्थापनमा सहयोग गर्ने ।<br>. विद्यालय परिसर, आउने जाने बाटो, छरछिमेकमा भएका सम्भावित जोखिमका स्थान पहिचान गर्ने र ती ठाउँमा हिँड्दा, क्रियाकलाप गर्दा अपनाउनुपर्ने सावधानीको जानकारी र अभ्यास गर्ने । | पाइने ठुला रुखहरुको पहिचान ।<br>. करेसाबारी निर्माण ।<br>. विद्यालयमा बालबगैंचा र वृक्षारोपण ।<br>. वातावरण र विकासको परिचय ।<br>. पानीका स्रोतहरु ।<br>. फोहोरमैलाले स्थानीय स्तरमा पारेको असर ।<br>. वातावरण प्रदूषणको स्थानीय अवस्था ।<br>. फोहोरमैलाको वर्गीकरण गर्न र व्यवस्थापन ।<br>. विद्यालय परिसर, आउने जाने बाटो, छरछिमेकमा भएका सम्भावित जोखिमका स्थान पहिचान र ती ठाउँमा हिँड्दा, क्रियाकलाप गर्दा अपनाउनुपर्ने सावधानी । | . विद्यालयमा करेसा बारी, बगैंचा निर्माण र बृक्षारोपण गराई संरक्षणमा सामूहिक जिम्मेवारी तोक्ने ।<br>. स्थानीय स्तरमा भैरहेका विकास निर्माण कार्यहरुमा वातावरणको सम्बन्ध र असरलाई जोडेर छलफल चलाउने ।<br>. फोहरमैलाको अवस्था र यसले मानिस र वातावरणमा पारेको असर पहिचान गराउनुहोस् ।<br>. व्यक्तिगत तथा वातावरणीय स्वच्छताका उपायहरु सूचिवद्ध गर्ने र अनुसरण गर्ने वानी विकास गर्ने ।<br>. स्थानीय प्राकृतिक जोखिम र विपदका क्षेत्र पहिचान गरी त्यहाँ आवतजावत गर्दा अपनाउनुपर्ने सतर्कतासम्बन्धी अभ्यास कार्य गर्ने । | र निबन्धको स्तर मापन गर्ने ।<br><br>गाउँपालिकाभित्र प्राकृतिक जोखिम र विपदका सम्भावित क्षेत्रहरु पहिचान गर्ने, तिनीहरुको कारण पत्ता लगाउने र जोगिएर गतिविधि गर्ने सम्बन्धमा छलफल गराई प्रस्तुतिको मापन गर्ने । | |

कक्षा ५

| क्र सं. | मुख्य विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तु | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| १ | हाम्रो शुभकालिका | • गाउँपालिकाको अवस्थिति (अक्षांश, देशान्तर र उचाइ) पत्ता लगाउने ।<br>• गाउँपालिकाका केही महत्वपूर्ण स्थलका नामाकरणबारे बताउने ।<br>• पालिकाको नक्सा बनाइ आफ्नो गाउँ, विद्यालय, वडा कार्यालय, मुख्य सडक र बाटाहरु देखाउने ।<br>• गाउँपालिकाको मुख्यमुख्य काम, कर्तव्य र अधिकारबारे बताउने ।<br>• पालिका वरपरका छिमेकी पालिकाहरूको परिचय नाम, अवस्थिति र मुख्य विशेषताशरू बताउने ।<br>• गाउँपालिकाभित्रका विभिन्न शिक्षालयहरूका कक्षा र सञ्चालित कार्यक्रमबारेमा जानकारी लिने । | • नागरिक बडापत्र<br>• पालिका र वडा कार्यालयहरूबाट प्राप्त हुने सेवा सुविधा र शर्तहरू ।<br>• गाउँपालिकाको मुख्यमुख्य काम, कर्तव्य र अधिकार<br>• छिमेकी पालिकाहरूको परिचय नाम, अवस्थिति र मुख्य विशेषताशरू<br>• गाउँपालिकाभित्रका विभिन्न शिक्षालयहरु | • गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष र वडाध्यक्षले गर्ने प्रमुख कामको सम्बन्धमा कानूनको समेत आधार लिएर छलफल गर्ने । यसका लागि स्थानीय जनप्रतिनिधि वा जानकार अतिथि वक्तालाई आमन्त्रण गर्ने ।<br>• वडा तथा पालिका कार्यालयमा अवलोकन भ्रमण गराउने ।<br>• गाउँपालिकाको नागरिक वडापत्रको अध्ययन गराई पालिकाबाट प्राप्त हुने सेवाहरु र त्यसका लागि आवश्यक शर्त र शुल्कसहितका बारेमा जानकारी गराउने ।<br>• गाउँपालिकाका छिमेकी पालिकाहरुमो नाम, अवस्थिति, मुख्य जातजाति र विशेषतासहित जानकारी गराउने ।<br>• आफ्नो गाउँपालिकाभित्र नजिकको विद्यालयको अवलोकन भ्रमण गराई जानकारी गराउने । पालिकाभित्रका अन्य विद्यालय र सञ्चालित कार्यक्रमबारे जानकारी गराउने । यसका लागि चित्र, भिडियो वा | • नागरिक बडापत्रमा उल्लेखित जानकारीबारे प्रश्नोत्तर गर्ने ।<br>• पालिका कार्यालयको भ्रमणपश्चात् प्रतिवेदन लेख्न लगाई स्तर मापन गर्ने ।<br>• गाउँपालिकामा रहेका विद्यालयहरु र सञ्चालित कार्यक्रमहरुका बारेमा प्रश्नोत्तर गर्ने । | २० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | शिक्षा शाखाका कर्मचारीहरुको सहयोग लिन सकिने । | | |
| २ | हाम्रो समाज, संस्कृति र सम्पदा | स्थानीय मुख्य जातजातिका विशेष पर्वहरूमा गरिने मुख्य संस्कार, पहिरन, खाना, गीत आदिका बारेमा जानकारी दिने, अभ्यास गर्ने ।<br>सामाजिक एवम् सार्वजनिक सम्पतिप्रतिको दायित्वबोध गर्ने र संरक्षण कार्य गर्ने ।<br>• सम्पदाको संरक्षणमा हाम्रो भूमिका उल्लेख गर्ने ।<br>• गाउँपालिकाभित्र रहेका विभिन्न धार्मिक र साँस्कृतिक स्थल ( मठमन्दिर, चर्च, गुफा, कुल देवताका थान, गुठी) आदिको अवस्थिति पत्ता लगाइ सूची बनाउने ।<br>गाउँपालिकाका परम्परागत स्थानीय लोकगीत, लोक नृत्य, गाउँ खाने कथा, | • सामाजिक चुनौतिको रुपमा रहेका बालश्रम, बालविबाह, अन्धविश्वास, भूतप्रेत, बोक्सीका कारण समाजमा परेका असर र उक्त असरहरुलाई न्यूनिकरण गर्नका लागि आवश्यक उपायहरु ।<br>• स्थानीय साझा मेला, चाडपर्वहरूका विशेषता, मनाइने समय, समुदाय ।<br>• सामाजिक विकृतिहरू र सुधारका प्रयाशहरू ।<br>• शुभकालिका गाउँपालिकामा रहेका विभिन्न खोला, नदी, धारा, पोखरी, कुवाजस्ता जलसम्पदाले पुऱ्याएको योगदान<br>• गाउँपालिकामा विद्यमान कला, सँस्कृति र साहित्य ।<br>• शुभकालिकागाउपालिकाका धार्मिक सम्पदाहरु र महत्व । | • सामाजिक चुनौतिको रुपमा रहेका बालश्रम, बालविबाह, अन्धविश्वास, भूतप्रेत, बोक्सीका कारण समाजमा परेका असर र समाधानका बारेमा प्रबचन, नाटक, चित्र, भिडियो, अनुसन्धनात्मक लेख आदिको माध्यमबाट चेतनामूलक प्रस्तुति गर्ने ।<br>• सामाजिक विकृतिविरुद्ध समूहसमूहमा नाटक वा गीत वा कविता वा चित्रकला जस्ता सिर्जनात्मक अभिब्यक्ति प्रदर्शन गर्न लगाउने ।<br>• स्थानीय साझा चाडपर्वहरुमा गरिने क्रियाकलापहरुको सूचि बनाउने, ती कार्यमा ब्यक्तिको के भूमिका हुन्छ छलफल गर्ने र स्वयम्सेवी कार्य गराउने ।<br>• मानव सम्पदा महत्वपूर्ण कि प्राकृतिक सम्पदा महत्वपूर्ण भनेर कक्षामा बादबिबाद प्रतियोगिता सञ्चालन गर्ने ।<br>• सम्पदाहरुको महत्व के छ र यिनीहरुको संरक्षण किन गर्नुपर्दछ | प्रश्नोत्तर<br><br>सामाजिक विकृतिविरुद्ध गीत वा कविता वा चित्रकला जस्ता सिर्जनात्मक अभिब्यक्तिमार्फत सन्देशमूलक सामग्री निर्माण गर्न लगाउने र स्तर मापन गर्ने ।<br><br>साझा चाडपर्वसम्बन्धी प्रश्नोत्तर गर्ने ।<br><br>मनव निर्मित र प्राकृतिक सम्पदाको महत्वबारेमा वक्तृत्वकला आयोजना गर्ने र अभिब्यक्ति सिपको मापन गर्ने ।<br><br>विभिन्न धार्मिक एवम् पर्यटकीय स्थलका | ३६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | आहान, पुरान र लोक कथाको बारेमा जानकारी संकलन गरी सुनाउने । | | भन्ने सम्बन्धमा विभिन्न चित्र र भिडियो क्लीप प्रस्तुत मार्फत सहजीकरण गर्ने ।<br>. गाउँपालिकाकाभित्र रहेका विभिन्न धार्मिक र साँस्कृतिक स्थल : मठमन्दिर, गुफा, कुल देवताका थान, गुठी आदिको बारेमा विद्यार्थीहरुसँग छलफल गरी अवस्थितिको सम्बन्धमा सूचना सङ्कलन गर्ने ।<br>. विद्यालय नजीक भएका त्यस्ता स्थलहरुमा अवलोकन भ्रमण गराई त्यहाँका पुजारी वा संरक्षण समितिका मानिसहरुसँग अन्तर्वाता गराई तिनीहरुको धार्मिक ऐतिहासिक महत्व, संरक्षण व्यवस्थापन आदि पक्षमा जानकारी लिने र प्रतिवेदन लेखन कार्य गराउने ।<br>. गाउँपलिकाको कला, साहित्य र सँस्कृतिसम्बन्धी विशेषताहरु जनकार व्यक्तिहरुसमेतको सहयोगमा जानकारी लिने र यसमा महत्वपूर्ण भूमिका खेल्ने व्यक्ति वा समूहहरुको योगदान बताउने । | बारेमा जनकारीमूलक प्रस्तुति आफ्नै कक्षामा वा अर्को कक्षामा गर्न लगाई विषयवस्तु र प्रस्तुति स्तर मापन गर्ने । | |
| ३ | कृषि, पेशा, व्यवसाय र प्रविधि | . स्थानीय पेसा व्यवसाय ( गाईपालन, भेडापालन, बाखापालन, कुखुरापालन, | . तरकारी बाली आलुको परिकार ।<br>. विद्यालय बगैंचामा आलु | . आलुका विभिन्न परिकारको बारेमा बताउने । यसक्रममा विद्यार्थीका पूर्व ज्ञान र अनुभवलाई पनि उपयोग | प्रश्नोत्तर<br><br>आलुका विभिन्न | ३० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | भैंसीपालन, बंगुरपालन, खरायोपालन, कालिजपालन, परेवापालन आदि) को परिचय दिने ।<br>. आलु, टमाटर, केरा, अदुवा, बेसार, धनिया, गोलभेडा, लसुन, च्याउखेती आदिको सामान्य परिचय दिने र महत्व बताउने ।<br>. मौरी पालनको परिचय दिने र महत्व बताउने ।<br>. स्थानीय मुख्य मुख्य बजारमा भएका पसल, व्यवसायमा उपलब्ध सेवाहरुको जानकारी लिने ।<br>. यी पसल र व्यवसायमा प्रयोग भएका प्रविधिहरु अध्ययन गर्ने । | खेती ।<br>. हस्त निर्मित सामग्रीहरु सुपो, लिउ, काम्लो, भाग्रो, जावो, फेरे र परालको गुन्द्री ।<br>. व्यावसायिक कृषिको परिचय दिने, कृषि पकेट क्षेत्र ।<br>मौरी पालन ।<br>पेशा र व्यवसायको प्रवर्द्धनमा पालिकाको भूमिका ।<br>ब्यवसायिक कृषि तथा अन्य उद्योग फर्महरूको खेति तथा उत्पादन प्रविधि ।<br>बजारीकरणको अवस्था ।<br>डिजिटल साक्षरता सिप । | गर्ने ।<br>. चित्र वा भिडियो मार्फत गाउँपालिका अन्तर्गतका विभिन्न स्थानमा पालन गरिने गाईपालन, भेडापालन, बाख्रापालन, कुखुरापालन, भैंसीपालन, बंगुरपालन, खरायोपालन, कालिजपालन, परेवा पालन आदिको परिचय दिने ।<br>. विद्यार्थीहरुलाई उल्लिखित पालन गरिएका विभिन्न स्थानहरु मध्ये पशुपालन गरिएको कुनै एक स्थान र पंक्षीपालन गरिएको कुनै एक स्थानमा भ्रमण गराई पालन गर्ने तरिका, बजार आदिको जानकारी दिने र विद्यार्थीहरुलाई आवश्यक विवरण टिपोट गरी कक्षामा प्रस्तुत गर्न परियोजना कार्य दिने ।<br>. गाउँपालिकाभित्रका कृषि पकेट क्षेत्रमा अवलोकन गराई प्राथमिकता दिइएको अन्न वा फलफुल वा तरकारी वा पशुपंक्षीपालनको बारेमा लगानी, प्रविधि, उत्पादन र बजारीकरणको अवस्था अध्ययन गराउने र कक्षामा प्रस्तुत गर्न लगाउने । यसरी विभिन्न पकेट क्षेत्रमा विभिन्न समूहमा विद्यार्थी | परिकार बनाउने र स्वादका बारेमा प्रश्नोत्तर गर्ने ।<br><br>परियोजना कार्यको प्रतिवेदन लेखन र प्रस्तुतिको मापन गर्ने ।<br><br>कृषि पकेट क्षेत्र भ्रमणको प्रतिवेदन लेखन गराई प्रस्तुति गर्न लगाउने र लेखन तथा प्रस्तुतिको स्तर मापन गर्ने ।<br><br>विभिन्न कृषि कार्यमा प्रयोग हुने मल, बिउ, औजार प्रविधि, किटनासक औषधि आदिका बारेमा प्रश्नोत्तर गर्ने ।<br><br>कम्प्युटर अपरेशनको आधारभूत सिप मापन गर्ने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | पठाई अध्ययन गराउन सकिने छ ।<br>. मौरी पालनको परिचय दिने र महत्व बताउने ।<br>. कृषिको व्यवसायीकरणसम्बन्धमा चित्र, भिडियो आदिको सहायताले परिचय दिने ।<br>. कम्प्युटर चलाउने आधारभूत सिपहरु सिकाउने । | | |
| ४ | जीवन कला र अनिवार्य सिपहरू | भोजन ब्यवहार ब्यवस्थित गर्ने ।<br>स्थानीय खाना र हाम्रो स्वास्थ्यका लागि आवश्यक पौष्टिक खानाको सम्बन्ध पहिचान गर्ने ।<br>आत्म-अनुशासन कायम गर्न ध्यान योग अभ्यास गर्ने ।<br>. समाज र राष्ट्रका असल नागरिक हुनका लागि आवश्यक पर्ने सिप र स्वभावहरुको अभ्यास प्रस्तुत गर्ने ।<br>. थोरै बोल्ने, विस्तारै बोल्ने र मीठो बोल्ने स्वभावको अनुसरण गरी खुशी र सुखी हुने स्वभावको | . परम्परादेखि चलि आएको जडिबुटीको सेवन, प्राकृतिक चिकित्सा र आयुर्वेद उपचार ।<br>. प्रतिभा र क्षमताको स्वमूल्याङ्कन ।<br>. गीत, सङ्गीत र नृत्यहरु सिर्जना र अभ्यास ।<br>. सकारात्मक चिन्तन र सन्तुलित विचार र जीवनशैली<br>. योग र ध्यान (सर्वाङ्गीण व्यायाम, प्रणव ध्यान, उद्‌गीथ प्रणायाम, अनुलोम विलोम प्रणायाम, उर्ध्वताडासन, कोणासन) ।<br>. परिवार र समाजका जेष्ठनागरिक र असहज | . परम्परागत जडिबुटीबाट गरिने उपचार पद्धतिका बारेमा जानकारी गराउने र यसप्रकारको पद्धतिका सबल र कमजोर पक्षको तुलना गर्ने । यसप्रकारको उपचार पद्धति गर्ने मानिसहरुसँग अन्तर्वार्ता कुराकानी गरी थप प्रष्ट पार्ने ब्यवस्था मिलाउने ।<br>. विद्यार्थीमा अपेक्षा गरिने प्रतिभा, क्षमता, ब्यवहारको सूची बनाई स्तरांकन दिई स्वमूल्यांकन गर्ने अवसर दिने । थप उपलब्धिका लागि आवश्यक सिप विकासका सन्दर्भमा सहजीकरण गर्ने ।<br>. गीत, सङ्गीत र नृत्यहरु सिर्जना र अभ्यास गरी प्रस्तुत गर्न लगाउने । एकल वा सामूहिक प्रस्तुति गराउने । | . गीत, सङ्गीत र नृत्यहरु सिर्जना र प्रस्तुति गर्न लगाई सिर्जनात्मक कलाको मापन गर्ने ।<br>. सकारात्मक चिन्तन र सन्तुलित विचार र जीवनशैली अवलोकन गरी मापन गर्ने ।<br>. परम्परागत र स्वास्थ्य संस्थाबाट गरिने उपचार पद्धतिको पक्षविपक्षमा वादविवाद आयोजना गरी विद्यार्थीका तार्किक क्षमताको मापन गर्ने ।<br>. विद्यार्थीले देखाउने | २० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | वर्णन एवम् अभ्यास प्रस्तुत गर्ने ।<br>• आफूलाई मन पर्ने गीत, सङ्गीत र नृत्यहरुको श्रवण, अवलोकन, सिर्जना र प्रस्तुतिकरण गर्ने ।<br>• जीवन र जगतका हरेक कुराहरुभित्र केही न केही असल कुरा हुने कुराको परिचय, बोध र अभ्यास प्रस्तुत गर्ने । सकारात्मक सोंचको विकास गर्ने ।<br>• समालोचकीय र सिर्जनात्मक चिन्तनका अभ्यास गर्ने । | स्थितिका मानिसहरुप्रति सहयोग ।<br>• कक्षामा सहयोगात्मक कार्य, नेतृत्व सिप, सञ्चार सिप जस्ता अनिवार्य सिपको प्रदर्शन । | • तिब्बतीयन शान्ति कचौराको धुन बजाउँदै मौन बसाइ अभ्यास गराउने र बालबालिकामा भएका सकारात्मक सबल पक्षहरुलाई पहिल्याउनका लागि प्रश्नहरु गर्दै सोंच्न लगाउने । जस्तै म विद्यालय नियमित आउँछु । म बिहान सबेरै उठ्छु । मैले घरमा पनि बाबाआमालाई केही काममा सहयोग गर्छु । मैले सँधै गृहकार्य गर्ने गरेको छु । मैले साथीहरुसँग झगडा गर्ने गरेको छैन । मलाई कसैलाई पनि कुटपिट गर्नु हुदैन भन्ने लाग्दछ । मैले बाखालाई त पिट्न मन पराउँदिन । आदि भन्दै मौन बसाइमा पाँच मिनेटसम्म दैनिक सहभागी गराउने ।<br>• विद्यार्थीहरुलाई प्रणव ध्यान, भस्त्रिका, अनुलोम विलोम, बक्रासन, नटराजासन आदिसिकाउनका लागि शिक्षक आफैले एकपटक सबैको सामू गरेर देखाउने ।<br>• तत्पश्चात आफ्नो निर्देशनमा विद्यार्थीहरुलाई प्राणायम, ध्यान र आसनको अभ्यास गर्न लगाइ आफूले पथप्रदर्शन र पृष्ठपोषण प्रदान गर्ने । | सकारात्मक व्यवहारको स्तर मापन गर्ने । यसका लागि शिक्षकले विद्यार्थीसँग अपेक्षा गरेका व्यवहारको सूचि बनाई कक्षाकोठामा टाँसिदिनु उपयुक्त हुन्छ ।<br>• समूह कार्य, परियोजना कार्य आदिमा सबै विद्यार्थीलाई फरकफरक जिम्मेवारी दिने र जिम्मेवारीअनुसार प्रस्तुति गर्न लगाई जिम्मेवारी पूरा गरेअनुसारको स्तर मापन गर्ने ।<br>•<br>प्रश्नोत्तर | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | • विषयवस्तुसँग सम्बन्धित कथा, चित्र र भिडियो क्लीप आदिको प्रयोग र प्रदर्शन गर्ने ।<br>• हाम्रा जेष्ठनागरिक हाम्रा अमूल्य सम्पत्ति र जिउदो इतिहास हुन भन्ने बारेमा विभिन्न दृष्टान्तहरु दिएर स्पष्ट पार्ने ।<br>• जेष्ठ नागरिक र अशक्त मानिसहरुसँग सम्बन्धित समस्याको बारेमा छलफल गर्ने ।<br>• श्रव्य दृश्य सामग्रीलगायत जेष्ठ नागरिकलाई स्रोतव्यक्तिको रुपमा उपयोग गर्ने ।<br>• जेष्ठ नागरिक र अशक्तलाई व्यक्तिगत वा समूहमा मिली सक्दो सहयोग गर्नका लागि परियोजना कार्यको व्यवस्था गर्ने ।<br>• समूह कार्य, परियोजना कार्य आदिमा सबै विद्यार्थीलाई फरकफरक जिम्मेवारी दिने र जिम्मेवारीअनुसार प्रस्तुति गर्न लगाउने । | | |
| ५ | हाम्रो ाातावरण र विपद व्यवस्थापन | स्थानीय क्षेत्रमा पाइने औषधिजन्य वनस्पतिहरुको प्रशोधन प्रक्रियाको अभ्यास गर्ने र उपयोगको परिचय दिने । | • स्थानीय औषधीजन्य वनस्पति<br>• सामुदायिक वन संरक्षणमा समुदाय र पालिकाको भूमिका । | • स्थानीय वनमा पाइने वनस्पतिको प्रत्यक्ष अवलोकन तथा फोटो र भिडियो मार्फत स्थानीय औषधीजन्य जडिबुटीहरुः टिमुर, समायो, पाँचऔले, बाँजखोटी, सतुवा, | स्थानीय जडिबुटीजन्य वनस्पति र तिनीहरुको औषधीय गुणसहितको चार्ट बनाई प्रस्तुत गर्न लगाउने र मापन गर्ने । | २२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | • घर तथा विद्यालयमा स्थानीय औषधिजन्य वनस्पति र फलफूल बगैंचाको निर्माण कार्यमा सहयोग गर्ने ।<br>• आगो, हिटर, डढेलो, भूक्षय, बाढी पहिरो, असिना पानी, हावाहुरी, सर्पदंश, जङ्गली जनावरको आक्रमण, विष र विषालु च्याउको जानकारी र सावधानी बताउने ।<br>• गाउँपालिका क्षेत्रमा पाइने वनस्पति र जीवजन्तुको संरक्षणमा विद्यार्थी, विद्यालय, समुदायको भूमिका पहिचान गर्ने ।<br>• वातावरण संरक्षणको परिचय दिने ।<br>• गाउँपालिका क्षेत्रमा जलस्रोत प्रदूषणको कारण, असरहरु र न्यूनीकरणका उपायहरु ब्ताउने र ती उपायहरु अवलम्बन गर्ने । | • आगो, हिटर, डढेलो, भूक्षय, बाढी पहिरो, असिना पानी, हावाहुरी, सर्पदंश, जङ्गली जनावरको आक्रमण, विष र विषालु च्याउ<br>• सडक दूर्घटना ।<br>• विभिन्न खोलानालाबाट हुने कटान तथा डुवान ।<br>• उल्लिखित घटना, दुर्घटना न्यूनिकारणका लागि विद्यार्थी, विद्यालय र समुदायको भूमिका ।<br>• | कुरिल्लो, वटुलेटी सिलपाउरी, झिंगामारो, बोजो, चोत्रा आदिको परिचय र महत्वका बारेमा छलफल र सहजीकरण गर्ने । यससम्बन्धी सहजीकरणका लागि स्थानीय जानकारहरुलाई समेत आमन्त्रण गर्न सकिने ।<br>• सामुदायिक वन उपभोक्ता समितिमा भ्रमण गरी वन संरक्षणमा उपभोक्ता र स्थानीय पालिकाले खेलेको भूमिकाका बारेमा जानकारी लिने ।<br>• आगो, हिटर, डढेलो, भूक्षय, बाढी पहिरो, असिना पानी, हावाहुरी, सर्पदंश, जङ्गली जनावरको आक्रमण, विष र विषालु च्याउजस्ता जोखिमयुक्त अवस्थाबाट जोगिनका लागि जानकारहरुबाट चित्र, भिडियोसहित प्रवचन गराउने । सावधानीका उपाय बताउने । नोक्सानीको वर्णन गर्ने<br>• ट्राफिक सचेतनाको पाठ सम्भव भएमा ट्राफिक पोलिसबाट र नभएमा ब्रोशर, चित्र, भिडियो आदिको सहायताबाट शिक्षकले सहजीकरण गर्ने ।<br>• नदी कटानका कारण, असर र रोकथामका तरिकाहरु सूचिवद्ध गर्ने | सामुदायिक वनको संरक्षणमा सामुदायिक वन उपभोक्ता समिति र गाउँपालिकाको भूमिकाको सम्बन्धमा वक्तृत्वकला आयोजना गरी विद्यार्थीका सञ्चार सिपको मापन गर्ने ।<br><br>विभिन्न प्रश्नोत्तर<br><br>ट्राफिक नियमहरुको पोष्टर बनाउन लगाउने ।<br><br>स्थानीय विपद क्षेत्रको अवलोकन भ्रमण गरी कारण, असर र रोकथामका उपायबारे प्रतिवेदन प्रस्तुत गर्न लगाई विषयवस्तु र | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | • पानीको संरक्षण गर्ने उपायहरु ब्ताउने । विद्यालय तथा स्थानीय क्षेत्रमा फोहोरमैलाको व्यवस्थापनका उपायहरुको खोजी गर्न र अवलम्बन गर्ने ।<br>• गोरेटो, घोडेटो, मोटरबाटोमा हिँड्दा र खोला, पुल पहिरो पार गर्दा अपनाउनुपर्ने सावधानीका उपायहरु जान्ने र अवलम्बन गर्ने | | । नजिकमा भएको कटान क्षेत्रको अवलोकन गराई जानकारी गराउने ।<br>• प्राकृतिक विपदबाट कम क्षति हुने वा जोगिने कार्यमा विद्यार्थी, शिक्षक, अभिभावक र समुदायको के के भूमिका हुन्छ ? प्यानल छलफल चलाउने । | प्रस्तुति मापन गर्ने । | |

कक्षा ६

| क्र सं. | मुख्य विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तु | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| १ | हाम्रो शुभकालिका | पालिका र वडा कार्यालयहरूबाट प्राप्त हुने सेवा सुविधा र शर्तहरू सम्बन्धी जानकारी लिने ।<br>• | पालिका र वडा कार्यालयहरूबाट प्राप्त हुने सेवा सुविधा र शर्तहरू ।<br>• | • गाउँपालिकामा कुनकुन शाखा वा कार्यालयहरु हुन्छन् ? तिनीहरुको कार्यक्षेत्रका बारेमा जानकारी गराउने ।<br>• व्यक्तिगत घटना दर्ता, सामाजिक सुरक्षा, बालबालिकाका लागि दिइने विभिन्न प्रकारका छात्रबृत्ति लगायत स्वास्थ्य उपचार, पशु | प्रश्नोत्तर<br><br>विभिन्न भूमिका अभिनय गर्न लगाउने । सर्बसाधारण र वडाध्यक्ष वा शाखा प्रमुख वा पालिका अध्यक्षको भूमिका | २० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | सेवा, कृषि विकास, योजना तथा विकासजस्ता कार्यहरु कहाँकहाँबाट हुन्छन् ? यी सेवा कसकसले कुनकुन शर्तअनुसार पाउँछन् ? जस्ता विषयवस्तु जानकारी गराउने ।<br>• यसका लागि स्थानीय सरकार सञ्चालन ऐन, पालिकाले बनाएका ऐन, बडापत्र साथै सम्बन्धित शाखा वा कार्यालयका कर्मचारीको सहयोग लिनुपर्दछ ।<br>• वडा कार्यालयबाट कुनकुन प्रकारको सेवा कसरी प्राप्त गर्न सकिन्छ भन्ने जानकारी गराउने । वडासचिवलाई आमन्त्रण गरी बताउन लगाउने ।<br>• यसप्रकारका विषयवस्तु शिक्षण गर्दा स्थानीय घटनाक ाउदाहरण दिंदा उपयुक्त हुने । | अभिनय गराउने र मापन गर्ने ।<br>विभिन्न समूहमा विभिन्न शाखाका सेवा र शर्तसहितको पोष्टर निर्माण गरी प्रस्तुत गर्न लगाउने र मापन गर्ने । | |
| २ | हाम्रो समाज, संस्तृति र सम्पदा | • सामाजिक चुनौतिको रुपमा रहेका बालश्रम, बालविबाह, अन्धविश्वास, भूतप्रेत, बोक्सीका कारण समाजमा परेका असर र उक्त असरहरुलाई न्यूनिकरण गर्नका लागि आवश्यक उपायहरु | • सामाजिक चुनौतिको रुपमा रहेका बालश्रम, बालविबाह, अन्धविश्वास, भूतप्रेत, बोक्सीका कारण समाजमा परेका असर र उक्त असरहरुलाई न्यूनिकरण गर्नका लागि आवश्यक उपायहरु । | सामाजिक चुनौतिको रुपमा रहेका बालश्रम, बालविबाह, अन्धविश्वास, भूतप्रेत, बोक्सीका कारण समाजमा परेका असर र उक्त असरहरुलाई न्यूनिकरण गर्नका लागि आवश्यक उपायहरु ािचत्र, भिडियो, स्थानीय दृष्टान्तसहित बताउने ।<br>स्थानीय जानकारहरुबाट प्रबचन दिन | प्रश्नोत्तर<br><br>परियोजना कार्य :<br>स्थानीय जलसम्पदाको उद्गम, उपयोगिता र महत्वको बारेमा स्थानीय मानिसहरुसँग सम्पर्क गरी | ३६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | अपनाउन ।<br>• स्थानीय साझा मेला, चाडपर्वहरूका विशेषता, मनाइने समय, समुदाय आदिबारे जानकारी दिने ।<br>• सामाजिक विकृतिहरू पहिचान गरी सुधारका प्रयाशहरू अभ्यास गर्ने ।<br>• शुभकीलिका गाउँपालिकामा रहेका विभिन्न खोला, नदी, धारा, पोखरी, कुवाजस्ता जलसम्पदाले पुऱ्याएको योगदानको चर्चा गर्ने<br>• गाउँपालिकामा विद्यमान कला, सँस्कृति र साहित्यको सामान्य परिचय दिन ।<br>• शुभकालिका गाउपालिकाका धार्मिक सम्पदाहरुको परिचय र महत्व बताउने । | • स्थानीय साझा मेला, चाडपर्वहरूका विशेषता, मनाइने समय, समुदाय ।<br>• सामाजिक विकृतिहरू र सुधारका प्रयाशहरू ।<br>• शुभकालिका गाउँपालिकामा रहेका विभिन्न खोला, नदी, धारा, पोखरी, कुवाजस्ता जलसम्पदाले पुऱ्याएको योगदान<br>• गाउँपालिकामा विद्यमान कला, सँस्कृति र साहित्य ।<br>• शुभकालिका गाउपालिकाका धार्मिक सम्पदाहरु र महत्व । | लगाउने ।<br>सन्देशमूलक अभिनय वा नाटक प्रदर्शन गर्न अभिप्रेरित गर्ने ।<br><br>स्थानीय साझा मेला, चाडपर्वहरूका विशेषतासम्बन्धी चित्र, भिडियो, अडियोका माध्यमबाट बताउने ।<br><br>सामाजिक विकृतिहरू र सुधारका लागि सन्देशमूलक गीत, नाटक, चित्र, कविता आदि कला प्रस्तुति वा वक्तृत्वकला जस्ता कार्यक्रम आयोजना गर्ने ।<br><br>स्थानीय जलसम्पदाहरुको स्थलगत भ्रमण, उद्गम, उपयोगिता र विनासका पक्षमा जानकारी गराउने ।<br><br>स्थानीय साहित्य, कला, संगीत, गीत, बाद्यबादन जस्ता कार्यमा महत्वपूर्ण योगदान दिने व्यक्ति वा समुदायको बारेमा जानकारी गराउने ।<br>उनीहरुलाई आमन्त्रण गरी प्रस्तुति गर्न लगाउने ।<br>स्थानीय धार्मिक सम्पदाहरुको महत्वको बारेमा जानकारी गराउने । | धारणासहित प्रतिवेदन ।<br><br>चुनौतिका रुपमा रहेका विकृत सामाजिक चलनहरु न्युनीकरणका लागि गर्न सकिने प्रयासमा स्थानीय मानिसहरुको विचारसहित प्रतिवेदन ।<br><br>साहित्य, कला सिर्जना वा संकलन गरी प्रस्तुत गर्न लगाउने र मापन गर्ने । | |
| ३ | कृषि, पेशा, | • तरकारी बाली आलुको | • तरकारी बाली आलुको | • भैंसीपालन, गाईपालन, मौरीपालन र | प्रश्नोत्तर | ३० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | व्यवसाय र प्रविधि | खेती गर्ने तरिका बताउन र खेती कार्यमा सहयोग गर्ने । विद्यालय बगैंचामा आलु खेती गर्ने ।<br>• हस्त निर्मित सामग्रीहरु सुपो, लिउ, काम्लो, भाग्रो, जावो, फेरे र परालको गुन्द्री बनाउने तरिका बताउने र निर्माण गर्ने ।<br>• व्यावसायिक कृषिको परिचय दिने, कृषि पकेट क्षेत्र र यसको महत्त्व बताउने ।<br>मौरी पालनको तरिका बोध गरी सहयोग गर्ने ।<br>पेशा र व्यवसायको प्रवर्धनमा पालिकाको भूमिका बताउने ।<br>व्यवसायिक कृषि तथा अन्य उद्योग फर्महरूको खेति तथा उत्पादन प्रविधिबारे जानकारी प्राप्त गर्ने<br>बजारीकरणको अवस्था अध्ययन गर्ने ।<br>डिजिटल साक्षरता सिपको | खेती ।<br>• विद्यालय बगैंचामा आलु खेती ।<br>• हस्त निर्मित सामग्रीहरु सुपो, लिउ, काम्लो, भाग्रो, जावो, फेरे र परालको गुन्द्री ।<br><br>व्यावसायिक कृषिको परिचय दिने, कृषि पकेट क्षेत्र ।<br><br>मौरी पालन ।<br><br>पेशा र व्यवसायको प्रवर्द्धनमा पालिकाको भूमिका ।<br><br>व्यवसायिक कृषि तथा अन्य उद्योग फर्महरूको खेति तथा उत्पादन प्रविधि ।<br>बजारीकरणको अवस्था ।<br><br>डिजिटल साक्षरता सिप । | कुखुरापालन गर्नुको महत्व बताउन लगाउने । यसका लागि श्रव्यदृश्य सामग्री प्रदर्शन गर्ने र विद्यार्थीहरुलाई स्थलगत अवलोकन गर्न लगाउने । पालनका प्रविधि र आम्दानीबारे बताउने ।<br>• ब्यवसायिक कृषि र निर्बाहका लागि गरिने कृषि वीच फरक ।<br>• ब्यवसायिक कृषिको आवश्यकताबारे प्रकाश पार्ने ।<br>• कृषि पकेट षेत्रको उत्पादन, प्राथमिकता, रोजाइको कारण, अन्य सम्भावना र आयआर्जनमा भएका सकारात्मक प्रभावबारे सम्बन्धित किसानसँग अन्तरक्रिया गराउने ।<br>• स्थानीय पेशा र ब्यवसायको प्रबर्द्धनमा गाउँपालिकाले खेल्ने भूमिकाका बारेमा जनप्रतिनिधिसँग परिसम्बाद गरी जानकारी लिने ।<br>• कम्प्युटर सिपको थप विकास जस्तै वर्ड फाइल, पावरपोइन्ट फाइल निर्माण, सामग्री डाउनलोड डर्ने जस्ता कार्य । | परियोजना कार्य :<br>स्थानीय कृषि पकेट क्षेत्रमा अवलोकन भ्रमण गरी त्यहाँ प्राथमिकतामा परेको उत्पादन, यसको खेति, प्रविधि र उत्पादन वा बजाको स्थिति उललेख गरी प्रतिवेदन प्रस्तुत गर्न लगाई विषयवस्तु र प्रस्तुतिको मापन गर्ने ।<br><br>कृषिको ब्यवसायिक उत्पादनको आवश्यकता र सम्भावनासम्बन्धमा वक्तृत्वकला प्रस्तुत गर्न लगाई अभिब्यक्ति सिप मापन गर्ने ।<br><br>स्थानीय पेशा र ब्यवसायको प्रबर्द्धनमा गाउँपालिकाले खेल्ने भूमिकाका बारेमा निबन्ध लेख्न लगाउने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | प्रयोग गर्ने । | | | | |
| ४ | जीवन कला र अनिवार्य सिपहरू | . परम्परादेखि चलि आएको जडिबुटीको सेवन, प्राकृतिक चिकित्सा र आयुर्वेद उपचारको बारेमा परिचय दिने ।<br>. प्रतिभा र क्षमताको स्वमूल्याङ्कन गरी निश्चित लक्ष्यका साथ राष्ट्रको जिम्मेवार नागरिक भइ अघि बढ्ने क्षमताको अभ्यास प्रस्तुत गर्ने ।<br>. गीत, सङ्गीत र नृत्यहरुमा सक्रिय रुपमा सहभागी हुने र सिर्जना गर्ने सिप र कलाको अभ्यास प्रस्तुत गर्ने ।<br>. जीवन र जगतलाई सकारात्मक किसिमले सोच्ने सिप र वानीका साथै खुसी र सन्तुलित जीवनका विविध पक्षहरुको जानकारी र अनुसरण गर्ने ।<br>. योग र ध्यान (सर्वाङ्गीण व्यायाम, प्रणव ध्यान, | . परम्परादेखि चलि आएको जडिबुटीको सेवन, प्राकृतिक चिकित्सा र आयुर्वेद उपचार ।<br>. प्रतिभा र क्षमताको स्वमूल्याङ्कन ।<br>. गीत, सङ्गीत र नृत्यहरु सिर्जना र अभ्यास ।<br>. सकारात्मक चिन्तन र सन्तुलित विचार र जीवनशैली<br>. योग र ध्यान (सर्वाङ्गीण व्यायाम, प्रणव ध्यान, उद्‌गीथ प्रणायाम, अनुलोम विलोम प्रणायाम, उर्ध्वताडासन, कोणासन) ।<br>. परिवार र समाजका जेष्ठनागरिक र असहज स्थितिका मानिसहरुप्रति सहयोग ।<br>कक्षामा सहयोगात्मक कार्य, नेतृत्व सिप, सञ्चार सिप जस्ता अनिवार्य सिपको प्रदर्शन । | परम्परादेखि चलि आएको जडिबुटीको सेवन, प्राकृतिक चिकित्सा र आयुर्वेद उपचारको बारेमा स्थानीय जानकारहरुसमेतको सहयोगमा जानकारी दिने ।<br>यसप्रकारका पद्धतिका सकारात्मक र कमजोरीहरुको तुलना गर्ने ।<br><br>. विद्यार्थीलाई आत्ममूल्यांकन गर्ने र शिक्षकको अवलोकनका आधारमा विद्यार्थीका सकारात्मक र अपेक्षित ब्यवहारको जानकारी दिने ।<br>. थप सकारात्मक सम्बलनका लागि आवश्यकताअनुसार परामर्श कार्य सञ्चालन गर्ने ।<br>. सकारात्मक जीवनका लागि खानपिन, क्रियाकलाप, संगत, रुचि लगायतका पक्षमा सन्देशमूलक प्रबचन दिने वा दिने ब्यवस्था मिलाउने ।<br>. विद्यार्थीलाई मन पर्ने वा जानेको गीत गाउन लगाएर वातावरणलाई खुसीमय बनाउने ।<br>. मोवाइल, टिभी, साउण्टसिष्टम, कम्प्यूटर आदिको प्रयोग गरेर | परम्परादेखि चलि आएको जडिबुटीको सेवन, प्राकृतिक चिकित्सा र आयुर्वेद उपचारको फाइदा बेफाइदाका बारेम तिर्कसहित वादविवादमा सहभागी गराउने र विद्यार्थीका तर्क प्रस्तुतिको स्तर मापन गर्ने ।<br><br>विद्यार्थीलाई आत्मपहिचान गर्न लगाई आफ्ना सबल एवम् दूर्बल पक्षको पहिचान गर्न सक्ने सिपको मापन ।<br><br>परियोजना कार्य : बृद्धाश्रममा सहयोग कार्य गर्न लगाएर<br><br>प्रश्नोत्तर | २० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | उद्‌गीथ प्रणायाम, अनुलोम विलोम प्रणायाम, उर्ध्वताडासन, कोणासन) लाई स्वस्थ र खुशी हुनका लागि अभ्यास गर्ने ।<br>. परिवार र समाजका जेष्ठनागरिक र असहज स्थितिका मानिसहरुप्रति सहयोग गर्ने भावनाको वर्णन र सोको अभ्यास गर्ने ।<br>कक्षामा सहयोगात्मक कार्य, नेतृत्व सिप, सञ्चार सिप जस्ता अनिवार्य सिपको प्रदर्शन गर्ने । | | विभिन्न बाल गीत, बालसङ्गीत र नृत्यहरु प्रदर्शन गर्दै सोको अनुकरण र अभ्यास गर्न विद्यार्थीलाई प्रेरित गर्ने<br>. विद्यार्थीहरु आफैले पनि गीत, सङ्गीतको सिर्जना गर्न र स्थानीय बाद्ययन्त्र बजाउनका लागि अवसर र हौसला प्रदान गर्ने ।<br>. विभिन्न योग तथा शारीरिक अभ्यास गराउने ।<br>. जेष्ठ नागरिकहरुलाई गर्ने व्यवहारका बारेमा प्रबचन दिने । स्थानीय मामला दिई यस परिस्थितिमा जेष्ठ नागरिकप्रतिको कर्तब्य कसरी पूरा गर्न सकिन्छ छलफल चलाउने ।<br>. सञ्चार तथा अन्य अनिवार्य सिपको विकासका लागि समूह कार्य, सहयोगात्मक कार्य, जिम्मेवारी प्रदान, परियोजना कार्य प्रतिवेदन लेखन र प्रस्तुति गराउने । जस्तै ज्येष्ट नागरिकहरुलाई गरिने सहयोगको व्यवस्थापन गरेर वा सामाजिक सरोकारका अन्य विषयलाई सकारात्मक र नरम तरिकाले समाधान खोजेर । | गीत, नाच सिर्जना र प्रस्तुति गर्न लगाई विद्यार्थीको सिर्जनात्मक कलाको स्तर मापन गर्ने ।<br><br>प्रश्नोत्तर परियोजना कार्य प्रस्तुति, समूह कार्यमा विद्यार्थीको सञ्चार, नेतृत्व, अग्रसरता जस्ता सिपहरुको अवलोकन गरी स्तर मापन गर्ने । | |
| ५ | हाम्रो ाातावरण र | .गाउँपालिका अन्तर्गत पर्ने सामुदायिक वनहरु र | . गाउँपालिका अन्तर्गत पर्ने सामुदायिक वनहरु र उक्त | . गाउँपालिका अन्तर्गतका वनहरुको पहिचान गराउने र अवलोकन | प्रश्नोत्तर | २२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | विपद<br>व्यवस्थापन | उक्त वनमा पाइने वस्तुहरुको पहिचान गर्ने ।<br>. वनमा आधारित आर्थिक क्रियाकलापहरु पहिचान गर्ने<br>. जडीबुटी खेती र सङ्कलन एवम् विभिन्न स्थानीय जातका जडिबुटीरुको नर्सरी निर्माण र बिक्री वितरण आदि गर्न ।<br>. गाउँपालिका क्षेत्रमा वृक्षरोपण कार्यमा सहयोग गर्ने ।<br>. वातावरण र दिगो विकासको सम्बन्ध स्थापना गर्ने ।<br>. आगो, हिटर, डढेलो, भूक्षय, बाढी पहिरो, असिना पानी, हावाहुरी, सर्पदंश, जङ्गली जनावरको आक्रमण, विष र विषालु च्याउ लगायतबाट हुने दुर्घटना रोकथामका लागि पूर्व तयारी गर्ने<br>. सडक दूर्घटनाबाट आफू | वनमा पाइने वस्तुहरुको पहिचान ।<br>. वनमा आधारित आर्थिक क्रियाकलापहरु<br>. जडीबुटी खेती र सङ्कलन एवम् विभिन्न स्थानीय जातका जडिबुटीरुको नर्सरी निर्माण र बिक्री वितरण आदि ।<br>. गाउँपालिका क्षेत्रमा वृक्षरोपण कार्य ।<br>. वातावरण र दिगो विकास<br>. आगो, हिटर, डढेलो, भूक्षय, बाढी पहिरो, असिना पानी, हावाहुरी, सर्पदंश, जङ्गली जनावरको आक्रमण, विष र विषालु च्याउ<br>. सडक दूर्घटना ।<br>. विभिन्न खोलानालाबाट हुने कटान तथा डुवान ।<br>. उल्लिखित घटना, दुर्घटना न्यूनिकारणका लागि विद्यार्थी, विद्यालय र समुदायको भूमिका ।<br>. सामुदायिक वन संरक्षणमा समुदाय र पालिकाको | गराउने ।<br>. अवलोकन वा उक्त वनसम्बन्धी तयार गरेको भिडियो अवलोकन गराएर उक्त वनहरुमा पाइने वस्तुहरु पहिचान गर्न लगाउने ।<br>. वनबाट के के आर्थिक क्रियाकलाप गर्न सकिन्छ ? छलफल गराउने । यस्ता आर्थिक क्रियाकलापअन्तर्गत वनबाट काठ, जडीबुटी, घाँसपात, चट्टान, खनिज आदि प्राप्त गर्न सकिने कुरा बताउने ।<br>. घर तथा विद्यालयमा उत्पादन गर्न सकिने जडीबुटीहरु पहिचान गर्न लगाउने, पहिचान गराउने र जडीबुटी खेती गर्ने तरिका बताउने<br>. जडीबुटी खेती गर्नको लागि आवश्यक नर्सरी निर्माण गर्न सकिने कुरा बताउने र नर्सरी तयार गर्ने विधि बताउने<br>. विद्यालयमा जडीबुटी खेती गर्नको लागि नर्सरी निर्माण गर्न विद्यार्थीहरुलाई सहभागी गराउने<br>. विद्यालयमा गरिएको नर्सरीमा भएका औषधीजन्य वनस्पतिहरुको घर तथा विद्यालयमा रोपन गर्न लगाउने<br>. विद्यालयमा गरिएको नर्सरीबाट उत्पादित बेर्नाहरु विक्रीवितरण गर्ने, | वनबाट प्राप्त गर्न सकिने आर्थिक एवम् अन्य लाभहरुका बारेमा वक्तृत्वकला प्रस्तुत गर्न लगाई विषयवस्तु र प्रस्तुतिको मापन गर्ने ।<br><br>परियोजना कार्य : विद्यालयमा जडिबुटी उद्यान निर्माण गर्न लगाउने । यस कार्यमा विद्यार्थीहरुको संलग्नता एवम् योगदानको अभिलेख राखी स्तर प्रदान गर्ने ।<br><br>दिगो विकास र वातावरण विषयमा निबन्ध लेखन प्रतियोगिता आयोजना गर्ने र विषयवस्तु र प्रस्तुतिको मापन गर्ने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | बच्ने र अरुलाई पनि बचाउने उपायहरु ब्ताउने ।<br>. विभिन्न खोलानालाबाट हुने कटान तथा डुवान न्यून गर्न गरिएका र गनुपर्ने कार्यहरु लेख्ने ।<br>. उल्लिखित घटना, दुर्घटना न्यूनिकारणका लागि विद्यार्थी, विद्यालय र समुदायको भूमिका प्रदर्शन गर्ने ।<br>. सामुदायिक वन संरक्षणमा समुदाय र पालिकाको भूमिका पहिचान गर्ने । | भूमिका । | गर्न लगाउने<br>. पालिकाका विभिन्न क्षेत्रमा वृक्षरोपण गर्न विद्यार्थीहरुलाई लगाउने र सहयोग गर्ने<br>. दीगो विकास भनेको के होला ? विचार मन्थन गर्न लगाउने र विद्यार्थीहरुको अनुभवलाई समेटी दिगो विकासको अवधारणा प्रष्ट पार्ने ।<br>. दीगो विकासका लक्ष्यहरुको जानकारी गराउने र पालिकास्तरबाट दिगो विकासको लक्ष्य पुरा गर्न सकिने लक्ष्यहरु पहिचान गराउने ।<br>. दीगो विकास र वातावरण संरक्षणबिचको अन्तरसम्बन्धमा छलफल गराउने ।<br>. डढेलो, आगलागी, भूक्षय,बाढी, सर्प दंश, जङ्गली जनावरको आक्रमण, विषालु च्याउ लगायत वीषजन्य पदार्थ आदिबाट हुने दुर्घटनाका कारण सहित जानकारी गराउने ।<br>. शहरी क्षेत्रमा बढिरहेको सडक दूर्घटनाबाट आफू बच्ने र अरुलाई पनि बचाउने उपायहरुको बारेमा सहजीकरण गर्ने ।<br>. ट्राफिक प्रहरीलाई समेत विद्यालयमा आमन्त्रण गरी विद्यार्थीहरुलाई | गाउँपालिकामा हुनसक्ने सम्भावित विपद, जोखिम, दुर्घटनाको सूचि, तिनीहरुको कारण, सम्भावित नोक्सानी र न्युनीकरणका उपायबारे चार्ट बनाई प्रस्तुत गर्न लगाउने र स्तर मापन गर्ने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | सहजीकरणका लागि अनुरोध गर्ने ।<br>• खोला नालाबाट हुने कटान तथा डुवानलाई न्यूनिकरण गर्नका लागि गरिएका र गर्नु पर्ने कार्यहरुको बारेमा स्थलगत अवलोकनका माध्यमबाट सहजीकरण गर्ने ।<br>• सामुदायिक वन संरक्षणमा गाउँपालिका र उपभोक्ता समितिको भूमिका सम्बन्धमा पालिका प्रतिनिधि र समिति पदाधिकारीवीच परिसम्बाद कार्यक्रम सञ्चालन गर्ने । | | |

कक्षा ७

| क्र सं. | मुख्य विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तु | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| १ | हाम्रो शुभकालिका | • गाउँपालिका अन्तर्गतका विषयगत कार्यालयहरूबाट प्राप्त हुने सेवा र शर्तहरूको सूची तयार गर्ने ।<br>• गाउँपालिकाको प्रशासनिक संरचना बताउन ।<br>• कालीकोट जिल्लाको नक्सा वनाई आफ्नो गाउँपालिकाका मुख्य स्थानहरु, मुख्य सडक तथा बाटाहरु, धार्मिक | गाउँपालिका अन्तर्गतका विषयगत कार्यालयहरूबाट प्राप्त हुने सेवा र शर्तहरू ।<br>• गाउँपालिकाको प्रशासनिक संरचना ।<br>• कालीकोट जिल्लाको नक्सा वनाई आफ्नो गाउँपालिकाका मुख्य स्थानहरु, मुख्य सडक तथा बाटाहरु, धार्मिक तथा पर्यटकीय स्थल,नदी, खोलानाला र तालहरु भर्ने । | गाउँपालिकाको प्रशासनिक संरचनाको चार्ट देखाउँदै पालिकामा कार्यरत कर्मचारी दरबन्दी आदि बताउने ।<br><br>गाउँपालिकाका विषयगत शाखा कार्यालयहरु ज्स्तै शिक्षा, युवा तथा खेलकुंद, स्वास्थ्य, पशुसेवा आदि । यी शाखाहरुको कार्यक्षेत्राधिकारसम्बन्धी गाउँपालिकाले तोकेको कार्यविधि वा कार्यादेशमा भए अनुसार मुख्यमुख्य कार्यहरु बताउने । यस कार्यका लागि गाउँपालिकाका प्रशासकीय प्रमुखलाई | गाउँपालिकाको प्रशासनिक संरचनाको चार्ट निर्माण गर्न लगाउने ।<br><br>विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गरी विषयगत कार्यालय वा शाखाहरुका कार्यक्षेत्राधिकारको सूचि चार्टमा बनाई प्रस्तुत गर्न लगाउने र मापन | २० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | तथा पर्यटकीय स्थल,नदी, खोलानाला र तालहरु भर्ने ।<br>• गाउँपालिकाको समग्र शैक्षिक अवस्था र प्राविधिक शिक्षाको वर्तमान अवस्थाको प्रस्तुति गर्ने । | • गाउँपालिकाको समग्र शैक्षिक अवस्था र प्राविधिक शिक्षाको वर्तमान अवस्था । | आमन्त्रण गरी बताउन लगाउन सकिने ।<br><br>कालिकोट जिल्लाको नक्सा बनाई शुभकालिका गाउँपालिका देखाउने अभ्यास गराउने ।<br>शुभकालिकाको नक्सा बनाई गाउँपालिकाभित्रका मुख्यमुख्य सडक,बजार, विदालय, धार्मिक एवम् पर्यटकीय स्थल, खाृलानाला आदिको स्थानसहित संकेत गर्ने अभ्यास गराउने ।<br><br>गाउँपालिकाको शैक्षिक दृश्यचित्रसहित यहाँका  शैक्षिक संस्थाहरुका स्तर र कार्यक्रमहरुबारेमा जानकारी गराउने । | गर्ने ।<br><br>शुभकालिका गाउँपालिकाको नक्सा बनाई निम्नअनुसारका सम्पदा कहाँकहाँ पर्दछन् ? देखाउन लगाउने । गाउँ कार्यपालिकाको कार्यालय, प्रहरी चौकि, विद्यालयहरु, बैंक, सहभारी भएका स्थलहरु । | |
| २ | हाम्रो समाज, संस्तृति र सम्पदा | विविध सामुदायिक सम्बन्धका अवयवहरूको पालना गर्ने ।<br>विद्यालयभित्रका सामूहिक संरचना जस्तै विज्ञान क्लब, रेडक्रस आदिका क्रियाकलापमा सहभागी भै व्यक्तित्व विकास र सामाजिक कार्य गर्ने ।<br>• सामाजिक  चुनौति र विसङ्गतिको रुपमा | विविध सामुदायिक सम्बन्धका अवयवहरू ।<br>विद्यालयभित्रका सामूहिक संरचना जस्तै विज्ञान क्लब, रेडक्रसका क्रियाकलाप ।<br>• महिला हिंसा, चेलीबेटी बेचबिखन र यौनजन्य हिंसा र न्यूनिकरण ।<br>• शुभकालिकाका पर्यटकीय स्थलहरु ।<br>• शुभकाविकालका प्रमुख | शुभकालिकाभित्र बसोबास गर्ने विभिन्न जातजातिका विच रहेका बिहेवारी, मेलोपात पर्म, पैंचो, जन्ती मलामी लगायतका सामाजिक सद्भावका रितीरिवाजहरुका दृष्टान्तसहित सामाजिक मूल्यमान्यताका बारेमा बताउने ।<br>सँगसँगै समाजमा रहेका जातीय भेदभाव, छूवाछूत, महिला तथा बालिका हिंसा, घरेलु हिंसा, कूलत तथा कूप्रथाहरुका नकारात्मक | प्रश्नोत्तर<br><br>सकारात्मक र नकारात्मक सामाजिक अवयवहरुका फाइदा बेफाइदाहरुको तुलनात्मक समीक्षा लेखी प्रस्तुत गर्न लगाउने ।<br><br>परियोजना कार्य : | ३६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | रहेको महिला हिंसा, चेलीबेटी बेचबिखन र यौनजन्य हिंसाको परिचय र न्यूनिकरणका उपायहरु ब्ताउने ।<br>• शुभकालिकाका पर्यटकीय स्थलहरुको परिचय र महत्व बताउने ।<br>• शुभकालिकाका प्रमुख जातजाति - ब्राम्ह्ण, क्षेत्री, मगर, गिरी, दलित अल्पसंख्यक आदिले मनाउने चाडपर्व, लगाउने भेषभूषा र गरगहना, बोल्ने भाषाका साथै उनीहरुको बीचको आपसी सम्बन्धको बारेमा परिचय दिने ।<br>आफ्नो व्यक्तिगत स्वार्थ भन्दा माथि उठेर आफ्नो वडा, पालिका र समग्र मुलुकको हितका लागि काम गर्ने गाउँपालिकाका कलाकार, खेलाडी, लेखक, साहित्यकार, राजनीतिज्ञ, सामाजिक अभियन्ता आदिको पहिचान र | जातजाति - ब्राम्ह्ण, क्षेत्री, मगर, गिरी, दलित अल्पसंख्यक आदिले मनाउने चाडपर्व, लगाउने भेषभूषा र गरगहना, बोल्ने भाषाका साथै उनीहरुको बीचको आपसी सम्बन्ध ।<br>आफ्नो व्यक्तिगत स्वार्थ भन्दा माथि उठेर आफ्नो वडा, पालिका र समग्र मुलुकको हितका लागि काम गर्ने गाउँपालिकाका कलाकार, खेलाडी, लेखक, साहित्यकार, राजनीतिज्ञ, सामाजिक अभियन्ता र योगदान । | प्रभावका बारेमा समेत जानकारी गराउने । यी नकारात्मक प्रबृत्तिलाई दुरुत्साहित गर्न उत्प्रेरित गर्ने प्रबचन दिने ।<br><br>• विभिन्न जातजातिले लगाएका पहिरन र गरगहनाहरु झल्किने गरी फोटो, चित्र र भिडियोहरुको अवलोकन गर्ने गराउने<br>• यससम्बन्धी स्थानीय जानकार व्यक्तिलाई समेत सहजीकरणका लागि आमन्त्रण गर्न सकिने ।<br>• महिला हिंसा, चेलीबेटी बेचबिखन र यौनजन्य हिंसाका असरहरु र न्यूनिकरणका सम्भावित उपायहरुका बारेमा सम्बन्धित क्षेत्रमा कार्य गरेका सरकारी तथा गैरसरकारी संघसंस्थाका मानिसहरुलाई समेत बोलाई सचेतनामूलक कार्यक्रम गर्ने ।<br>• चित्र, भिडियो, मामला वा घटना वा दृष्टान्तहरु दिँदै यिनीहरुको न्युनीकरणको सन्देश दिने गीत, नाटक, कविता आीद कलात्मक कार्यमा गराउने ।<br>• पर्यटकीय स्थलहरुको भ्रमण, चित्र तथा भिडियो सामग्री प्रदर्शन, महत्व | पर्यटकीय स्थलको भ्रमण गरी त्यहाँको विशेषतासहित चित्रात्मक पोष्टर तयार गर्ने ।<br><br>सामाजिक कुप्रथा न्युनीकरणका उपायहरुको सनदेश बोकेका गीत, नाटक रचना गर्न लगाई र्‍याली गर्न लगाउने र विद्यार्थीका प्रस्तुतिको मापन गर्ने ।<br><br>परियोजना कार्य : समाजका लागि विभिन्न क्षेत्रबाट महत्वपूर्ण योगदान गर्ने ब्यक्तित्वहरुको अन्तर्वार्ता लिई प्रकाशन गर्न लगाउने र मापन गर्ने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | योगदानको चर्चा गर्ने । | | र विशेषताहरु बताउने ।<br>• गाउँपालिका वा जिल्ला वा राष्ट्रिय स्तरका शिक्षाविद्, खेलाडी, साहित्यकार, समाज सुधारक, राजनीतिज्ञहरुका योगदानको प्रचार गर्ने । सम्बन्धित व्यक्तित्वलाई आफ्ना अनुभूति सुनाउने अवसर दिने । | | |
| ३ | कृषि, पेशा, व्यवसाय र प्रविधि | • कृषिमा प्रयोग भैरहेको प्रवधि अध्ययन गर्ने ।<br>• सिँचाई प्रणाली, परियोजना र कूलो सिंचाई सुविधाहरूको स्रोत, व्यवस्थापन र पद्धति अध्ययन गर्ने ।<br>• शुभकाविलकामा उत्पादन हुने मुख्य अन्न वाली, आलु, तरकारी, फलफुल र पशुपंक्षी पालनको उत्पादन प्रविधि, उपभोग र बजारीकरणको अध्ययन गर्ने ।<br>• शुभकाविलका गाउपालिकामा उत्पादन हुने विभिन्न फलफूलहरु (कागती, सुन्तला, नास्पति, केरा, अम्वा, | • कृषि प्रविधि ।<br>• सिँचाई प्रणाली, परियोजना र कूलो सिंचाई ।<br>• शुभकालिकामा उत्पादन हुने मुख्य अन्न वाली, आलु, तरकारी, फलफुल र पशुपंक्षी पालनको उत्पादन प्रविधि, उपभोग र बजारीकरण ।<br>• शुभकाविलका गाउपालिकामा उत्पादन हुने विभिन्न फलफूलहरु ( कागती, सुन्तला, नास्पति, केरा, अम्वा, ओखर, किवी, स्याउ, मौसम, ज्यामिर आँप, अंगुर खेतिप्रविधि र उपभोग ।<br>• बाखापालन भेडापालन / मौरीपालनको | • कृषि कार्यमा गाउँपालिकाभित्र के कस्ता प्रविधिको प्रयोग भैरहेको छ ? उदाहरणका लागि हाते ट्रयाक्टर, विषादी स्प्रेयर जस्तै अन्य प्रविधिको पहिचान गर्ने र सूचि बनाउने । ती प्रविधि कुनकुन कृषि कार्यका लागि कसरी प्रयोग गरिन्छ ? यसबाट के फाइदा हुन्छ ? यसको प्रयोगका क्रममा अपनाउनुपर्ने सावधानी के के हुन् ? जस्ता जिज्ञासाको उत्तर बताउने ।<br>• शुभकालिकामा उत्पादन हुने मुख्य अन्न वाली, आलु, तरकारी, फलफुल र पशुपंक्षी पालनको उत्पादन प्रविधि, उपभोग र बजारीकरणको अवस्था कृषक समूह वा कृषि शाखाको तथ्यांकका आधारमा छलफल गर्ने ।<br>• शुभकालिका गाउपालिकामा उत्पादन हुने विभिन्न फलफूलहरु (कागती, | प्रश्नोत्तर<br><br>परियोजना कार्य :स्थानीय कृषि ( अननवाली, तरकारी, फलफुल) पशुपालन, कुखुरापालन, मौरी पालन जस्ता कार्य गरिरहेका किसानहरुकहाँ अवलोकन भ्रमण गरी प्रविधि, उत्पादन र बजारको अवस्थाबारे प्रतिवेदन लेखन र प्रस्तुति गर्न लगाउने । यसरी फरकफरक उत्पादन क्षेत्रमा फरकफरक समूहका विद्यार्थीलाई खटाउन | ३० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ओखर, किवी, स्याउ, मौसम, ज्यामिर आँप, अंगुर आदि) को परिचय, महत्व खेतिप्रविधि र उपभोगका बारेमा बताउने ।<br>.बाख्रापालन / भेडापालन/मौरीपालनको महत्व र पालन गर्ने तरिका बताउने र उक्त कार्यमा सहयोग गर्ने ।<br>.दलहन बाली (केराउ, मास, गहत, भटमास, सोइटा, मसुरो आदि) को खेती गर्ने तरिका बताउने र उक्त खेती गर्ने कार्यमा सहयोग गर्ने ।<br>.हस्त निर्मित सामग्री ( चकटी, नाङ्लो, बाबियोको डोरी आदि) निर्माण गर्ने तरिका बताउने र निर्माण गर्ने ।<br>.होटल व्यवसाय तथा होमस्टे सञ्चालनको सम्भाव्यता पहिचान गर्ने ।<br>.डिजिटल साक्षरता सिपको प्रयोग गर्ने । | महत्व र तरिका ।<br>.दलहन बाली (केराउ, मास, गहत, भटमास, सोइटा, मसुरो आदि) को खेती ।<br>.हस्त निर्मित सामग्री ( चकटी, नाङ्लो, बाबियोको डोरी आदि) ।<br>.होटल व्यवसाय तथा होमस्टे सञ्चालनको सम्भाव्यता ।<br>डिजिटल साक्षरता सिप । | सुन्तला, नास्पति, केरा, अम्वा, ओखर, किवी, स्याउ, मौसम, ज्यामिर आँप, अंगुर खेतिप्रविधि र उपभोगबारे बताउने ।<br>. बाख्रा, मौरी तथा भेडापालन गर्नुको महत्त्व बताउन लगाउने<br>. शिक्षकले बाख्रा, मौरी तथा भेडापालन सम्बन्धमा तयार पारिएको श्रव्यदृश्य सामग्री प्रदर्शन गर्ने र विद्यार्थीलाई अवलोकन गर्न लगाउने । यसकै आधारमा यी पालनहरुको महत्व बताउन लगाउने ।<br>. विद्यार्थीहरुलाई विद्यालय नजिकैको बाख्रा, मौरी तथा भेडापालन गरिएको स्थानमा भ्रमण गराउने र उक्त पालन गर्ने तरिकाको जानकारी दिन लगाउने<br>. बाख्रा, मौरी तथा भेडापालन मध्ये कुनै एक कार्यमा सहयोग गर्न लगाउने<br>.दलहन बाली (केराउ, मास, गहत, भटमास, सोइटा, मसुरो आदि) को खेती प्रविधिबारे छलफल चलाउने ।<br>.हस्त निर्मित सामग्री (चकटी, नाङ्लो, बाबियोको डोरी आदि)को परिचय गराउने र बनाउने अभ्यास गराउने । | सकिनेछ ।<br><br>हस्त निर्मित सामग्री ( चकटी, नाङ्लो, बाबियोको डोरी आदि) बनाउन लगाउने र स्तर मापन गर्ने ।<br><br>स्थानीय कृषि कार्यको चित्र पोष्टर निर्माण ।<br><br>क्वीज खेलाउने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | .गाउँपालिकाको कृषि शाखाका प्राविधिक, चित्र, पोष्टर, भिडियोजस्ता माध्यमको सहयोग लिनुपर्ने छ ।<br>.युट्युबका माध्यमबाट कृषि खेति प्रविधि र हस्त निर्मित सामग्री उत्पादनसम्बन्धी अन्यत्र भएका प्रयासको जानकारी लिने । | | |
| ४ | जीवन कला र अनिवार्य सिपहरू | . गीत, सङ्गीत र नृत्यहरुमा सक्रियताका साथै सहभागी हुने सिप र कलाको अभ्यास एवम् प्रस्तुतिकरण गर्ने ।<br>. जीवन र जगतलाई सकारात्मक किसिमले सोच्ने सिप र वानीको अभ्यास गर्ने ।<br>. अरुमा भएका राम्रा आनीबानीको पहिचान, सम्मान र प्रसंशा र त्यस्ता आनीबानीको जीवनमा अनुशरण गर्ने ।<br>. विभिन्न स्थानीय परिकारहरु पकाउने र व्यक्तिगत सरसफाइ गर्ने सिपको विकास र जीवनमा कार्यान्वयन गर्ने । | . गीत, सङ्गीत र नृत्यहरु सिर्जना एवम् अभ्यास ।<br>. सकारात्मक सोंचाइ सिप ।<br>. असल बानी व्यवहार ।<br>. विभिन्न स्थानीय परिकारहरु पकाउने र व्यक्तिगत सरसफाइ गर्ने सिप ।<br>. योग र ध्यान (सूर्य नमस्कार, प्रणव ध्यान, अनुलोमविलोम, सर्वाङगासन, पश्चिमोत्तासन, आदि) ।<br>. हाम्रा असल आचरण, संस्कार र मूल्य मान्यताहरुको बोध ।<br>. घरपरिवार र समाजका जेष्ठ नागरिक लगायत असहज स्थितिका मानिसहरुप्रति सहयोग । | . विद्यार्थीलाई मन पर्ने वा जानेको गीत गाउन लगाएर वातावरणलाई खुसीमय बनाउने ।<br>. मोवाइल, टिभी, साउण्ड सिसिष्टम, कम्प्यूटर आदिको प्रयोग गरेर विभिन्न बाल गीत, बालसङ्गीत र नृत्यहरु प्रदर्शन गर्दै सोको अनुकरण र अभ्यास गर्न विद्यार्थीलाई प्रेरित गर्ने<br>. विद्यार्थीहरु आफैले पनि गीत, सङ्गीतको सिर्जना गर्न र स्थानीय बाद्ययन्त्र बजाउनका लागि अवसरका साथै प्रोत्साहन र हौसला प्रदान गर्ने ।<br>. गीत, सङ्गीतको माध्यमबाट खुसी हुने बानीको विकास गर्न सहजीकरण गर्ने ।<br>. हामी खुसी र स्वस्थ हुने हो भने घटना, विषय र वस्तुभित्र भएका सकारात्मक कुराहरुलाई अवसर | . विद्यार्थीमा सकारात्मक सोंचाइ र असल बानी व्यवहारको अवलोकन गरी मापन गर्ने ।<br>. प्रश्नोत्तर<br>. विभिन्न बाल गीत, बालसङ्गीत र नृत्यहरु प्रदर्शन गर्न लगाई स्तर मापन गर्ने । | २० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | . योग र ध्यान (सूर्य नमस्कार, प्रणव ध्यान, अनुलोमविलोम, सर्वाङ्गासन, पश्चिमोत्तासन, आदि ) लाई स्वस्थ र खुशी हुनका लागि अभ्यास गर्ने ।<br>. हाम्रा असल आचरण, संस्कार र मूल्य मान्यताहरुको बोध गरी अभ्यास गर्ने ।<br>. घरपरिवार र समाजका जेष्ठ नागरिक लगायत असहज स्थितिका मानिसहरुप्रति सहयोग गर्ने सिप र भावनाको विकास र अभ्यास गर्ने ।<br>. आहार अनुशासनको अभ्यास गर्ने ।<br>. घरपरिवार र व्यक्तिगत सरसफाइ गर्ने सिपको विकास गरी जीवनमा सोको कार्यान्वयन गर्ने<br>कक्षाकोठामा वा दैनिक जीवनमा समालोचनात्म चिन्तन, समस्या समाधान, | . आहार अनुशासन ।<br>. घरपरिवार र व्यक्तिगत सरसफाइ<br>कक्षाकोठामा वा दैनिक जीवनमा समालोचनात्म चिन्तन, समस्या समाधान, सिर्जनशीलता । | ठानी जीवनमा अघि बढ्न सक्नुपर्छ भन्दै विद्यार्थीलाई सकारात्मक हुन प्रेरित गर्ने ।<br>. सकारात्मक सोचका अतिरिक्त खुसी र सन्तुलित जीवनका विविध पक्षहरुको बारेमा विद्यार्थीहरुको बीचमा छलफल गरी सोको अनुसरण गर्न विद्यार्थीलाई प्रेरित गर्ने ।<br>. विद्यार्थीहरुलाई कक्षाकोठा बाहिर गै वरिपरि हेर्ने र पाँच मिनेटपछि भित्र आई प्रकृतिबाट मानिसले पाएका असल उपहारहरु सूचि बनाउन लगाउने ।<br>. कक्षाकोठामै पाँच मिनेट मौन बसाइ अभ्यास गराउने र यस क्रममा मानिसहरुबाट आफूले प्राप्त गरेका असल व्यवहार स्मरण गर्ने र त्यसपछि टिपोट गर्ने जस्ता अभ्यास गराई सकारात्मक सोंचाइ सिप विकास गराउने ।<br>. विद्यार्थीहरुका भोगाइ र अनुभूतिहरुलाई समेट्दै राम्रा कुराहरुको पहिचान गरी तिनको सम्मान र प्रशंसा गर्ने बानी विकास गर्ने ।<br>. हरेक बेलुका सुत्दा र हरेक विहान | . सकारात्मक पक्षको पहिचान गर्ने सिपको परीक्षण गरी मापन गर्ने ।<br>. विद्यार्थीका भोगाइ र अनुभूतिलाई अभिव्यक्ति दिने सिपको मापन गर्ने ।<br>. परियोजना कार्य : समाजका असल चरित्रवान व्यक्तित्वहश्रुको खोजी गरी ती व्यवहारको सूचिसहितका पोष्टर निर्माण गर्ने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | सिर्जनशीलता जस्ता २१औं शताब्दीका सिपहरुको अभ्यास गर्ने । | | बिउझदा कम्तीमा ३/३ वटा खुसी हुने राम्रा कुराहरु सम्झने र सोको डायरीमा टिपोट गर्ने बानीको विकास गराउने ।<br>. परीवार वा समुदायमा अवलोकन गरिएका असल बानी ब्यवहार भएका मानिसहरु पहिचान गरी ती ब्यवहारहरु टिपोट गरी आफूलाई मन पर्ने ब्यवहार कसरी सदुपयोग गर्न सकिन्छ छलफल चलाउने ।<br>. विषयवस्तुसँग सम्बन्धित कथा, चित्र र भिडियो क्लीप आदिको प्रयोग र प्रदर्शन गर्ने ।<br>. योग र ध्यान (सूर्य नमस्कार, प्रणव ध्यान, अनुलोमविलोम, सर्वाङगासन, पश्चिमोत्तासनको अभ्यास गराउने ।<br>. खाद्य सुरक्षा, पाक शिक्षा र आहार विज्ञानसम्बन्धी विज्ञहरु बोलाई प्रस्तुति गर्न लगाउने ।<br>. पोषणयुक्त खाना र वैयक्तिक सरसफाइको महत्व बताउने ।<br>. हामी सहयोगी किन हुनुपर्छ ? परम्परागत चलनका कुनै पक्ष किन पालना गर्ने वा नगर्ने ? आदि प्रश्नहरु गर्दै विद्यार्थीमा खुला एवम् समालोचनात्मक चिन्तन सिप विकास गर्ने । | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | हाम्रो ाातावरण र विपद व्यवस्थापन | • शुभकालिका गाउँपालिकाको वनमा पाइने विभिन्न किसिमका औषधीजन्य विरुवा र जडिबूटीको जानकारी, महत्व र संरक्षण बताउन र सोको प्रयोग गर्न ।<br>• तीला नदी सभ्यताको अध्ययन गर्ने ।<br>• भूकम्पको जोखिमको हिसावले घर र विद्यालयमा भएको सबैभन्दा सुरक्षित स्थलको पहिचान गर्ने ।<br>• यात्राको समयमा साइकल, स्कुटर वा मोटरसाइकल र सार्बजनिक सवारीबाट हुने जोखिम पहिचान गर्ने ।<br>• सडक दुर्घटनाबाट | • शुभकविलका गाउँपालिकाको वनमा पाइने विभिन्न किसिमका औषधीजन्य विरुवा र जडिबूटीको जानकारी, महत्व र संरक्षण ।<br>• तीला नदी सभ्यता ।<br>• भूकम्पको जोखिम ।<br>• यात्राको समयमा साइकल, स्कुटर वा मोटरसाइकल र सार्बजनिक सवारीबाट हुने जोखिम र सडक दुर्घटनाबाट सावधानी ।<br>• कोभिड, बर्ड फ्लू, डेङ्गु र झाडापखाला रोकथामका लागि पूर्व तयारीहरू ।<br>• गाउँपालिका स्तरमा विपद व्यवस्थापनका लागि संलग्न संयन्त्र, संघसंस्था, योजना र कार्यक्रमहरु । | • गाउँपालिकाभित्रका सामुदायिक वनहरुको अवलोकन गराउने/भिडियो वा वनको वृत्तचित्रको अवलोकन गराउने उक्त वनहरुको परिचय दिने ।<br>• उक्त वनमा पाइने वनस्पति तथा वन्यजन्तुहरुको जानकारी गराउने, तिनीहरुको महत्त्व र उक्त वनबाट हुने फाइदाहरुमा छलफल गराउने र महत्व र फाइदा बताउने<br>• वनमा भएका जडिबुटीजन्य वनस्पतिको पहिचान र महत्वबोध गराउने । तिनीहरुका औषधीय गुणको चिनारी दिने ।<br>• सामुदायिक वनको संरक्षण गर्ने उपायहरुमा छलफल गराउने ।<br>• तिला नदिको धार्मिक, साँस्कृतिक महत्वबोध गराउने ।<br>• नदीबाट स्थानीय कृषि, सिँचाइ, माछा लगायत मानिसहरुलाई पुगेको सहयोगका अतिरिक्त नदिबाट हुने कटान, पहिरो आदिको जोखिमसमेतको समीक्षँत्मक प्रस्तुति गर्ने ।<br>• सार्वजनिक यातायातमा सवारी गर्दा वा आँफैले सवारी साधन चलाउँदा वा सडकमा हिँड्दा अपनाउनुपर्ने | प्रश्नोत्तर<br><br>वनस्पति, जडिबुटी, वन्यजन्तु, वनबाट हुने फाइदा जस्ता विषयमा वक्तृत्वकला वा निबन्धलेखन जस्ता कार्य गराई स्तर मापन गर्ने ।<br><br>वनसँग सम्बन्धित चित्र तथा कोलाज निर्माण गर्ने ।<br><br>क्वीज ।<br><br>नदी क्षेत्रको स्थलगत अवलोकन गरी मानिसले प्राप्त गरिरहेको फाइदा वा नदीको उपयोग, नदी कटान जस्ता समस्या क्षेत्र जस्ता क्षेत्र तोकी परियोजना कार्य दिने र प्रतिवेदन लेखी प्रस्तुत गर्न लगाउने । | २२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | साबधान हुने ।<br>• कोभिड, बर्ड फ्लू, डेङ्गु र झाडापखाला रोकथामका लागि पूर्व तयारीहरू गर्ने ।<br>• गाउँपालिका स्तरमा विपद व्यवस्थापनका लागि संलग्न संयन्त्र, संघसंस्था, योजना र कार्यक्रमहरु ब्ताउने ।<br>विपद सावधानीको अभिनय गर्ने । | • विपद सावधानीको अभिनय । | सावधानी र पालिना गर्नुपर्ने नियमहरुका बारेमा चित्र, भिडियो र सम्भवभएसम्म ट्राफिक पुलिसको सहायताबाट जानकारी गराउने ।<br>• स्थानीय झाडापखाला, टाइफाइड लगायत कोरोनाजस्ता महामारी लाग्नुका कारण, सावधानी र उपचारबारे जानकारी गराउने ।<br>• गाउँपालिका कार्यालय वा गाउँपालिकामा विपद ब्यवस्थापनमा कार्यरत संघसंस्थामा भ्रमण गरी त्यहाँबाट विपद रोकथामका लागि गरिने कार्यहरुको जानकारी लिने र प्राविधिकहरुबाट प्रस्तुति गर्न आमन्त्रण गर्ने ।<br>• यससम्बन्धी विद्यार्थीलाई कृत्रिम घटना अभ्यास (Simulation) गर्न लगाउने । | विपद ब्यवस्थापनमा गाउँपालिका, संघसं)स्थाका कार्य क्षेत्रको वा भूमिकाको चार्ट पोष्टर निर्माण गर्न लगाउने ।<br><br>दुर्घटना, रोगब्याधि, विपद ब्यवस्थापनसम्बन्धी सडक नाटक प्रस्तुत गर्न लगाई विषयवस्तु र कला पक्षको स्तर मापन गर्ने । | |

**कक्षा ८**

| क सं. | मुख्य विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तु | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| १ | हाम्रो शुभकालिका | गाउँसभाको गठन र काम, कर्तब्य र अधिकारबारे जानकारी लिने ।<br>गाउँपालिकामा सञ्चालित | गाउँसभाको गठन र काम, कर्तब्य र अधिकार ।<br>गाउँपालिकामा सञ्चालित प्रमुख वा गौरवका | • नेपालको संबिधान र स्थानीय सरकार सञ्चालन ऐन बमोजिम गाउँ कार्यपालिका र गाउँसभाको गठन, काम, कर्तब्य र अधिकारको जानकारी | प्रश्नोत्तर<br><br>क्वीज | २० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | प्रमुख वा गौरवका योजनाहरुको स्रोत, कार्य र प्रभावबारे बताउने ।<br>• पालिकाभित्र कार्यरत सामुदायिक संघसंस्था र प्राप्त हुने सेवाहरूको जानकारी प्राप्त गर्ने । | योजनाहरुको स्रोत, कार्य र प्रभाव ।<br>• पालिकाभित्र कार्यरत सामुदायिक संघसंस्था र प्राप्त हुने सेवाहरू । | गराउने । सभा सञ्चालनको समयमा भ्रमण गराई संसदीय अभ्यासको जानकारी गराउने ।<br>• गाउँपालिकाको योजना शाखाको सहयोगमा पालिकाभित्र सञ्चालित प्रमुख वा गौरवका आयोजनाको क्षेत्र, लगानी स्रोत, काम र प्रतिफलको जानकारी लिने ।<br>• गौरवका आयोजना सञ्चालन स्थलको भ्रमण गरी थप जानकारी लिने ।<br>• गाउँपालिकाभित्र कार्यक्षेत्र बनाई सञ्चालिनमा रहेका सामुदायिक संघसंस्थाहरु, सहकारी, बैंक र गैरसरकारी संस्थाहरुका कार्यक्षेत्र, तत्कालीन कार्यक्रम तथा सेवा र ती सेवा प्राप्त गर्ने शर्त र लाभान्वित पक्षको बारेमा जानकारी गराउने । | परियोजना कार्य : विद्यार्थीका फरकफरक समूह बनाई अलगअलग संघसंस्थामा भ्रमण गर्न लगाई ती संस्थाबाट सञ्चालित कार्यक्रमको लागत, कार्य र प्रगतिको प्रतिवेदन तयार पार्न लगाई मापन गर्ने । | |
| २ | हाम्रो समाज, संस्तृति र सम्पदा | • सामाजिक चुनौति र विसङ्गतिको रुपमा रहेका जातीय विभेद, लैङ्गिक हिंसा, बाल हिंसा, बाल श्रम, बालविबाह आदिको न्यूनिकरणको उपायको पहिचान गरी कार्यान्वयन गर्न ।<br>• साँस्कृतिक विविधताको सम्मान गर्ने सभ्यताको विकास गर्ने ।<br>• गाउपालिकाका पर्यटकीय | • सामाजिक चुनौति र विसङ्गतिको रुपमा रहेका जातीय विभेद, लैङ्गिक हिंसा, बाल हिंसा, बाल श्रम, बालविबाह आदिको न्यूनिकरणको उपाय ।<br>• साँस्कृतिक विविधता ।<br>• गाउपालिकाका पर्यटकीय स्थलहरुका विशेषता, संरक्षण र सम्बर्द्धन ।<br>• सामाजिक सद्भावका साथै स्थानीय भाषा, धर्म, कला, | • समाजमा चुनौति र विसङ्गतिको रुपमा रहेका जातीय विभेद, लैङ्गिक हिंसा, बाल हिंसा, बाल श्रम, बालविबाह आदिको न्यूनिकरणका लागि सन्देशमूलक प्लेकार्डसहित स्थानीय बजार टोलमा ऱ्याली प्रदर्शन गर्ने, स्थानीय समाज सुधार अगुवा वा पालिका उपाध्यक्ष र न्यायिक समिति सदस्यबाट प्रशिक्षण दिन लगाउने, सन्देशमूलक नाटक प्रदर्शन गर्ने, वक्तृत्वकला, निबन्ध लेखन जस्ता कार्यहरु गराउने । | जातीय विभेद, लैङ्गिक हिंसा, बाल हिंसा, बाल श्रम, बालविबाह न्यूनिकरण प्रयास सम्बन्धमा अलगअलग<br><br>परियोजना कार्य दिने ।<br><br>प्रश्नोत्तर<br><br>क्वीज | ३६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | स्थलहरुका विशेषता, संरक्षण र सर्म्बनको बारेमा बताउने ।<br>• गाउँपालिकाको विभिन्न जातजाति बीचमा सामाजिक सद्भावका साथै स्थानीय भाषा, धर्म, कला, साहित्य र पर्यटनको विकासमा गाउँपालिकाको भूमिका बताउने ।<br>• **शुभकालिका**का धार्मिक स्थलहरुको विशेषता, संरक्षण र सम्बर्धनको बारेमा बताउने ।<br>• गाउँपालिका स्तरीय अध्यक्ष कप खेलकुद प्रतियोगिता र त्यसको महत्वको बारेमा जानकारी दिन ।<br>• बैकल्पिक उर्जा (सोलार, विद्युत, गोवर ग्यास) आदिको परिचय र प्रयोग बारेमा बताउन<br>• गाउँपालिकामा रहेको जल, जमीन, जङ्गल, जडिबुटी, र जनशक्तिको विकास गरी पालिकाको समुन्नतिका लागि उपयोग गर्ने बारेमा गाउँपालिकाको | साहित्य र पर्यटनको विकासमा गाउँपालिकाको भूमिका ।<br>• **शुभकालिका**का धार्मिक स्थलहरुको विशेषता, संरक्षण र सम्बर्द्धन ।<br>• गाउँपालिका स्तरीय अध्यक्ष कप खेलकुद प्रतियोगिता ।<br>• बैकल्पिक उर्जा (सोलार, विद्युत, गोवर ग्यास)<br>• गाउँपालिकामा रहेको जल, जमीन, जङ्गल, जडिबुटी, र जनशक्तिको विकास र गाउँपालिकाको भूमिका ।<br>पर्यटन विकासमा समुदाय र स्थानीय सरकारको सहकार्य । | • गाउँपालिकामा रहेका विविभता झल्कने गरी विभिन्न जातजातिका पहिरन, साँस्कृतिक परम्परा देखाउने गहना आदिसहित विद्यार्थी ट्यान्ट शो आयोजना गर्ने ।<br>• शो आयोजना अवलोकनबाट विद्यार्थीमा के कस्ता भावना पैदा भे टिपोट गर्न लगाई प्रस्तुति गराउने ।<br>• साँस्कृतिक विविधताको सम्मान गर्नुपर्ने दृष्टान्तसहित प्रबचन दिने ।<br>• गाउँपालिकाभित्रका प्रमुख धार्मिक र पर्यटकीय क्षेत्रको भ्रमण गरी त्यसका विशेषताहरु जानकारी गराउने ।<br>• सामाजिक सद्भावका साथै स्थानीय भाषा, धर्म, कला, साहित्य र पर्यटनको विकासमा गाउँपालिकाको भूमिकाका सम्बन्धमा गाउँपालिकाका जनप्रतिनिधिसँग अन्तर्वार्ता संवाद आयोजना गरी जानकारी लिने ।<br>• अध्यक्ष कप खेलकुद प्रतियोगितामा समावेश गरिने खेलहरुको परिचय र अभ्यास गराउने ।<br>• अध्यक्ष कप खेलकुद प्रतियोगितामा प्रतियोगीका रुपमा सहभागी गराउने ।<br>• मानिसको बृद्धि र विकासमा खेलकूँदको महत्व विषयक संवाद सञ्चालन गर्ने ।<br>• बैकल्पिक उर्जा (लघुविद्युत, सोलार | साँस्कृतिक विविधताको सम्मान विषयक वक्तृत्वकला आयोजना गरी अभिब्यक्ति सिप मापन गर्ने ।<br><br>पर्यतकीय स्थलका बारेमा सचित्र लिफलेट विकास गर्न लगाई स्तर मापन गर्ने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | भूमिका बताउन ।<br>पर्यटन विकासमा समुदाय र स्थानीय सरकारको सहकार्यको सम्भावना अध्ययन गर्ने । | | विद्युत, गोवर ग्यास)को प्रविधि र उपयोगको बारेमा स्थानीय ठाउँमा अवलोकनसहित जानकारी गराउने ।<br>• गाउँपालिकामा रहेको भूमीको उपयोग नीति, वन र वनसम्बन्धी जडिबुटीको विकास नीति र युवाहरुलक्षित कार्यक्रमबारे गाउँपालिकाको पहल भूमिकाबारे जनप्रतिनिधिसँग अन्तरसंबाद गरी जानकारी गराउने ।<br>• पालिकाभित्रको पर्यटन विकासमा स्थानीय सरकार र नागरिकको भूमिकाबारे छलफल चलाउने । | | |
| ३ | कृषि, पेशा, व्यवसाय र प्रविधि | गाईपालन/बंगुरपालन/माछापालन/कुखुरापालनको महत्व र पालन गर्ने तरिका वताउने र सहयोग गर्ने ।<br>• बेमौसमी तरकारी ( टमाटर, लौका, करेला, भिण्डी , काँक्रा, सिमी, मुला आदि) खेती गर्ने तरिका बताउन र उक्त खेतीमा सहयोग गर्ने ।<br>• नगदेबाली (तोरी, मसुरो, तिल, अर्सी, लसुन उखु,प्याज,आलु आदि)खेती गर्ने तरिका बताउन र उक्त | गाईपालन/बंगुरपालन/माछापाल कुखुरापालन ।<br>• बेमौसमी तरकारी ( टमाटर, लौका, करेला, भिण्डी , काँक्रा, सिमी, मुला आदि) खेती ।<br>• नगदेबाली (तोरी, मसुरो, तिल, अर्सी, लसुन उखु,प्याज,आलु आदि) खेती ।<br>• हस्त निर्मित सामग्री : स्याँखुडोको, छाप्री,पायो, गुन्द्री आदि) ।<br>• खाद्य सुरक्षाको लागि कृषिको व्यवसायिक उत्पादन । | • गउापालिकामा व्यवसायिक रुपमा गरिदै आएको गाईपालन/बंगुरपालन/माछापालन, कुखुरापालन फर्महरुको स्थलगत अवलोकन गरी यी कार्यमा लगानी, प्रविधि र बजारको अवस्था अध्ययन गर्ने ।<br>• व्यवसायिक रुपमा यी कार्य गर्न सम्भावित चुनौति र अवसरको खोजी गर्ने ।<br>• ब्मौसमी तरकारी टमाटर, लौका, करेला, भिण्डी , काँक्रा, सिमी, मुला आदिको खेति प्रविधि र सम्भावनाबारे स्थानीय कृषि विज्ञसँग जानकारी लिने ।<br>• नगदेबाली (तोरी, मसुरो, तिल, अर्सी, | • व्यवसायिक रुपमा गरिदै आएको गाईपालन/बंगुरपालन/माछापालन, कुखुरापालनसँग सम्बन्धित लगानी, प्रविधि, उत्पान, बजार जस्ता क्षत्रका प्रश्नहरु सोध्ने ।<br>• कृषि उत्पादनको लगानी, प्रविधि र बजारसँग सम्बन्धित प्रश्नहरु सोध्ने<br>• क्वीज<br>• स्वरोजगारमूलक व्यवसायको सम्भावना | ३० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | कार्यमा सहयोग गर्ने ।<br>• हस्त निर्मित सामग्री : स्याँखुडोको, छाप्री,पायो, गुन्द्री आदि) बनाउने तरिका बताउने र निर्माण गर्ने ।<br>• खाद्य सुरक्षाको लागि कृषिको व्यवसायिक उत्पादनको सम्भावना अध्ययन गर्ने ।<br>• स्वरोजगारमूलक आयआर्जनका वैकल्पिक पेशाको सम्भाब्यता अध्ययन गर्ने ।<br>• बैंक एवम् वित्तीय सस्थाहरूको सेवा र शर्तहरूबारे सूचना संकलन गर्ने ।<br>• समस्या सामाधान सिपको प्रयोग गर्ने । | • स्वरोजगारमूलक आयआर्जनका वैकल्पिक पेशा ।<br>• बैंक एवम् वित्तीय सस्थाहरूको सेवा र शर्तहरू ।<br>• समस्या समाधान सिप । | लसुन उखु,प्याज,आलु आदि) खेतीको वर्तमान अवस्था के छ जानकारी गराउने ।<br>• नगदेबाली (तोरी, मसुरो, तिल, अर्सी, लसुन उखु, प्याज, आलु आदि) खेतीको तरिका, प्रविधि, उत्पादन र बजारको अवस्था र सम्भावनाबारे जानकारी गराउने ।<br>• गाउँपालिकाभित्र निर्माण गरिने हस्त निर्मित सामग्री : स्याँखुडोको, छाप्री,पायो, गुन्द्री आदि निर्माण अभ्यास गर्ने ।<br>• खाद्य सुरक्षाको लागि कृषिको व्यवसायिक उत्पादन आवश्यक र महत्व सन्दर्भमा विज्ञबाट प्रस्तुति, विद्यार्थीका वीच निबन्ध लेखन, कक्षाकोठामा प्रस्तुति जस्ता कार्य गर्ने ।<br>• गाउँपालिकामा स्वरोजगारमूलक पेशाका क्षेत्रहरु पहिल्याउने, यसका लागि आवश्यक लगानीको आ.कलन, उत्पादन वा सेवा व्यवसायको बजारको सम्भावना जस्ता पक्षमा स्थलगत अवलोकन गर्ने, विज्ञसँग परामर्श गर्ने, सफल व्यक्ति वा व्यवसायीका सफलताका कथा निर्माण गरी प्रस्तुत गर्न लगाउने ।<br>• गाउँपालिकाभित्र सञ्चालित बैंक | विषयक वक्तुत्वकला वा निबन्धलेखन कार्य गराई स्तर मापन गर्ने ।<br>• वित्तीय संस्थाका सेवा र शर्तको चार्ट बनाउन लगाउने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | तथा वित्तीय संस्थाहरुबाट प्रदा नगरिने सेवा र त्यसका लागि पालना गर्नुपर्ने शर्तका बारेमा ाजनकारी गराउने ।<br>. सम्बन्धित संस्थाको भ्रमण गरी अन्तर्वार्ता र छलफल गरी जानकारी लिने ।<br>. स्वरोजगारमूलक ब्यवसाय सञ्चालनका लागि धेरै चुनौति छन् । जस्तै लगानी, कच्चा पदार्थ, उत्पादन, बिक्रि आदि । यसतो अवस्थामा स्थानीय ठाउँमा बसेर स्वरोजगारमूलक ब्यवसाय सञ्चालन गर्न कसरी सम्भव छ ? जस्ता प्रश्न सोधेर विद्यार्थीमा समस्या समाधान सिप विकास गर्ने । | | |
| ४ | जीवन कला र अनिवार्य सिपहरू | . गीत, सङ्गीत र नृत्यहरुको सिर्जना र अभ्यास गर्ने ।<br>. स्थानीयस्तरका प्रमुख धर्महरुको मूल मर्मका बारेमा संक्षिप्त परिचय र आपसी सद्भावका लागि ध्यान पु¥याउनु पर्ने कुराहरु बताउने ।<br>. जीवन र जगतलाई सकारात्मक किसिमले सोच्ने सिप र वानीको अभ्यास एवम प्रस्तुतिकरण गर्ने । | . गीत, सङ्गीत र नृत्यहरुको सिर्जना र अभ्यास ।<br>. स्थानीयस्तरका प्रमुख धर्महरु र आपसी सद्भाव ।<br>. सकारात्मक सोंचाइ सिप<br>. असल वानी ब्यवहारहरु<br>. श्रम र विद्यालय बगैंचा निर्माण ।<br>. विद्यालय हातामा विरुवा रोपण ।<br>. योग र ध्यान (प्रणव ध्यान, उद्गीथ, कपालभाती प्रणायाम, अनुलोमविलोम, तिर्यकताडासन, | . मोवाइल, टिभी, साउण्ड सिष्टम, कम्प्यूटर आदिको प्रयोग गरेर विभिन्न बाल गीत, बालसङ्गीत र नृत्यहरु प्रदर्शन गर्दै सोको अनुकरण र अभ्यास गर्न विद्यार्थीलाई प्रेरित गर्ने ।<br>. विद्यार्थीहरु आफैले पनि गीत, सङ्गीतको सिर्जना गर्न र बाद्ययन्त्र बजाउनका लागि अवसरका साथै प्रोत्साहन र हौसला प्रदान गर्ने ।<br>. समाज र राष्ट्रको जिम्मेवार नागरिक हुनका लागि आवश्यक पर्ने सिप र स्वभावहरुको चर्चा गर्ने ।<br>. त्यस्ता आचरण र स्वभावहरु आफूमा पनि विकास गर्नका लागि | प्रश्नोत्तर<br><br>क्वीज<br><br>गयन तथा नृत्यको कलात्मक पक्षको मापन<br><br>धर्मिक सहिष्णुता, सामाविक विविधताजस्ता विषयमा वक्तृत्वकला वा निबन्धलेखन अभ्यास<br><br>असल बानी ब्यवाहारको | २० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | • अरुमा भएका राम्रा कुराहरुको पहिचान, सम्मान र प्रसंशा एवम् त्यस्ता स्वभावहरुको जीवनमा निरन्तर अभ्यास र अनुशरण गर्ने ।<br>• श्रम र सिर्जनाको सम्मान र अभ्यास गर्ने बानीको विकास गर्ने । विद्यालय बगैंचा निर्माण गर्ने ।<br>• विद्यालय हातामा विरुवा रोपण संरक्षण गर्ने ।<br>• योग र ध्यान (प्रणव ध्यान, उद्‌गीथ, कपालभाती प्रणायाम, अनुलोमविलोम, तिर्यकताडासन, चक्किआसन) लाई  स्वस्थ र खुशी हुनका लागि अभ्यास र प्रयोग गर्ने ।<br>• घरपरिवार र समाजका जेष्ठ नागरिक एवम् असहज स्थितिका मानिसहरुप्रति सहयोग गर्ने सिप र भावनाको अभ्यास एवम् अनुसरण गर्ने ।<br>• हाम्रा पुर्खा, वंश तथा गोत्रको पहिचान गर्दै यसको महत्व र | चक्किआसन)<br>• घरपरिवार र समाजका जेष्ठ नागरिक एवम् असहज स्थितिका मानिसहरुप्रति सहयोग<br>• हाम्रा पुर्खा, वंश तथा गोत्रको पहिचान र महत्व ।<br>• आहार व्यवहार र सन्तुलित भोजन ।<br>• समालोचनात्मक चिन्तन, सिर्जनशीलता, सहयोगात्मक व्यवहार र सञ्चार एवम् नागरिक सिपको विकास । | विद्यार्थीहरुलाई प्रेरित गर्दै उनीहरुले अनुशरण गर्न सक्ने स्वभावको लागि लिखित प्रतिबद्धता समेत गराउने ।<br>• सन्तुलित जीवन जिउनका लागि खुसी र स्वस्थ हुनुपर्ने र त्यसका लागि घटना, विषय र वस्तुभित्र भएका सकारात्मक कुराहरुलाई अवसर ठानी अघि बढ्न विद्यार्थीलाई प्रेरित गर्ने ।<br>• सकारात्मक सोचका अतिरिक्त खुसी र सन्तुलित जीवनका विविध पक्षहरुको बारेमा विद्यार्थीहरुको बीचमा छलफल गरी सोको अनुसरण गर्न विद्यार्थीलाई प्रेरित गर्ने ।<br>• विद्यार्थीहरुलाई प्रणव ध्यान, उद्‌गीथ, कपालभाती प्रणायाम, अनुलोमविलोम, तिर्यकताडासन, चक्किआसन आदि सिकाउनका लागि शिक्षकले सबैको सामू आफैले प्रदर्शन गरेर देखाउने ।<br>• तत्पश्चात आफ्नो निर्देशनमा विद्यार्थीहरुलाई प्राणायम, ध्यान र आसनहरुको अभ्यास गर्न लगाइ शिक्षककले सुधारका लागि पृष्ठपोषण प्रदान गर्ने ।<br>• हाम्रा जेष्ठनागरिक हाम्रा अमूल्य सम्पत्ति र जिउदो इतिहास हुन भन्ने बारेमा विभिन्न दृष्टान्तहरु दिएर स्पष्ट पार्ने ।<br>• अन्य श्रव्य दृश्य सामग्रीका अतिरिक्त जेष्ठ नागरिकलाई नै कक्षामा आमन्त्रण | अवलोकन गरी मापन गर्ने ।<br><br>योगाभ्यास र व्यवहार अवलोकन गरी मापन गर्ने<br><br>परियोजना कार्य : जयेष्ठ नागरिकका लागि सहयोगात्मक कार्य गरी प्रतिवेदन प्रस्तुत गर्ने<br><br>आहार व्यवहारसम्बन्धी लेख लेख्न लगाई मापन गर्ने ।<br><br>समालोचनात्मक, सिर्जनात्मक, सञ्चार, नागरिक सिपहरुको विकास भएको अवस्था अवलोकन गर्ने र मापन गर्ने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | उपादेयताको बारेमा जानकारी दिने ।<br>• आहाार व्यवहार र सन्तुलित भोजन अभ्यास गर्ने ।<br>• समालोचनात्मक चिन्तन, सिर्जनशीलता, सहयोगात्मक व्यवहार र सञ्चार एवम् नागरिक सिपको विकास गर्ने । | | गरेर स्रोतव्यक्तिको रुपमा प्रयोग गर्ने<br>• गाउटोलका जेष्ठ नागरिकसँग भेटघाट र छलफल गरी उनीहरुको अनुभवबाट सिकाइ गर्ने ।<br>• जेष्ठ नागरिक र अशक्त मानिसहरुले सामना गरिरहेका समस्याको बारेमा छलफल गर्ने ।<br>• जेष्ठ नागरिक र अशक्तलाई व्यक्तिगत वा समूहमा मिली सक्दो सहयोग गर्नका लागि परियोजना कार्य वा अवलोकन भ्रमणको व्यवस्था गर्ने ।<br>• पुर्खा, वंश र गोत्र सम्बन्धी जानकार स्थानीय व्यक्तिलाई आमन्त्रण गरी स्रोतव्यक्तिको रुपमा प्रयोग गर्ने ।<br>• सन्तुलित भोजन, आहार नियम, पौष्टिक खानाका लागि स्थानीय स्तरमा पाइने खानाहरुको उपयोगसम्बन्धी स्थानीय विज्ञबाट जानकारी गराउने ।<br>• खुला प्रश्नहरु सोध्ने, विषयवस्तुलाई चित्रात्मक वा क्लाउड पोष्टरमा प्रस्तुत गर्ने, एकले अर्कोलार्य सिकाउने, समूह कार्यमा जिम्मेवारी बाँड्ने, साथी विद्यालय र समाजका समस्यामा सरोकार राख्ने खालका क्रियाकलापमा समावेश गराई समालोचनात्मक, सिर्जनात्मक, सञ्चार, नागरिक सिपहरुको विकास गर्ने । | | |
| ५ | हाम्रो ाातावरण र | • जलवायु परिवर्तनको स्थानीय असर पहिचान | • जलवायु परिवर्तनको स्थानीय असर | • दृष्टान्तहरुसहित जलवायु परिवर्तनको अवधारणा बताउने । | प्रश्नौत्तर | २२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | विपद व्यवस्थापन | गर्ने<br>• भूकम्पबाट हुने जोखिम न्यूनिकरणका लागि विद्यालय र समुदायको भूमिका प्रदर्शन गर्न ।<br>• सुरक्षित विद्यालयको लागि विद्यार्थीको भूमिका बताउन र सोको कार्यान्वयन गर्न ।<br>• विश्वका प्रमुख महामारीहरू- ब्बिअप मभबतज, प्लेग, फ्लू, एचआईभी एड्स, हैजा, सार्स र कोभिड १९) को बारेमा बताउन ।<br>• महामारीहरुबाट विश्व समुदायमा भएका सिकाइको बारेमा जानकारी दिन ।<br>• किशोरीहरुमा देखिने मास हिष्टेरियाबाट बच्ने उपायको पहिचान गरी कार्यान्वयन गर्ने ।<br>• विपद्को सामूहिक प्रतिकार्यका उपायहरू बताउन<br>• विपद्को सामूहिक प्रतिकार्यमा विद्यार्थीको भूमिका (जुरेस, स्काउट, | • भूकम्पबाट हुने जोखिम न्यूनिकरणका लागि विद्यालय र समुदायको भूमिका ।<br>• सुरक्षित विद्यालय ।<br>• विश्वका प्रमुख महामारीहरू- Black death, प्लेग, फ्लू, एचआईभी एड्स, हैजा, सार्स र कोभिड १९) ।<br>• महामारीहरुबाट विश्व समुदायमा भएका सिकाइ ।<br>• किशोरीहरुमा देखिने मास हिष्टेरिया<br>• विपद्को सामूहिक प्रतिकार्यका उपायहरू<br>• विपद्को सामूहिक प्रतिकार्यमा विद्यार्थीको भूमिका (जुरेस, स्काउट, इको क्लव लगायत) ।<br>• बालविबाह न्युनिकरण सम्बन्धी सचेतना ।<br>• कृत्रिम घटना अभ्यास (Simulation) गर्न ।<br>• भू-क्षय, नदी कटान एवम् पहिरोको जोखिम रहेका क्षेत्रको पहिचान गर्ने ।<br>तटबन्ध लगायतका रोकथाम सचेतीकरणमा गाउँपाकिलाको | • जलवायु परिवर्तनबाट भएका असरहरुको चर्चा गर्ने ।<br>• जलवायु परिवर्तनबाट स्थानीय वाली वा वनस्पति वा जनावर वा तापक्रम वा हिउँ जम्ने पग्लने अवस्था, गर्मी जाडो र अन्य पक्षमा देखापरेका परिवर्तनहरुको उदाहरणसहित चर्चा गर्ने ।<br>• हरेक व्यक्तिले जलवायु परिवर्तनको असर न्युन गर्नका लागि गर्नसक्ने कार्यको खोजी गरी चर्चा गर्ने । जस्तै फोहोर व्यवस्थापन, बृक्षारोपण, वन पैदावरको बचावट, कूलोपानीको व्यवस्थापन, कम धूँवा उत्सर्जन आदि ।<br>• प्रमुख महामारीहरू- Black death, प्लेग, फ्लू, एचआईभी एड्स, हैजा, सार्स र कोभिड १९ बाट मानिसले सिकेका पाठहरु र प्रभावको जानकारी गराउने ।<br>• मास हिस्टेरियापूर्व सतर्कता र हुनबाट जोगिने उपायबारे छलफल गर्ने ।<br>• बालविवाह न्युनीकरणका लागि सन्देशमूलक नाटक प्रदर्शन गर्ने, कक्षामा वक्तृत्वकला र निबन्धलेखन अभ्यास गराउने ।<br>• विपद प्रतिकार्यको अर्थ बताउने । यस कार्यमा गाउँपालिका, विद्यालय, | जलवायु परिवर्तनका कारणहरु र असर कम गर्नका लागि सम्भावित प्रयासबारे वक्तृत्वकला वा निबन्धलेखन अभ्यास गराई स्तर मापन गनृे ।<br><br>प्रमुख महामारीका कारण, लक्षण, नोक्सानीको तालिका बनाउन लगाउने ।<br><br>बालविवाह न्युनीकरणका लागि नाटक, वक्तृत्वकला, निबन्धलेखन गराई विषयवस्तु र प्रस्तुति मापन गर्ने ।<br><br>इको क्लब, रेडक्रस जस्ता समुहको कार्य के के हुन् ? चार्टमा देखाउन लगाउने ।<br><br>परियोजना कार्यको प्रतिवेदनको मापन गर्ने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | इको क्लव लगायत) बताउन ।<br>• बालविबाह न्युनिकरण सम्बन्धी सचेतना फैलाउन ।<br>• कृत्रिम घटना अभ्यास (Simulation) गर्न ।<br>भू-क्षय, नदी कटान एवम् पहिरोको जोखिम रहेका क्षेत्रको पहिचान गर्ने ।<br>तटबन्ध लगायतका रोकथाम सचेतीकरण प्रयाशबारे गाउँपालिकाले गरेका प्रयासबारे जानकारी लिने । | भूमिका । | अभिभावक, शिक्षक विद्यार्थीका भूमिका बुँदागत रुपमा प्रस्तुत गर्ने ।<br>• विद्यालयमा रहेका विभिन्न समूहहरु इको क्लब, रेडक्रस आदिको कार्यहरु बताउने । विपदका अवस्थामा यी समूहले गर्ने कार्यहरुको अभ्यास गराउने ॥<br>• विपद प्रतिकार्यको कृत्रिम अभ्यास गराउने ।<br>• भू-क्षय, नदी कटान एवम् पहिरोको जोखिम रहेका क्षेत्रको पहिचान गर्ने ।<br>• तटबन्ध लगायतका रोकथाम सचेतीकरणमा गाउँपाकिलाको भूमिका छलफल गर्ने ।<br>• यसप्रकारको क्षेत्रको स्थलगत अवलोकन गरी कारण, क्षति, रोकथाम आदि पक्षमा प्रवितेदन तयार गरी कक्षामा प्रस्तुत गर्न लगाउने । | | |

## ६. प्रयोगात्मक तथा परियोजना कार्य (यहाँ दिइएका कतिपय परियोजना वा प्रयोगात्मक कार्य विषयवस्तुको विस्तृतीकरण खण्डमा पनि परेका छन् । शिक्षण र मूल्यांकनका क्रममा यी कार्यहरुको प्रयोग गर्नु आवश्यक हुन्छ ।)

**कक्षा ४**

१. शुभकालिका गाउँपालिका पहिलेका कतिवटा गाउँविकास समिति (नाम समेत) का कति ओटा वडाहरु मिलाएर बनाइएको हो ? अहिले जम्मा कतिवटा वडाहरु छन् ? शिक्षक, घरमा भएमा अभिभावक र छरछिमेकमा भएका जानकार महानुभावहरूसँग सोधपुछ गरी तलको तालिकामा भरेर कक्षामा प्रस्तुत गर्नुहोस् ।

| क.सं. | अहिलेको पालिका निर्माण गर्दा समावेश गरिएका पहिलेका गाविस र वडाहरू | जानकारी दिने व्यक्तिहरूको नाम र नाता सम्बन्ध |
|---|---|---|
| | | |
| | | |
| | | |

२. तपाईको शुभकालिका गाउँपालिकाको कुल क्षेत्रफल कति रहेको छ ? शुभकालिका गाउँपालिकामा जम्मा कतिवटा वडा छन् ? तिनीहरुको क्षेत्रफल कति कति रहेको छ ? जनसंख्या र क्षेत्रफलको हिसावले सबैभन्दा ठूलो वडा र सबैभन्दा सानो वडाहरु कुन कुन हुन ? विषय शिक्षकसँगको परामर्शमा गाउँपालिकाका सम्बन्धित पदाधिकारीसँग सोधपुछ गरी निम्न तालिकामा आवश्यक विवरण भरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

| क.सं. | वडाको विवरण | वडा नं | क्षेत्रफल | जानकारी दिने व्यक्ति |
|---|---|---|---|---|
| १ | तपाई बसेको वडा | | | |
| २ | सबैभन्दा ठुलो अर्थात धेरै क्षेत्रफल भएको वडा | | | |
| ३ | सबैभन्दा सानो अर्थात कम क्षेत्रफल भएको वडा | | | |
| ४ | सबैभन्दा धेरै जनसङ्ख्या भएको वडा | | | |
| ५ | सबैभन्दा कम जनसङ्ख्या भएको वडा | | | |

३. तपाईले आफ्ना वडाका कुन कुन ठाउँमा गएर प्रत्यक्ष अवलोकन गर्नु भएको छ ? त्यहाँ जाँदा तपाईले देखेको र अहिले सम्म सम्झिरहेको कुरा के हो ? तलको तालिकाका आधारमा विवरण तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

| प्रत्यक्ष गएर अवलोकन गरेका आफ्नो वडाका स्थानहरू | अहिलेसम्म सम्झिरहेको विषय वा स्थान | सम्झनुको कारण | कैफियत |
|---|---|---|---|
| (क) | | | |
| (ख) | | | |
| (ग) | | | |
| (घ) | | | |

४. तपाईको पालिकामा भएका प्रमुख धार्मिक, साँस्कृतिक र ऐतिहासिक स्थलहरुको नाम के के हो ? तीमध्ये तपाई आफैले अवलोकन गरेका कुन कुन हुन् ? अभिभावक र जानकार छिमेकीको सहयोगले तलको तालिका भरेर कक्षामा प्रस्तुत गर्नुहोस् ।

| अभिभावक र जानकार छिमेकीको सहयोगले जानकारी भएका धार्मिक, साँस्कृतिक एवम् ऐतिहासिक स्थलहरु | आफू स्वयम् गएर अवलोकन गरेका धार्मिक, साँस्कृतिक एवम् ऐतिहासिक स्थलहरु |
|---|---|
| | |

५. तपाईले आफ्नो वडा वा पालिकाको अन्य वडामा गएर अवलोकन गरेको प्राकृतिक सम्पदाहरु : जमीन, वनजङगल, गाड, खोला, ताल, पोखरीमध्ये कुनै एउटा सम्पदाको नाम लेख्नुहोस् । उक्त सम्पदामा जाँदा तपाई कोसँग जानु भएको थियो ? उहाँको नाम र उहाँसँगको नाता सम्बन्ध पनि लेख्नुहोस् र त्यहाँ गएर अवलोकन गर्दा स्मरण भएका कुराहरूको विवरण तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

६. आफ्नो घर वा विद्यालयमा खेती गरिने लसुन, दुदु, अदुवा, प्याज, बेसार, सखरखण्ड, बदाम र धनिया खेतीमध्ये कुनै एक खेतीमा सहयोग गर्नुहोस् । बिउ राख्नेदेखि उत्पादन, प्रयोग र बिक्रीसम्मका प्रक्रियाहरुमा के कस्ता कार्यहरु गरियो ? ती सबैको प्रतिबेदन तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

७. आफ्नो घर वा समुदायस्तरमा उत्पादित वस्तुहरू परालको गुन्द्री, चकटी, डोको, सुपो, बाबियोको डोरी, आल्लोको डोरी, ढरिया, ठेकी, मदानी, खिरे, खाप, मदुस, कोर्को, सागु, ओखल, मुसल आदिमध्ये कुनै एकको निर्माण कार्यको अवलोकन गर्नुहोस् । निर्माण गर्दा चाहिने सामग्रीहरु, निर्माण गर्ने तरिका र निर्मित सामग्रीको प्रयोग के के कार्यका लागि गरिन्छ ? विवरण तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

**८.** आफ्नो घरपरिवार वा छरछिमेकमा भएका जेष्ठ नागरिकलाई के भनेर बोलाउनु हुन्छ ? उहाँको नाम के हो ? उहाँको शारीरिक अवस्था कस्तो छ ? ती जेष्ठ नागरिकले तपाईप्रति गर्ने व्यवहार कस्तो छ ? दिक्क लाग्दो वा रमाइलाग्दो ? उनीहरूलाई तपाईले मन पराउनु हुन्छ कि मन पराउनु हुन्न ? यसको कारणसहित उल्लेख गर्दै तपाईले उहाँहरूबाट सिकेको कुरा के के हुन् ? सङ्क्षेपमा लिखित प्रतिवेदन बनाइ प्रस्तुत गर्नुहोस् ।

९. तपाईले के के काम गर्दा तपाईका परिवारका सदस्यहरू खुसी हुनुहुन्छ ? घरपरिवारमा गएर उहाँहरूसँग सोधपुछ गर्नुका साथै उहाँहरुमध्ये को-कसले गर्ने कुन कुन कुराहरू तपाईलाई मन पर्छ ? यो क्रियाकलापबाट तपाईले के सिक्नु भयो ? यी सबैलाई समेटेर प्रतिवेदन प्रस्तुत गर्नुहोस् ।

१०. तपाईको गाउँवस्तीमा विभिन्न अवसरमा नाँचिने नाँचहरू देख्नु भएको छ कि छैन ? देखेको भए देखेको आधारमा र नदेखेको भए देखेका मानिससँग सोधेर कुनै एउटा नाँचमा गरिने क्रियाकलाप, लगाउने पोशाक र बजाउने बाजाहरूको नाम तलको तालिकामा भर्नुहोस ।

| नाचको नाम | नाँचमा गरिने क्रियाकलापहरू | नाँचमा लगाउने पोशाकहरू | नाँचमा बजाउने बाजाहरू |
|---|---|---|---|
| | | | |

११.तपाईले घरपरिवारमा गएर परिवारका सदस्यहरूको सामू आफूले मन परेको गीत गाउनुहोस् वा मन परेको गीतमा नाँच्नुहोस् । तपाईको गीत सुनेर वा नृत्यको अवलोकन गरेर को-कोले के-के भन्नु भयो ? उहाँहरूको कुरा सुनेर तपाईलाई कस्तो महसुस भयो ? तपाईले गाएको वा नाँचेको गीतको नामसहित उल्लिखित सबै कुरा टिपोट गरेर कक्षामा प्रतिवेदन प्रस्तुत गर्नुहोस् ।

१२.तपाईको गाउँबस्तीमा तपाईले चिनेको असल नागरिकको नाम के हो ? तपाईले उहाँसँग भेट गरेर उहाँले गरेका राम्रा कामहरुको बारेमा सोधपुछ गरेर टिपोट गर्नुहोस् । उहाँसँग भेट हुन सक्ने अवस्था नभएमा उहाँको परिवार वा उहाँको सम्बन्धमा तपाईको आफ्नो परिवारका सदस्यसँग सोधपुछ गर्नुहोस् । यो क्रियाकलापबाट तपाईले के सिक्नु भयो ? आदि कुरालाई समेटेर प्रतिवेदन तयार गर्नुहोस् ।

१३. तपाईले विद्यालयमा सिकेका प्राणायाम र आसनहरू घरमा पनि गएर आफ्नो अभिभावकले देख्ने गरी अभ्यास गर्नुहोस् । तपाईले गरेको अभ्यास देखेर अभिभावकले तपाईलाई के भन्नु भयो ? तलको तालिकामा भर्नुहोस् ।

| विद्यालयमा सिकेर घर गइ अभ्यास गरेका प्राणायामको नाम | विद्यालयमा सिकेर घर गइ अभ्यास गरेका आसनहरूको नाम | अभ्यास गरेको देखेर अभिभावकले दिएको प्रतिक्रियाको विवरण |
|---|---|---|
| | | |

१४. तपाई हिन्दु धर्मावलम्बी हो भने कम्तिमा एकजना इसाइ वा एकजना इस्लाम धर्म मान्ने साथीसँग परिचय गरी उनीहरूले मान्ने पर्व क्रिसमस वा ईदमा के के गरिन्छ वा के के परिकार खाइन्छ भन्ने कुरा साथीले भनेको आधारमा आफ्ना विचार सहित प्रतिबेदन बनाएर कक्षामा प्रस्तुत गर्नुहोस् अथवा तपाई ईसाइ वा इस्लाम धर्म मान्ने व्यक्ति हो भने पनि हिन्दू धर्म मान्ने साथीको दशैंका बारेमा त्यसरी नै प्रतिबेदन तयार गरी कक्षामा पेश गर्नुहोस् ।

१५. स्वास्थ्य चौकीको नर्स वा अन्य कुनै कर्मचारीलाई भेटी स्वास्थ्य चौकीले प्रवाह गर्ने सेवा र सेवा लिन अपनाउनु पर्ने प्रक्रियाका बारेमा तलको तालिकाको आधारमा प्रतिबेदन बनाई पेश गर्नुहोस् ।

| स्वास्थ्य चौकीले प्रवाह गर्ने सेवाहरू | सेवा लिनका लागि अपनाउनु पर्ने प्रक्रियाहरू |
|---|---|
| १. | १. |
| २. | २. |
| ३. | ३. |
| ४. | ४. |

१६. सोधखोज तथा अवलोकनको माध्यमबाट शुभकालिका गाउँपालिका भित्र पाइने वन्यजन्तु तथा चराहरुको सूची बनाउनुहोस् । उक्त वन्यजन्तु र चराहरुको महत्व तथा संरक्षण गर्ने तरिकासमेतलाई तलको तालिकामा भर्नुहोस् ।

| क्र.स. | वन्यजन्तु/चराको नाम | पत्ता लागेको स्रोत वा माध्यम | महत्व | संरक्षणको तरिका |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |

१७. घर वरपरको खाली जमीन वा विद्यालय वा करेशाबारीमा उपयोगी बोटबिरुवाको वृक्षारोपण गर्नुहोस् । बिरुवा हुर्कनको लागि आवश्यक पर्ने तत्वहरू-पानी, मल आदि पनि प्रदान गर्नुहोस् । करिब १ महिनामा बिरुवाको बृद्धि कति भयो, बिरुवामा के कस्ता परिवर्तनहरू आए ? अवलोकन गरी प्राप्त विवरणहरू टिपोट गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

१८. घरबाट निस्कने फोहोरहरूको वर्गीकरण (कुहिने र नकुहिने एवम् तरल र ग्याँस) गर्नुहोस् । फोहोरमैला व्यवस्थापन गर्ने तरिकाहरू अवलम्बन गर्नुहोस् । यसको लागि फोहर तरल (नाली, शौचालय तथा बाथरुमबाट निस्कने तरल, भान्साबाट निस्कने फोहोर), कुहिने र नकुहिने ठोस फोहोर, ग्याँस (वायु) आदिको व्यवस्थापन गर्ने तरिकाहरूलाई आफू, आफ्नो परिवारले विशेष ध्यान दिनुहोस । यी कार्यबाट फोहोर व्यवस्थापन गर्दा के के प्रगति भयो ? गरेका कार्यहरूको टिपोट तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

१९. हाम्रो गाउँवस्तीमा सामाजिक चुनौति र विसङ्गतिको रुपमा रहेको जातिय वा लैङ्गिक विभेदले हाम्रो विकासमा के कस्तो बाधा पुर्‍याइरहेको छ ? यस्तो विभेदलाई न्यूनिकरण गर्न विद्यालय र समाजका

अगुवाहरुले के कस्तो काम गर्नुपर्दछ ? समूदायका कम्तिमा कुनै दुई जना जानकारहरुसँग सोधपुछ गरेको आधारमा प्रतिबेदन तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

२१. विगत एक वर्षभित्र समुदायमा घटेका विपद्हरूको सूची अभिभावकलाई सोधि तयार गर्नुहोस् । ती विपद् घट्नुका कारणहरू र भएको क्षति लेखी तलको तालिका भर्नुहोस ।

| क्र. सं. | विपद्को नाम | सम्भावित कारण | भएको क्षति |
|---|---|---|---|
| | | | |

२२. विद्यालयबाट घर जाँदा बाटो वा सडक अवलोकन गरी विद्यालय जाँदा आउँदा हुनसक्ने सम्भावित जोखिमहरू पहिचान गर्नुहोस् । ती जोखिमबाट सुरक्षित रहन गर्नुपर्ने उपायहरू र तपाइको भूमिका समेत उल्लेख गरी प्रतिबेदन तयार गर्नुहोस् ।

२३. आगलागी, बाढी र पहिरोबाट बच्नका लागि गरिने कृत्रिम घटना अभ्यासमा सहभागी भइ उक्त कृत्रिम घटनामा सहभागी भएको आधारमा गरिएका प्रकृयाहरू बुँदागत रुपमा  टिपोट गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

## कक्षा ५

१. तपाईको शुभकालिका गाउँपालिकामा भएका जम्मा वडाहरु र उक्त वडाहरु अन्तर्गत पर्ने गाउँवस्तीका नामहरु आफ्नो छिमेकी वा समुदायको जानकार व्यक्तिसँग सोधपुछ गरेर तलको तालिकामा भरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

| वडा नं | गाउँवस्तीका नामहरु | जानकारी दिने व्यक्तिको नामं. |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| ४ | | |
| ५ | | |
| ६ | | |
| ७ | | |

२. तपाईले वडामा भएका गाउँटोलहरूको नाम लेख्नुहोस् र ती गाउँटोलहरूमा कुन कुन जातिको बसोवास रहेको छ ? सकेसम्म ती क्षेत्रमा आफैले प्रत्यक्ष गएर अवलोकन गरी तलको तालिकाका आधारमा विवरण तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

| आफ्नो वडामा भएका गाउँटोलका नाम | बसोवास गरेका जातजातिहरू | बढी बसोवास भएको जातजाति | कैफियत |
|---|---|---|---|
| (क) | | | |
| (ख) | | | |
| (ग) | | | |

३. तपाई कहिलेकाहीँ आफ्नो बाहेक आफ्नै गाउँपालिकाको अन्य कुनै विद्यालयमा यस भन्दा पहिले जानु भएको छ कि छैन ? जानु भएको छ भने त्यही गएको आधारमा र नगएको भए विषय शिक्षकसँग अनुमति लिएर कक्षाका विद्यार्थीहरूको समूह बनाई कुनै विद्यालयमा जानुहोस् र उक्त विद्यालय र तपाईको विद्यालयका के कस्ता भिन्नताहरू छन् ? तपाईको विद्यालयमा भन्दा त्यहाँ के राम्रो छ र त्यहाँको विद्यालयमा भन्दा तपाईको विद्यालयमा के राम्रो छ ? उल्लिखित कुरा समेटेर प्रतिवेदन बनाइ विषय शिक्षकलाई पेश गर्नुहोस् ।

४. तपाई स्काउट, इको क्लव, रेडक्रसमध्ये कुनै एकमा आवद्ध भएको कारण उक्त संस्थाले तोकेको काममा सहभागी हुनुहोस् । उक्त काम के थियो ? उक्त काम गर्दा तपाई एक्लै हुनुहुन्थ्यो वा समूहमा ? उक्त काम गर्दा तपाईलाई कस्तो अनुभूति भयो र उक्त कामले के फाइदा भयो ? उक्त काम माथिकामध्ये कुन संस्थामा आवद्ध भएको कारण गर्नु भएको हो ? यी सबै कुरा उल्लेख गरेर प्रतिबेदन तयार गरी कक्षामा पेश गर्नुहोस ।

५. आफ्नो घर वा विद्यालय वा समुदायमा खेती गरिएको आलु, टमाटर, केरा, च्याउखेतीमध्ये तपाई संलग्न र सहभागी भएर उत्पादन गरिएको तरकारी खेती कुन हो ? उक्त तरकारी खेती कसरी गरिदोरहेछ ? तपाईलाई त्यसबाट के कुराको सिकाइ भयो ? आफ्ना अनुभवहरू समेटेर प्रतिबेदन तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

६. तपाईका परिवारमा भएका अभिभावकहरूमध्ये कुनै दुई अभिभावकको नाम र नाता सम्बन्ध उल्लेख गर्दै उहाँहरुसँग भएका तपाईलाई मन पर्ने बानी व्यवहारहरू तलको तालिकामा लेखी कक्षामा प्रस्तुत गर्नुहोस् ।

| अभिभावकको नाम र नाता सम्बन्ध | नाता सम्बन्ध | उहाँसँग भएका मनपर्ने बानी र व्यवहारहरू |
|---|---|---|
| (१) | | |
| (२) | | |

७. विद्यालयमा आएदेखि अहिलेसम्म विद्यालयबाट तपाईले के के राम्रा बानी, सिपहरू सिक्नु भयो ? तपाईले सिकेका बानी र सिपहरूको बारेमा तपाईका परिवारका सदस्यहरूले के भन्नु हुन्छ ? तपाइले सिकेको कुन सिप वा बानीले तपाईका परिवारका कुन कुन सदस्यलाई बढि खुसी बनाएको छ ? तपाईको सिकाइले तपाईलाई के फाइदा भएको महसुस गर्नु भएको छ ? यी सबै कुराका आधारमा लिखित विवरण तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

८. तपाईलाई घरपरिवारमा भएको कुनै कुरा झट्ट सम्झिँदा वा अवलोकन गर्दा नराम्रो लागेकोमा सकारात्मक किसिमले सोच्दै जाँदा त्यो भित्र पनि के कुरा राम्रो देख्नु भयो ? तपाईले देखेको वा सोचेको उक्त राम्रो कुराको बारेमा घरपरिवारका सदस्यहरूसँग छलफल गर्दा क-कसले के के भन्नु भयो ? यसबाट तपाईलाई के अनुभूति भयो ? उल्लिखित सबै कुरा समेटेर लिखित प्रतिबेदन तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

९.शुभकालिका गाउँपालिकाका परम्परागत स्थानीय लोकगीत, लोक नृत्य, गाउँ खाने कथा, आँन, पुरान र लोक कथामध्ये कुनै तीनवटाको बारेमा गाउँका जानकार मानिसहरुसँग सोधपुछ गरी हरेकको तीन तीनवटा उदाहरणहरु सङ्कलन गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

१०.घरपरिवारमा कुनै उत्सव वा चाडपर्व मनाउँदा तपाई सहभागी भइ गरेका कार्य के के हुन् ? तपाइले मन पराएका कुरा के के हुन ? उक्त चाडपर्वलाई अझ रमाइलो र सबैजना खुसी भइ सहभागी हुनका लागि के गरेको भए हुन्थ्यो ? यस सम्बन्धमा तपाईको आफ्नो विचारसहित आफ्ना परिवारका केही सदस्यहरूको बिचारलाई समेत समेटेर प्रतिबेदन तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

११.तपाईले आफूमा मीठो बोल्ने, थोरै बोल्ने र विस्तारै बोल्ने बानीको विकास गरेपछि तपाईलाई के फाइदा भयो र तपाईको परिवर्तन भएको बानीको सम्बन्धमा तपाईका परिवारका सदस्य र तपाईका नजीकका साथीहरूको के प्रतिक्रिया रहेको छ ? सबै कुरा तलको तालिकामा भरी कक्षामा प्रस्तुत गर्नुहोस् । यदि यो बानीमा परिवर्तन भएको छैन भने परिवर्तन गरेर त्यसको एकहप्ता पछि प्राप्त प्रतिक्रियाका आधारमा यो प्रतिवेदन बनाइ पेश गर्नुहोस् ।

| परिवर्तन भएको बानी | घरपरिवारको प्रतिक्रिया | नजीकका साथीहरूको प्रतिक्रिया |
|---|---|---|
| (१) पहिले भन्दा मीठो बोल्ने | | |
| (२) पहिले भन्दा थोरै बोल्ने | | |
| (२) पहिले भन्दा विस्तारे बोल्ने | | |

१२. तपाईले सिकेका आसन र प्राणायाममध्ये घरमा पनि गएर कुन कुन आसन र प्राणायाम गर्नुहुन्छ ? तपाईले उक्त काम गर्दा तपाईको घरपरिवारका कुन कुन सदस्यले के के भन्नु हुन्छ ? ती काम गर्दा तपाइलाई कस्तो महसुस हुन्छ ? तपाईले घरमा गएर गर्ने कुनै आसन र प्राणायाममध्ये कुनै एकबाट हुने फाइदाको

बारेमा परिवारका कुन कुन सदस्यले के भन्नुहुन्छ ? तपाइलाई यसबाट के सिकाइ भयो ? यी सबैलाई सङ्क्षेपमा लेखेर कक्षामा प्रस्तुत गर्नुहोस् ।

१३. वडा कार्यालयमा गएर वा त्यो सम्भव नभए त्यहाँको कुनै कर्मचारीलाई भेटेर वडा कार्यालयले नागरिकका निम्ति प्रवाह गर्ने सेवा र सेवा लिन अपनाउनु पर्ने प्रक्रियाका बारेमा तलको तालिकाको आधारमा प्रतिबेदन बनाई पेश गर्नुहोस् ।

| वडा कार्यालयले प्रवाह गर्ने सेवाहरू | सेवा लिनका लागि अपनाउनु पर्ने प्रक्रियाहरू |
|---|---|
| १. | १. |
| २. | २. |
| ३. | ३. |
| ४. | ४. |

१४. सामाजिक चुनौति र विसङ्गतिको रुपमा समाजमा रहेको जातीय भेदभाव, छुवाछुत र लैङ्गिक हिंसाका कारण हाम्रो समाजमा के कस्ता नराम्रा असरहरु परेका छन् ? यस्ता सामाजिक विसङ्गतिहरुलाई न्यूनिकरण गर्न के गर्न सकिन्छ ? समाजमा तपाईले असल ठान्नु भएको कुनै एकजना महिला र एकजना पुरुषसँग उल्लिखित प्रश्नहरु सोधेर प्राप्त जवाफलाई आफ्नो समेत विचार समावेश गरी तयार गरिएको प्रतिबेदन कक्षामा प्रस्तुत गर्नुहोस ।

१५. घर वरपर पाइने औषधीजन्य वनस्पतिहरू- टिमुर, समायो, पाँचऔले, बाँजखोटी, सतुवा, कुरिल्लो, वटुलेटी, सिलपाउरी, झिंगामारो, बोजो र चोत्रामध्ये कुनै चारवटा वनस्पतिको पहिचान गरी ती वनस्पतिहरुको कुन भागले के कस्तो औषधीको रुपमा काम गर्दछन् ? परिवार वा छरछिमेकका जानकार मानिसहरुसँग सोछपुछ गरी निम्न विवरण सहितको प्रतिबेदन तयार गरेर कक्षामा पेश गर्नुहोस् ।

| क्र.सं. | औषधीजन्य वनस्पतिको नाम | औषधीको रुपमा प्रयोग हुने वनस्पतिको भाग र औषधी गर्ने विधि | उपचार हुने रोग |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

१६. घरबाट निस्कने ठोस फोहोरमैला व्यवस्थापन गर्ने मुख्य तीन तरिकाहरू : कम प्रयोग, पुनः प्रयोग र पुनः चक्रण विधि प्रयोग गर्नुहोस् । यी तीन व्यवस्थापनका उपायहरु अवलम्बन गर्दा के के फाइदा भयो ? अनुभवलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

१७. कक्षा ५ का विद्यार्थीहरू विभिन्न समूहमा बाँडिनुहोस् र विद्यालयबाट निस्कने ठोस फोहोरमैला व्यवस्थापन गर्ने मुख्य तीन तरिकाहरू : कम प्रयोग, पुनः प्रयोग र पुनः चक्रण विधि प्रयोग गर्नुहोस् । यी तीन व्यवस्थापनका उपायहरु अवलम्बन गर्दा के के फाइदा भयो ? अनुभवलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

१८. शरीरलाई आवश्यक पर्ने पौष्टिक तत्वहरु नष्ट नहुने गरी तरकारी र अन्य खाने कुरा तयार पार्ने र खाने तरिकाको बारेमा कक्षामा छलफल गरेको र आफ्नो परिवारका मानिसहरुले प्रयोग गरेको तरिकामा के फरक छ ? कक्षामा छलफल गरेको तरिकालाई घरमा पनि प्रयोग गर्नका लागि तपाईको भूमिका के रहन्छ ? तपाईले निर्वाह गरेको भूमिकाले परिवारमा पौष्टिक तत्वहरु नष्ट नहुने गरी तरकारी र अन्य खाने कुरा खाने सवालमा आनीबानी र व्यवहारमा परिवर्तन भयो कि भएन ? यी सबै कुरालाई समेटेर प्रतिबेदन बनाइ कक्षामा प्रस्तुत गर्नुहोस् ।

१९. तपाईको गाउँवस्तीको कुनै पाँचवटा घरपरिवारमा गएर उक्त घरपरिवारमा शौचालय र स्वच्छ खानेपानीको व्यवस्था छ कि छैन ? शौचालय र स्वच्छ खानेपानीको व्यवस्था नभएको भए उक्त परिवारहरुले दिशापिसाव र खानेपानीका लागि के उपाय गरिरहेका छन ? त्यसबाट उनीहरुले भोगिरहेको समस्या के हो ? सम्बन्धित घरपरिवारको अवलोकन र सोधपुछका आधारमा विवरण तयार पारी कक्षामा पेश गर्नुहोस् ।

२०.आफ्नो घर वा घरवरपर वा विद्यालयमा हुने पानीको प्रदूषण सम्बन्धमा अध्ययन गर्नुहोस् र प्राप्त विवरणलाई तलको तालिकामा भर्नुहोस् ।

| क्र.स. | प्रदूषण भएको स्थान | प्रदूषणको कारणहरू | प्रदूषणबाट परेको असर | प्रदूषण न्यूनीकरण गर्न गरिएका प्रयासहरू | प्रदूषण न्यूनीकरण गर्न भविष्यमा गर्नुपर्ने कार्यहरू |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |

२१. चाडपर्व वा मेलामा हुनसक्ने जोखिम एवम् दुर्घटनाहरुको सूची बनाउनुहोस् । ती जोखिम तथा दुर्घटनाहरु के कारणले हुने गर्दछन् र ती जोखिम तथा दुर्घटनाहरु हुन नदिन वा त्यस्ता जोखिम वा दुर्घटनाबाट बच्न के गर्न सकिन्छ ? यससम्बन्धमा तपाई भन्दा जानकार व्यक्ति वा आफूभन्दा माथिल्लो कक्षामा अध्ययन गरिरहेका विद्यार्थीहरुसँग सोधपुछ गरेको आधारमा प्रतिबेदन बनाई कक्षामा प्रस्तुत गर्नुहोस ।

**कक्षा ६**

१. तपाईको पालिकामा के कस्ता रमणीय तथा पर्यटकीय स्थलहरू छन् ? ती स्थानहरु के कारणले रमणीय र पर्यटकीय स्थलको रुपमा चिनिन्छन् ? उक्त स्थानहरूमा तपाई आफैले अवलोकन गर्नु भएको छ भने आफूले अवलोकन गरेका आधारमा र आफूले अवलोकन नगरेको भए अन्य जानकार व्यक्तिसँग सोधपुछ गरी तलको तालिकामा भरेर कक्षामा पेश गर्नुहोस ।

| पालिकामा भएका रमणीय पर्यटकीय स्थलहरू | पर्यटन स्थल रहेको गाउँटोल र वडा नं. | उक्त स्थान रमणीय हुनुपर्ने कारण | कैफियत |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |

२. यस कुशे गाउपालिकामा भएको कुनै प्रसिद्ध धार्मिक स्थलहरुमध्ये आफूले अवलोकन गरेको कुनै एक धार्मिक स्थलको बारेमा निम्नलिखित विवरणको आधारमा प्रतिवेदन तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

| धार्मिक स्थलको नाम र ठेगाना | धार्मिक स्थलको परिचय र इतिहास | धार्मिक स्थलप्रतिको मानिसको आस्था र महत्व |
|---|---|---|
| | | |

३. शुभकालिका गाउँपालिकाका जनप्रतिनिधिहरूमध्ये तपाईले गरेको अध्ययन, भेटघाट र सोधपुछको आधारमा तल लेखिएका जनप्रतिनिधिहरूको विवरण देहायको तालिकामा भरी कक्षामा पेश गर्नुहोस् ।

| पालिकाका पदाधिकारीहरू | उनीहरूले गर्ने प्रमुख काम | कैफियत |
|---|---|---|
| (क) पालिकाका अध्यक्ष | | |
| (ख) पालिकाका उपाध्यक्ष | | |
| (ग) वडाध्यक्ष | | |
| (घ) वडा सदस्य | | |

४. शुभकालिका गाउँपालिकाको वडाले शिक्षा, युवा तथा बालबालिकाका लागि कानून अनुसार के कस्ता काम गर्ने प्रावधान छ र के काम गरिरहेको छ ? गर्नु पर्ने र गरेका कामहरूको बीचमा के भिन्नता छ ? उक्त भिन्नतालाई न्यून गर्न के गर्नुपर्ने देखिन्छ ? वडामा काम गर्ने सम्बन्धित क्षेत्रका पदाधिकारी र अन्य जानकारहरूसँग सोधपुछ गरेर आफ्नो अनुभूति सहितको प्रतिबेदन तयार पारी कक्षामा पेश गर्नुहोस् ।

५. अध्यक्ष कप तथा राष्ट्रपति रनिङ शील्ड खेलकुद प्रतियोगितामा समावेश हुने खेलहरुको सूची बनाउनुहोस् । तीमध्ये तपाईको रुचि कुन कुन खेलमा रहेको छ ? खेलमा रुचि राख्ने र खेललाई नै आफ्नो मुख्य पेशा सम्फेर काम गरिरहेका केही खेलाडीहरुको दृष्टान्त दिएर खेलजगतलाई आकर्षक र मर्यादित बनाउनका लागि को-कोले के-के भूमिका निर्वाह गर्नुपर्दछ ? खेलप्रति रुचि भएका र खेलको बारेमा विज्ञता हासिल गरेका व्यक्तिहरुको विचारहरुका आधारमा उल्लिखित प्रश्नहरुको जवाफलाई समेटेर प्रतिबेदन बनाई कक्षामा प्रस्तुत गर्नुहोस ।

६. आफ्नो घर वा विद्यालयमा भैंसीपालन/कुखुरापालन वा अन्नबालीहरू (धान, मकै, गहुँ, जौं) को खेती कार्यमा सहभागी हुनुहोस् । यसरी सहभागी हुँदा पालन वा खेती गर्ने तरिका, उत्पादन भएको वस्तु, प्रयोगको अवस्था, विक्री वितरण सम्बन्धी विवरण तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

७. आफ्नो घर वा विद्यालयमा गरिने कुनै एक तरकारी खेती (साग, बन्दा, काउली, टमाटर, गोलभेडा, खुसार्नी) मा सहभागी हुनुहोस् । खेती गर्दा चाहिने सामग्रीहरू, खेती गर्ने तरिका र उक्त खेती कार्यमा सहभागी, उत्पादित तरकारी र प्रयोग तथा बजारीकरण सम्बन्धी विवरण समावेश गरी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

८. स्थानीय स्तरमा तयार गरिने हस्त निर्मित सामग्रीहरूमध्ये कुनै एक सामाग्री निर्माण गरी कक्षामा प्रदर्शन गर्नुहोस् ।

९.तपाईको छरछिमेकमा कुन कुन धर्म मान्ने मान्छेहरू छन् ? तीमध्ये हरेक धर्म मान्ने एक एक जनालाई आफैले भेटघाट गरी सोधपुछ गर्नुहोस् र उनीहरूले भनेको आधारमा विभिन्न धर्म मान्नुको कारण र उक्त धर्म मान्दा गर्ने क्रियाकलापहरूलाई समेटी निम्न तालिकाका आधारमा प्रतिबेदन तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

| क्र.सं. | धर्मको नाम | भेटेर कुराकानी भएको मानिसको नाम | धर्म मान्नुको कारण | धर्म मान्दा गरिने प्रमुख क्रियाकलापहरु |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |

१०.तपाईको गाउँवस्तीमा माघे सक्रान्ति वा नागपञ्चमीमध्ये कुनै एक मनाउदा के के गरिन्छ ? मनाउनु पर्ने सनातन मान्यता के रहेको छ ? यस विषयमा गाउँवस्तीको एकजना महिला र एकजना पुरुष जानकारसँग सोधपुछ गरी सोको आधारमा तपाईले गरेको सिकाइ सहितको प्रतिबेदन बनाई कक्षामा प्रस्तुत गर्नुहोस् ।

११.घरपरिवार वा टोलछिमेकमा तपाई समेत सहभागी भएको कुनै चाडपर्व वा उत्सव मनाउँदा के के गरिएको थियो ? उक्त अवसरमा तपाइले चिनेका कुन कुन मानिसहरू थिए ? तपाईले उक्त चाडपर्व वा उत्सवमा के के गर्नु भयो र के के खानु भयो ? अति नै मन परेका कुराहरू के के थिए? यी सबै क्रियाकलापबाट तपाइले सिकेको कुरा के हो ? आफ्नो विचारलाई समेत समेटेर प्रतिबेदन तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

१२.तपाई र तपाईको परिवारको सदस्य वा तपाइको कुनै साथी मिलेर गाउँबस्तीमा भएको अशक्त र असहज अवस्थाको व्यक्तिलाई सहयोग गर्नुहोस् । तपाईले उक्त सहयोग गर्दा उक्त अशक्त र असहज अवस्थाको व्यक्तिमा के परिवर्तन पाउनु भयो ? उहाँले तपाईहरूलाई के भन्नु भयो र कस्तो व्यवहार गर्नुभयो ? त्यतिबेला तपाईलाई कस्तो अनुभूति भयो ? उल्लिखित सबै कुरा समेटेर प्रतिबेदन बनाइ पेश गर्नुहोस् ।

१३. घरका अभिभावक र छरछिमेकसँग सोधपुछ गरेको आधारमा कक्षामा छलफल गरेबाहेकका आफ्नो व्यक्तिगत स्वार्थ भन्दा माथि उठेर आफ्नो गाउँटोल, समाज र समग्र मुलुकको हितका लागि काम गर्ने गाउवस्तीका मानिसहरूमध्ये कुनै ५ जनाको नाम र उनीहरुले गरेका राम्रा कामहरू देहायको तालिकामा भरी प्रस्तुत गर्नुहोस् ।

| क.सं | असल मानिसहरूको नाम, ठेगाना | उनीहरुले गरेका राम्रा कामहरूको विवरण |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| ४ | | |
| ५ | | |

१४. तपाईले विद्यालयमा सिकेका प्राणायाम र आसनहरू घरमा पनि गएर आफ्नो अभिभावकले देख्ने गरी अभ्यास गर्नुहोस् । तपाईले गरेको अभ्यास देखेर अभिभावकले तपाईलाई के भन्नु भयो ? तलको तालिकामा भर्नुहोस् ।

| विद्यालयमा सिकेर घर गइ अभ्यास गरेका प्राणायामको नाम | विद्यालयमा सिकेर घर गइ अभ्यास गरेका आसनहरुको नाम | अभ्यास गरेको देखेरे अभिभावकले दिएको प्रतिक्रियाको विवरण |
|---|---|---|
| | | |

१५. अभिभावकको सहयोगले आफ्नो घर वरपर पाइने बनस्पतिहरुमध्येबाट केही औषधीजन्य वनस्पतिका नमूनाहरु सङ्कलन गरी अभिभावक र छिमेकीहरूलाई यसको महत्वको बारेमा सोध्नुहोस् र आफूले पनि कक्षामा सिकेको कुरा उहाँहरूलाई भन्नुहोस् । तपाइले कक्षामा सिकेको कुरा र उनीहरूले भनेको कुरामा के भिन्नता र के समानता छ ? यी सबै कुरा समेटेर आफ्नो विचार समेत राखी प्रतिबेदन लेखेर कक्षामा प्रस्तुत गर्नुहोस् ।

१६.विद्यालयको नर्सरी निर्माण कार्यमा सहभागी हुनुहोस् । नर्सरीबाट उत्पादित बेर्नाहरूलाई खाली ठाउँमा रोप्नुहोस् । कक्षाका विद्यार्थीहरू समूहगत रुपमा विभिन्न समूहमा बाँडिनुहोस् र बेर्ना हुर्कनको लागि आवश्यक वस्तुहरूको नियमित रुपमा प्रवाह गर्नुहोस् । करिब २/३ महिनामा उक्त बेर्नाहरूको वृद्धिको अवलोकन गर्नुहोस् । यो कार्य गर्दा आफूले गरेका कार्यहरू र भएको प्रगतिलाई कक्षामा प्रस्तुत गर्नुहोस् ।

१७. घर वरपरको खाली ठाउँ वा कौसी वा बरण्डामा सागसब्जी तथा दैनिक रुपमा घरमा प्रयोग गर्न सकिने अन्य वनस्पति खेती गर्नुहोस् । नियमित रुपमा उक्त सागसब्जी तथा वनस्पतिको उत्पादन हुन आवश्यक पर्ने वस्तुहरू (पानी, मल, गोडमेल) प्रदान गर्नुहोस् । उत्पादित वस्तुहरु उपभोग गर्नुहोस् र बढी भएको उत्पादित वस्तुको बिक्री वितरण गर्नुहोस् । यी सबै कार्यहरूलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

१८.घर वा घरवरपर वा विद्यालयमा हुने प्रदूषणका प्रकारहरू पहिचान गर्नुहोस् र उक्त प्रदूषणको गहन अध्ययन गरी प्राप्त विवरणलाई तलको तालिकामा भर्नुहोस् ।

| क्र.स. | प्रदूषणको प्रकार | प्रदूषणका कारक तत्व तथा कारणहरू | प्रदूषणबाट भएको असर | प्रदूषण न्यूनीकरण गर्न अपनाइएका प्रयासहरू | प्रदूषण न्यूनीकरण गर्न भविष्यमा चाल्नुपर्ने कदमहरू | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | वायु प्रदूषण | | | | | |
| २ | जल प्रदूषण | | | | | |
| ३ | जमिन प्रदूषण | | | | | |
| ४ | ध्वनि प्रदूषण | | | | | |
| ५ | विद्युतीय प्रदूषण | | | | | |

१९. विगत एक वर्षभित्र समुदायमा घटेका विपद्हरूको सूची अभिभावकलाई सोधी तयार गर्नुहोस् । ती विपद् घट्नुका कारणहरू र भएको क्षति लेखेर तलको तालिका भर्नुहोस् ।

| क. सं. | विपद्को नाम | सम्भावित कारण | भएको क्षति |
|---|---|---|---|
| | | | |

२०. चाडपर्वको समयमा हुनसक्ने सम्भावित जोखिमहरू पहिचान गर्नुहोस् । ती जोखिमबाट सुरक्षित रहन गर्नुपर्ने उपायहरूको सम्बन्धमा परिवारका अभिभावकहरूलाई सोधेर तपाइको भूमिका समेत उल्लेख हुने गरी एउटा प्रतिबेदन तयार गर्नुहोस् ।

२१. तल उल्लेखित प्रमुख विपद्हरू घट्ने समयका आधारमा अभिभावकसँग छलफल गरी प्रकोप पात्रो (Hazard Calendar) तयार पार्नुहोस् ।

| **विवरण** | बैशाख | जेठ | असार | साउन | भदौ | असोज | कात्तिक | मंसिर | पुस | माघ | फागुन | चैत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| बाढी | | | | | | | | | | | | |
| पहिरो | | | | | | | | | | | | |
| हावाहुरी | | | | | | | | | | | | |
| चट्याङ | | | | | | | | | | | | |
| आगलागी | | | | | | | | | | | | |
| भूकम्प | | | | | | | | | | | | |
| सर्पदंश | | | | | | | | | | | | |
| जङ्गली जनावरको आक्रमण | | | | | | | | | | | | |

**कक्षा ७**

१. शुभकालिका गाउँपालिकामा हालको अवस्थामा विद्यालय तहमा प्राविधिक धारको अध्ययनको अवस्था कस्तो छ ? प्राविधिक धारका विद्यालयहरु छन् वा छैनन् ? हाम्रो पालिकामा प्राविधिक शिक्षाका चुनौति र अवसरहरु के के रहेका छन् ? प्राविधिक शिक्षासँग सम्बन्धित पालिकामा भएका तथ्याङ्कको विश्लेषण र पालिकामा भएका सम्बन्धित क्षेत्रका जानकारहरुसँग गरेको भलाकुसारीका आधारमा समूहमा प्रतिबेदन बनाई कक्षामा प्रस्तुत गर्नुहोस ।

२. शुभकालिका गा.पा. अन्तर्गत भएका कम्तिमा कुनै दुईवटा सरकारी कार्यालयहरुको स्थलगत अवलोकन गरी उक्त कार्यालयले प्रवाह गर्ने सेवाको बारेमा निम्नाअनुसार विषयवस्तु समावेश गरेर समूहमा प्रतिबेदन बनाई कक्षामा प्रस्तुत गर्नुहोस ।

| क.सं | शुभकालिका गाउपालिका अन्तर्गत रहेका सरकारी कार्यालयहरु | प्रवाह गर्ने सेवा सेवा | सेवा लिने आवश्यक पर्ने कागजात |
|---|---|---|---|
| १ | | | |
| २ | | | |

३. तपाईलाई हाम्रा स्थानीय लोकबाजा- मादल, हार्मोनियम, खैजडी, ढोल, बासुरी वा अन्य कुनै बाजा बजाउन आउछ ? यदि कुनै पनि बाजा बजाउन आउदैन भने घरपरिवार, साथी वा बाजा बजाउन जान्ने मानिसको सहयोगले कम्तिमा एउटा बाजा बजाउन सिक्नुहोस् । तपाईलाई कुनै बाजा बजाउन पहिले नै आउछ वा तपाईले बाजा बजाउन सिक्नु भयो भने तपाईले बजाएको बाजाको तालमा गीत गाउन वा नृत्य गर्नका लागि घरपरिवारका सदस्य वा साथीहरुलाई अनुरोध गर्नुहोस् । तपाईको बाजाको ताल मिल्यो कि मिलेन ? गाउने, नाच्ने वा अन्य स्रोताहरुले यसबारेमा के भन्छन् ? यी सबै कुराहरु र तपाईको समेत बाजा सिक्दाको अनुभूति समेटेर प्रतिबेदन बनाई कक्षामा प्रस्तुत गर्नुहोस् ।

४. शुभकालिका गाउँपालिकाले गत वर्ष र चालु वर्षमा शिक्षा, बालबालिका, युवा तथा महिलाको लागि के कति बजेट विनियोजन गरेको देखिन्छ ? विनियोजन गरिएको बजेट न्यून छ वा सन्तोषजनक ? उल्लिखित विषयहरुका शिक्षाको बजेट बढ्दो क्रममा छ वा घट्दो ? आगामी दिनहरुमा उल्लिखित क्षेत्रका कुन कुन शीर्षकहरुका बजेट विनियोजन गर्नु आवश्यक छ ? यस सम्बन्धमा कुशे गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा गएर सम्बन्धित पदाधिकारी वा जनप्रतिनिधिलाई भेटी आवश्यक सूचना सङ्कलन गरेर सोही आधारमा तपाईको समूहले आफ्नो विचारसमेतका आधारमा प्रतिबेदन बनाई कक्षामा प्रस्तुत गर्नुहोस ।

५. आफ्नो घर वा विद्यालयमा बाखापालन/भेडापालन/मौरीपालन वा दलहनबालीहरू (केराउ, मास, गहत, भटमास, सोइटा, मसुरो) मध्ये कुनै एकको खेती कार्यमा सहभागी हुनुहोस् । यसरी सहभागी हुँदा पालन वा खेती गर्ने तरिका, उत्पादन भएको वस्तु, प्रयोगको अवस्था, विक्री वितरण सम्बन्धी विवरण तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

६. हस्त निर्मित सामग्रीहरू (चकटी, नाङ्लो, बाबियोको डोरी आदि) मध्ये कुनै एक सामग्री निर्माण गरी कक्षामा प्रदर्शन गर्नुहोस् ।

७.तपाईलाई कुन कुन खानेकुराका परिकारहरू तयार गर्न अर्थात पकाउन आउँछ ? तपाईले पकाउन सिकेका मध्ये कुनै एउटा खाने कुरा पकाउने क्रममा के कस्ता विधि र तरिकाहरु अपनाएर पकाउनु भयो ? उक्त परिकार पकाउँदा आफ्नो अनुभूति र अनुभव सहित आवश्यक पर्ने सामग्री र पकाउने विधिलाई क्रमसँगै लेखी तयार भएको प्रतिवेदनलाई कक्षामा प्रस्तुत गर्नुहोस् ।

८. हाम्रो परिवार र समुदायमा परम्परादेखि चलिआएका प्रचलन र रीतिरिवाजहरू के के छन् ? तिनीहरुमध्ये कुन कुन प्रचलन र रीतिरिवाजले हामीलाई सभ्य र खुसी बनाउन सहयोग गरिरहेका छन् ? पूर्वीय दर्शनको बारेमा केही जानकारी राख्ने तपाईको टोलका कुनै व्यक्तिका विचारसहित यसबाट आफूले आर्जन गरेको भावना र सिकाइलाई समेत समेटेर प्रतिबेदन तयार गरी प्रस्तुत गर्नुहोस् ।

९.तपाईले हरेक दिन विहान उठ्दा र बेलुका सुत्दा राम्रो कुराहरूको टिपोट गर्ने बानीले तपाईको जीवनमा पारेको सकारात्मक प्रभाव के हो? यसको बारेमा तपाईका परिवारका सदस्य र साथीहरूको भनाइ के छ? तपाईको स्वभाव र आचरणमा यसबाट भएको परिवर्तन वा सिकाइ के हो? उल्लिखित सबै कुरा समेटेर प्रतिबेदन बनाइ प्रस्तुत गर्नुहोस् ।

१०.तपाईको घरपरिवारका सदस्यहरूसँग मिलेर तपाइले अहिलेसम्म शारीरिक श्रमसँग सम्बन्धित प्रमुख पाँच कामहरू के के हुन् ? तपाइको उक्त काममा भएको सहभागिताको सम्बन्धमा तपाईको परिवारका सदस्यहरूको भनाइ के कस्तो छ र तपाईलाई उक्त काममा सहभागी हुँदा के कस्तो अनुभूति भयो ? उल्लिखित सबै कुरा समेटेर प्रतिबेदन बनाइ पेश गर्नुहोस् ।

११.घरपरिवार वा छरछिमेकमा भएका जेष्ठ नागरिकसँग भेटघाट गरी उहाँले आफ्नो जीवनमा गरेका राम्रा कुराहरू के के रहेछन् ? उहाँलाई कुन कुराको धेरै सम्झना आउँदो रहेछ ? कुन कुरा गरेकोमा उहाँ धेरै खुसी हुनुहुँदो रहेछ ? उनीहरूले भनेको आधारमा तपाइले खुसी हुनका लागि के सिक्नु भयो ? आदि कुरा समेटेर प्रतिवेदन तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

१२.तपाईले अहिलेसम्म सिकेका र अभ्यास गरेका योगासनहरूको नाम र ती आसनहरूबाट तपाइलाई भएको फाइदाको बारेमा समेत उल्लेख गरी तयार गरेको प्रतिबेदन कक्षामा प्रस्तुत गर्नुहोस् ।

१३.तपाईले आफुले गरेको अवलोकनको आधारमा आफ्नो कुशे गाउँपालिकामा भएका कम्तिमा एकएकवटा पर्यटकीय स्थल, पार्क, पोखरी र धार्मिक स्थलहरूको नाम लेखी तिनीहरूको महत्त्व र संरक्षण गर्नु पर्ने कारणबारे तलका तालिकामा भरी प्रस्तुत गर्नुहोस् ।

| क.सं | शुभकालिका भएका पर्यटकीय र धार्मिक स्थल एवम्  ताल, पार्कहरुको नाम | महत्त्व | संरक्षण गर्नु पर्ने कारण |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |

१४. अभिभावकको सहयोगले जङ्गल वा घरवरिपरिबाट कम्तिमा ५ वटा औषधीजन्य विरुवा, जडिबुटी एवम् घाँसपातको  नमूना सङ्कलन गरी निम्न तालिकामा भरेर कक्षामा पेश गर्नुहोस् ।

| क.सं | औषधीजन्य बोटविरुवा, जडिबुटी र घाँसपातको नाम | महत्व र प्रयोग (कुन रोगको लागि उक्त विरुवाको कुन भाग कसरी ) |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| ४ | | |
| ५ | | |

१५. गड्यौला मल बनाउने विधिअनुसार घरमा वा विद्यालयमा गड्यौला मल बनाउने कार्यमा सहभागी हुनुहोस् । तयार भएको गड्यौला मललाई प्रयोग गर्ने विधिअनुसार तरकारी खेती, पुष्पखेती, फलफूल खेतीमा प्रयोग गर्नुहोस् । यो मल प्रयोग गर्दा भएका फाइदा तथा उपयोगिता सम्बन्धमा आफ्नो अनुभवसमेतलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् ।

१६ घर तथा विद्यालयमा करेसाबारी/बगैँचा निर्माण गरी वा कौसी वा बरण्डा वा गमलामा तरकारी खेती/पुष्प खेती/फलफूल खेती गर्नुहोस् । यसबाट उत्पादित वस्तुहरू, तिनीहरूको उपयोग, भएको फाइदा सम्बन्धी विवरणलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

१७. हरित घरको अवधारणाअनुसार घर वरपरको खाली ठाउँमा उपयोगी हुने वनस्पति रोप्नुहोस् । उक्त वनस्पति हुर्कनाको लागि आवश्यक पर्ने तत्वहरू नियमितरुपमा प्रदान गर्नुहोस् । वनस्पति हुर्केको अवस्थाको चित्र वा भिडियो तयार गरी कक्षामा देखाउनुहोस् ।

१८. कक्षाका विद्यार्थीहरू पाँच समूहमा विभाजन हुनुहोस् र समूहगत रुपमा हरित विद्यालयको अवधारणाअनुसार विद्यालय वरपरको खाली ठाउँमा उपयोगी हुने वनस्पति रोप्नुहोस् । उक्त वनस्पति हुर्कनको लागि आवश्यक पर्ने तत्वहरु नियमितरुपमा प्रदान गर्नुहोस् । वनस्पति हुर्केको अवस्थाको चित्र वा भिडियो तयार गरी कक्षामा समूहगत रुपमा प्रस्तुत गर्नुहोस् ।

१९. निम्नानुसार सूचि प्रयोग गरी आफ्नो घर भूकम्पबाट कति सुरक्षित छ, घरको अवलोकन एवम् अभिभावकसँग गरिएको छलफलको आधारमा प्रतिवेदन तयार गर्नुहोस् ।

| क.सं. | सूचकहरू | सुरक्षित छ | सुरक्षित छैन | कारण |
|---|---|---|---|---|
| **संरचनात्मक** | | | | |
| १ | पर्खाल | | | |
| २ | छत वा छानो | | | |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| **गैरसंरचनात्मक** | | | | |
| १ | दराज | | | |
| २ | टि.भी. | | | |
| | | | | |
| | | | | |

२०. कुनै २ जना मोटरसाइकल वा स्कुटर चालकलाई भेटी मोटरसाइकल वा स्कुटरबाट यात्रा गर्दा हुने सम्भाव्य जोखिम र सावधानीका उपायहरूसहित तलको तालिका पूरा गर्नुहोस् र सो का आधारमा 'मोटरसाइकल वा स्कुटरमा सुरक्षित यात्रा' विषयक एक निबन्ध लेख्नुहोस् ।

| क्र.सं. | मोटरसाइकल वा स्कुटर चालकको नाम | संभावित जोखिमहरू | सावधानीका उपायहरू |
|---|---|---|---|
| १ | | | |
| २ | | | |

२१. नजिकैको स्वास्थ्य संस्थाका सवास्थ्यकर्मीलाई भेटी कोभिड, बर्ड फ्लू, डेङ्गु र झाडापखाला कसरी सर्छन् र तिनीहरूबाट बच्ने उपायहरू के हुन भनेर सोध्नुहोस् । सोको तलको खाका प्रयोग गरी प्रतिवेदन तयार गर्नुहोस्।

| रोगको विवरण | कोभिड | बर्ड फ्लू | डेङ्गु | झाडापखाला |
|---|---|---|---|---|
| रोग सर्ने कारण | | | | |
| रोगबाट बच्ने उपाय | | | | |

## कक्षा ८

१. कस्तो आयोजनाहरुलाई गौरवको आयोजना भनिन्छ ? कार्यसम्पादनको सवालमा अरु आयोजना र गौरवका आयोजनामा के भिन्नता छ ? हाम्रो शुभकालिका गाउँपालिकाले कुन कुन आयोजनाहरुलाई गौरवका आयोजना भनी नामाकरण गरेको छ ? सम्बन्धित क्षेत्रका पदाधिकारी वा यससम्बन्धी जानकार व्यक्तिलाई भेटी प्राप्त गरेको सूचनाका आधारमा उल्लिखित प्रश्नहरुको जवाफसहित कुनै दुइवटा गौरवका आयोजनाहरुको विवरण तलका तालिकामा भरी कक्षामा प्रस्तुत गर्नुहोस ।

| क्र.सं. | विवरण | १ | २ |
|---|---|---|---|
| १ | आयोजानाको नाम | | |
| २ | आयोजना आरम्भ भएको मिति र स्थान | | |
| ३ | आयोजना सम्पन्न हुनु पर्ने मिति | | |
| ४ | आयोजना सम्पन्न भएको मिति | | |
| ५ | आयोजनाको कुल लागत | | |
| ६ | आयोजनामा सहयोग गर्ने मुलुक | | |
| ७ | आयोजनाबाट हुने प्रमुख उपलब्धिहरू | | |
| ८ | आयोजना सम्पन्न हुने क्रममा देखिएका समस्याहरू | | |
| ९ | तपाईको अनुभूति | | |

२. शुभकालिका गाउँपालिकाले जारी गरेका ऐन र नियमावलीहरूको देहायको तालिकामा लेखी उक्त ऐन वा नियमावली जारी गर्नु पर्ने खास कारण के हो ? गाउँपालिकाका पदाधिकारी र सम्बन्धित जानकारहरूसँग सोधपुछ र अध्ययन गरी आफ्नो विचार समेतका आधारमा तलको तालिकामा भरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

| शुभकालिका गाउँपालिकाले जारी गरेका ऐन र नियमावली | जारी गर्नुपर्ने खास कारण | कैफियत |
|---|---|---|
| १. | | |
| २. | | |
| ३. | | |
| ४ | | |
| ५ | | |
| | | |

३. कर्णाली प्रदेशको नक्सा बनाइ त्यहाँ भएको तपाईको जिल्ला र गाउँपालिकाको नक्सामा प्रमुख पर्यटकीय स्थल, जिल्ला सदरमुकाम, प्रमुख सडक र शहर, प्रमुख नदी र ताल आदि भरेर कक्षामा प्रस्तुत गर्नुहोस् ।

४. शुभकालिका गाउँपालिकामा सञ्चालनमा रहेकामध्ये निम्न उद्योग र कलकारखानाहरुको समूहगत रुपमा अवलोकन गरी उक्त उद्योग र कलकारखानाहरुले सामान उत्पादन गर्ने प्रक्रियाको बारेमा प्रतिबेदन बनाइ कक्षामा प्रस्तुत गर्नुहोस ।

| क.सं | उद्योग तथा कलकारखानाहरु | आवश्यक पर्ने कच्चा पदाथ | उत्पादन प्रक्रिया | उत्पादन हुने सामानको नाम |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |

५. तपाई सहभागी भएको बालक्लवले अहिलेसम्म के कस्ता कामहरु गर्दै आइरहेको छ ? बालक्लवमा सहभागी भएर तपाईले आफूमा के कस्ता सीप र क्षमताको विकास गर्नुभयो ? तपाईको बालक्लवको भावी योजना के कस्ता क्रियाकलापहरु गर्ने रहेको छ ? साथीहरुसँग आवश्यक छलफल गरेको र बालक्लवका अभिलेखहरु अध्ययन गरेको आधारमा उल्लिखित कुराहरुलाई समेटेर प्रतिबेदन बनाइ कक्षामा पेश गर्नुहोस् ।

६. शुभकालिका गाउपालिकास्तरीय अध्यक्ष कप खेलकुद प्रतियोगितामा समावेश हुने खेलहरू र खेल खेल्दा आवश्यक पर्ने सामग्री र खेलाडी संख्या तलको तालिकामा भरी सोको प्रतिवेदन कक्षामा प्रस्तुत गर्नुहोस् ।

| क.सं. | खेलका नामहरु | खेल खेल्दा आवश्यक पर्ने सामग्री | आवश्यक पर्ने न्यूनतम खेलाडी संख्या |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| ७ | | | |

७. कक्षामा छलफल गरे बाहेकका आफ्नो व्यक्तिगत स्वार्थ भन्दा माथि उठेर आफ्नो गाउँटोल, समाज र समग्र मुलुकको हितका लागि काम गर्ने कुशे गाउँपालिकाका महानुभाव (साहित्यकार, कलाकार, समाजसेवी, खेलाडी, शिक्षाविद्, शिक्षक, वन तथा वातावरण विज्ञ आदि) हरू र उनीहरूले सम्पादन गरेका कामहरू तालिकामा भरी प्रस्तुत गर्नुहोस् ।

| क्र.सं | व्यक्तिको नाम | कार्य क्षेत्र | सम्पादन गरेका कार्यहरू |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |

८. आफ्नो घर वा विद्यालयमा गरिने कुनै एक नगदेबाली (तोरी, मसुरो, अरहर) को खेती कार्यमा सहभागी हुनुहोस् । खेती गर्दा चाहिने सामग्रीहरु, खेती गर्ने तरिका र उक्त खेती कार्यमा सहभागी, उत्पादित तरकारी र प्रयोग तथा बजारीकरण सम्बन्धी विवरण समावेश गरी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

९. हस्त निर्मित सामाग्रीहरू (स्याँखु, डोको, छाप्री, पायो, गुन्द्री आदि ) मध्ये कुनै एक सामग्री निर्माण गरी कक्षामा प्रदर्शन गर्नुहोस् ।

१०.तपाईको घरमा को को हुनु हुन्छ ? उहाँहरूले के के काम गर्नु हुन्छ ? उहाँहरूले गर्ने कामले तपाई वा तपाईको परिवारलाई के कस्तो फाइदा भइरहेको छ वा फाइदा हुने देख्नु भएको छ ? घरका जेष्ठनागरिक वा आफूभन्दा अग्रजसँग सोधपुछ गरी यसबाट तपाईले सिकेको कुरालाई समेत समेटेर प्रतिबेदन बनाउनुहोस् ।

११.तपाईले आफू भविष्यमा के हुने उद्देश्य राख्नु भएको छ ? यो उद्देश्य राख्नुमा तपाईसँग हाल भएका के कस्ता सक्षमताहरूले तपाईको मनोबल बढाएका हुन् ? तपाईको यो उद्देश्यको बारेमा तपाइका परिवारका सदस्य र साथीहरूले के भन्नु हुन्छ ? तपाईले आफ्नो जीवनको लागि गरिएको उद्देश्य निर्धारणले तपाईलाई के असर परेको छ ? उल्लिखित सबै कुरा समेटेर प्रतिवेदन तयार गरी प्रस्तुत गर्नुहोस् ।

१२.कस्तो जीवनलाई सन्तुलित जीवन भनिन्छ ? सन्तुलित जीवनले मानिसलाई कसरी खुसी प्रदान गर्न सहयोग गर्दछ? यससम्बन्धमा आफ्नो गाउँवस्तीका केही बयोबृद्ध र केही समकक्षीहरूको जमघट गराइ उनीहरूबाट व्यक्त विचारहरूलाई समेट्दै यसबाट तपाईले आर्जन गरेको अनुभूति र सिकाइलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् ।

१३.तपाईको परिवारको गोत्र र वंश के हो ? तपाईको पूर्खा तपाई अहिले भएको स्थानमा कहाँबाट आउनु भएको हो? तपाईको वंशजहरूको बसोबास विशेषगरी कहाँ कहाँ छ ? तपाईको मामातिरको र तपाईको परिवारतिरको वंश र गोत्र एउटै हो कि फरक हो ? विहेबारी लगायतका काम गर्दा गोत्र र वंशको ख्याल किन गर्ने गरिन्छ ? यसको कारण के हो ? यो सम्बन्धमा तपाईका घरपरिवारका अग्रज लगायत समाजका मानिसहरुले के भन्छन् ? यसबाट तपाइले आर्जन गरेको नयाँ अनुभूति वा सिकाइ के हो ? उल्लिखित सबै कुरा समेटेर प्रतिवेदन बनाइ कक्षामा प्रस्तुत गर्नुहोस् ।

१४.घरायसी तथा विद्यालयबाट निस्कने ठोस फोहोरको प्रयोग गरी विन र पिट कम्पोष्टिङ विधिबाट मल बनाउनुहोस् । आवश्यकताअनुसार उक्त तयारी मललाई तरकारी खेती, पुष्पखेती, फलफूल खेतीमा प्रयोग गर्नुहोस्। यो मल प्रयोग गर्दा भएका फाइदा तथा उपयोगिता सम्बन्धमा आफ्नो अनुभवसमेतलाई समेटी प्रतिवेदन तयार गर्नुहोस्।

१५. हाम्रो समाजमा सामाजिक चुनौतिको रुपमा जरा गाडेर रहेको बालबिबाह र लैङ्गिक बिभेदले पारेका नकारात्मक प्रभावहरु के के हुन् ? यसलाई कसरी न्यूनिकरण गर्न सकिन्छ ? न्यूनिकरणमा को-कोले के कस्तो भूमिका निर्वाह गर्न सकिन्छ ? आदि विषयमा विद्यालयमा बक्तृत्व कला प्रतियोगिताको आयोजना गरी सोको प्रतिबेदन विद्यालयमा पेश गर्नुहोस् ।

१६. निम्नानुसार सूचि प्रयोग गरी हाम्रो विद्यालय भूकम्पबाट कति सुरक्षित छ, विद्यालय परिसर र भवनहरूको अवलोकन एवम् शिक्षकहरूसँग छलफल गरी एक प्रतिवेदन तयार गर्नुहोस् ।

| क्र.सं. | सूचकहरू | सुरक्षित छ | सुरक्षित छैन | कारण |
|---|---|---|---|---|
| **संरचनात्मक** | | | | |
| १ | पर्खाल | | | |
| २ | छत वा छानो | | | |
| | | | | |
| **गैरसंरचनात्मक** | | | | |
| १ | दराज | | | |
| २ | बेन्च डेस्क | | | |
| | | | | |
| | | | | |

१७.घरायसी तथा विद्यालयबाट निस्कने ठोस फोहोरको प्रयोग गरी विन र पिट कम्पोष्टिङ विधिबाट मल बनाउनुहोस्। आवश्यकता अनुसार उक्त तयारी मललाई तरकारी खेती, पुष्पखेती, फलफूल खेतीमा प्रयोग गर्नुहोस् । यो मल प्रयोग गर्दा भएका फाइदा तथा उपयोगिता सम्बन्धमा आफ्नो अनुभव समेतलाई समेटी प्रतिवेदन तयार गर्नुहोस्।

१८. कक्षाका विद्यार्थीहरू समूहमा विभाजन हुनुहोस् र मल बनाउने विभिन्न विधिमध्ये विद्यालयबाट निस्कने कुहिने फोहोरको प्रयोगबाट विन कम्पोष्टिङ वा पिट कम्पोष्टिङ मध्ये कुनै एक विधिबाट मल तयार गर्नुहोस् र आवश्यकता अनुसार करेसाबारी, पुष्पखेती, जडीबुटी खेती वा अन्य खेतीमा प्रयोग गर्नुहोस् ।

१९. सामाजिक चुनौति र विसङ्गतिको रुपमा रहेको जातीय विभेद, बाल हिंशा, महिला हिंशा, चेलीबेटी बेचबिखन, दाइजो प्रथाले हाम्रो समाजका के कस्ता नराम्रा असरहरु पारिरहेको छ ? यसले मानव सभ्यताको उन्नयनमा के कस्ता अप्ठ्याराहरु देखा परेका छन् ? यस प्रकारका सामाजिक विकृतिहरुको न्यूनिकरण गर्नका लागि विद्यालय, विद्यार्थी, नागरिक समाज, संघसंस्था र गाउँपालिकाले के कस्ता भूमिका निर्वाह गर्दै आइरहेका छन् र अझै अपेक्षित सुधारका लागि के कस्ता कामहरु गर्न जरुरी छ ? यो क्षेत्रका जानकारहरुसँग छलफल गरी आफ्ना समेत विचारका आधारमा उल्लिखित प्रश्नहरुका जवाफलाई समेटेर प्रतिवेदन बनाई कक्षामा प्रस्तुत गर्नुहोस् ।

२०. पाँच समूहमा कक्षाका विद्यार्थीहरू विभाजन हुनुहोस् । तपसिलका कार्यहरू तपसिलका समूहले सम्पन्न गरी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

| **समूहको नाम** | **समूहले गर्नुपर्ने कार्यहरु** |
|---|---|
| ऊर्जा समूह | विद्यालयमा प्रयोग भएका ऊर्जाका प्रकार (सौर्य ऊर्जा, विद्युत आदि), ऊर्जाको प्रयोग सिकाइ, प्रशासनिक कार्य, कम्प्युटर सञ्चालन आदि) |
| पानी समूह | विद्यालयमा प्रयोग भएको पानीको स्रोतहरू (धारा, कुवा, इनार, आकाशे पानी आदि), पानीको प्रयोग (सिँचाइ, पिउने, सफाइ गर्ने वा अन्य), पानीको संरक्षणका कार्यहरू |
| सरसफाइ समूह | विद्यालयको खेलमैदान, कक्षाकोठाको सरसफाइ आदि |
| फोहोरमैला व्यवस्थापन समूह | विद्यालयबाट निस्कने फोहोरको प्रकार (कुहिने, नकुहिने, तरल, ग्याँस वा अन्य), फोहोरमैला व्यवस्थापनका उपायहरू |
| सिकाइ व्यवस्थापन समूह | बँगैचाका, करेसाबारी, ऊर्जा (सौर्य, पानी) मा सिकाइको लागि प्रयोग |
| हरियाली प्रवर्धन समूह | वृक्षारोपण, पुष्पखेती, जडीबुटी खेतीको कार्य |

२१.प्रविधि अर्थात Google Search गरी तल उल्लेखित महामारीसँग सम्बन्धित विवरण संकलन गरेर कक्षामा प्रस्तुत गर्नुहोस् ।

| क्र.सं. | महामारीहरू | | महामारी पत्ता लागेको वर्ष | महामारी सुरु भएको देश | महामारीको कारण | मृत्यू भएका मानिस संख्या | औषधि | सुरक्षाका उपायहरू |
|---|---|---|---|---|---|---|---|---|
| १ | ब्ल्याक डेथ | | | | | | | |
| २ | प्लेग | | | | | | | |
| ३ | फ्लू | | | | | | | |
| ४ | हैजा | | | | | | | |
| ५ | कोभिड–१९ | | | | | | | |

२२. विपद्को समयमा सूचना अति आवश्यक हुन्छ । सूचनाको माध्यमबाट सामूहिक प्रतिकार्य समयमै हुन्छ । त्यसकारण जुनसुकै विपदमा प्रयोग हुने गरी तलको तालिकामा आकस्मिक सम्पर्क व्यक्ति र आकस्मिक सम्पर्क नम्बरहरू (Emergency Contact Numbers) खोजी कक्षामा टाँस्नुहोस् ।

| क्र.सं. | सम्पर्क गर्नुपर्ने व्यक्ति | ठेगाना | सम्पर्क नम्बर |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

## ७. सिकाइ सहजीकरण विधि र प्रक्रिया

### (क) कक्षा १-३ को सिकाइ सहजीकरण विधि र प्रक्रिया

पाठ्यक्रमले विद्यार्थीहरुबाट अपेक्षा गरेका सिकाइ उपलब्धि सहज र सरल तरिकाले हासिल गर्न/गराउन शिक्षक तथा विद्यार्थीहरुले गर्ने सम्पूर्ण क्रियाकलापहरु सिकाइ सहजीकरण प्रक्रियाभित्र पर्दछन् । एकीकृत पाठ्यक्रमले सिकाइ उपलब्धिको आधारमा मूल्याङ्कन गर्ने गरी विद्यार्थी मूल्याङ्कनको खाका तय गरेको छ । दैनिक सिकाइ सहजीकरणको क्रममा नै निर्धारित सिकाइ उपलब्धि हासिल भए नभएको लेखाजोखा गर्न शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अंगको रुपमा मूल्याङ्कनलाई प्रयोग गर्नुपर्ने कुरा वर्तमान पाठ्यक्रमले उल्लेख गरेकाले सोही बमोजिमका सिकाइ क्रियाकलापहरु अवलम्बन गर्नुपर्ने हुन्छ । यस पाठ्यक्रमले सिकाईलाई प्रभावकारी र दिगो बनाई उनीहरुको स्थानीय विषयवस्तु र आवश्यकता अनुसारको ज्ञान, सिप र अभिवृत्तिको विकासको सुनिश्चितताको अपेक्षा गरेको छ । जसका लागि बालबालिका केन्द्रित, अन्तरक्रियात्मक, सहयोगात्मक तथा प्रत्यक्ष अनुभवमा आधारित शिक्षण विधि र रणनीतिहरुको प्रयोगमा जोड दिनुपर्ने हुन्छ । यस अनुसार कक्षाकोठामा हुने शिक्षणमा पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका, श्रव्यदृश्य सामग्री, सन्दर्भ सामग्रीका अतिरिक्त सकेसम्म स्थानीय स्तरमा उपलब्ध तथा स्वनिर्मित स्रोत र साधनहरुलाई शैक्षणिक सामग्रीको रुपमा प्रयोग गर्नु पर्छ । समयको माग बमोजिम सिकाइलाई निरन्तरता दिन तथा युग सापेक्ष सिकाइका लागि शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोगलाई स्थान दिनु पर्छ र वेभमा आधारित सिकाइलाई वैकल्पिक सिकाइको माध्यमको रुपमा प्रयोग गर्न शिक्षकले आफूलाई आवश्यक पर्ने ज्ञान र सिपको विकास गरी आवश्यकता अनुसार प्रविधिका साधनहरुको प्रयोग गर्नुपर्ने हुन्छ ।

कक्षा १-३ को पाठ्यक्रमले एकीकृत सिकाइलाई जोड दिएकाले शिक्षण सिकाइ सहजीकरणका क्रियाकलापहरुलाई पाठ्यक्रममा दिइएका सिकाइ उपलब्धि र विषयवस्तुको प्रकृतिअनुसार स्थानीय विषयका क्षेत्रहरु र अन्य विषयहरु

(नेपाली, अङ्ग्रेजी, गणित र हाम्रो सेरोफेरो) मा भएका मिल्दाजुल्दा विषयवस्तुलाई अन्तरसम्बन्ध कायम गरी सहजीकरण गर्नुपर्छ । स्थानीय विषयमा रहेका कतिपय विषयवस्तुहरु सहजीकरण गर्दा आवश्यकताअनुसार स्थानीय विज्ञहरुको ज्ञान र सिपलाई उपयोग गर्न उहाँहरुलाई कक्षाकोठामा आमन्त्रण गरी अनुभव तथा सिपको प्रदर्शन एवम् अन्तरक्रियाको अवसर सिर्जना गर्नु पर्ने छ । सिकाइलाई सहकार्यात्मक र प्रत्यक्ष अनुभवमा आधारित बनाउन स्थलगत अध्ययन समूहकार्य तथा प्रयोगात्मक अभ्यासमा जोड दिनु पर्ने छ । स्थानीय विषयमा उल्लिखित विषयवस्तुहरु विद्यार्थीहरुको आफ्नै सेरोफेरोका रहेकाले सैद्धान्तिक भन्दा प्रयोगात्मक तरिकाले सिकाइ सहजीकरण गर्नेमा शिक्षकले ध्यान दिनुपर्ने हुन्छ । स्थानीय कला, संस्कृति, धर्म, चालचलन, रितीरिवाज, पेसा, व्यवसाय, प्रविधिहरुको प्रयोग, संरक्षण, विकास गर्न स्वयम् विद्यार्थीहरुको प्रत्यक्ष उपस्थिति भएपछि मात्र उक्त विषयवस्तुहरुको ज्ञान, सिप र अभिवृत्तिको विकास गराउन सहज हुन्छ । सिकाइलाई दिगो बनाउन सिकेका व्यवहारहरुलाई अभ्यास गर्ने तथा वास्तविक जीवनमा प्रयोग गर्ने अवसर प्रदान गर्नुपर्ने छ । साथै सिकाइ सहजीकरण प्रक्रियाहरुले, अनुभव, खोज, चिन्तन, तर्कद्धारा सिकारुको निर्णय क्षमता विकास गरी ज्ञानको विकास र रुपान्तरण गर्न सहयोग गर्नुपर्छ ।

यस पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि देहाय बमोजिमका सिकाइ सहजीकरण प्रक्रिया अवलम्बन गर्नु पर्नेछ :

- कक्षा १ देखि ३ सम्मको पाठ्यक्रम एकीकृत ढाँचामा विकास गरिएको र यस अन्तर्गत बहुविषयक ( विषयहरु अलग अलग तर मिल्दाजुल्दा विषयवस्तुलाई सँगै सिकाउने) र अन्तरविषयक (अन्य विषय र विषयभित्रका विषयवस्तुहरुमा अन्तरसम्बन्ध कायम गरी सिकाइ गराउने) रहेको हुँदा बहुविषयक ढाँचाको सिद्धान्त अनुसार सिकाइ सहजीकरणको योजना बनाइ सिकाइ सहजीकरण गर्नुपर्ने छ ।
- पाठ्यक्रमको बहुविषयक ढाँचा (अन्य विषयसँग मिल्दा सिकाइ उपलब्धि तथा विषयवस्तुलाई सँगै सहजीकरण गर्ने र नमिल्ने विषयवस्तुलाई निश्चित क्रममा राखेर सरल देखि जटिलताको सिद्धान्तअनुसार सहजीकरण गर्ने) अनुरुप एकीकृत सिकाइका लागि शिक्षकले एकिकृत पाठ्यक्रमको अध्ययन र अन्य शिक्षकहरुसँग समेत समन्वय गरी सहजीकरण क्रियाकलाप सञ्चालन गर्नुपर्ने छ ।
- कक्षा १-३ मा अध्ययन गर्ने बालबालिकाको संज्ञानात्मक विकासको अवस्थालाई दृष्टिगत गरी उनीहरुको धारणा विकासमा सहयोग पुऱ्याउन शिक्षणमा ठोस सामग्रीको प्रयोगलाई प्राथमिकताका साथ स्थान दिनु पर्ने छ ।
- सिकाउनु पर्ने विषयवस्तु/धारणालाई उनीहरुको दैनिक जीवनसँग सम्बन्धित गरी रोचक र मनोरञ्जक ढङ्गले प्रस्तुत गर्नुपर्ने छ ।
- मनोरञ्जनपूर्ण सिकाईका लागि खेल, गीत, नृत्य र अभिनय विधिको प्रयोग गर्नुपर्ने छ ।
- बालबालिकाको दिगो सिकाईका लागि उनीहरुलाई प्रशस्त अभ्यासको अवसर दिनुपर्ने छ ।
- विद्यार्थीसँग प्रत्यक्ष अनुभव गरेर तथा विद्यार्थी आफै सक्रिय भई सिक्न सक्ने, विश्लेषणात्मक चिन्तनबाट अर्थ निर्माण गर्न सक्ने विषयवस्तुहरुमा विषयवस्तुको प्रकृति हेरी प्रयोग, परियोजना कार्य, सर्वेक्षण, समस्या समाधान, खोज, आगमन वा निगमन विधिको प्रयोग गर्नुपर्ने छ । यो पाठ्यक्रमको

विषयवस्तुहरुले स्थानीयतासँग प्रत्यक्ष सरोकार राख्ने भएकाले सिकारुलाई प्रत्यक्ष अवलोकन र अनुभव प्रदान गर्न स्थलगत भ्रमणको व्यवस्था मिलाउनु पर्ने छ ।

- सिकारुहरुले आफूले जानेका र हासिल गरेका ज्ञान, सिप र अनुभवहरु एक आपसमा आदानप्रदान गरी सहपाठीहरुको सहयोग र सहकार्यमा सिक्न तरिकाहरु अवलम्बन गर्नुपर्ने छ ।
- सामाजिक सुधार, जनचेतना र वातावरण संरक्षणमा आफ्नो स्तरबाट योगदान दिन तथा नेतृत्व सिप विकासमा प्रेरित गर्न साना चेतनामूलक भिडियो बनाई सामाजिक सञ्जालमा लोड गर्ने, यस्तै चित्रहरु सार्वजनिक ठाउँमा टाँस्ने जस्ता अभियान तथा सामाजिक कार्यहरुमा सहभागी गराउनुपर्ने छ ।
- कक्षाकोठालाई रमाइलो तथा जीवन्त बनाई राख्न तथा युग सापेक्ष प्रविधियुक्त सिकाइका लागि उपलब्ध श्रव्य दृश्य सामग्रीहरु, विद्युतीय सामग्रीहरु तथा वेभमा आधारित सामग्री र विधिहरुलाई सकेसम्म प्रयोग गर्ने कोशिस गर्नुपर्ने छ ।

## (ख) कक्षा ४-८ को शिक्षण सहजीकरण विधि र प्रक्रिया

शुभकालिका गाउँपालिकाभित्रका सबै वडाहरुका स्थानीय विषयवस्तु र आवश्यकतालाई समेटी यस पाठ्यक्रममा विषयवस्तुहरु राखिएको हुँदा उक्त विषयवस्तुको व्यावहारिक ज्ञान, सिप र अभिवृत्ति विकासका लागि कक्षाभित्र वा बाहिर आफ्नो घर, समुदाय, संघसंस्था, धार्मिक स्थल, पेसा र व्यवसायस्थल, विकासका पूर्वाधारहरु, वन सम्पदा, जलसम्पदामा भ्रमण गरी पञ्चज्ञानेन्द्रीयद्वारा प्रत्यक्ष अवलोकन तथा प्रयोग गरी सिकेका कुराहरूलाई सिर्जनात्मक विश्लेषण गर्ने प्रतिभाको विकास गर्न प्रोत्साहित गर्ने गरी शिक्षण सिकाइ सहजीकरण गर्नुपर्छ । पाठ्यक्रममा विषयवस्तु तथा सिकाइ उपलब्धि हासिल गर्न विद्यार्थीहरूले कथा, कविता, नाटक, समाचार, चिठी, सम्पादकीय, गीत, प्रतिवेदन, रेखाचित्र, वृत्तचित्र, स्तम्भचित्र, तालिका, तस्बिर, नक्सा, नमुना निर्माण, प्रयोग, फोटो जस्ता रोचक वस्तुहरू मार्फत् अपेक्षित उपलब्धि हासिल गर्ने अपेक्षा गरिएको छ । विद्यार्थीहरूलाई कुनै पनि विषयवस्तु सिकाउँदा जीवन्त सिकाइ वातावरण तयार गर्नु पर्दछ । यसका लागि शिक्षण सिकाइको विधि, पद्धति तथा उपागमलाई विद्यार्थी केन्द्रित र सामग्री केन्द्रित गर्दै प्रयोगात्मक क्रियाकलापबाट गरेर सिक्ने अवस्थाको सुनिश्चितता गर्नु पर्दछ । अझ स्थानीय विषय स्थानीय परिवेश, सन्दर्भ, पहिचान, पेसा व्यवसाय र प्रविधिसँग बढि नजिक तथा परिचित हुने भएकाले सान्दर्भिक शिक्षण सिकाइ मार्फत बालबालिकाहरुमा पाठ्यक्रमले तोकेका सक्षमता र सिकाइ उपलब्धि हासिल गराउन प्रयत्नशील रहनुपर्छ ।

आधारभूत तहको कक्षा ४ देखि ८ सम्म राखिएका विषयवस्तुहरु सहजीकरण गर्न निम्न विधि र तरिकाहरुको प्रयोग गर्न सकिने छ ।

| क्र.स. | शिक्षण विधि | प्रयोग गर्न सकिने विषयवस्तुहरु |
|---|---|---|
| १ | प्रयोगात्मक विधि | गरेर सिक्ने क्रियाकलापहरु यस विधि अन्तर्गत पर्दछन् । जस्तै : बिरुवा तथा जनावरको हेरचाह, वृक्षरोपन, पशुपालन, पंक्षीपालन, तरकारी खेती, गायन, वादन, नृत्य, अभिनय, हस्तकला र चित्रकलाद्वारा प्रदर्शन आदि । |
| २ | अवलोकन र परियोजना | गरेर सिक्ने, सँगै बसेर सिक्ने, प्राकृतिक वातावरणमा सिक्ने, सिपको विकास हुने गरी एकल वा समूह, कक्षाकोठाभित्र तथा बाहिर यो विधि प्रयोग गर्न सकिन्छ । |

| | | |
|---|---|---|
| | विधि | जस्तै : स्थानीय सेवाहरुको जानकारी, विभिन्न धार्मिक स्थल, जलसम्पदा, वन सम्पदा, नमुना निर्माण, पेसा, व्यवसाय र प्रविधिको अवलोकन गरी प्रतिवेदन तयारी गर्ने तथा एकल र समूहगत तथा कक्षाकोठाभित्र र कक्षाकोठा बाहिर गरेर सिक्ने, पञ्च ज्ञानेन्द्रीयहरुको प्रयोगद्वारा सिक्ने क्रियाकलापहरु यस अन्तर्गत पर्दछन् । |
| ३ | क्षेत्र भ्रमण विधि | कक्षाकोठा बाहिर रहेका वस्तुहरुको प्रत्यक्ष अवलोकन गरी प्राप्त जानकारीको अभिलेख राख्ने (प्रतिवेदन, चित्र, चार्ट, भिडियो आदि) । जस्तै : धार्मिक स्थल, पर्यटकीय क्षेत्र, वन सम्पदा, पोखरी, ताल, खेती (तरकारी खेती, फलफूल खेती, पुस्पखेती), विभिन्न पालन (पशुपालन, पंक्षीपालन) आदि । |
| ४ | छलफल विधि | कुनै विषयवस्तुको बारेमा समूहगत, जोडीगत, कक्षागत रुपमा छलफल गरी निष्कर्ष निकाल्न प्रयोग गरिन्छ । जस्तै : सामुदायिक वनको महत्व, संरक्षण गर्ने उपायहरु, धार्मिक सम्पदानको संरक्षणका उपायहरु, बालबगैंचाको महत्व, हरित विद्यालयको लागि अवलम्बन गर्नुपर्ने पक्षहरु आदि । |
| ५ | समस्या समाधान विधि | कुनै समस्या दिई समाधानको लागि उपायहरु पहिचान गरी समाधान गर्ने कार्य यस विधिमा गरिन्छ । जस्तो : पुष्प खेती गने, बासको चोयाबाट डालो बुन्ने, मकैको प्वाखबाट चकटी बुन्ने, वृक्षरोपण गर्ने, सरसफाइ गर्ने आदि । |
| ६ | प्रश्नोत्तर | जुन सुकै विषयवस्तुको उठान गर्दा, परियोजना कार्य वा क्षेत्रभ्रमण वा कक्षा कार्य वा समूह कार्य गराउँदा, विषयवस्तुको प्रस्तुती अघि, प्रस्तुतीकरणको समय र अन्तमा, सिकाइ उपलब्धि हासिल भए नभएको सुनिश्चित गर्न यस विधिको प्रयोग गर्न सकिन्छ । |
| ७ | घटना ( मामला) अध्ययन | वरपरको कुनै विशेष घटनाको अध्ययन गरी त्यसको बारेमा प्रतिवेदन तयार गर्न लगाइ प्रस्तुतीकरण गर्न यस विधिको प्रयोग गर्न सकिन्छ । बाढी, पहिरो, आगलागी, चट्यांग, तरकारी खेती, कुखुरापालन आदि । |
| ८ | प्रदर्शन विधि | कुनै वस्तु देखाएर सिकाउने विधि प्रदर्शन विधि हो । सामग्रीको अभाव भएको बेला शिक्षकले वस्तु वा चित्र प्रदर्शन गरेर सिकाउने गर्दछन् । जस्तै : कुशे गाउँपालिकाको नक्सा आदि । यसमा श्रव्यदृश्य सामग्रीको प्रदर्शन समेत पर्दछ । जस्तै : तरकारी खेती, पशुपालन, कुखुरापालको भिडियो आदि । |
| ९ | सोधखोज विधि | विद्यार्थीमा नयाँ नयाँ कुरा खोजी गर्ने, त्यसको व्यक्ति तथा समाजमा परेको वा पार्ने प्रभाव पहिचान गराउने जस्ता सिपको विकास गराउने, समाजमा रहेको धार्मिक, सांस्कृतिक, आर्थिक, ऐतिहासिक, भौगोलिक आदि पक्षको सोधखोज गरी वास्तविकता पत्ता लगाउने कार्यमा यस विधिको प्रयोग गर्न सकिन्छ । |
| १० | कथाकथन विधि | विषयवस्तुलाई रमाइलो, आकर्षक, उत्प्रेरणात्मक तरिकाले प्रस्तुतीकरण गर्न यस विधिको प्रयोग गर्न सकिन्छ । जस्तै : धार्मिक स्थल, पेसा, व्यवसाय, प्रविधिको प्रयोग, संरक्षण, विकास र प्रवर्धन आदिलाई कथात्मक तरिकाले प्रस्तुत गर्न सकिन्छ । |

माथि उल्लेख गरिएका विधिहरुका साथै विषयवस्तुको प्रकृतिअनुसार अन्य विधिहरुको समेत प्रयोग गर्न सकिन्छ । विधिहरुको साथै विद्यार्थीको सिकाइलाई थप आकर्षक, तार्किक, समालोचनात्मक, सहभागितात्मक बनाउन विभिन्न रणनीति तथा तरिकाहरुको प्रयोग गर्न सकिन्छ । जसलाई निम्नअनुसार उल्लेख गर्न सकिन्छ :

(अ) मष्तिष्क मन्थन, (आ) जिग्सअ, (इ) सोच-जोडीमा छलफल-आदान प्रदान, (ई) जोडीमा पढाइ र जोडीमा सारांश, (उ) संक्षिप्त लेखन, (ऊ) परस्पर शिक्षण, (ए) घुलमिल/स्थिर/जोडी, (ऐ) ग्यालरी हिडाइ, (ओ) फिसबल छलफल, (औ) टी/कपि ब्रेक विचार आदान प्रदान, (अं) प्यानल छलफल आदि ।

## ८. विद्यार्थी मूल्याङ्कन

शिक्षण सिकाइ प्रक्रियाकै एउटा अङ्गका रूपमा विद्यार्थीको नियमितरुपमा विद्यार्थीले सिकाइ उपलब्धि हासिल गरे नगरेको लेखाजोखा गरी विद्यार्थीको सिकाइमा निरन्तर सुधार गरी न्यूनतम सिकाइस्तर प्राप्तिको सुनिश्चितता गर्ने पक्षलाई यस पाठ्यक्रमले जोड दिएको छ । यस प्रकारको मूल्याङ्कनले विद्यार्थीलाई न्यूनतम सिकाइ स्तर प्राप्तिका साथै उनीहरूलाई सिकाइमा निरन्तर प्रगति गर्ने अवसर सिर्जना गर्न सहयोग गर्दछ । स्थानीय विषयमा राखिएका विषयवस्तु तथा सिकाइ उपलब्धि पूरा गराउनको लागि कक्षाकोठाको शिक्षण सिकाइको क्रममा गरिने लेखाजोखाको साथै विद्यार्थीहरुलाई आवश्यकताअनुसार सम्बन्धित क्षेत्रमा अवलोकन, क्षेत्रभ्रमण, परियोजना तथा प्रयोगात्मक कार्यमा समेत सलंग्न गराई सोही बमोजिम विद्यार्थीले सिकाइ उपलब्धि हासिल गरे नगरेको एकिन गर्नुपर्ने हुन्छ र आवश्यकताअनुसार सहजीकरण गर्नुपर्ने हुन्छ । यस्तो मूल्याङ्कनलाई मूलतः सिकाइका लागि मूल्याङ्कन अर्थात् निर्माणात्मक मूल्याङ्कनका रूपमा प्रयोग गरिनुपर्दछ ।

निर्माणात्मक प्रयोजनका लागि सञ्चालन गरिने यस्तो मूल्याङ्कनका लागि विद्यार्थीले के सिक्ने हो भन्ने कुरा निर्धारण गर्नु पर्दछ अर्थात् अपेक्षित सिकाइ उपलब्धि तय गर्नु पर्दछ । विद्यार्थीले के सिक्ने भन्ने कुराको निर्धारण गरेपछि विद्यार्थीको सिकाइको वर्तमान अवस्था वा निश्चित सिकाइ क्रियाकलापपछिको विद्यार्थीको सिकाइ अवस्था वा स्तर के कस्तो छ भनी विभिन्न साधन तथा माध्यम प्रयोग गरी पत्ता लगाउनुपर्छ । यसरी विद्यार्थीको वर्तमान सिकाइ अवस्था पहिचान गरिसकेपछि सिकाइको निर्धारित लक्ष्यमा कसरी पुग्ने भन्ने मार्ग तय गर्नुपर्दछ । यसरी विद्यार्थीको अपेक्षित सिकाइ स्तर तय गर्ने, सिकाइको वर्तमान अवस्था वा स्तर पत्ता लगाउने र कसरी अपेक्षित सिकाइस्तर प्राप्त गर्ने भनी तय गर्ने कार्यका लागि विद्यार्थीको निर्माणात्मक मूल्याङ्कन गरिन्छ । आधारभूत तहको विद्यार्थी मूल्याङ्कलाई कक्षा १ -३ को मूल्याङ्कन र कक्षा ४-८ को मूल्याङकनमा विभाजन गरी चर्चा गरिएको छ ।

### (क) कक्षा १-३ मा विद्यार्थी मूल्याङ्कन

कक्षा १–३ मा गरिने विद्यार्थी मूल्याङ्कनलाई सिकाइ प्रक्रियाकै अभिन्न अङ्गका रूपमा प्रयोग गर्नु पर्दछ । यस्तो मूल्याङ्कनको मुख्य उद्देश्य विद्यार्थीको सिकाइ उपलब्धि तथा कमजोरीहरूको निरन्तर लेखाजोखा गरी सिकाइ सुधारका लागि पृष्ठपोषण प्रदान गर्नु हो । यस्तो पृष्ठपोषण दिने कार्य दुई चरणमा गर्नुपर्छ । पहिलो चरणअन्तर्गत नियमित सिकाइ सहजीकरण पश्चात् मूल्याङ्कन गर्ने र विद्यार्थीको सिकाइको अवस्थाको लेखाजोखा गर्ने र दोस्रो चरणमा सिकाइ उपलब्धि हासिल गरेको अवस्थाको आधारमा अपेक्षित उपलब्धि प्राप्त गर्न नसकेका विद्यार्थीका कठिनाइका क्षेत्र पत्तालगाई सुधारात्मक सिकाइ क्रियाकलाप सञ्चालन गर्नुका साथै पटकपटकका सुधारात्मक सिकाइ क्रियाकलापबाट पनि सिकाइ सुधार हुन नसकेका विद्यार्थीहरूका लागि उपचारात्मक सिकाइ क्रियाकलाप तर्जुमा गरी सिकाइमा सुधार गर्नुपर्दछ । कक्षाकोठामा आधारित निर्माणात्मक मूल्याङ्कनले प्रत्येक विद्यार्थीलाई न्यूनतम सिकाइ स्तर प्राप्त गर्ने सुनिश्चितता गरी माथिल्लो सिकाइ स्तर प्राप्त गर्न सहयोग गर्नुपर्दछ । यसबाट विद्यार्थीहरूको कक्षा दोहऱ्याउने क्रमलाई न्यून गरी शैक्षिक क्षति घटाउन सहयोग पुग्नाका साथै न्यूनतम स्तरको सिकाइ सुनिश्चित भई थप सिकाइका लागि अवसर सृजना हुने छ ।

### (अ) मूल्याङ्कन विधि र प्रक्रिया

कक्षा १-३ मा निश्चित समयावधिमा विद्यार्थीको सिकाइको लेखाजोखा गर्ने नभई निरन्तर, नियमित तथा कक्षा क्रियाकलापको अङ्गका रूपमा प्रयोग गर्नुपर्दछ । कक्षाकोठामा सिकाइ क्रियाकलापको योजना तथा सञ्चालन निर्धारित सिकाइ उपलब्धि तथा तिनको विस्तृतीकरणका आधारमा ती सिकाइ उपलब्धि प्राप्त गर्न सक्ने किसिमले

गर्नुपर्दछ । विद्यार्थी मूल्याङ्कनमा पनि ती सिकाइ उपलब्धि विद्यार्थीले केकति हासिल गर्न सके भन्ने लेखाजोखा गर्न सकिने प्रक्रिया र साधन प्रयोग गर्नुपर्छ । यस्तो मूल्याङ्कन सिकाइ क्रियाकलापकै अभिन्न अङ्गका रूपमा नियमित रूपमा सञ्चालन गरी विद्यार्थीको सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्नुपर्दछ ।

कक्षा १-३ का प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका (Portfolio) व्यवस्थित गरी राखिनुपर्छ । कार्यसञ्चयिका फायललाई विद्यार्थीको कक्षाकार्य, प्रयोगात्मक कार्य, उपलब्धि परीक्षा, विद्यार्थीमा आएको व्यावहारिक परिवर्तनको अवलोकन, हाजिरी आदिका माध्यमले अद्यावधिक गर्नुपर्छ । विद्यालयमा पठनपाठन भएका विषयवस्तु र विद्यार्थीको उपलब्धिका बारेमा प्रत्येक थिम वा क्षेत्रको पठनपाठन पश्चात, विषयक्षेत्रको अध्ययन पूरा गरेपछि अभिभावकलाई जानकारी पठाउने व्यवस्था गरी कार्यसञ्चयिकामा त्यसको अभिलेख उल्लेख गर्नुपर्ने छ । यस तहमा गृहकार्यलाई अनिवार्य नगरी कक्षाकार्य, परियोजना कार्य तथा प्रयोगात्मक कार्यलाई नै बढी जोड दिने भए पनि आवश्यक भए केही गृहकार्य पनि दिन सकिने छ तर दैनिक र एकै दिनमा विभिन्न विषयक्षेत्रमा गृहकार्य दिनु भने उपयुक्त हुँदैन । विद्यार्थीको मूल्याङ्कनमा यथाशक्य वास्तविक कार्यको सही तरिकाले मूल्याङ्कन गर्ने साधन (Tools of Authentic task) समावेश गर्नु उपयुक्त हुने छ ।

### (आ) मूल्याङ्कनका तरिका र साधन

परीक्षण गरिने सिकाइ उपलब्धि तथा विषयवस्तुको स्वरूप, विद्यार्थीको उमेर तथा रुचि, उपलब्ध स्रोत तथा साधन, कक्षामा भएका विद्यार्थी सङ्ख्या, शिक्षकको क्षमता तथा रुचि जस्ता पक्ष विचार गरेर मूल्याङ्कनका तरिका र साधनको छनोट तथा विकास गर्नुपर्छ । मूल्याङ्कनका विभिन्न तरिका तथा साधनहरू हुन्छन् । विद्यार्थी मूल्याङ्कनका लागि प्रयोग गर्न सकिने कार्य तथा साधनहरूबाट प्राप्त सूचनाहरूलाई निश्चित स्वरूपमा अभिलेखीकरण गरिनुपर्दछ । कक्षा कार्य, व्यवहार परिवर्तन, सिर्जनात्मक कार्य, कक्षा सहभागिता तथा विद्यार्थीका कार्यको प्रदर्शनको परीक्षणको अभिलेखीकरण शिक्षकको अवलोकनको माध्यमबाट गर्न सकिने भएकाले यसका लागि उपयुक्त अवलोकन फाराम तयार गर्नुपर्दछ । यसका लागि विभिन्न प्रकारका रुजु सूची तयार गरी विद्यार्थी परीक्षण तथा मूल्याङ्कन गरिन्छ । विद्यार्थीका कार्य तथा उपलब्धिसहित उनीहरूका विभिन्न विवरण व्यवस्थित तरिकाले राख्ने गरी कार्यसञ्चयिका तयार गरी विद्यार्थीको प्रगति के कति मात्रामा र के कसरी भइरहेको छ, के कस्ता सिकाइ कमीकमजोरी रहेका छन् र ती कमीकमजोरीहरू हटाई सिकाइमा सुधार के कसरी गर्ने भन्ने कार्यका लागि यसबाट सहयोग पुग्दछ ।

सामान्यतया स्थानीय विषयको पठनपाठनको क्रममा विद्यार्थीले सिकाइ उपलब्धि हासिल गरे नगरेको लेखाजोखा गर्नको लागि कक्षा सहभागिता, मौखिक कार्य, लिखित कार्य, प्रयोगात्मक कार्य, कार्यसम्पादन तथा प्रदर्शन, सहपाठी तथा स्वमूल्याङ्कन, अभिभावक प्रतिक्रिया, कुराकानी तथा छलफल जस्ता तरिकाहरु अवलम्बन गर्न सकिन्छ । यसको लागि अवलोकन फाराम, रुजु सूची, श्रेणीमापन, रुब्रिक्स, मौखिक प्रश्न जस्ता मूल्याङ्कनका साधनहरु प्रयोग गर्न सकिन्छ ।

### (इ) विद्यार्थीको सिकाइ उपलब्धिस्तर र त्यसको सामान्य व्याख्या

| उपलब्धिस्तर | मापन | उपलब्धिस्तरको सामान्य व्याख्या |
|---|---|---|
| अपर्याप्त (Insuffcent) | १ | मुख्य सिकाइ उपलब्धि हासिल गर्न नसकेको, सबैजसो सिकाइ उपलब्धिका लागि सुधारात्मक सिकाइ आवश्यक भएको |
| सामान्य (Basic) | २ | मुख्य सिकाइ उपलब्धि आंशिक रूपमा हासिल गरेको तर सुधारात्मक |

| | | |
|---|---|---|
| | | सिकाइ आवश्यक भएको |
| राम्रो (Proficient) | ३ | मुख्य सिकाइ उपलब्धि धेरै जसो हासिल गरेको र सुधारात्मक सिकाइ आवश्यक भएको |
| उच्च (Advanced) | ४ | मुख्य सिकाइ उपलब्धि हासिल गरेको साथै माथिल्लो स्तरको उपलब्धि हासिल गरेको |

पहिलो चरणमा नियमित सिकाइ क्रियाकलापका रूपमा विद्यार्थीको सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइ सुधार गर्नुपर्दछ । मूल्याङ्कनको दोस्रो चरणमा कुनै सिकाइ उपलब्धि हासिल भयो वा भएन भनी उल्लिखित तरिका तथा साधनमध्ये उपयुक्त साधनहरू प्रयोग गरी विद्यार्थीको मूल्याङ्कन गरी सिकाइस्तर अभिलेखीकरण गर्नुपर्दछ । यसरी अभिलेखित सिकाइस्तर १ वा २ मात्र भएमा सुधारात्मक सिकाइको योजना निर्माण गरी उपलब्धिस्तर ४ पुऱ्याउने प्रयास गर्नुपर्दछ । उपलब्धिस्तर ३ प्राप्त गरेको विद्यार्थीलाई समेत ४ पुऱ्याउन सहयोग गर्नुपर्छ । यदि पटक पटकको प्रयासबाट पनि कुनै विद्यार्थीको उपलब्धिस्तरमा सुधार हुन नसकेमा यसको कारण खोजी गरी उपचारात्मक सिकाइको योजना बनाउनु पर्दछ भने अन्यलाई अग्रिम सिकाइमा सरिक गराउनुपर्दछ । सुधारात्मक सिकाइ पछि पुनः विद्यार्थीको मूल्याङ्कन गरी उपलब्धिस्तर निर्धारण गरेर पुनःअभिलेखीकरण गर्नुपर्छ । निश्चित सिकाइक्षेत्रका सिकाइउपलब्धिहरूको सिकाइ परीक्षणपश्चात् सो सिकाइक्षेत्रको औसत सिकाइ उपलब्धिसमेत गणना गरी विद्यार्थी र अभिभावकसँग छलफल गरी विद्यार्थीका सबलता र सुधारका क्षेत्र र उपाय पहिचान गर्नुपर्छ ।

यही क्रममा सबै विषयक्षेत्रको सिकाइपश्चात् सबै सिकाइ उपलब्धिको परीक्षण गरी सिकाइ प्रत्येक सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइस्तरसहित विषयक्षेत्रगत औसत सिकाइ उपलब्धि निकाल्न सकिन्छ । त्यसै गरी मुख्य व्यवहारकुशल सिपमा विद्यार्थीको उपलब्धिस्तर पनि अभिलेखित गर्न सकिन्छ । यसरी तयार गरिएको अभिलेख नै विद्यार्थीको वार्षिक उपलब्धिको प्रतिवेदन हुने छ । विद्यार्थीको सिकाइ उपलब्धिको यस्तो अभिलेख तथा प्रतिवेदनको प्रयोग शिक्षक, विद्यार्थी, अभिभावक तथा विद्यालयले विद्यार्थीको सिकाइस्तरको सुनिश्चिता गर्ने, सिकाइ सुधारका लागि पृष्ठपोषण प्रदान गर्न र भावी सिकाइका लागि योजनाका लागि गरिन्छ ।

विभिन्न किसिमका अपाङ्गता भएका विद्यार्थीका लागि उल्लिखित मूल्याङ्कनका तरिका तथा साधनहरूमध्ये कतिपय उपयोगी नहुन पनि सक्दछन् भने कतिपय तरिका तथा साधनहरूको प्रयोगमा भिन्नता ल्याउनुपर्ने हुन सक्दछ । शिक्षकले आफ्नो कक्षाकोठामा भएका विद्यार्थीको अपाङ्गताको किसिम तथा स्वरूपअनुरूप प्रयोग गर्न सकिने मूल्याङ्कनका वैकल्पिक तरिका तथा साधनहरूको तयारी गरी उपयुक्त तरिका तथा साधन प्रयोग गर्नुपर्छ । मूल्याङ्कनका कुनै साधन उपयुक्त नभएकै आधारमा कुनै पनि विद्यार्थीलाई सिकाइको मूल्याङ्कन र पृष्ठपोषण प्राप्त गर्ने अवसरबाट वञ्चित नहुने गरी शिक्षकले वैकल्पिक तरिकाहरूको खोजी तथा तयारी गर्नुपर्दछ ।

सामान्यतया प्रत्येक सिकाइ उपलब्धि मापनपछि नतिजा विद्यार्थीलाई जानकारी गराउने, किन यस्तो भयो छलफल गर्ने, विद्यार्थीलाई स्वप्रत्यावर्तनको अवसर दिने र सुधारका उपाय तय गर्नुपर्दछ भने प्रत्येक विषयक्षेत्र वा थिमको सिकाइपश्चात् प्रत्येक सिकाइ उपलब्धि र औसत उपलब्धिसहित अभिभावक र शिक्षकले छलफल गरी सिकाइ सुधार तथा भावि सिकाइका योजना तय गर्नुपर्छ । प्रत्येक थिमको सिकाइपछि अभिभावकसँग छलफल गर्नु विद्यार्थीको सिकाइ सुधारका दृष्टिले उपयुक्त भए पनि छोटोछोटो समयको अन्तरालमा अभिभावसँग छलफल सबैका लगि सम्भव नहुन सक्ने कुरालाई विचार गरेर तीनदेखि चार महिनाको अन्तरालमा सो अवधिको सिकाइ

भएका थिमको मूल्याङ्कन नतिजासहित विद्यार्थीको सिकाइ प्रगति तथा कठिनाइका विषयमा अभिभावकसँग छलफल गरी आवश्यकतानुसार सिकाइ सुधारका उपाय पहिचान गर्न सकिन्छ । नतिजा र सिकाइ सुधार तथा भावी सिकाइ योजना तय गर्दा सम्बन्धित विद्यार्थी सबल पक्ष, रुचि र कठिनाइलाई ध्यान दिनुपर्छ । यसका लागि यस प्रक्रियामा विद्यार्थीलाई पनि सहभागी गराउनुपर्छ ।

**(ई) विद्यार्थी मूल्याङ्कनको अभिलेख तथा कार्यसञ्चयिका व्यवस्थापन र प्रयोग**

**(१) विषयक्षेत्रगत रूपमा प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका फाइलमा व्यवस्थापन गर्नु पर्ने अभिलेखहरु :**

- प्रत्येक थिम वा विषयक्षेत्रको मूल्याङ्कन अभिलेख विद्यार्थीको कार्यसञ्चयिका फाइलमा सिलसिलाबद्ध गरी राख्नुपर्छ ।
- कार्यसञ्चयिका फायलमा विद्यार्थीको व्यक्तिगत, पारिवारिक तथा स्वास्थ्य सम्बन्धी विवरण, कक्षा कार्य, परियोजना कार्य, उपलब्धि प्रतिशतका अभिलेख, हाजिरी विवरण, विद्यार्थीको प्रगति स्पष्ट हुने सहयोग पुग्ने खालमा विद्यार्थीका नमुना कार्य तथा सिर्जनाहरू समयबद्धरूपमा सिलसिल मिलाई राख्नुपर्छ । यसमा जुनसुकै कार्य समावेश नगरी उपलब्धिस्तर झल्काउने प्रतिनिधि कार्यहरूमात्र समावेश गर्नुपर्छ । यसमा यतिनै कार्य समावेश गर्नुपर्छ भन्नु उपयुक्त नभए पनि विषयवस्तुको प्रत्येक क्षेत्र वा थिमबाट १ देखि ३ कार्य तथा समग्रमा विषयक्षेत्रगत रूपमा गरिने पाँचओटासम्म सिर्जनात्मक कार्य समावेश गर्नु उपयुक्त हुन सक्छ ।
- कार्यसञ्चयिका फाइलमा समावेश गरिएका कार्य तथा अभिलेखहरूको समयबद्ध सूची भित्री कभरपृष्ठमा राखिनुपर्छ ।
- प्रत्येक विद्यार्थीको कक्षा १ मा तयार गरिएको कार्यसञ्चयिका फाइललाई नै कक्षा ३ सम्म निरन्तर गर्नुपर्छ । शिक्षक परिवर्तन भएमा फायल हस्तान्तरण गर्नुपर्छ ।

**(२) विद्यार्थीको कार्यसञ्चयिकाको प्रयोग किन ?**

- शिक्षकले विद्यार्थीको सिकाइ प्रगतिको अनुगमन गर्न, सिकाइ योजना तथा सिकाइ सुधारको योजना बनाउन,
- विद्यार्थीले आफ्नो कार्य तथा सिकाइ प्रगति तथा कमजोरीको जानकारी प्राप्त गरी सिकाइ सुधारमा लाग्न र आफ्नो कार्य र उपलब्धिबारे आत्मविश्वास पैदा गर्न तथा थप कार्य तथा उपलब्धिका लागि प्रोत्साहित हुन,
- अभिभावकले विद्यार्थीको कार्य तथा सिकाइ प्रगति तथा कमजोरीको जानकारी प्राप्त गरी सिकाइ सुधारमा सहयोग गर्न,
- विद्यालयले विद्यार्थीको सिकाइको प्रमाणका रूपमा लिई अग्रिम सिकाइ अवसर प्रदान गर्न, सबै विद्यार्थीलाई प्रोत्साहन गर्न, शिक्षक विकास तथा प्रोत्साहन कार्यको योजना गर्न र जवाफदेहिता व्यक्त गर्न,
- विद्यालय व्यवस्थापनले विद्यालय समुदाय सुधार गरी सिकाइ वातावरण सुधार गर्न,

**(ऊ) विषयक्षेत्रगत रूपमा मूल्याङ्कन गर्ने तरिका**

(१) मुख्य सिकाइ उपलब्धिलाई विद्यार्थीको सिकाइ स्तरअनुसार १ देखि ४ सम्म रेटिङ गर्नुपर्छ ।

(२) हरेक मुख्य सिकाइ उपलब्धिको हासिल भयो वा भएन भनी यकिन गनुपर्छ । यसका लागि एउटा सिकाइ उपलब्धि परीक्षण गर्न एकभन्दा बढी मूल्याङ्कन साधन आवश्यक हुन पनि सक्दछ भने कतिपय अवस्थामा एउटै साधन वा एकै पटकको परीक्षणबाट एकभन्दा बढी सिकाइ उपलब्धि पनि परीक्षण गर्न सकिने कुरालाई शिक्षकले विचार गर्नुपर्दछ ।

(३) सबै विद्यार्थीले न्यूनतम सिकाइ स्तर प्राप्त गरी माथिल्लो स्तरको सिकाइको अवसर प्रदान गर्न मूल्याङ्कनले सहयोग गर्नुपर्दछ । यसका लागि नियमित सिकाइ प्रक्रियापछि गरिएको मूल्याङ्कनमा कुनै सिकाइ उपलब्धिमा १ वा २ स्तर मात्र हासिल गर्न सकेमा सुधारात्मक सिकाइ गरी उपलब्धि वृद्धिको सुनिश्चित गरिनुपर्दछ । यसका लागि सुधारात्मक सिकाइपश्चात् विद्यार्थीको पुनः मूल्याङ्कन गरी फाराममा उल्लेखभएअनुसार अभिलेखित गनुपर्छ ।

(४) सामान्यतया सबै (प्रत्येक) विद्यार्थीको सिकाइस्तर न्यूनतम ४ पुऱ्याउने गरी सुधारात्मक सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्दछ । तसर्थ कुनै पनि विद्यार्थीलाई सिकाइस्तर १, २ वा ३ मै छाड्न भने हुँदैन । कुनै विद्यार्थी पटकपटकको सुधारात्मक सिकाइबाट पनि सिकाइस्तर १ तथा २ भन्दा माथि जान सकेन भने त्यसका कारण पहिचान गरी सुधारका उपाय पहिचान गर्ने र सिकाइ सुधार गर्ने प्रयोजनका लागि उपचारात्मक शिक्षण सिकाइ आवश्यक हुनसक्छ । उपलब्धि स्तर ३ प्राप्त गर्ने विद्यार्थीलाई पनि मुख्य तथा माथिल्लो उपलब्धि हासिल गर्ने अवसर प्रदान गरिनुपर्दछ । शिक्षण सिकाइका क्रममा उपलब्धि स्तर ४ पुऱ्याउनु अपेक्षित छ ।

(५) विषयक्षेत्र तथा थिमअन्तर्गतका सिकाइ उपलब्धिको अङ्कन गरिसकेपछि विषयक्षेत्र तथा थिमको समग्र उपलब्धि प्रतिशत निम्नअनुसार निकाल्नुपर्छ :

$$\text{क्षेत्रगत वा थिमगत उपलब्धि प्रतिशत} = \frac{\text{उपलब्धिस्तरको अङ्कको जोड}}{\text{४} \times \text{मूल्याङ्कन गरिएका सिकाइ उपलब्धिहरूको सङ्ख्या}} \times \text{१००}$$

(६) उपलब्धि प्रतिशतलाई अक्षराङ्कनसँग मिलान गरी निम्नअनुसार प्रस्तुत गर्नुपर्ने छ :

| **क्र.स.** | **उपलब्धि प्रतिशत** | स्तरीकृत अङ्क | **अक्षरमा उपलब्धिस्तर** | **उपलब्धि स्तरको व्याख्या** |
|---|---|---|---|---|
| १ | ९० र सोभन्दा माथि | ४.० | A+ | सर्वोत्तम (Outstanding) |
| २ | ८० र सोभन्दा माथि ९० भन्दा कम | ३.६ | A | अत्युत्तम (Excellent) |
| ३ | ७० र सोभन्दा माथि ८० भन्दा कम | ३.२ | B+ | उत्कृष्ट (Very Good) |
| ४ | ६० र सोभन्दा माथि ७० भन्दा कम | २.८ | B | उत्तम (Good) |
| ५ | ५० र सोभन्दा माथि ६० भन्दा कम | २.४ | C+ | सन्तोषजनक (Satisfactory) |
| ६ | ४० र सोभन्दा माथि ५० भन्दा कम | २.० | C | ग्राह्य (Acceptable) |
| ७ | ३५ र सोभन्दा माथि ४० भन्दा कम | १.६ | D | आधारभूत (Basic) |
| ८ | ३५ भन्दा कम | ( | NG | अवर्गीकृत (Not Graded) |

(७) कक्षाको अन्तमा सबै सिकाइ उपलब्धिमा प्राप्त उपलब्धिस्तरको अङ्कका आधारमा विद्यार्थीको विषय क्षेत्रगत समग्र उपलब्धिस्तर निर्धारण गर्न सकिन्छ । विषय क्षेत्रगत समग्र उपलब्धि प्रतिशत निम्नअनुसार निकाल्नुपर्छ :

$$\textbf{विषयक्षेत्रगत समग्र उपलब्धि प्रतिशत} = \frac{\textbf{उपलब्धिस्तरको अङ्कको जोड}}{\textbf{४} \times \textbf{मूल्याङ्कन गरिएका सिकाइ उपलब्धिहरूको सङ्ख्या}} \times \text{१००}$$

**(ख) विद्यार्थी मूल्याङ्कन (कक्षा ४-८)**

पाठ्यक्रमले अपेक्षा गरेका सक्षमता र सिकाइ उपलब्धि हासिल भए नभएको सुनिश्चत गर्न निर्माणात्मक र निर्णयात्मक दुवै किसिमका मूल्याङ्कन गरिनेछ । निर्माणात्मक मूल्याङ्कनको मुख्य उद्देश्य निरन्तर मूल्याङ्कन र पृष्ठपोषणका माध्यमबाट विद्यार्थीको सिकाइमा सुधार गर्नु हो । सिकाइका लागि गरिने यस्तो निर्माणात्मक मूल्याङ्कन शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा रहनु पर्दछ । निर्माणात्मक मूल्याङ्कनमा विद्यार्थीको मूल्याङ्कनका लागि विभिन्न औपचारिक तथा अनौपचारिक तरिका प्रयोग गर्नुपर्छ । निर्माणात्मक मूल्याङ्कनमा कक्षा क्रियाकलाप, विद्यार्थीका कार्य तथा कार्यसम्पादनको अवलोकन, गृहकार्य, परियोजना कार्य, मौखिक तथा लिखित कार्य, एकाइ तथा त्रैमासिक परीक्षाहरू, स्व तथा सहपाठी मूल्याङ्कन लगायतका साधन प्रयोग गर्न सकिन्छ ।

विद्यार्थी मूल्याङ्कन गर्दा मुख्य सिकाइ उपलब्धि विद्यार्थीले हासिल गरेको सिकाइ स्तरको मूल्याङ्कनका लागि विद्यार्थीका कार्य तथा समस्या समाधानको अवलोकन, मौखिक तथा लिखित प्रश्नोत्तर, कक्षा तथा एकाइ परीक्षा, व्यवहार अवलोकनलगायतका तरिका प्रयोग गर्न सकिन्छ । यसका लागि रुजूसूची, श्रेणी मापनलगायतका व्यवहार अवलोकन फाराम, विभिन्न तहका सिकाइ क्षमता मापन गर्ने प्रश्नहरू, व्यावहारिक समस्यालगायत कक्षा सहभागिता, कक्षा कार्य, गृहकार्य, परियोजना कार्य, प्रयोगात्मक कार्य आदिमा विद्यार्थीको सहभागिता र उपलब्धिका विषयमा शिक्षकको अभिलेख वा नोट आदि मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर मूल्याङ्कन गर्न प्रयोग हुनसक्ने साधनहरू हुन् । यस्तो मूल्याङ्कन विषयवस्तुको प्रत्येक क्षेत्र वा एकाइको सिकाइपश्चात् गरी सो क्षेत्र वा एकाइअन्तर्गतका मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर परीक्षण विभिन्न साधनहरूको प्रयोगबाट गर्नुपर्छ । यसरी सिकाइ उपलब्धि परीक्षण गर्दा विद्यार्थीले न्यूनतम सिकाइ स्तर हासिल गरेको नपाइएमा सुधारात्मक सिकाइको अवसर प्रदान गरी पुनः परीक्षण गरी न्यूनतम सिकाइस्तर सुनिश्चित गरी थप वा माथिल्लो स्तरको सिकाइको अवसर प्रदान गर्नुपर्दछ । पटकपटकको सुधारात्मक सिकाइ पश्चात् पनि न्यूनतम स्तरको सिकाइ स्तर हासिल गर्न नसक्ने विद्यार्थीका लागि उपचारात्मक सिकाइको योजना निर्माण गरी त्यस्ता विद्यार्थीलाई सहयोग गर्नु पर्दछ ।

**(अ) आन्तरिक मूल्याङ्कन**

आन्तरिक मूल्याङ्कनको निश्चित भार आन्तरिक मूल्याङ्कनका रूपमा अभिलेखित गर्नुपर्छ । यसका लागि आन्तरिक मूल्याङ्कनलाई अभिलेखित गरी प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका (Portfolio) व्यवस्थित गरी राख्नुपर्छ । यस्तो अभिलेखका आधारमा निम्नलिखित पक्षमा तोकिएअनुसारको भारको अङ्क आन्तरिक मूल्याङ्कनका रूपमा समावेश गरिने छ :

| **सि.नं.** | **मूल्याङ्कनका पक्ष** | **अंक भार** |
|---|---|---|
| १ | सहभागिता | ४ |
| २ | प्रयोगात्मक/परियोजना | ३६ |
| | (क) प्रयोगात्मक तथा परियोजना कार्यको तयारी (योजना) | ६ |
| | (ख) प्रयोगात्मक तथा परियोजना कार्य सञ्चालन र प्रतिवेदन/चार्ट तयारी/चित्र/तालिका तयारी र अभिलेखीकरण | २० |
| | (ग) परियोजना कार्य तथा प्रयोगात्मक कार्यको प्रतिवेदन प्रस्तुतीकरण | ६ |
| | (घ) अन्तर्वार्ता | ४ |
| ३ | त्रैमासिक परीक्षा | १० |
| | जम्मा | ५० |

निर्णयात्मक मूल्याङ्कनको कूल भारको ५० प्रतिशत आन्तरिक मूल्याङ्कनका रूपमा निर्माणात्मक मूल्याङ्कनबाट समावेश गरिनेछ भने अन्तिम परीक्षाबाट बाँकी ५० प्रतिशत अङ्क समावेश गरिनेछ ।

**द्रष्टव्य :**

- सहभागिताअन्तर्गत उपस्थिति तथा सिकाइमा सहभागिता र सक्रियता पर्दछन् ।
- आन्तरिक मूल्याङ्कन तोकिएको भारमा नै गर्नुपर्ने छ । उक्त भारअनुसार नै अक्षराङ्कन पद्धतिअनुसार विद्यार्थीलाई नतिजाको ग्रेडसिट दिन सकिने छ ।
- त्रैमासिक परीक्षालाई ५० प्रतिशत अङ्कभारमा सञ्चालन गरी तोकिएको १० प्रतिशत अङ्कभारमा रूपान्तरण गर्नुपर्ने छ ।
- त्रैमासिक परीक्षामा सुरुदेखि पठनपाठन भएका सबै पाठ तथा एकाइबाट बाह्य परीक्षाको विशिष्टीकरण तालिकालाई आधार मानेर प्रश्न निर्माण गरी परीक्षा सञ्चालन गर्नुपर्ने छ ।
- एक शैक्षिक सत्रमा दुईओटा त्रैमासिक परीक्षा सञ्चालन गर्नुपर्ने छ । उक्त परीक्षाको नतिजालाई निर्णयात्मक मूल्याङ्कनमा समावेश गर्नुपर्ने छ ।
- वार्षिक रुपमा विद्यार्थीलाई ग्रेड सिट प्रदान गर्दा आन्तरिक मूल्याङ्कनको ५० प्रतिशत अङ्कभार ( सहभागिता ४, परियोजना कार्य, प्रयोगात्मक कार्य ३६, त्रैमासिक परीक्षा १०) को छुट्टै ग्रेड तथा बाह्य परीक्षाको ५० अङ्कभारको छुट्टै ग्रेड कायम गरी आन्तरिक र बाह्य मूल्याङ्कन दुवैको औसत ग्रेड पोइन्ट (**Grade Point Average-GPA)** कायम हुने गरी ग्रेड सिट तयार गर्नुपर्ने छ ।
- विद्यार्थी मूल्याङ्कन गर्दा शिक्षकले अपाङ्गता भएका र विशेष सिकाइ आवश्यकता भएका विद्यार्थीहरूका लागि उपयुक्त हुने मूल्याङ्कन प्रक्रिया अपनाउनुपर्ने छ । विशेष आवश्यकता भएका विद्यार्थीको मूल्याङ्कन गर्दा आवश्यकताअनुसार दृश्य तथा ठुला मुद्रित सामग्री, स्पर्शात्मक सामग्रीलगायतको उपयोग गर्नुपर्ने छ । प्रतिक्रियामा आधारित मूल्याङ्कनका लागि उपकरण, टङ्कण, साङ्केतिक भाषा वा सङ्केत प्रयोग गर्न उत्प्रेरित गर्नुपर्ने छ । कठिन तहको अपाङ्गता भएका विद्यार्थीलाई उनीहरूको स्तर, रुचि र आवश्यकताका आधारमा समय तालिका बनाई सोअनुसार मूल्याङ्कन गर्नुपर्नेछ ।

विद्यार्थी मूल्याङ्कनको नतिजा विवरण ( Grade Sheet) यसप्रकार हुने छ :

विद्यालयको नाम : ................................

विद्यार्थीको नाम : लिङ्ग :.......................

कक्षा : ............. रोल न.......... जन्म मिति :

**नतिजा विवरण ( Grade Sheet)**

| क्र.सं | विषय | पाठ्य घण्टा | ग्रेड | ग्रेड पोइन्ट | अन्तिम ग्रेड | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | नेपाली (सैद्धान्तिक)<br>नेपाली (आन्तरिक) | २.५<br>२.५ | | | | |
| २ | अङ्ग्रेजी (सैद्धान्तिक)<br>अङ्ग्रेजी (आन्तरिक) | २.५<br>२.५ | | | | |
| ३ | गणित (सैद्धान्तिक)<br>गणित (आन्तरिक) | २.५<br>२.५ | | | | |
| ४ | विज्ञान तथा प्रविधि (सैद्धान्तिक)<br>विज्ञान तथा प्रविधि (आन्तरिक) | २.५<br>२.५ | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा ( सैद्धान्तिक)<br>सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा (आन्तरिक) | २.५<br>२.५ | | | | |
| ६ | स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला ( सैद्धान्तिक)<br>स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला ( आन्तरिक) | १.५<br>१.५ | | | | |
| ७ | मातृभाषा वा स्थानीय विषय (सैद्धिान्तिक)<br>मातृभाषा वा स्थानीय विषय (आन्तरिक) | २<br>२ | | | | |
| **ग्रेड पोइन्ट औसत (Grade Point Average-GPA) =** | | | | | | |

विषय शिक्षकको हस्ताक्षर : प्रधानाध्यापकको

हस्ताक्षर नाम : मिति : नाम :

**(आ) आवधिक मूल्याङ्कन**

निर्णयात्मक मूल्याङ्कनमा अन्तिम परीक्षाको भार ५० प्रतिशत हुनेछ । प्रत्येक परीक्षामा प्रश्न सोध्दा शैक्षिक सत्रको सुरुदेखि पढाइ भएका सबै पाठहरूबाट समेटिएको हुनुपर्नेछ। यस विषयको परीक्षामा विशेष गरेर ज्ञान र बोध, प्रयोग र उच्च दक्षतामा आधारित हुनेछन् । पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यअनुरूप विद्यार्थीहरूले ज्ञान, सिप, अभिवृत्ति प्राप्त गरे नगरेको मूल्याङ्कन गरी त्यसको आधारमा प्रमाणीकरण गरिन्छ । अन्तिम परीक्षाको प्रश्नपत्र निर्माण गर्दा तपसिलको विशिष्टीकरण तालिकाको आधारमा गरिनेछ। यस पाठ्यक्रममा कक्षा ४- ८ को विशिष्टीकरण तालिका विकास गरिएको छ । यसको आधारमा अन्तिम परीक्षा (५० पूर्णाङ्कको परीक्षा) को प्रश्नपत्र बनाई मूल्याङ्कन गर्नु पर्नेछ।

## अनुसूची १
## स्थानीय विषयको थिमगत उपलब्धि विवरण
## मूल्याङ्कन अभिलेखीकरण फाराम : कक्षा १

**विषय : स्थानीय (हाम्रो** शुभकालिका **हाम्रो खुसी)** **विद्यार्थीको नाम :**

**रोलनम्बर :**

**१.** शुभकालिका **परिचय**

| **सिकाइ उपलब्धि** | **मूल्याङ्कनको साधन** | **नियमित पढाइपछिको मूल्याङ्कन** | | **थप सहायतापछिको मूल्याङ्कन** | |
|---|---|---|---|---|---|
| | | **मिति** | **अङ्कन** | **मिति** | **अङ्कन** |
| आफ्नो परिवारका सदस्य तथा आफू बसेको गाउँटोलको नाम बताउने । | प्रश्नोत्तर | | | | |
| आफ्नो गाउँ वरपर रहेका नदी, खोला र बाटाको नाम बताउने । | प्रश्नोत्तर | | | | |
| आफ्नो विद्यालयको नाम र ठाउँ बताउने । | प्रश्नोत्तर | | | | |
| आफ्नो गाउँपालिकाको नाम बताउने । | | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत<br>मिति : | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| | उपलब्धि प्रतिशत | | | | |

**२. हाम्रे समाज,। संस्कृति र सम्पदाहरु**

| **सिकाइ उपलब्धि** | **मूल्याङ्कनको साधन** | **नियमित पढाइपछिको मूल्याङ्कन** | | **थप सहायतापछिको मूल्याङ्कन** | |
|---|---|---|---|---|---|
| | | **मिति** | **अङ्कन** | **मिति** | **अङ्कन** |
| स्थानीय जातजातिहरू अनुसारका अभिवादन गर्ने । | प्रश्नोत्तर | | | | |
| स्थानीय खेलहरूको सामान्य अभ्यास गर्ने । | प्रश्नोत्तर र अवलोकन | | | | |
| ह्राम्रो सेरोफेरोका विभिन्न धार्मिक, सम्पदाहरूको पहिचान गर्ने । | प्रश्नोत्तर | | | | |
| ऋाफु र आफू वरिपरिका जातजातिले मनाउने चाडपर्व, गीत, नाच र बाजाहरूको सामान्य परिचय दिने । | प्रश्नोत्तर र अवलोकन | | | | |
| घरपरिवार र छरछिमेकमा मनाइने उत्सव र चाडपर्वहरुमा गरिने क्रियाकलापहरु बताउने । | प्रश्नोत्तर र अवलोकन | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत<br>मिति : | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| | उपलब्धि प्रतिशत | | | | |

**३. कृषि, पेशा, व्यवसाय र प्रविधि**

| **सिकाइ उपलब्धि** | **मूल्याङ्कनको साधन** | **नियमित पढाइपछिको मूल्याङ्कन** | | **थप सहायतापछिको मूल्याङ्कन** | |
|---|---|---|---|---|---|
| | | **मिति** | **अङ्कन** | **मिति** | **अङ्कन** |
| आफ्नो घरमा प्रयोग गरिने केही अन्नबाली, गेडागुडी, फलफूल, तरकारीको नाम र स्वाद बताउने । | प्रश्नोत्तर | | | | |
| [ आफ्नो घरमा वा छिमेकमा पालिने जनावर, पँक्षी परिचय दिने । | प्रश्नोत्तर, अवलोकन | | | | |
| परीवारका सदस्यहरूको पेशा, व्यापार व्यवसायको परिचय दिने । | प्रश्नोत्तर, अवलोकन | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत<br>मिति : | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| | उपलब्धि प्रतिशत | | | | |

### ४. जीवन कला र अनिवार्य सिप

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| आफ्नो सामानको स्याहार गरी सुरक्षित राख्ने । | प्रश्नोत्तर | | | | |
| साथीलाई सिकाउने, सहयोग गर्ने जस्ता सहयोगात्मक व्यवहार गर्ने । | प्रश्नोत्तर, अवलोकन | | | | |
| आफूलाई मन पर्ने साथीहरुमा भएका असल स्वभावहरुको पहिचान र अभ्यास गर्ने । | प्रश्नोत्तर, अवलोकन | | | | |
| स्थानीय स्तरमा प्रचलित आफूलाई मन पर्ने गीत, सङ्गीत र नृत्यहरुको श्रवण, अवलोकन र अभ्यास गर्न । | अवलोकन, प्रश्नोत्तर | | | | |
| जङ्कफूड (पत्रु खाना) पहिचान गर्ने र नखाने बानी विकास गर्ने । | प्रश्नोत्तर, अवलोकन | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| मिति : | उपलब्धि प्रतिशत | | | | |

### ५. हाम्रो वातावरण र विपद व्यवस्थापन

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| स्थानीय रुखविरुवा, जडीबुटी, जंगली जनावर र ढुँगा खानीको नाम भन्ने । | प्रश्नोत्तर | | | | |
| स्थानीय धारा, कुवा, खोला, नदी जस्ता जलस्रोतहरूको नाम बताउने । | प्रश्नोत्तर र अवलोकन | | | | |
| घर, छिमेक र विद्यालयमा भएका बगैंचा, फूलबारीको संरक्षण गर्ने । | | | | | |
| घर तथा विद्यालयमा भएको फोहर व्यवस्थापन गरी सरसफाइ कायम गर्ने कार्य गर्ने । | प्रश्नोत्तर, अवलोकन | | | | |
| लाइनमा हिंड्ने, पालो पर्खने, जोखिम क्षेत्रमा नजाने, कक्षाकोठामा सुरक्षित तरिकाले कार्य गर्ने । | अवलोकन | | | | |
| थानीय स्तरमा भईरहेका र हुन सक्ने विपद्हरु जस्तै सडक दुर्घटना, करेन्ट लाग्ने, आगलागी, डुबान ( खोला, ताल, खाल्डो) आदिबाट हुने विपदहरुको चित्रात्मक पहिचान गर्ने । | अवलोकन | | | | |
| विद्यालय र घरमा आउदाजाँदा बाटोमा हुने जोखिमहरु जस्तै बाटो बिग्रने, खोलानाला तर्ने, हावाहुरी चल्ने, बाटो काटने आदीको पहिचान गरी सावधानी अपनाउने । | अवलोकन र प्रश्नोत्तर | | | | |
| कक्षाकोठा, विद्यालय, घर र बाटोमा हुने विभिन्न दुर्घटनाहरु जस्तै चोटपटक, करेन्ट, पहिरो खस्ने, ढुङ्गा खस्ने, आगलागि, आदिको परिचय र सोबाट बच्नका लागि सामान्य उपायहरु बताउने र सोको अनुसरण गर्ने । | प्रश्नोत्तर | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| मिति : | उपलब्धि प्रतिशत | | | | |

## अनुसूची २

## कक्षा २ को मूल्याङ्कन अभिलेखीकरण फाराम

**कक्षा : २** **विषय : हाम्रो शुभकालिका** **विद्यार्थीको नाम :** **रोलनम्बर :**

**१. हाम्रो शुभकालिका**

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| आफ्नो गाउँ वरपरका मुख्य टोल एवम् बाटोहरूको नाम, अवस्थिति र संक्षिप्त विशेषता बताउने । | प्रश्नोत्तर | | | | |
| आफ्नो घर नजिकै रहेका बजारको पहिचान गर्ने । | प्रश्नोत्तर | | | | |
| शुभकालिका गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष र आफ्नो वडाका अध्यक्ष र सदस्यहरूको नाम बताउने । | प्रश्नोत्तर र अवलोकन | | | | |
| गाउँपालिकाको नक्सामा आफ्नो र छिमेकी वडाहरू पहिल्याउने । | अवलोकन र प्रश्नोत्तर | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| मिति : | उपलब्धि प्रतिशत | | | | |

**२. हाम्रो समाज, संस्कृति र सम्पदाहरु**

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| स्थानीय जातजातिले बोल्ने भाषाको प्रयोग गरी अभिवादन गर्ने र आफ्नो परिचय दिने आफ्नो समुदायका भेषभूषाहरूको जानकारी दिने । | प्रश्नोत्तर र अवलोकन | | | | |
| स्थानीय खेलहरूको सामान्य अभ्यास गर्ने । | प्रश्नोत्तर | | | | |
| आफ्नो वडामा रहेका पर्यटकीय एवम् साँस्कृतिक स्थलहरुको पहिचान गर्ने | प्रश्नोत्तर र अवलोकन | | | | |
| हाम्रा वडाभित्र रहेका विभिन्न जातजाति र भाषाभाषी हरुको पहिचान गर्ने । | प्रश्नोत्तर र अवलोकन | | | | |
| हाम्रो वडामा रहेका विभिन्न जातजातिहरुले मनाउने प्रमुख चाडपर्वहरुमा गरिने प्रमुख क्रियाकलापहरु भन्ने । | प्रश्नोत्तर र अवलोकन | | | | |
| पालिकाका प्रमुख ठाउँहरु र वजारहरुको सङ्क्षिप्त परिचय दिने । | प्रश्नोत्तर र अवलोकन | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| मिति : | उपलब्धि प्रतिशत | | | | |

### ३. कृषि, पेसा, व्यवसाय र प्रविधि

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| हाम्रा स्थानीय चुल्हो (अगेनो, भट्टि चुलो, सुधारिएको र ग्याँस चुल्हो) र परम्परागत भाँडाकुँडाः हुन्डो, खट्करो, अम्खोरा,ताउलो, कलश पन्यु, डाडु, कराइ, ताप्के, करुवा, गाग्री, ताइताप्के, माना, पाथी, ठेकी, गाबु मदानी आदि) को पहिचान गर्ने र प्रयोग गर्ने तरिका बताउने । | प्रश्नोत्तर | | | | |
| घरायसी कृषि उपज खेती जस्तै अन्नबाली र तरकारी खेती गरिने तरिका, उपयोग गरिने तरिकाबारे जानकारी गराउने । | प्रश्नोत्तर र अवलोकन | | | | |
| घरमा पालिने पशुपंक्षी र तिला खोलामा पाइने माछा र उपयोगबारे जानकारी दिने । परीवार र छिमेकमा गरिने पेशा, ब्यवसायमा प्रयोग भैरहेका परम्परागत प्रविधिको परिचय दिने । | प्रश्नोत्तर र अवलोकन | | | | |
| हाम्रा स्थानीय चुल्हो (अगेनो, भट्टि चुलो, सुधारिएको र ग्याँस चुल्हो) र परम्परागत भाँडाकुँडाः हुन्डो, खट्करो, अम्खोरा,ताउलो, कलश पन्यु, डाडु, कराइ, ताप्के, करुवा, गाग्री, ताइताप्के, माना, पाथी, ठेकी, गाबु मदानी आदि) को पहिचान गर्ने र प्रयोग गर्ने तरिका बताउने । | प्रश्नोत्तर र अवलोकन | | | | |
| घरायसी कृषि उपज खेती जस्तै अन्नबाली र तरकारी खेती गरिने तरिका, उपयोग गरिने तरिकाबारे जानकारी गराउने । | प्रश्नोत्तर र अवलोकन | | | | |
| घरमा पालिने पशुपंक्षी र तिला खोलामा पाइने माछा र उपयोगबारे जानकारी दिने । परीवार र छिमेकमा गरिने पेशा, ब्यवसायमा प्रयोग भैरहेका परम्परागत प्रविधिको परिचय दिने । | प्रश्नोत्तर र अवलोकन | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| मिति : | उपलब्धि प्रतिशत | | | | |

### ४. जीवनकला र अनिवार्य सिप

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| कक्षाकोठाका सामानको स्याहार गरी सुरक्षित ठाउँमा राख्ने । | प्रश्नोत्तर र अवलोकन | | | | |
| साथीहरूलाई सहयोग गर्ने र सहकार्य गर्ने जस्ता व्यवहार प्रदर्शन गर्ने । | प्रश्नोत्तर र अवलोकन | | | | |
| आफुलाई मन पर्ने गीत, सङ्गीत र नृत्यहरुको श्रवण, अवलोकन र अभ्यास प्रस्तुत गर्ने । | प्रश्नोत्तर र अवलोकन | | | | |
| घरपरिवार, छरछिमेक र गाउँटोलमा उत्सव र चाडपर्वहरु मनाउदा गर्न हुने र गर्न नहुने कुराहरुको सूची र जीवनमा त्यसको अभ्यास प्रस्तुत गर्ने । | प्रश्नोत्तर र अवलोकन | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| श्रम र सिर्जनालाई सम्मान गर्ने सिप र प्रवृत्तिको अभ्यासका लागि कक्षाकोठाको सरसफाइ र सजावटमा ध्यान दिने। | प्रश्नोत्तर र अवलोकन | | | | |
| अशक्त, ज्येष्ट नागरिक र असहज स्थितिका मानिसहरुप्रति सहयोग गर्ने बानीको अभ्यास प्रस्तुत गर्न । | प्रश्नोत्तर र अवलोकन | | | | |
| जङ्कफूड (पत्रु खाना) बाट हुने हानी र घरमा बनाइने खानाका फाइदाहरु र्व्णन गर्ने । | प्रश्नोत्तर र अवलोकन | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| मिति : | उपलब्धि प्रतिशत | | | | |

**५. वातावरण र विपद ब्यवस्थापन**

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| गाउँपालिका भित्रका वनमा पाइने वन्जजन्तु र चराहरुको पहिचान गर्ने । | प्रश्नोत्तर | | | | |
| वडाको वनमा पाइने औषधिजन्य वनस्पतिहरु पहिचान गर्ने । | प्रश्नोत्तर र अवलोकन | | | | |
| करेसाबारी निर्माणमा सहभागी हुने । | प्रश्नोत्तर | | | | |
| विद्यालयमा बाल बगैंचा र वृक्षारोपणमा सहभागी हुने । | अवलोकन र प्रश्नोत्तर | | | | |
| गाउँपालिका क्षेत्रमा भएका पानीका स्रोतहरुको परिचय दिने तथा उपयोग पहिचान गरी आवश्यकता अनुसार प्रयोग गर्ने । | अवलोकन | | | | |
| फोहोरमैलाले स्थानीय स्तरमा पारेको असर पहिचान गर्ने । | अवलोकन र प्रश्नोत्तर | | | | |
| स्थानीय जल र वनको महत्व र उपयोगिता बताउने । | अवलोकन | | | | |
| हावाहुरी, चट्यांङ्ग, बाढि, आगलागी, पहिरो, सर्पदंश र जङगली जनावरको आक्रमण आदिबाट हुने विपद्को पहिचान र परिचय दिने । | प्रश्नोत्तर | | | | |
| घरभित्र हुने जोखिमहरु (छत, भऱ्याङ, बरण्डा, हातहतियार आदिको परिचय दिने । | अवलोकन र प्रश्नोत्तर | | | | |
| घरभित्र हुने जोखिमहरूबाट बच्ने उपायहरु बताउन र अनुशरण गर्ने । | प्र्शनोत्तर, परियोजना कार्य | | | | |
| कक्षाकोठा, विद्यालय, घर र बाटोमा हुने वर्षा, हावाहुरी, करेन्ट, चट्याङ, बाढि पहिरो र जङगली जनावरको आक्रमण आदिबाट बच्ने उपायहरु ब्ताउने । | ऋवलोकन | | | | |
| घरभित्र हुने जोखिमहरु (छत, भऱ्याङ, बरण्डा, हातहतियार आदिको परिचय दिने । | ऋवलोकन | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| मिति : | उपलब्धि प्रतिशत | | | | |

## अनुसूची ३
## मूल्याङ्कन अभिलेखीकरण फाराम

**कक्षा : ३ विषय : हाम्रो शुभकालिका विद्यार्थीको नाम : रोलनम्बर :**

**१. हाम्रो शुभकालिका**

<table>
<tr><th rowspan="2">सिकाइ उपलब्धि</th><th rowspan="2">मूल्याङ्कनको साधन</th><th colspan="2">नियमित पढाइपछिको मूल्याङ्कन</th><th colspan="2">थप सहायतापछिको मूल्याङ्कन</th></tr>
<tr><th>मिति</th><th>अङ्कन</th><th>मिति</th><th>अङ्कन</th></tr>
<tr><td>शुभकालिका गाउँपालिकाको भौगोलिक अवस्था एवम् आवापानीको परिचय दिने ।</td><td>प्रश्नोत्तर</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>गाउँपालिकाको नक्सा हेरी विभिन्न विषयवस्तुको जानकारी दिने ।</td><td>अवलोकन र प्रश्नोत्तर</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>आफ्नो विद्यालयको परिचय दिने ।</td><td>प्रश्नोत्तर</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>गाउँपालिकामा रहेका विभिन्न बजार, एवम् त्यहाँ पाइने सेवा वा व्यवसायको परिचय दिने ।</td><td>प्रश्नोत्तर</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td rowspan="2">अभिभावकको दस्तखत शिक्षकको दस्तखत<br>मिति :</td><td colspan="2">विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड</td><td></td><td></td><td></td></tr>
<tr><td colspan="2">उपलब्धि प्रतिशत</td><td></td><td></td><td></td></tr>
</table>

**२. हाम्रो समाज, संस्कृति र सम्पदाहरु**

<table>
<tr><th rowspan="2">सिकाइ उपलब्धि</th><th rowspan="2">मूल्याङ्कनको साधन</th><th colspan="2">नियमित पढाइपछिको मूल्याङ्कन</th><th colspan="2">थप सहायतापछिको मूल्याङ्कन</th></tr>
<tr><th>मिति</th><th>अङ्कन</th><th>मिति</th><th>अङ्कन</th></tr>
<tr><td>पालिकाभित्रका विभिन्न मुख्य समुदायमा प्रचलित संस्कार र मनाइने चाडपर्वहरूमा गरिने मुख्य क्रियाकलाप वर्णन गर्ने ।</td><td>प्रश्नोत्तर र अवलोकन</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>शुभकालिकाका जातजाति (बाहुन, क्षेत्री, ठकुरी, मगर, दलित, अल्पसंख्यक ) को विशेषता र परिचय दिने ।</td><td>प्रश्नोत्तर र अवलोकन</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>स्थानीय परम्परागत खेलहरूको परिचय दिने । खेलहरूको अभ्यास गर्ने ।</td><td>अवलोकन र प्रश्नोत्तर</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>पर्यटकीय स्थलसहित शुभकालिकाको परिचय र विशेषता बताउने ।:</td><td>प्रश्नोत्तर र अवलोकन</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>शुभकालिका गाउँपालिका भित्र नाँचिने विभिन्न नाँचहरु (देउसी भैलो, सिंगारु, तीज, लहरे पैसेरी, खाडो नाँच, मयुर नाँच, देउडा नाँच, झ्याउरे नाच) को परिचय दिन ।</td><td>अवलोकन र प्रश्नोत्तर</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>हाम्रो भान्साका परिकार, (आँटो, ढिँडो, गुन्द्रुक, बडी, काँइलाचा, कर्कलो, गाभा, लहरे पाप्रो, चाना, खाँदेको अचार, लाडु, अर्सा, सेलरोटी, दाल भात, खिर, सातु आदि) को महत्व र विशेषता बताउन ।</td><td>अवलोकन र प्रश्नोत्तर</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td rowspan="2">अभिभावकको दस्तखत शिक्षकको दस्तखत<br>मिति :</td><td colspan="2">विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड</td><td></td><td></td><td></td></tr>
<tr><td colspan="2">उपलब्धि प्रतिशत</td><td></td><td></td><td></td></tr>
</table>

### ३. कृषि, पेसा, व्यवसाय र प्रविधि

| सिकाइ उपलब्धि | मूल्याङ्कनका सम्भावित साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| हाम्रा स्थानीय सामग्री ( डोको, डालो, पायो, सुपो, नाङलो, छाप्री, डोइलो, लभेत्ते, भकारी, खाप,खिर्‍या, मुदुस, पेटारो, कोसी, ठेकी, मदानी, डाडु, पनियो, कराइ) को परिचय र उपयोगिता बारे बताउने । पालिकाभित्र गरिएको प्रमुख अन्नवाली, तरकारी खेती, फलफुल र पालिने पशुपंक्षी सम्बन्धी व्यवसायिक उत्पादनसम्बन्धी जानकारी दिने । | प्रश्नोत्तर र अवलोकन | | | | |
| स्थानीय प्रविधिमा आधारित उद्योगहरूको परिचय दिने र महत्वबोध गर्ने । | प्रश्नोत्तर र अवलोकन | | | | |
| स्थानीय खोलामा माछा मार्न प्रयोग गरिने परम्परागत औजारहरूको जानकारी दिने । | प्रश्नोत्तर र अवलोकन | | | | |
| स्थानीय स्तरमा प्रयोग हुने परम्परागत प्रविधि एवम् औजारहहरू जस्तै हलो, जाँतो, पानी घट्ट र आधुनिक प्रविधि एवम् औजार जस्तै ट्रेक्टर, मील आदिको तुलना गर्ने । | प्रश्नोत्तर र अवलोकन | | | | |
| हाम्रा स्थानीय सामग्री ( डोको, डालो, पायो, सुपो, नाङलो, छाप्री, डोइलो, लभेत्ते, भकारी, खाप,खिर्‍या, मुदुस, पेटारो, कोसी, ठेकी, मदानी, डाडु, पनियो, कराइ) को परिचय र उपयोगिता बारे बताउने । पालिकाभित्र गरिएको प्रमुख अन्नवाली, तरकारी खेती, फलफुल र पालिने पशुपंक्षी सम्बन्धी व्यवसायिक उत्पादनसम्बन्धी जानकारी दिने । | प्रश्नोत्तर | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| मिति : | उपलब्धि प्रतिशत | | | | |

### ४. जीवनकला र अनिवार्य सिप

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| • स्थानीयस्तरमा आफूलाई मन पर्ने गीत, संगीत र नृत्यहरुको श्रवण, अवलोकन, सिर्जना र प्रस्तुतिकरण गरेर प्रदर्शन गर्ने । | प्रश्नोत्तर र अवलोकन | | | | |
| आफ्नो घरपरिवार तथा समाजमा उत्सव र चाडपर्वहरु मनाउदा ध्यान पुर्‍याउनु पर्ने कुराहरुको जानकारी र अभ्यास प्रस्तुत गर्ने । | प्रश्नोत्तर र अवलोकन | | | | |
| आफू र अरुलाई पनि खुसी बनाउने कलाको विकास र अभ्यास प्रस्तुत गर्ने । | प्रश्नोत्तर र अवलोकन | | | | |
| श्रम र सिर्जनालाई सम्मान गर्ने सिप र प्रवृत्तिको चर्चा र अभ्यास प्रस्तुत गर्ने । | प्रश्नोत्तर र अवलोकन | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ध्यान केन्द्रित गर्ने योग तथा शारीरिक अभ्यास गर्ने । | प्रश्नोत्तर र अवलोकन | | | | |
| समाजका ज्येष्ठ नागरिक र असहज स्थितिका मानिसहरुप्रति सहयोग गर्ने स्वभावको विकास र अभ्यास प्रस्तुत गर्ने । | प्रश्नोत्तर र अवलोकन | | | | |
| परीवार, मान्यजन र पाहुनालाई गरिने अभिवादन, शिष्टाचार, सत्कार एवम् सभ्य व्यवहार प्रदर्शन गर्ने । | प्रश्नोत्तर र अवलोकन | | | | |
| हामीले घरमा खाने मुख्य खानाहरू र पत्रु खानाहरूको फाइदा बेफाइदा तुलना गर्ने । | प्रश्नोत्तर र अवलोकन | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| मिति : | उपलब्धि प्रतिशत | | | | |

**५. वातावरण र विपद व्यवस्थापन**

| सिकाइ उपलब्धि | मूल्याङ्कनका सम्भावित साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| शुभकालिकाका सामुदायिक वनजङ्गलको परिचय दिने | प्रश्नोत्तर र अवलोकन | | | | |
| गाउँपालिका भित्रका वनमा पाइने वन्यजन्तु र चराहरुको परिचय दिने र महत्व बताउने । | प्रश्नोत्तर | | | | |
| स्थानीय बोटबिरुवाहरूको परिचय, महत्व तथा उपयोग बताउने । | प्रश्नोत्तर | | | | |
| घर र विद्यालयमा बाल बगैंचाको निर्माणमा सहयोग र हेरचाह गर्ने । | प्रश्नोत्तर | | | | |
| घर र विद्यालयमा पानीका स्रोतहरुको उपयोग गर्ने तरिका बताउने र सदुपयोग गर्ने । | प्रश्नोत्तर र अवलोकन | | | | |
| फोहोरमैला व्यवस्थापनको पहिचान गरी विद्यालयमा फोहोरमैलाको वर्गीकरण गर्ने र व्यवस्थापनमा सहभागी हुने । | प्रश्नोत्तर र अवलोकन | | | | |
| व्यक्तिगत सामग्रीको हिफाजत र सरसफाइको परिचय दिने र अभ्यास गर्ने । | प्रश्नोत्तर | | | | |
| घर, छरछिमेक, विद्यालय तथा समुदायको सरसफाइमा सहभागिता जनाउने । | प्रश्नोत्तर र अवलोकन | | | | |
| विपदको परिचय दिने । | प्रश्नोत्तर र अवलोकन | | | | |
| विपदको किसिम (प्राकृतिक र मानव सिर्जित) छुट्टयाउने । | प्रश्नोत्तर र अवलोकन | | | | |
| विद्यालयभित्र जस्तै छत, बिजुली, भर्याङ्ग, बरण्डा, खेल सामग्री, फर्निचर, शौचालय आदिमा हुने जोखिमहरुको पहिचान गर्ने । | प्रश्नोत्तर | | | | |
| विद्यालयभित्र हुने जोखिमबाट सावधानी अपनाउने | प्रश्नोत्तर र अवलोकन | | | | |
| भूकम्प र महामारीबाट सुरक्षित हुनको लागि आवश्यक सावधानी अपनाउने । | | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| मिति : | उपलब्धि प्रतिशत | | | | |

राय तथा सुझाव

१. सर्वप्रथम यो महत्वपूर्ण कार्यको लागि विषेश धन्यवाद ।

शुभकालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कालिकोट
कर्णाली प्रदेश, नेपाल